# याकूबको पत्रको व्याख्यात्मक अध्ययन

# THE EXPOSITION OF THE EPISTLE OF JAMES

Dr. Thomas Hwang

## याकूबको पत्रको व्याख्यात्मक अध्ययन

THE EXPOSITION OF EPISTLE OF JAMES

Dr. Thomas Hwang

**Editors:** Shyam Shrestha
Roshan Nepali

**Published By**
Ami Publication
Ami Nepal Center
Tikhedewal-14, Lalitpur, Nepal
GPO Box No: 8975, EPC 1392

First Edition: ???, 2010-000 ??? copies

This book is not for sale!

विषय सूची


१. याकूबको पत्रको परिचय
२. याकूबको पत्रको ऐतिहासिक पृष्ठभूमि
३. नयाँ करारमा उल्लेखित पाँच जना याकूबहरू
४. याकूबको पत्रको ईश्वरशास्त्रीय विवाद
५. दुइ प्रकारका दुःख-कष्टहरू (फेइरास्मोस र फेइराजो)
६. याकूबको पत्रको बनावट
७. याकूबको पत्रमा उल्लेखित चार किसिमका इसाईहरू
८. मानिसमा हुने तीन भागहरूका सिद्धान्त
९. प्राणको संरचना
१०.आत्माको संरचना
११.दुष्ट आत्माको सिद्धान्त
१२.कसरी हाम्रो हृदय शुद्ध पार्ने?
१३.फेइरास्मोस दुःख-कष्टको फाइदाहरू
१४.सात प्रकारका मुकुटहरू
१५.स्वर्गको राज्यको तहगत समाज
१६.याकूबको पत्रमा उल्लेखित फेइराजो इसाईहरू
१७.विश्वास र काम
१८.जिब्रोको विशेषताहरू
१९.प्रार्थनाको निम्ति मार्गदर्शन
२०.धन-सम्पत्तिबारे फेइराजो इसाईहरूका सांसारिक दृष्टिकोण
२१.फेइरास्मोस इसाईहरूका निम्ति सर-सल्लाह र उत्साह
२२.याकूबको पत्रको सारांश

# याकूबको पत्रको परिचय

## INTRODUCTION OF THE EPISTLE OF JAMES

याकूबको पत्र बाइबलको अन्तिम भागतिर भएको सानो पुस्तक हो, जसमा पाँच वटा अध्यायहरू छन्। यो पुस्तक इ.सं. ४८ लेखिएको हो जसमा इसाई जीवनको महत्वपूर्ण विषयहरू, जस्तैः विश्वास, काम, दुःख-कष्ट, प्रार्थना, बोलिवचन, उत्साह र चुनौतिजस्ता महत्वपूर्ण विषयहरू समेटिएका छन्। बाइबलमा धेरै जना याकूबहरूका बारेमा उल्लेख भएका छन्, जसमध्ये यो पत्रचाहिँ येशू ख्रीष्टका भाइ याकूबले नै लेखेका हुन् भन्ने बाइबल विद्वान्हरूका भनाइ छ। यस विषयमा गलाती १:१९ मा विशेष आधार पाउन सकिन्छ। त्यहाँ पावलले यसरी भनेका छन् : *"तर प्रभुका भाइ याकूबलाई बाहेक अरू कुनै प्रेरितहरूलाई मैले भेटिनँ।"*

मरियमले आफू कन्या हुँदा नै येशूलाई जन्माइन् र पछि योसेफसँगको शारीरिक सम्बन्धबाट चार जना छोराहरू अनि छोरीहरू पनि जन्माइन् भनी बाइबलले बताउँछ।

*"के यिनी सिकर्मीका छोरा होइनन् ? के यिनकी आमाको नाउँ मरियम र यिनका भाइहरू याकूब, योसेफ, सिमोन र यहूदा होइनन् ? के यिनका बहिनीहरू सबै हामीहरूसँगसँगै छैनन् र? त यिनलाई यी सबै कुरा कहाँबाट प्राप्त भयो?"* (मत्ती १३:५५-५६)

यस खण्डमा येशूका चारजना भाइहरूका नाम उल्लेख गरिएको छ : याकूब, योसेफ, सिमोन र यहूदा। बाइबलमा लेखिएका नाउँहरूको क्रम तिनीहरूको उमेर र दर्जाअनुसार राखिएका हुन्छन् भन्ने कुरा हामीले याद गर्नुपर्दछ। यहाँको क्रमलाई हेर्ने हो भने याकूब मरियम र योसेफका माहिला छोरा हुन् भनी हामी बुझ्नसक्छौँ। उनीहरूका छोरीहरू पनि थिए तर तिनीहरू कति जना थिए अनि तिनीहरूका नाम के-के थियो भन्ने जानकारी बाइबलले हामीलाई दिएको छैन। ती व्यक्तिहरू येशू यस संसार मा रहुञ्जेल उहाँका वैधानिक भाइ-बहिनीहरू थिए तर जैविक अनि शारीरिक रूपमा येशू तिनीहरूभन्दा निकै फरक हुनुहुन्थ्यो। उहाँ पवित्र आत्माद्वारा कन्या मरियमको कोखबाट जन्मनु भएको पवित्र व्यक्ति हुनुहुन्थ्यो। यस कुरालाई हामी मत्ती १:१९-२१ र लूका १:३४-३५ बाट प्रमाणित गर्न सक्दछौँ। मरियम र योसेफ पनि येशूका केवल वैधानिक माता-पिता हुनुहुन्थ्यो। मरियमको कोख येशूको मानव अवतारको निम्ति १० महीनाको लागि परमेश्वरले सापट लिनुभएको थियो (अथवा प्रयोग गर्नुभएको थियो)। येशूको सांसारिक पिता योसेफसँग उहाँको कुनै जैविक अथवा शारीरिक सम्बन्ध थिएन। वास्तवमा उहाँ त्रिएकमध्येको एक व्यक्तित्व, पुत्र परमेश्वर हुनुहुन्थ्यो।

येशू यस संसारमा करिब ३३ वर्ष रहनुहुँदा येशूका सांसारिक भाइ-बहिनीहरूले उहाँ परमेश्वरको पुत्र हो भन्ने कुरालाई विश्वास गरेनन् (यूहन्ना ७:५)। उहाँ मसीह अर्थात् ख्रीष्ट अथवा अभिषिक्त व्यक्ति हुनुहुन्थ्यो भनेर पनि तिनीहरूले चिन्न सकेनन्। पुरानो करारको मसीह (Messiah) भन्ने शब्दलाई नयाँ करारको ग्रीक भाषामा ख्रीष्ट (Christ) भनेर प्रयोग गरिएको छ, जुन ख्रीष्टोस (Christos) भन्ने शब्द बाट आएको हो। वास्तवमा ती दुवै शब्दहरूका अर्थ एकै हो। येशू अभिषिक्त व्यक्ति हुनुहुन्थ्यो। अभिषिक्त हुनु भनेको परमेश्वरको

सेवकाइ र महिमाको लागि अलग गरिनु हो। बाइबलमा तीन प्रकारका व्यक्तिहरूलाई अभिषेकद्वारा नियुक्त गरिएको पाइन्छ।

१. राजा (King)
२. अगमवक्ता (Prophet)
३. पूजाहारी (Priest)

येशू यस संसारमा रहनुभएको बेलामा उहाँ आफैले 'म ख्रीष्ट हु !' अथवा 'म मसिह हुँ !' भनी भन्नुभएन तर आफ्नो सेवकाइ र कामद्वारा उक्त कुरा प्रकट गर्नुभयो। उहाँको जीवनशैली, शिक्षा र सेवकाइलाई हेर्ने हो भने उहाँले राजा, अगमवक्ता र पूजाहारी : यी तीनै प्रकारको भूमिका निभाउनुभयो। धेरैले उहाँलाई परमेश्वरको पुत्र भनी स्वीकार गरे तर आफ्नै भाइहरूले चाहिँ उहाँलाई चिन्न नसकेर अस्वीकार मात्र गरेनन्, उहाँको सेवकाइको विरोध पनि गरे।

येशू परिवारमा जेठो छोरा भए तापनि उहाँ विभिन्न ठाउमा भ्रमण गरी परमेश्वरको राज्यको सेवकाइ गरेर हिँड्नुहुन्थ्यो, त्यसकारणले गर्दा उहाँको भाइ याकूब नै परिवारको अगुवा थिए। परिवारको प्रायः सबै जिम्मेवारी उसकै काँधमा थियो। तिनले आफ्ना आमा-बुबालाई सहायता गर्ने गर्दथे। येशूलाई क्रूसमा टाँगेर मार्दाखेरि तिनले आफ्नो आमा-बाबु र भाइ-बहिनीहरूलाई सान्त्वना दिएको हुनुपर्दछ। खास भन्ने हो भने येशूको मृत्युले येशूका भाइहरूलाई त्यति असर पारेन। त्यो घटना येशूको आफ्नै गल्तीको कारणले भएको थियो भन्ने तिनीहरूको बुझाइ थियो। येशूले दिनुभएको शिक्षा र उहाँले गर्नुभएको आश्चर्यकर्महरू तिनीहरूले देखेका अनि सुनेका थिए। ती कुराहरूले गर्दा उहाँ एक असामान्य र असाधारण व्यक्ति हुनुहुन्थ्यो भन्ने तिनीहरू विचार गर्दथे। त्यसकारणले गर्दा तिनीहरूले उहाँलाई त्यस्तै प्रकारले व्यवहार गर्ने गर्दथे। मरियम कन्या नै हुँदा येशूको जन्म भएको थियो र उहाँ 'परमेश्वरको पुत्र हुनुहुन्छ' भन्ने कुरा शायद मरियमले तिनीहरूलाई जानकारी दिएको हुनसक्छ। आफ्नो पिता योसेफसँग येशूको कुनै शारीरिक सम्बन्ध छैन भन्ने कुराले गर्दा भाइ र बहिनीहरूसँग त्यति घनिष्ठ पारिवारिक सम्बन्ध थिएन। आफ्नो सेवकाइ अवधिमा येशूले आफ्ना भाइहरूका बारेमा कतै पनि चर्चा नगर्नुभएको कारणले गर्दा पनि उक्त सम्बन्ध कस्तो थियो होला भनी हामी कल्पना गर्नसक्छौँ।

येशू पुनरुत्थान हुनुभएको देखेर उहाँका भाइहरू छक्क परे। उक्त अचम्मलाग्दो ईश्वरीय घटना पछि मात्र तिनीहरूले येशूलाई 'ख्रीष्ट' अनि 'परमेश्वरको पुत्र' भनी स्वीकार गरे। याकूबले त्यस कुरालाई पक्का रूपमा स्वीकार अनि विश्वास गरेर अगाडि बढ्न थाले। त्यसपछि उनी येशूका चेलाहरूका समूहमा सहभागी भए। याकूबले पछि मात्र येशूलाई पछ्याएका भए तापनि उनी येशूका आफ्नै भाइ भएको कारणले गर्दा प्रेरितहरूले उनलाई आदर सम्मान गरी अगुवाको भूमिका दिन आधिकारिक रूपमा स्वीकार गरे। पत्रुसले पनि तिनलाई आदर-सम्मान गर्ने गर्दथे। त्यसैकारणले गर्दा याकूब सुरुको मण्डली अर्थात् यरूशलेम मण्डलीको मुख्य अगुवा बन्न सफल भए।

अब हामी येशूका चेलाहरूका बारेमा केही चर्चा गरौँ। सुरुमा उहाँले १२ जना चेलाहरू छान्नुभयो (मत्ती १०:२-४), त्यसपछि उहाँले ७० जनालाई नियुक्त गर्नुभयो (लूका १०:१)। येशू पुनरुत्थान हुनुको ४० दिनभित्र करीब ६०० जना व्यक्तिहरूले येशूलाई विश्वास गरेका थिए (१ कोरिन्थी १५:६)। ती व्यक्तिहरूमध्ये याकूब पनि पर्दछन्। पुनरुत्थानको चालीसौँ दिन स्वर्गारोहण हुनुभन्दा केही क्षणअघि येशूले तिनीहरूलाई यसो भन्नुभयो : 'तिमीहरू

येरूशलेम छोडेर कतै नजाओ, पवित्र आत्माको प्रतिक्षा गर। पवित्र आत्मा तिमीहरूमा आउनुहुनेछ र उहाँले तिमीहरूलाई शक्ति दिनुहुनेछ (प्रेरित १:८)। त्यसबेला उहाँले ती चेलाहरूलाई भन्नुभएको कुरा के थियो भने तिनीहरूले पारा-क्लेटोस (Para-Cletos) पवित्र आत्मा पाउनको लागि प्रतिक्षा र प्रार्थना गर्नुपर्दछ। ६०० मध्ये १२० जनाले मात्र येशूको उक्त आज्ञालाई शिरोपर गरेर लगातार १० दिनसम्म घरको माथिल्लो तल्लाको कोठामा जम्मा भएर प्रार्थना गरिरहे। पचासौँ दिन (पेन्तिकोस) मा तिनीहरूले पवित्र आत्माको बप्तिस्मा पाए, जुन कुरा येशूले पहिले नै भविष्यवाणी गरिसक्नुभएको थियो (यूहन्ना १४:१६)। पवित्र आत्माको बप्तिस्मा अर्थात् पारा-क्लेटोस पाइसकेपछि ती चेलाहरूले शक्ति पाए र अचम्मलाग्दो प्रकारले परमेश्वरका कामहरू प्रकट हुन थाले। पत्रुसले प्रचार गर्दा एकै दिनमा ३००० मानिसहरूले बप्तिस्मा लिए (प्रेरित २:४१), रोगी बिरामीहरू निको हुन थाले, दुष्ट आत्मा लागेकाहरू स्वतन्त्र भए, पत्रुसको छाया मात्र पर्दाखेरि पनि बिरामीहरू निको भए (प्रेरित ५:१५)।

पेन्तिकोसको दिनको घटनालाई केलाउँदा हामी के थाहा पाउँदछौँ भने २०% व्यक्तिहरूले मात्र येशूको महान् आज्ञालाई पानल गरेका थिए किनभने उहाँको आज्ञा ६०० जनाले सुनेका थिए तर १२० जनाले मात्र माथिल्लो तल्लाको कोठामा पारा-क्लेटोस पवित्र आत्मा पाए। यहाँ हामीले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने ती व्यक्तिहरूले पन्यूमा (Pneuma) पवित्र आत्माचाहिँ पहिले नै पाइसकेका थिए।

हामीले पन्यूमा र पारा-क्लेटोस एउटै पवित्र आत्मा हुनुभए तापनि उहाँहरूको फरक कामलाई बुझ्नुपर्दछ। जब हामी येशूलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाता भनेर विश्वास गर्दछौँ अनि हाम्रो जीवनमा निम्त्याउँदछौँ, तब उहाँ अत्यन्तै विशाल हुनुभएको कारणले गर्दा हामीभित्र आउनुहुन्न तर उहाँको आत्मा अर्थात् पन्यूमा हामीभित्र आउनुहुन्छ, जसले 'नयाँ जन्म' र 'अनन्त जीवन' दिने काम गर्दछ। अर्को शब्दमा हामी यस कुरालाई यसरी बुझ्न सक्छौँ : पन्यूमा पवित्र आत्मा पाएपछि हामी आधिकारिक रूपमा विश्वासी अर्थात् इसाई बन्दछौँ। येशू प्रभुले यूहन्ना १४:१६ मा 'अर्को सल्लाहकार' पठाउने प्रतिज्ञा गर्नुभयो। यस पदमा भएको 'अर्को' भन्ने शब्दलाई ग्रीक भाषामा 'आलोस' (ALLOS) भन्ने शब्द प्रयोग गरिएको छ, जसको अर्थ दुइ व्यक्तित्व, जसको समान गुण, समान शक्ति र अधिकार तर फरक अवस्थामा प्रस्तुत हुने भन्ने अर्थ लाग्दछ।

यूहन्ना १४ अध्यायमा लेखिएका कुराहरू अन्तिम रात्रीभोजको घटना हो। त्यतिबेला येशूले 'अर्को आत्मा' अर्थात् 'पारा-क्लेटोस' पठाउने प्रतिज्ञा चेलाहरूलाई गर्नुभएको थियो। ती चेलाहरूले पन्यूमाचाहिँ त्योभन्दा पहिले नै पाइसकेका थिए। यस कुरालाई प्रेरित १:४ मा लेखिएको कुराद्वारा पुष्टि गर्न सकिन्छ। त्यहाँ यसरी लेखिएको छ :

*तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, 'तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतिक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।'*

त्यसबेला येशूले आफ्ना चेलाहरूलाई ४३ दिनघिको अन्तिम रात्रीभोजको बेलामा भन्नुभएका कुराहरू फेरि स्मरण गराउँदै हुनुहुन्थ्यो। आफ्नो स्वर्गारोहणभन्दा केही सयमअघि भन्नुभएको उक्त कुरा १२० जना चेलाहरूले आज्ञापालन गरे र परिणामस्वरूप पेन्तिकोसको दिनमा तिनीहरूले 'पारा-क्लेटोस' पाए। त्यसकारण पन्यूमाले नयाँ जन्म दिने अनि पारा-क्लेटोसले

चाहिँ येशूको गवाही बन्नको लागि शक्ति दिने काम गर्दछ भन्ने कुरालाई हामीले राम्रोसँग बुझ्नुपर्दछ। पारा-क्लेटोसको शक्ति पाएको व्यक्तिले आफ्नै जाति र समुदायमा सीमित नबसी अरू जाति, अरू समुदाय र अरू ठाउँहरूमा गएर सुसमाचार प्रचारको काम गर्ने गर्दछ। पारा-क्लेटोसको उद्देश्य मिसनको काममा मानिसहरूलाई सक्रिय बनाउनु हो, जुन कुरालाई हामी परमेश्वरको इच्छा र योजना भन्नसक्छौँ।

*"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेम, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ"* (प्रेरित १:८)।

यस बाइबल खण्डलाई व्याख्या गर्दै डा. थोमस ह्वाङ्ग यसो भन्नुहुन्छ : "परमेश्वरको महान् आज्ञालाई पूरा गर्ने उद्देश्यले AMI College & Seminary सुरु भएको हो। एक दर्जनभन्दा बढी देशबाट आएका विद्यार्थीहरू यहाँ बाइबलीय ईश्वरशास्त्र अध्ययन गर्ने गर्दछन् र यसको साथै विभिन्न राष्ट्रहरूमा यसको शाखाहरू खोली ती केन्द्रहरूमार्फत् परमेश्वरको राज्यलाई संसारको कुना-कुनामा पुर्‍याउने अभियान सुरु भइसकेको छ। यस अभियानलाई सफल बनाउने बोझ र दर्शन सबैमा होस् भन्ने मेरो प्रार्थना छ।"

*बिहान भएपछि उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर तिनीहरूमध्ये बाह्र जनालाई छान्नुभयो, र उहाँले तिनीहरूलाई प्रेरित भन्ने नाउँ दिनुभयो : सिमोन, जसलाई उहाँले पत्रुस नाउँ पनि दिनुभयो, र तिनका भाइ आन्द्रियास, याकूब र यूहन्ना, फिलिप र बारथोलोमाइ, मत्ती र थोमा, अल्फयसका छोरा याकूब, र सिमोन, जो उग्रपन्थी भनिन्थे, याकूबका छोरा यहूदा, र यहूदा इस्करियोत, जो विश्वासघाती भए* (लूका ६:१३-१६)।

याकूब येशूका सुरुका प्रेरितहरूमध्येका व्यक्ति होइनन् तर उनी यरूशलेम मण्डलीका संस्थापक सदस्यचाहिँ हुन्। उनले त्यो मण्डलीमा सहायता गर्ने गर्दथे र अरू अगुवाहरूले उनलाई आदर गरी उनलाई पछ्याउने गर्दथे। याकूबको बारेमा थप जानकारी पाउनको लागि यी बाइबल खण्डहरू अध्ययन गर्न सक्दछौँ, जस्तैः १ कोरिन्थी १५:७; प्रेरित ११:२१-३०; १२:१७; १५:६-२६; २१:१७-२३; गलाती १:१८-२०; २:११-१२ आदि।

मण्डली इतिहासलाई अध्ययन गर्ने हो भने सन्त पावलले पनि याकूबको अगुवापनलाई स्वीकार गरेको कुरा हामी थाहा पाउन सक्दछौँ (प्रेरित १५ अध्याय)। पावल पनि सुरुका प्रेरितहरूमध्येका व्यक्ति थिएनन् र उनी यरूशलेम मण्डलीका संस्थापक पनि होइनन्। येशू यस संसारमा हुनुभएको बेलामा शायद पावलले उहाँलाई देख्ने मौका पनि पाएनन् होला ! पहिले उनको नाम शाऊल थियो। उनी पढेलेखेको र यहूदी धर्मशास्त्रमा पोख्त व्यक्ति थिए। तर उनले सुरुमा मण्डली र विश्वासीहरूलाई पटक्कै मन पराउँदैनथे। विश्वासीहरूलाई सताउने र मण्डलीलाई संहार गर्ने काममा तिनी लागेका थिए। स्तिफनसको हत्यामा तिनी सहभागी थिए, जुन घटना इ.सं. ३४ को हो। यरूशलेम मण्डलीका अगुवाहरूले पनि पावललाई मन पराउँदैनथे र उनीसँग डाराउँथे।

*तिनको हत्यामा शाऊल पनि सहमत थिए। त्यसै दिन यरूशलेममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट शुरू भयो, र प्रेरितहरूबाहेक तिनीहरु सबै यहूदिया, सामरियाका इलाकातिर छरपष्ट भए। भक्त जनहरूले स्तिफनसलाई लगरे गाडे, र तिनको निम्ति ठूलो विलाप गरे। तर शाऊलले चाहिँ घर-घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए। तिनले पुरुष र स्त्रीहरूलाई घिस्स्याउँदै लगी झ्यालखानमा हालिदिन्थे* (प्रेरित ८:१-३)।

इ.सं. ३५ मा पावलले प्रभु येशूको दर्शन पाएपछि तिनको जीवन अचम्म रीतिले परिवर्तन भयो। त्यसबेला उनी ३० वर्षका भएका थिए। येशूलाई विश्वास गरेको १० वर्षसम्म तिनले विभिन्न प्रकारका प्रतिकुल परिस्थितिहरूको सामना गर्नुपर्‍यो। उक्त अवधिमा तिनले प्रभावकारी रूपमा सेवकाइ गर्ने मौका पाएनन्। तर त्यसपछि बारनाबासको सहायताको कारणले गर्दा तिनले एन्टियोक मण्डलीमा सहायक पास्टरको रूपमा सेवकाइ गर्ने अवसर प्राप्त गरे (प्रेरित ११ः२५-२६; १५ः३५)। उक्त घटनाको एक वर्षपछि तिनले बारनाबाससँग मिलेर गलातिया र अहिलेको दक्षिणी टर्की भएको क्षेत्रहरूमा मिसन यात्रा गरे, जुन इ.सं. ४६-४८ अर्थात् दुइ वर्ष लामो थियो।

मिसन यात्रामा जाँदा येरूशलेम मण्डलीबाट छरपस्ट भएका यहूदी विश्वासीहरूसँग तिनीहरूको भेट भयो। तिनीहरूलाई पावलले येशू ख्रीष्टको अनुग्रहबाट उद्धार पाइन्छ भन्ने सुसमाचार प्रचार गरे, जसको कारणले गर्दा 'ईश्वरशास्त्रीय समस्या' उत्पन्न भयो। उक्त समस्याको मुख्य कारण के थियो भने यरूशलेम मण्डलीबाट आएका ती यहूदीहरूको बुझाइअनुसार उद्धार पाउनको लागि येशूमा विश्वास गर्नुको साथै पुरानो करारको व्यवस्थाहरू पनि पालन गर्नु पर्दछ भन्ने थियो। अरू अगुवाहरूबाट तिनीहरूले अघि त्यस्तै किसिमको शिक्षा पाएका थिए।

जब पावलले 'येशू ख्रीष्टमा विश्वास गर्‍यो भने उहाँको उनुग्रहद्वारा उद्धार पाइन्छ तर पुरानो करारको व्यवस्थाहरू पालन गर्नु आवश्यक छैन' भन्ने कुरा प्रचार गरे, तब उक्त कुरालाई तिनीहरूले झूटा शिक्षा भनेर दोष लगाए। त्यत्तिकैमा त्यो कुरा सीमित रहेन तर त्यो खबर यरूशलेमसम्म पुग्यो। त्यस खबरले गर्दा यरूशलेम मण्डलीका अगुवाहरू पावलसँग रिसाए। यरूशलेम मण्डलीका अगुवाहरूसँग पावलको सम्बन्ध सुरुदेखि नै त्यति राम्रो थिएन झन् उक्त घटनाले आगोमा घ्यू थप्ने काम गर्‍यो।

इ.सं. ४८ मा पावल पहिलो मिसन यात्रा सकेर फर्केपछि यरूशलेममा गई त्यहाँका अगुवाहरूमाझ आफूलाई झूटा शिक्षाको बारेमा लागेको अभियोगको विषयमा स्पष्टिकरण दिनुपर्ने अवस्था सृजना भयो। त्यतिबेला बारनाबास उनीसँगै थिए। जब उनीहरू यरूशलेम पुगे, पत्रुस पावलसँग क्रोधित भए; उनको सुरुदेखि नै रिसाउने र झोक्किने अनि तुरुन्तै निर्णय लिइहाल्ने स्वभाव थियो। त्यसबेला विशपको पदमा भएका याकूबले उक्त जटिल समस्या समाधान गर्नको लागि महत्वपूर्ण भूमिका निभाए। त्यसबेला उत्पन्न भएको ईश्वरशास्त्रीय विवाद र समस्यालाई याकूबले राम्रोसँग समाधान गर्न सकेका हुनाले हामी के भन्न सक्दछौँ भने यद्यपि उनी मण्डली अगुवापनमा अरूभन्दा पछि प्रवेश गरेका व्यक्ति भए तापनि उनी यरूशलेम मण्डलीका सक्रिय, प्रभावशाली असल अगुवा थिए। यस पुस्तकको माध्यमद्वारा हामी उनका असल शिक्षाहरू, उत्साहहरू र चुनौतिहरूलाई सिक्न सक्नेछौँ र परमेश्वरको महिमाको निम्ति आफ्नो जीवनमा अनि सेवकाइमा अभ्यास गर्न सक्नेछौँ।

*तिनीहरूले बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो कुरा सुन्नुहोस्, परमेश्वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरा सिमोनले बताएका छन्। यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ : यी कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु, त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खडा गर्नेछु, र बाँकी मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि जुनहरू मेरो नाउँद्वारा बोलाइएका छन्, यो कुरा परमप्रभु भन्नुहुन्छ, जसले प्राचीन कालदेखि यी कुराहरू जनाउनु भएको छ, जो सृष्टिको*

*आरम्भदेखि जानिएका छन। यसकारण मेरो फैसला यो छ, कि परमेश्वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी दुःख नदिऔँ, कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग्ग रहून्। किनभने अघिका पुस्तादेखि नै शहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा हरेक शबाथमा पढिँदैछ"* (प्रेरित १५:१३-२१)।

# याकूबको पत्रको ऐतिहासिक पृष्ठभूमि

## HISTORICAL BACKGROUND OF THE EPISTLE OF JAMES

याकूबको पत्रमा उल्लेख भएका कुराहरूलाई राम्रोसँग बुझ्नको लागि तत्कालीन ऐतिहासिक पृष्ठभूमिको बारेमा जानकारी हासिल गर्नु अति आवश्यक हुन्छ। याकूबको समयमा मण्डलीको अवस्था कस्तो थियो ? विश्‍वासी र अगुवाहरूको सम्बन्ध र अवस्था कस्तो थियो ? किन याकूबले यो पत्र लेख्नु पर्‍यो ? यस्ता प्रश्‍नहरूको उत्तरहरू हामीले थाहा पाइसकेपछि याकूबको पत्रलाई सही प्रकारले बुझेर त्यसलाई व्याख्या र प्रचार गर्नसक्दछौँ।

ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा हामीले येशूको जन्मबाट नै सुरु गर्नु राम्रो हुन्छ। उहाँको जन्म मितिबारे बाइबल विद्वान्‌हरूका फरक-फरक अवधारणाहरू पाइन्छ। विभिन्‍न ऐतिहासिक घटनालाई अवलोकन र अनुसन्धान गर्दा येशूको जन्म इ.पू. ४ मा भएको तथ्य प्रकट हुन आउँदछ। अङ्ग्रेजीमा येशू ख्रीष्टभन्दा अघिको समयलाई (BC, Before Christ) भनिन्छ र उहाँको जन्म पछिको समयलाई (AD, Anno Domini) भनिन्छ।

धेरै व्यक्तिहरूले यसरी प्रश्‍न गर्ने गर्दछन् : "किन येशू शुन्य सालमा जन्मनु भएन ?" यसको उत्तरलाई खोज्ने क्रममा हामी के कुरा पाउँदछौँ भने इ.सं. ५ मा जब रोमी सरकारले नयाँ पात्रो निर्माण गरे, त्यसबेला तिनीहरूको गल्तीको कारणले गर्दा येशूको जन्मलाई शुन्य सालमा राख्न सकिएन तर केही वर्ष पछाडि सार्नुपर्‍यो। येशूको जन्म कसैले इ.पू. २, कसैले इ.पू. ४ र कसैले इ.पू. ६ मा भएको हो भनी भन्दछन्। डा. थोमस ह्वाङ्गको मान्यताअनुसार येशूको जन्म इ.पू. ४ हुन आउँदछ। वास्तवमा उहाँको जन्मले संसारको इतिहासलाई दुइ भागमा विभाजन गर्दछ।

यशूको जन्मको नौ वर्षपछि अर्थात् इ.सं. ५ मा पावलको जन्म भयो। इ.सं. २६ मा येशू ३० वर्षको हुनुभयो र उहाँले परमेश्‍वरको राज्यको सेवकाइ प्रारम्भ गर्नुभयो। इ.सं. ३० मा केही महत्वपूर्ण घटनाहरू घटे, जस्तैः येशूको क्रूसको बलिदान, उहाँको पुनरुत्थान र स्वर्गारोहण आदि। यरूशलेम मण्डलीको स्थापना पनि त्यही सालमा भएको थियो। ती घटनाहरूका कारणले गर्दा इ.सं. ३० ले इसाई इतिहासमा विशेष अर्थ राख्दछ। सुरुका प्रेरितहरू र येशूका अन्य चेलाहरूले यरूशलेम मण्डली स्थापना गर्दा त्यस मण्डलीका प्रायः सदस्यहरू प्रवासी यहूदीहरू थिए, जोहरू इस्राएलभन्दा बाहिरका विभिन्‍न क्षेत्रहरूबाट आएका थिए। त्यस मण्डलीका सदस्यहरूका बारेमा विचार गर्ने हो भने यस प्रकारको तथ्याङ्क हामी थाहा पाउँदछौँ।

(क) माथिल्लो तल्लामा पवित्र आत्मा पाउनेहरू (प्रेरित १:१५) = १२०
(ख) पावलले उल्लेख गरेका व्यक्तिहरू (१ कोरिन्थी १५:६) = ६००
(ग) पत्रुसको प्रचारपछि बप्तिस्मा लिनेहरू (प्रेरित २:४१) = ३,०००
(घ) पत्रुसको प्रचारद्वारा विश्‍वास गर्नेहरू (प्रेरित ४:४) = ५,०००

यस तथ्याङ्कको बारेमा हामीले के कुरा बुझ्नुपर्दछ भने बाइबलले बताएको उक्त सङ्ख्याहरू पुरुषहरूको मात्र गन्ती थियो। मानिलिऔँ, ती पुरुषहरूको परिवारमा पत्नी र बच्चाहरू थिए होलान्। यस किसिमले विचार गर्ने हो भने सामान्यतया एउटा परिवारमा कम्तीमा पनि तीन-चार जना व्यक्तिहरू हुनुपर्दछ। यस विचारअनुसार यरूशलेम मण्डलीमा भएका सम्पूर्ण सदस्यहरूको सङ्ख्या २०,००० जनाभन्दा पनि बढी नै भएको हुनुपर्दछ। त्यत्तिका सदस्यहरू भएको

मण्डलीलाई हामी विशाल मण्डली भन्न सक्छौँ। उक्त मण्डलीका सदस्यहरू प्रार्थना, धर्मशास्त्र अध्ययन र परमेश्वरको स्तुति-आराधनामा लागिरहन्थे। मण्डलीभित्र नै सीमित रहेर तिनीहरू परमेश्वरको आशिष्मा रमाइरहेका थिए। मण्डली अचम्म प्रकारले वृद्धि भएको देखेर अगुवाहरू दङ्ग थिए, तर दुःखलाग्दो कुरा के थियो भने तिनीहरूले प्रेरित १ः८ मा प्रभु येशूले दिनुभएको महान् आज्ञालाई भुले। वास्तवमा प्रभुले भन्नुभएझैँ यरूशलेमबाट सुरु गरेर यहूदिया, सामरिया हुँदै संसारको विभिन्न भागमा तिनीहरूले सुसमाचारको अभियान लैजानुपर्दथ्यो। एउटै मण्डलीमा केन्द्रित हुनुभन्दा विभिन्न ठाउँमा परमेश्वरको वचन प्रचार गरी ती ठाउँहरूमा मण्डली स्थापना गर्नुपर्दथ्यो। तर अफसोस ! त्यो मण्डलीका अगुवाहरूमा मिसनको हृदय थिएन।

क्रूसमा भएको ठाडो र तेर्सो काठले मण्डली दुवैतिर अर्थात् ठाडो रूपमा (Vertically) र तेर्सो रूपमा (Horizontally) बढ्नुपर्दछ भन्ने कुरालाई सङ्केत गर्दछ भने । यरूशलेम मण्डली ठाडो रूपमा अर्थात् सङ्ख्यात्मक रूपमा निकै बढ्यो तर तेर्सो रूपमा अर्थात् मिसनको काममा चाहिँ बढ्न सकेन।

त्यो मण्डलीका अगुवाहरूले बाहिरबाट आएका प्रवासी यहूदीहरूलाई परमेश्वरको वचनले सुसज्जित पारी उनीहरूको स्थानीय ठाउहरूमा नै फिर्ता पठाउनु पर्दथ्यो र प्रभु येशूको महान् आज्ञा स्मरण गराएर विभिन्न ठाउँहरूमा नयाँ मण्डलीहरू स्थापना गर्नुपर्दथ्यो। ती प्रवासी यहूदीहरूमा मिसनको हृदय निर्माण गर्नु अति आवश्यक थियो। तर यरूशलेम मण्डलीका अगुवाहरूले मिसनको काम गरी प्रभु येशूको महान् आज्ञालाई पूरा गर्न सफल हुन सकेनन्। मण्डली वृद्धिमा रमाएका अगुवाहरूले आफ्ना मण्डलीका सदस्यहरूलाई कहीँ पनि पठाएनन्। मण्डली स्थापना भएको तीन वर्ष बितेर गयो तरै पनि ती अगुवहरूको चेत खुलेन। महान् आज्ञालाइ बिर्सेको कारणले गर्दा परमेश्वर त्यो मण्डली र त्यहाँका अगुवाहरूसँग खुसी हुनुभएन। फलस्वरूप परमेश्वरले उक्त मण्डलीमा ठूलो सतावट आउन दिनुभयो।

इ.सं. ३३ मा यरूशलेम मण्डलीको डिकन स्तिफनस सहिद भए (प्रेरित ७ः५४-६०)। त्यसपछि मण्डलीमा ठूलो सतावट आयो। त्यतिबेला पावल अर्थात् शाऊल विश्वासीहरूलाई निकै सताउने काम गर्दथे (प्रेरित ८ः१-३)। सतावटको कारण त्यो मण्डलीको २०,००० भन्दा बढी सदस्यहरू तितर-बितर भए। तिनीहरू यरूशलेमबाट निस्केर संसारका विभिन्न भागहरूमा छरपस्ट भए। त्यसबेला महत्वपूर्ण कुरा के भयो भने विभिन्न ठाउँमा फैलिएका ती व्यक्तिहरूले आफू पुगेको ठाउँमा सङ्गति गर्न, परमेश्वरको आराधना गर्न र सुसमाचार प्रचार गर्न सुरु गरे। त्यसपछि बिस्तारै प्रभु येशूको महान् आज्ञा (मत्ती २८ः१९-२० र प्रेरित १ः८) पूरा हुन थाल्यो।

त्यो घटनाक्रमलाई केलाउँदा हामी के देख्न सक्दछौं भने स्तिफनसको रगत बगेपछि, जुन सतावट यरूशलेम मण्डलीमा आएको थियो, त्यो परमेश्वरको योजनाअनुरूप नै थियो। यदि सतावट आउनुअघि नै यरूशलेम मण्डलीले महान् आज्ञाप्रति इमान्दार भएर मिसनको काम स्वरूप यरूशलेमबाट सुरु गरेर संसारको विभिन्न भागहरूमा सुसमाचार प्रचार गरेको भए शायद त्यस्तो कडा सतावट आउँदैनथियो होला भन्ने भनाइ सुसमाचारीय बाइबल विद्वान्हरूका रहिआएको छ। आजभोलिका ठूला-ठूला मण्डलीका अगुवाहरूले यस कुरामा विशेष ध्यान पुऱ्याउनु राम्रो हुनेछ।

सतावटको कारणले गर्दा यरूशलेम मण्डली रित्तो भयो। त्यहाँका सदस्यहरू छरपस्ट भएपछि अगुवाहरू मात्र बाँकी भए। हजारौं सदस्यहरू भएको उक्त

मण्डली रातारात सदस्यविनाको मण्डली बन्न पुग्यो। त्यहाँबाट गएका केही व्यक्तिहरूले दमस्कसमा पुगेर सुसमाचार प्रचार गर्न थाले। तिनीहरूका सुसमाचारीय गतिविधि त्यहाँका स्थानीय यहूदीहरूलाई मन परेन। त्यहाँ पुगेका नयाँ इसाई यहूदीहरूलाई तिनीहरूले घृणा र तिरस्कार गरे। त्यति मात्र होइन तिनीहरूले उक्त गतिविधिको जानकारी यरूशलेममा भएका यहूदी अगुवा र धर्म गुरुहरूलाई गराए र सो इसाई अभियान रोक्नको निम्ति ती अगुवाहरूसँग अनुरोध पनि गरे। शाऊलले त्यसप्रति चासो देखाए अनि प्रधान पूजाहारीले सही गरेको आधिकारिक पुर्जी लिएर त्यहाँका इसाईहरूलाई पक्रनको निम्ति घोडामा चढेर दमस्कसतिर गए। वास्तवमा उनी यरूशलेममा गरेझैँ दमस्कसमा पनि इसाईहरूलाई सताउन चाहन्थे र इसाईहरूलाई निमिटचान्न पारी इसाई मत उन्मुलन नै गर्न चाहन्थे। तर जब तिनी दमस्कसको नजिक पुगे, तब अचम्मलाग्दो चम्किलो ज्योतिद्वारा येशूले तिनलाई दर्शन दिनुभयो। प्रभु येशूले भन्नुभयो, "शाऊल, शाऊल, तिमी मलाई किन सताउँछौ?" (प्रेरित ९:४)।

इसाईहरूलाई सताउन दमस्कसतिर जाँदै गर्दा बाटोमा पावलले येशूको दर्शन पाएपछि तिनको जीवन पूर्ण रूपमा परिवर्तन भयो। उक्त घटना इ.सं. ३५ को हो, जुनबेला तिनी ३० वर्ष उमेरका भएका थिए। येशूले ३० वर्षको उमेरमा सेवकाइ सुरु गर्नुभयो। पावलले पनि ३० वर्षबाट प्रभु येशूलाई पछ्याएर उहाँको सेवा लगातार ३३ वर्षसम्म गरिरहे।

[चित्र नं.- १ : यरूशलेम, तार्सस, दमस्कस, अरबियाको चित्र]

*नता मभन्दा अघि प्रेरित हुनेहरूकहाँ म यरूशलेममा गएँ, तर तुरुन्तै अरब देशमा गएँ, र पछि दमस्कसमा फर्केर आएँ। तब तीन वर्षपछि केफाससँग भेट गर्न म यरूशलेम गएँ, र उनीसँग पन्ध्र दिनसम्म बसेँ। तर प्रभुका भाइ याकूबलाई बाहेक अरू कुनै प्रेरितलाई मैले भेटिनँ* (गलाती १:१८-१९)।

पावलले येशूलाई विश्वास गरेपछि अरब देशमा गएर तीन वर्ष बिताए। धेरै बाइबल विद्वान्हरूका विचारअनुसार पावल अरब देश गएको भनेको सिनै पर्वतमा गएका थिए, जहाँ मोशाले परमेश्वरबाट दश आज्ञा पाएका थिए। किन उनी अरब देशमा जानुपर्‍यो त ? किनभने त्यस बेला उनी जोखिममा थिए। उनी इसाई भएको कारणले गर्दा यहूदीहरूले उनलाई मार्न चाहन्थे र इसाईहरूले चाहिँ उनलाई पत्याउन र भरोसा गर्न सकेका थिएनन्। त्यसकारण पावल अरब देशमा गएर तीन वर्षसम्म धर्मशास्त्र अध्ययन, परमेश्वरको वचन मनन र प्रभु येशूसँगको सङ्गतिमा समय बिताए। त्यसपछि उनी अरब देशबाट फर्केर दमस्कस हुँदै यरूशलेम पुगे र त्यहाँ १५ दिनसम्म बसे।

त्यहाँको परिस्थिति अनुकुल नभएको कारणले गर्दा उनी आफ्नो घर भएको ठाउँ, टार्ससमा गए। पावलले त्यहाँ सात वर्ष बिताए। त्यतिबेलाको पावलको अवस्था विचार गर्ने हो भने तिनले प्रभुमा विश्वास गरेको १० वर्ष बितिसकेको थियो तैपनि सेवकाइको लागि कुनै ठोस स्थान र उपयुक्त अवसर अझै प्राप्त गरेका थिएनन्। प्रभुलाई विश्वास गरेको १० वर्ष बितेपछि बारनाबासको माध्यमद्वारा इ.सं. ४५ मा पावलले एन्टियोक मण्डलीमा सहायक पास्टर भएर सेवकाइ गर्ने मौका पाए। त्यतिबेला तिनी ४० वर्षका भइसकेका थिए। त्यसपछि पावले जीवनको अन्तिम घडीसम्म जस्तोसुकै परिस्थितिमा पनि हरेस नखाई सुसमाचार प्रचारद्वारा प्रभुको सेवा गरी नै रहे। उनले विभिन्न ठाउँहरूमा गई सुसमाचार प्रचार गरे, चेलाहरू निर्माण गरे र मण्डलीहरू स्थापना गरे।

पावलको जीवनलाई अध्ययन गर्ने हो भने हामी चाखलाग्दो कुराहरू थाहा पाउँदछौँ। उनी इ.सं. ५ मा जन्मे, इ.सं. ३५ मा परिवर्तन भए र इ.सं. ६८ मा मरे। ६८ बाट ३५ घटायो भने ३३ हुन आउँछ, अर्थात् यसलाई हामी यसरी बुझ्नसक्छौँ कि ३३ वर्षसम्म पावलले प्रभुको सेवा गरे। प्रभु येशू ३३ वर्षसम्म यस संसारमा रहनुभयो तर पावलले चाहिँ ३३ वर्षसम्म यस संसारमा येशूको सेवा गरे। येशू ३३ वर्षको उमेरमा क्रूसमा टाँगिएर मर्नुभयो र पावललाईचाहिँ ३३ वर्ष सेवकाइ गरिसकेपछि घाँटी काटेर मारियो। के यी दुवै व्यक्तिहरूको जीवनको घटनाहरूमा सङ्ख्या ३३ को सम्बन्ध चाखलाग्दो छैन ? यसै सन्दर्भमा अर्को महत्वपूर्ण तथ्य के छ भने यरूशलेमा मण्डली इ.सं. ३३ मा सतावटद्वारा छरपस्ट भयो भने इसाई इतिहासको पहिलो सहिद स्तिफनसको मृत्यु पनि इ.सं. ३३ को नै घटना हो।

यरूशलेम मण्डलीबाट छरपस्ट भएका केही व्यक्तिहरू दमस्कस हुँदै एन्टियोक पुगे। त्यस समूहलाई डोऱ्याएर लैजाने व्यक्ति कुरेनीका सिमोन थिए, जसले येशूको क्रूस बोकेका थिए। कुरेनी (Cureni) भन्ने ठाउँलाई अहिले लिबिया (Lybia) भनेर चिनिन्छ। पुरानो करारको समयमा त्यस ठाउँलाई पुत (Put) भनिन्थ्यो। सिमोन लिबिया क्षेत्रमा बस्ने यहूदी थिए। उनी निस्तार चाड मनाउन यरूशलेम आएका थिए र येशूलाई क्रूस बोकाएर गलगथातिर लैजाँदा उनले नजिकैबाट त्यो घटनालाई हरिरहेका थिए। त्यसबेला त्यहाँ ठूलो भीडको उपस्थिति थियो। कोर्राको चुटाइले गर्दा येशू निकै कमजोर हुनभएको थियो। क्रूस बोकेर हिँड्दा-हिँड्दै उहाँ लड्नुभयो। त्यसैबेला रोमी सैनिकहरूले सिमोनलाई पक्रेर येशूको क्रूस बोक्न लगाए। उनले त्यो क्रूस बोकेर गलगथासम्म पुऱ्याए। येशूका चेलाहरू त्यसबेला कोही पनि त्यहाँ थिएनन् तर सिमोनले उहाँलाई सहायता गरे। मरियम र अरू महिलाहरूसँगै सिमोन कुरेनीले त्यसबेलाको सबै कुरा अवलोकन गर्ने मौका पाए। कठिन परिस्थितिमा पनि येशूको साथ दिएको कारणले गर्दा उनी धेरै नै आशिषित व्यक्ति भए।

पछि गएर सिमोन कुरेनीले मानिसहरूलाई येशूको पुनरुत्थानको गवाही दिए। तिनले येशूलाई विश्वास गरी १२ चेलाहरूसँग भेट गरे। माथिल्लो तल्लामा भेला भएर प्रार्थना गर्ने १२० जना व्यक्तिहरूमध्ये उनी पनि एक थिए। प्रेरितहरूसँग मिलेर यरूशलेम मण्डलीमा उनले महत्वपूर्ण भुमिका निभाए। सतावटपछि परमेश्वरले उनलाई एन्टियोकमा लानुभयो र उनीद्वारा नै त्यहाँ मण्डली स्थापना भयो। सिमोनले उक्त मण्डलीमा १० वर्ष सेवकाइ गरेपछि बारनाबास त्यहाँ पुगे। पावललाई एन्टियोकमा बोलाउनको लागि सिमोनले बारनाबासलाई टार्ससमा पठाए। पावल त्यहाँ आएर करिब एक वर्षसम्म सिमोनको नेतृत्वमा एन्टियोक मण्डलीमा सेवकाइ गरे। त्यसपछि सिमोनकै निर्देशनमा पावल र बारनाबासले सुसमाचार अभियानको लागि मिसन यात्रा सुरु गरे।

पावलको पहिलो, दोस्रो र तेस्रो मिसन यात्रामा सिमोनकी पत्नी र तिनको छोरा रूफसले ठूलो सहायता गरे। पावललाई सिमोनकी पत्नीले ठूलो गुण लगाएकी थिइन्; त्यसैले तिनलाई उनले 'मेरी आमा' भनेर सम्बोधन गरेका छन् (रोमी १६:१३)। यद्यपि सिमोनकी पत्नीको नाउँ बाइबले बताएको छैन तरै पनि पावलले कोरिन्थी सहरबाट रोमीको पत्र लेख्दा तिनलाई र तिनको छोरा रूफसलाई सम्झेर अभिवादन पठाएका थिए। यहाँ हामीले थाहा पाउनुपर्ने अर्को महत्वपूर्ण कुरा के छ भने पावल रोममा पुग्नुभन्दा पहिले नै रूफस र तिनकी आमा त्यहाँ गएर सेवकाइ गर्दैथिए। त्यसकारण सिमोन कुरेनी र उनको सम्पूर्ण परिवारका सदस्यहरू आशिषित व्यक्तिहरू हुन्। तिनीहरूले गरेका सेवकाइ र परमेश्वरप्रति तिनीहरूको समर्पणताको कारणले गर्दा तिनीहरूले मात्र होइन तिनीहरूको माध्यमद्वारा धेरैले आशिष् पाउने अवशर पाए।

यरूशलेम मण्डलीबाट निस्केर गएका व्यक्तिहरू एन्टियोकसम्म मात्र होइन त्योभन्दा टाढा पनि पुगे। कोही गलातिया, कोही पोन्टस, कापाडोसिया र अरू ठाउँहरूमा गए। आफ्नो मण्डलीका सदस्यहरू विभिन्न स्थानहरूमा गइसकेपछि यरूशलेम मण्डलीका अगुवाहरूले सेवकाइ गर्नको निम्ति पर्याप्त मानिसहरू पाएनन्। उक्त मण्डलीका यहूदीहरू जहाँ-जहाँ पुगे, तिनीहरूले घरेलु सङ्गति सुरु गरेर परमेश्वरको आराधना गर्नथाले। त्यसपछि याकूब र पत्रुसलगायत अरू अगुवाहरूले विभिन्न ठाउँहरूमा गएर आफ्ना मण्डलीको सदस्यहरूसँग भेट गरे। तर त्यसबेलाको यात्रा अहिलेको जस्तो सजिलो थिएन। त्यतिबेला अहिलेको जस्तो हवाइजहाज, बस र रेलजस्ता यातायातको साधनहरू उपलब्ध थिएन। घोडा चढेर अथवा पैदल यात्रा गरेर नै टाढा-टाढासम्म जानुपर्ने वाध्यता थियो।

प्रवासी यहूदीहरूले सुरु गरेका ती नयाँ मण्डलीहरूमा विभिन्न प्रकारका समस्याहरू थिए, जस्तैः झैँझगडा, फूट, विभाजन, बेरोजगार, गरीबी आदि। नयाँ ठाउँमा पुगेका हुनाले धेरै व्यक्तिहरूले काम पाएका थिएनन्। परिवारको मुख्य पुरुष व्यक्ति मरेको कारणले गर्दा मण्डलीमा विधवा, र टुहुरा-टुहुरीहरूको सङ्ख्या बढ्दै थियो। गरीबीले तिनीहरूलाई धेरै नै समस्यामा पारेको थियो। त्यस्तो परिस्थितिमा पनि मण्डलीका केही सदस्यहरूसँग भने प्रसस्त धन-सम्पत्ति थियो तर तिनीहरूले गरिब, विधवा र टुहुरा-टुहुरीहरूका लागि आफ्नो धन-सम्पत्ति प्रयोग गर्दैनथे बरु आफ्नै व्यक्तिगत स्वार्थ र विलासिताको लागि त्यो खर्च गर्ने गर्दथे। त्यतिमात्र होइन केही ईश्वरशास्त्रीय विषयहरूमा पनि मण्डलीभित्र मतभेद र विवाद कायम थियो।

ती मण्डलीहरूमा भएका ती सबै प्रकारका समस्याहरू समाधान गर्नु अति नै आवश्यक थियो। याकूब यरूशलेम मण्डलीको वरिष्ठ अगुवा भएको हैसियतले गर्दा ती मण्डलीहरूमा गएर त्यहाँ विद्यमान समस्याहरू समाधान गर्न अनि मण्डलीका अगुवा र साधारण सदस्यहरूलाई उत्साह दिनु तिनको कर्तव्य साथै जिम्मेवारी पनि थियो। तर त्यतिबेलाको भौगोलिक अवस्था, यातायातको असुविधा र समय अभावको कारणले गर्दा तिनी सबै ठाउँहरूमा भ्रमण गरेर तत्कालीन समस्याहरू समाधान गर्न सकेनन्। निरन्तर लामो यात्रा गरेर शिक्षा र सल्लाह-सुझाव दिँदै हिँड्नु तिनको लागि प्रायः असम्भव नै थियो। त्यसकारण यरूशलेम मण्डलीमा सतावट आएको १५ वर्षपछि अर्थात् इ.सं. ४८ मा याकूबले चारैतिर छरपस्ट भएका सबै कुलका यहूदीहरूलाई समष्टिगत रूपमा एउटै आधिकारिक पत्र पठाएर त्यहाँका समस्याहरू समाधान गर्ने निर्णय गरे। त्यसैअनुरूप तिनले सबैको लागि सुहाउँदो पत्र लेखे, जुन पत्रलाई अहिले बाइबल विद्वान्हरूले पाँच वटा अध्यायहरूमा विभाजन गरेका छन् (सुरुको बाइबल पाण्डुलिपिमा अध्याय र पदहरू विभाजन गरिएको थिएन।)

*परमेश्वर र प्रभु येशू ख्रीष्टको सेवक याकूबबाट : ठाउँ-ठाउँमा छरपस्ट भएका बाह्र कुललाई, अभिवादन* (याकूब १:१)।

याकूब १:१ ले उक्त पत्रको प्रेषक र प्रापकको बारेमा स्पष्ट गरी बताएको छ। पत्रको सुरुमा याकूबले आफ्नो परिचय दिँदा 'म येशूको भाइ हुँ' भनेर भनेका छैनन् तर 'म येशूको सेवक (दास) हुँ' भनी घोषणा गरेका छन्। यस कुरालाई राम्रोसँग बुझ्नको लागि पुरानो करारको दासप्रथाबारे थाहा पाउनुपर्दछ।

*यदि तिमीहरूको कोही यहूदी भाइ-बहिनी तिमीहरूको हतमा आफैलाई बेच्छ, त्यसले छ वर्ष तिमीहरूको सेवा गऱ्यो भने, सातौँ वर्ष त्यसलाई मुक्त भएर जान दिनू। त्यो मुक्त भएर जाँदा त्यसलाई रित्तै हात नपठाउनू, तर परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुभएअनुसार आफ्ना*

*भेडाबाख्रा, खला र दाखको कोलबाट प्रसस्तसँग दिएर त्यसलाई पठाउनू। मिश्रमा तिनीहरू कमारा हुँदा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई मुक्ति गर्नुभएको कुराको सम्झना गर। त्यही करणले आज म तिमीहरूलाई यी आदेश दिँदैछु। तर तिमीहरूको कमाराले तिम्रो र तिम्रो परिवारलाई माया गरी तिमीहरूसँग खुसी भएर तिमीलाई "तपाईकहाँबाट म जान चाहन्नँ" भन्यो भने, एउटा सुतारो लिएर त्यसको कानको लोती ढोकामा लगाएर छेड्नू, र त्यो जीवनभरि तिमीहरूको कमारा हुनेछ। आफ्नी कमारीलाई पनि त्यसै गर्नू* (व्यवस्था १५ः१२-१७)

पुरानो करारको समयमा दुइ प्रकारका दास हुने गर्दथे। पहिलो प्रकारको दसाले आफ्नो मालिकको ६ वर्षसम्म सेवा गरेपछि ऊ स्वतन्त्र हुनसक्थ्यो। तर दोस्रो प्रकारको दासचाहिँ मालिकको घरबाट निस्केर जान चाहँदैनथ्यो। उसले मालिकलाइ यसो भन्थ्योः "म तपाईं र तपाईंको परिवारलाई प्रेम गर्दछु। म तपाईंलाई छोडेर जान्नँ। म जीवनभरि नै तपाईंको सेवा गरेर बस्छु।" त्यसबेलाको मालिकले दासलाई जबरजस्ती अथवा वाध्य तुल्याएर आफ्नो घरमा राख्ने होइन तर स्वयम् दासले मालिकलाई प्रेम गर्ने भएकोले उसले जीवनभरि मालिकको सेवा गर्ने गर्दथ्यो। सेवा गर्न वाध्य तुल्याउने तत्वचाहिँ 'प्रेम' हो। त्यस प्रकारको दासलाई 'कान छेडेको दास' भनिन्छ। याकूबले आफूलाई त्यस्तै दासको रूपमा परिचित गराएका हुन्। परमेश्वरलाई प्रेम गर्ने अनि उहाँको सेवा आराधना गर्ने व्यक्तिले उहाँलाई आफ्नो मालिक तुल्याएका हुन्छन्।

हामीले विचार गर्नुपर्ने कुरा के हो भने हामी कुन कुरालाई प्रेम गर्दछौँ ? र कुन कुरालाई प्राथमिकता दिन्छौँ ? के हामी रुपैयाँ-पैसा, मान-प्रतिष्ठा र परिवारलाई प्रेम गर्दछौँ कि आफ्नो स्वर्गीय मालिक प्रभु येशूलाई बढी माया गर्दछौँ ? याकूबले येशूलाई आफ्नो दाइको रूपमा मात्र प्रेम गरेनन् तर उहाँलाई आफ्नो प्रभु र मालिक ठानेर कान छेडेको दासले झैँ जीवनभरि उहाँको सेवा गरे। त्यसैअनुरूप विभिन्न स्थानहरूमा छरपस्ट भएका बाह्र कुलका यहूदीहरूका माझमा भएका विभिन्न प्रकारका समस्याहरू समाधान गर्न उनले यो पत्र लेखेका हुन्।

पत्रुसको सेवकाइ र उनले लेखेका पत्रलाई हेर्ने हो भने उनको हृदय पनि याकूबको जस्तै भएको पाउँदछौँ। १ पत्रुस १ः१-२ मा यस्तो कुरा लेखिएको छ : *"येशू ख्रीष्टको प्रेरित पत्रुसबाट पोन्टस, गलातिया, कापाडोकिया, एशिया र बिथिनियाभरि निर्वासित भई छरपस्ट भएकाहरूलाई, येशू ख्रीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काइको निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पितााद्वारा उहाँको पूर्वज्ञाअनुसार चुनिएकाहरूलाई : अनुग्रह र शान्ति प्रशस्त हुँदैजाओस्।*

बाइबलका कुराहरूलाई बुझ्नको लागि हामीले तत्तकालीन ऐतिहासिक, सामाजिक र भौगोलिक पृष्ठभूमिलाई बुझ्नु जरुरी छ। माथि उल्लेखित जानकारीको सहायतामा अब हामी याकूबको पत्रलाई विभिन्न विषयहरूमा टुक्र्याउँदै एक-एक गरीअध्ययन गर्दै जानेछौँ।

# नयाँ करारमा उल्लेखित पाँच जना याकूबहरू

## FIVE DIFFERENT JAMES DECRIBED IN THE NEW TESTAMENT

[चित्र नं.- २ : तालिका चित्र]

नयाँ करार बाइबलमा पाँच जना फरक-फरक याकूबहरूका बारेमा चर्चा गरिएको छ। बाइबल पढ्दा कहिलेकाहीँ कुनचाहिँ याकूबको बारेमा चर्चा गरिरहेको छ भन्ने कुरामा हामी अन्यौलमा पार्दछौँ। त्यतिबेलाको हिब्रू समाजमा 'याकूब' नाउँ प्रचलित भएको कारणले गर्दा धेरैले त्यो नाउँ राख्दथे। सुसमाचारको पुस्तकहरूमा याकूब भन्ने नाउँ धेरैचोटि भेट्टाउँदछौँ। यदि बाइबलले याकूबको बारेमा उल्लेख गर्दछ भने, कुनचाहिँ याकूबको बारेमा चर्चा गरेको हो त्यो कुरा छुट्ट्याउन सक्नुपर्दछ; त्यसपछि मात्र त्यस खण्डलाई राम्रो अनि स्पष्ट सँग बुझ्न सकिन्छ। पाँच जना याकूबहरूमध्ये केही येशू ख्रीष्टका चेला थिए भने केही त्यस समूहमा थिएनन्। याकूबको पत्र लेख्ने व्यक्ति पनि येशूका सुरुका चेलामा पर्दैनन्। अब हामी क्रमवद्ध रूपमा ती सबै याकूबहरूको बारेमा चर्चा गर्नेछौँ।

**(१) जब्दियाको छोरा याकूब** :- यिनी येशूका सुरुका बाह्र जना चेलाहरू मध्येका नजिकका एक व्यक्ति थिए।

*बाह्र प्रेरितहरूका नाउँ यी हुन्, पहिलो पत्रुस भनिने सिमोन र तिनका भइ अन्द्रियास, जब्दियाका छोरा याकूब र तिनका भाइ यूहन्ना। फिलिप र बारथोलोमाइ, थोमा र कर उठाउने मत्ती, अल्फयसका छोरा याकूब र थेदियस, सिमोन कनानी र यहूदा इस्करियोत, जसले येशूलाई पक्राइदियो* (मत्ती १०:२-४)।

*जब्दियाका छोरा याकूब र याकूबका भाइ यूहन्ना। उहाँले तिनीहरूलाई बोअनर्गेश, अर्थात् गर्जनका छोराहरू भन्ने नाउँ दिनुभयो* (मर्कूस ३:१७)।

*यसको छ दिनपछि येशूले पत्रुस, याकूब र तिनका भाइ यूहन्नालाई आफूसँग एउटा उच्च पहाडमाथि अलग्गै लैजानुभयो* (मत्ती १७:१)।

*अनि उहाँले पत्रुस, याकूब र याकूबका भाई यूहन्नालाई बाहेक अरू कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन* (मर्कूस ५:३७)।

कुनै महत्वपूर्ण ठाउँमा जाँदा येशूले यो याकूबलाई साथमा लानुहुन्थ्यो। मत्ती १०:२ मा जब्दियाका दुइ जना छोराहरूका नाउँ उल्लेख गरिएको छ। त्यहाँ पहिला याकूबको नाउँ लेखिएको छ र त्यसपछि यूहन्नाको नाउँ लेखिएको छ। यसबाट हामीले के कुरा थाहा पाउनसक्छौँ भने याकूबको भाइको नाउँ यूहन्ना हो। तिनीहरूका पिता जब्दिया भन्ने व्यक्ति गालील क्षेत्रका धनी मछुवा थिए। उनी साझेदारीमा व्यवसाय गर्ने गर्दथे र केही कामदारहरूलाई रोजगारी दिने क्षमता उनीसँग थियो। यस विषयमा यी बाइबल खण्डहरूले पुष्टि गर्दछ।

*अनि अलि पर गएपछि उहाँले जब्दियाका दुइ छोरा याकूब र यूहन्नालाई डुङ्गामा बसी जाल तुनिरहेका देख्नुभयो। उहाँले तुरुन्त तिनीहरूलाई बोलाउनुभयो, र तिनीहरू आफ्ना पिता जब्दियालाई ज्यामीहरूका साथ डुङ्गामा छोडेर उहाँको पछि लागे* (मर्कूस १:१९-२०)।

*त्यसै गरी जब्दियाका छोराहरू याकूब र यूहन्ना पनि छक्क परे। तिनीहरू सिमोनसँग साझेदार थिए। येशूले सिमोनलाई भन्नुभयो, "नडराऊ, अब उप्रान्त तिमीले मानिसहरूलाई पक्रनेछौ।" अनि जब तिनीहरूले आफ्ना डुङ्गाहरू पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागे, र उहाँको पछि लागे* (लूका ५:१०-११)।

याकूबको विषयमा हामी के भन्नसक्छौँ भने उनी धनी परिवारबाट येशूका चेला हुनको निम्ति आएका व्यक्ति थिए। अर्को महत्वपूर्ण कुरा के छ भने उनी बाह्र चेलाहरूमध्ये येशूको घनिष्ठ अनि तेस्रो स्तरमा पर्ने चेला थिए किनभने बाइबलमा येशूका चेलाहरूका नाउँहरू लेखिँदा तिनको नाउँ तेस्रो स्थानमा लेखिएको पाइन्छ। कृपया यी बाइबल खण्डहरूलाई हेर्नुहोस् : मत्ती १०:२; मर्कूस ३:१७; लूका ६:१४; प्रेरित १:१३ आदि।

इसाई इतिहासलाई अध्ययन गर्ने हो भने यो याकूब इ.सं. ४३ मा मारिएका अथवा सहिद भएका कुरा थाहा पाउन सकिन्छ। स्तिफनसलाई त्योभन्दा पहिले नै इ.सं. ३३ मा यहूदीहरूले ढुङ्गाले हानेर मारेका थिए र उनी इसाई जगतकै पहिलो सहिद भए। तर त्यस घटनाको १० वर्षपछि राजा हेरोद अग्रिपा-प्रथम (Herod Agripa-I) -ले याकूबलाई तरवारले मारे। येशूका सुरुका बाह्र चेलाहरूमध्ये उनले पहिले सहिद हुने मौका पाए।

*ती दिनमा हेरोद राजाले मण्डलीका कति जनामाथि कठोर अत्याचार गर्न थाले। उनले यूहन्नाका दाज्यू याकूबलाई तरवारले मारे* (प्ररित १२:१-२)।

**(२) अल्फयसको छोरा याकूब** :- यिनी पनि येशूका बाह्र चेलाहरूमध्येका एक व्यक्ति थिए। अल्फयसका दुइ जना छोराहरू थिए : याकूब र थेदियस। यी दुवै जनाले येशूलाई पछ्याए। तलका बाइबल खण्डहरूद्वारा हामी यस याकूबको विषयमा थप जानकारी पाउनसक्छौँ।

*... अल्फयसका छोरा याकूब र थेदियस ...* (मत्ती १०:३; मर्कूस ३:१८; लूका ६:१५)।

*सहरभित्र पसेपछि तिनीहरू माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र देशभक्त दलको सिमोन र याकूबको छोरो यहूदा थिए* (प्रेरित १:१३)।

**(३) सानो याकूब** :- यस याकूबको विषयमा त्यति धेरै जानकारी उपलब्ध छैन। मर्कूस १५:४० ले तिनको बारेमा केही कुरा बताउँछ।

*त्यहाँ टाढैबाट हेरिरहने केही स्त्रीहरू पनि थिए। तिनीहरूमध्ये मरियम मग्दलिनी अनि सानोचाहिँ याकूब र योसेफकी आमा मरियम र सलोमी थिए।*

यस जानकारीअनुसार हामी भन्नसक्छौँ कि शायद उनी होचो कदका मानिस थिए होलान् र त्यसैअनुरूप उनको नाम (अथवा उपनाम) 'सानो याकूब' रहन गएको हुनसक्छ। यस विषयमा तिनको आमाको नाउँ मरियम अनि भाइको नाउँ योसेफ थियो भन्ने जानकारी बाहेक अरू केही भन्न सकिँदैन।

**(४) यहूदाको पिता याकूब** :- यिनी येशूका बाह्र चेलाहरूमध्ये एक थिए। तिनको छोराको नाउँ यहूदा थियो तर तिनी येशूलाई धोखा दिने यहूदा इस्करियोत भने होइनन्। *... अल्फयसका छोरा याकूब, र सिमोन, जो उग्रपन्थी भनिन्थे, याकूबका छोरा यहूदा, र यहूदा इस्करियोत, जो विश्वासघाती भए* (लूका ६:१५-१६)।

... *याकूबको छोरो यहूदा थिए* (प्रेरित १:१३)।

(५) **येशूका भाइ याकूब** :- यिनी येशूका आफ्नै भाइ हुन् अर्थात् मरियम र योसेफ यिनका माता-पिता थिए। यस पुस्तकमा सुरुदेखि अन्तसम्म यिनकै बारेमा चर्चा गरिएको छ। त्यसकारण यहाँ हामी यिनको बारेमा धेरै चर्चा गर्नेछैनौँ। यहा प्रायः सबै पाठहरूमा तिनको शिक्षा र तिनको सेवकाइको बारेमा उल्लेख गरिएको छ।

*के यिनी सिकर्मीका छोरा होइनन् ? के यिनकी आमाको नाउँ मरियम र यिनका भाइहरू याकूब, योसेफ, सिमोन र यहूदा होइनन् ?* (मत्ती १३:५५)।

*तर प्रभुका भाइ याकूबलाई बाहेक अरू कुनै प्रेरितलाई मैले भेटिनँ* (गलाती १:१८-१९)।

# याकूबको पत्रको ईश्वरशास्त्रीय विवाद

## THE THEOLOGICAL DISPUTE ON THE EPISTLE OF JAMES

नयाँ करारमा भएका सबै पुस्तकहरू पहिलो शताब्दीमा नै लेखिसकिएको थियो। तर ती पुस्तकहरू अहिलेको जस्तो क्रमवद्ध अनि व्यवस्थित रूपमा थिएनन्। सबै पुस्तकहरू छुट्टा-छुट्टै थिए, जस्तैः यूहन्नाको सुसमाचार, मत्तीको सुसमाचार, रोमीको पुस्तक र प्रकाशको पुस्तक आदि। त्यसकारण नयाँ करार पढ्नलाई २७ वटा फरक-फरक पुस्तकहरू पढ्नुपर्ने वाध्यता त्यसबेला थियो। उक्त समस्यालाई समाधान गर्न इ.सं. ३९७ मा केही ईश्वरशास्त्रीहरू र मण्डलीका मुख्य अगुवाहरू कार्थेज (Carthage) भन्ने ठाउँमा भेला भए। तिनीहरूले प्रार्थनासाथ छलफल अनि अन्तरक्रिया गरी उक्त २७ वटा पुस्तकहरूलाई सङ्कलन गरी एउटै पुस्तकमा गाभे र त्यसलाई 'नयाँ करार' (New Testament) भन्ने नाउँ दिए। यहाँ हामीले के कुरा बुझ्नुपर्दछ भने नयाँ करारका ती सबै पुस्तकहरूलाई धर्मशास्त्रसम्बन्धी विशेष प्रकारको मापदण्ड (Canon) द्वारा मूल्याङ्कन गरी त्यसैअनुरूप छनौट र सङ्कलन गरी बाइबलमा राखिएको थियो।

नयाँ करारको निर्माण भइसकेपछि धेरै बाइबल विद्वान्हरू, ईश्वरशास्त्रीहरू, र तत्कालीन मण्डलीका बिशपहरूले याकूबको पत्रलाई त्यहाँ राखिएको कुरा रुचाएनन्। त्यो पुस्तक धार्मिक मापदण्ड (Canon) अनसार जाँच गर्ने हो भने बाइबलमा राख्न उचित छैन भनी तिनीहरूले आफ्नो तर्क प्रस्तुत गरे। त्यसकारण चौथो शताब्दीदेखि लिएर उन्नाइसौँ शताब्दीसम्म याकूबको पत्रको विषयमा ईश्वरशास्त्रीय रूपमा बाइबल विद्वान्हरूका माझ विवादित भइरह्यो। धेरैले यस पुस्तकमा उल्लेख भएका विषय-वस्तु र शिक्षाको खण्डन अनि विरोध गरे। फलस्वरूप इसाई जगतमा यस पुस्तकले लामो समयसम्म भेदभाव र पक्षपात खप्नु पऱ्यो। धेरै जना बाइबल ईश्वरशास्त्रीहरूले यस पुस्तकलाई नयाँ करारको सूचीबाट हटाउनुपर्दछ भनेर आफ्नो राय प्रकट गरे। किनभने तिनीहरू यो पुस्तकसँग खुसी थिएनन्। ती व्यक्तिहरूले याकूबको पत्रमाथि ईश्वरशास्त्रीय र प्रेरितीय अधिकारसम्बन्धी र इसाई सिद्धान्तसम्बन्धी विभिन्न प्रकारका प्रश्नहरू तेर्साए। याकूब येरूशलेम मण्डलीका असल अनि प्रभावशाली अगुवा भए तापनि उनको पत्र इसाईहरूको विश्वासको सारसँग त्यति मिल्दैन भन्ने आरोप सहनु पऱ्यो। इसाई विश्वासको सैद्धान्तिक पक्ष यो पुस्तकसँग बाझिन्छ भन्ने तिनीहरूको विचार थियो। इसाई इतिहासका दुइ जना प्रख्यात सुधारवादी अगुवाहरूले पनि याकूबको पत्रको खण्डन गरे; तिनीहरूका नाम यसप्रकार छ।

(१) मार्टिन लूथर (Martin Luther, 1483-1546 AD)
(२) जोन क्याल्भिन (John Calvin, 1509-1564 AD)

मार्टिन लुथरले इसाई जगतमा लुथरन (Lutharan) सम्प्रदायको मण्डली सुरुवात गरे। तिनी जर्मनी नागरिक थिए। यिनले सुधारवादी आन्दोलन गरेर 'रोमन क्याथोलिक' मण्डलीलाई त्यागी प्रोटेस्टेण्ट (Protestant) भन्ने सम्प्रदाय सुरु गरे। जोन क्याल्भिनले चाहिँ इसाई जगतमा क्याल्भिनिजम् (Calvinism) भन्ने महत्वपूर्ण सिद्धान्त प्रतिपादन गरे। तिनी फ्रान्सेली नागरिक हुन्। यी दुवै जना व्यक्तिहरू सुधारवादी इसाई समुदायको महान् अगुवाहरू हुन् र यिनीहरूलाई संसारभरिका प्रोटेस्टेण्ट इसाईहरूले आदर-सम्मानको दृष्टिले

हेर्ने गर्दछन्। प्रोटेस्टेण्ट सम्प्रदायका मण्डलीहरूमा यी दुइ व्यक्तिहरूले प्रतिपादन गरेको ईश्वरशास्त्रीय सिद्धान्तको ठूलो प्रभाव परेको छ। वास्तवमा यी दुइ व्यक्तिहरूलाई प्रोटेस्टेण्ट सम्प्रदायको पिता अथवा संस्थापक नै मानिन्छ। यिनीहरूले याकूबको पत्र इसाई विश्वासको मापदण्डअनुसार छैन भनी घोषणा गरे। तिनीहरूले यस पुस्तकको खण्डन पनि गरे।

किन याकूबको पत्र विवादित र तिरस्कृत हुनुपऱ्यो त ?

यसको प्रमुख कारण के हो भने याकूब पत्र छोटो छ अनि यसमा इसाई सिद्धान्तमा हुनुपर्ने निम्नलिखित महत्वपूर्ण विषयहरूको बारेमा चर्चा गरिएको छैन, जस्तैः

१. त्रिएकको सिद्धान्त (Doctrine of Trinity)
२. ख्रीष्टको सिद्धान्त (Doctrine of Christ)
३. उद्धारको सिद्धान्त (Doctrine of Salvation)
४. आत्मिक शुद्धिकरणको सिद्धान्त (Doctrine of Sanctification)
५. मिसनको सिद्धान्त (Doctrine of Mission)
६. अन्तिम समयको सिद्धान्त (Doctrine of Eschatology)

मण्डली तथा इसाई समुदायमा अति नै आवश्यक यी महत्वपूर्ण सिद्धान्तहरूको बारेको शिक्षा याकूबको पत्रमा उल्लेख नभएको कारणले गर्दा नै चौथो शताब्दीदेखि उन्नाइसौँ शताब्दीसम्मको लामो समय अवधिसम्म यसले विभिन्न प्रकारको विवाद र खण्डनहरू सामना गर्नुपऱ्यो। बाइबल विद्वान्हरूले यस पुस्तकलाई हेला र तिरस्कार गर्नु अनि अरू पुस्तकहरूभन्दा अलि निम्नस्तरमा राख्नुको कारण पनि यही हो।

जब बीसौँ शताब्दी सुरु भयो, तब थुप्रै प्रकारका विचारधाराहरू भएका इसाई ईश्वरशास्त्रीहरू र मण्डलीका अगुवाहरूको पनि प्रादुर्भाव भयो। त्यस्तै प्रकारले नयाँ-नयाँ इसाई सम्प्रदायहरू पनि निस्कन थाले। विशेष गरी उदारवादी (Liberal) ईश्वरशास्त्रीहरूले याकूबको पत्रलाई विशेष महत्व दिन थाले। यसमा भएका व्यवहारिक कुराहरूलाई मण्डली तथा इसाई समुदायमा अभ्यास गर्नुपर्दछ भन्ने कुरामा तिनीहरूले जोड दिन थाले र विशेष गरी याकूब २ः१७ लाई उद्धृत गरेर प्रचार गर्न थाले। त्यहाँ यसरी लेखिएको छ- *यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो।*

यस खण्डलाई बुझ्नको लागि मण्डली इतिहासलाई केलाउनु पर्दछ। याकूबको पुस्तामा स्थापना भएका सुरुका मण्डलीहरूमा विभिन्न प्रकारका समस्याहरू थिए। ती मण्डलीहरूमा केही धनी व्यक्तिहरू थिए, जसले आफूलाई आत्मिकी व्यक्तिको रूपमा चिनाउन चाहन्थे। तर दुःखलाग्दो कुरा के थियो भने तिनीहरूले आफ्नो धनसम्पत्ति गरिब, विधवा र टुहुरा-टुहुरीहरूका निम्ति प्रयोग गर्दैनथे। वास्तवमा त्यस्ता व्यक्तिहरूलाई याकूबले माथिको खण्डद्वारा यसो भन्न खोजेका थिएः "हे धनी इसाईहरू हो, किन तिमीहरू समस्या अनि खाँचोमा परेका आफ्ना दाजुभाइ तथा दिदीबहिनी र मण्डलीका सदस्यहरूप्रति दया अनि कृपा देखाउँदैनौ? किन तिमीहरू, गरिब, विधवा, र टुहुरा-टुहुरीहरूप्रति उदारता देखाएर तिनीहरूलाई सहायता गर्दैनौ? तिमीहरूसँग प्रसस्त धनसम्पत्ति छ; तैपनि परमेश्वरको महिमा हुने असल काममा त्यसलाई किन चलाउँदैनौँ? किन तिमीहरू आफ्नो विश्वासलाई कामद्वारा प्रकट गर्दैनौँ? तिमीहरू धर्मशास्त्र पढ्छौ, प्रार्थना गर्दछौ, परमेश्वरको स्तुति प्रशंसा गर्दछौ तर पनि तिमीहरूमा स्वार्थ र घमण्ड अनि विलासिताजस्ता खराब कुराहरू बाँकी छ। सधैँ आफ्नै बारेमा मात्र सोच्न नगर तर समस्यामा र खाँचोमा परेकाहरूलाई सहायता गर्ने गर; होइन भने तिमीहरू समस्यामा पर्नेछौ। यदि

तिमीहरूले आफ्नो विश्वासलाई कामद्वार प्रकट गर्दैनौ भने उद्धार पाइसकेका छौ भनेर विश्वास गरे तापनि तिमीहरूको विश्वास मृत हुनेछ।"

याकूबको पुस्तकमा भएका यस्ता कडा सन्देशहरूलाई आधार बनाएर आजभोलिका उदारवादी (Liberal) इसाईहरूले सुसमाचारीय (Evangelical) इसाईहरूलाई यसो भनेर दोष लगाउने गर्दछन्ः "तिमीहरू कट्टरवादी (Fundamental) व्यक्तिहरू हौ। के तिमीहरूले याकूब २ः१४-१७ सम्मको अर्थ बुझेका छौ? होशियार बस, तिमीहरूको नाउँ जीवनको पुस्तकबाट मेटिन सक्छ किनभने तिमीहरूले परमेश्वरलाई विश्वास त गरेका छौ तर उक्त विश्वासलाई कामद्वारा प्रकट गरेका छैनौ। तिमीहरूले पीडित व्यक्तिहरूलाई दया र कृपा देखाउँदैनौ। तिमीहरू कपटी इसाईहरू हौ।"

आजभोलि गैरसरकारी सङ्घ-संस्थाहरू (NGOs, Non Governmental Organizations) च्याउ उम्रे झैँ प्रसस्त मात्रामा उम्रिरहेको देखिन्छ। तीमध्ये धेरै सङ्घ-संस्थाहरू उदारवादी इसाईहरूले सञ्चालन गरिरहेका छन्। तिनीहरूले विद्यालय, अनाथालय, वृद्धाश्रम खोलेका छन् साथै अस्पताल, बाटो र पुलहरू बनाएर समाजिक भलाइका कामहरू पनि गरिरहेका छन्। त्यस्ता प्रकारका कामहरू गर्ने व्यक्तिहरूले याकूबको पुस्तकलाई आदरका साथ महत्व दिने गर्दछन् तर सुसमाचार प्रचार गर्ने काममा भने तिनीहरूले त्यति ध्यान दिँदैनन्। याकूबको पुस्तकमा उल्लेख गरिएको शिक्षालाई पछ्याएर सामाजिक भलाइका कामहरू गरे तापनि प्रभु येशूको महान् आज्ञालाई पनि पालन गर्नु पर्दछ भन्ने कुरा तिनीहरूले बुझ्नु आवश्यक छ। त्यो सबै सम्प्रदायका इसाईहरूको कर्तव्य अनि जिम्मेवारी हो। गरिबहरूलाई आर्थिक सहायता गर्ने क्षेत्रमा उदार भएझैँ मिसनको काममा अभिरुचि देखाउनु आवश्यक छ भन्ने कुरा उदारवादीहरूले बुझ्नुपर्दछ।

पहिलेका इसाईहरूले लामो समयसम्म याकूबको पत्रलाई त्यति महत्व दिएनन् तर बीसौँ शताब्दीमा आएर उदारवादी सिद्धान्तहरूको जन्म भएपछि यो पुस्तक प्रख्यात हुनथाल्यो। तिनीहरूले याकूब २ः१७ लाई विशेष महत्व दिनथाले र त्यसैअनुरूपको जीवनशैली बनाउन थाले। यो पद ईश्वरशास्त्रीय अवधारणाअनुसार विवादित खण्ड भए तापनि यसैलाई आधार बनाएर गरिब राष्ट्रहरूमा थुप्रै प्रकारका सामाजिक विकासको क्रियाकलापहरू भइरहेका छन्।

याकूबको पत्रलाई पुराना पुस्ताहरूका इसाईहरूले नरुचाए पनि आजभोलिका इसाईहरू र इसाई अगुवाहरूले यसलाई स्वीकार गरी यस पुस्तकबाट मण्डलीमा सिकाउने गर्दछन्। सुसमाचारमा जोड दिने इसाईहरू हुन् अथवा उदारवादी इसाईहरू हुन्; सबैले याकूबको पुस्तकले व्यवहारिक पक्षलाई चुनौति दिन्छ भन्ने कुरामा सबै सहमत भएका छन्। इसाई सिद्धान्तहरूसँग सम्बन्धित कुराहरू यसमा नभए तापनि मानिसको व्यवहारिक अनि सामाजिक दृष्टिकोण र जीवनशैली परिवर्तन गर्नको लागि यो अति उपयुक्त पुस्तक हो। त्यसैकारण छरपस्ट भएका ती बाह्रै कुलका यहूदीहरूका लागि याकूबले यो पत्र लेखेका हुन्। शायद, तिनीहरूलाई इसाई विश्वास र सिद्धान्तहरूका बारेमा अरू अगुवाहरूको शिक्षा, प्रचार र पत्रद्वारा जानकारी भइसक्यो भन्ने ठानेर त्यसलाई पुनः आफ्नो पत्रमा चर्चा गरिरहन याकूबले आवश्यक ठानेनन्। त्यसैकारण ती सैद्धान्तिक विषयहरूलाई छोडेर मण्डलीमा भएका विविध समस्याहरूलाई समाधान गर्ने कुरामा तिनले विशेष ध्यान दिए, जुन शिक्षा अहिलेका मण्डलीहरूको निम्ति पनि अति नै समयसापेक्ष देखिन्छ।

आजभोलिका मण्डलीका अगुवाहरू र बाइबल विद्वान्‌हरू यस कुरामा सहमत भएका हुनाले अब याकूबको पत्रको विषयमा हुने गरेका वाद-विवाद र मतभेद अन्त भएको छ। त्यसैकारण सबै मण्डली र सम्प्रदायका इसाईहरूले यस

पुस्तकलाई आदरका साथ हेर्ने र अध्ययन गर्ने गर्दछन्। यस विषयमा डा. थोमस ह्वाङ्ग यसो भन्नुहुन्छः "त्यसैकारणले गर्दा मैले याकूबको पत्रबाट सिकाउने र त्यसको व्याख्यात्मक पुस्तक प्रकाशन गर्ने निर्णय गरेको हुँ। यो पुस्तक छोटो भए तापनि यसमा भएका शिक्षाहरू व्यवहारिक छन्। यस पुस्तकमार्फत् धेरैले आशिष् पाउन सक्नुभएको होस् र यसद्वारा तपाईंहरूको मनोवृत्ति र जीवनशैलीमा सुधार आओस् भन्ने मेरो प्रार्थना छ। आमिन।"

# दुइ प्रकारका दुःख-कष्टहरू
# (फेइरास्मोस र फेइराजो)

## TWO KINDS OF SUFFERINGS
## (PHEIRSMOS & PHEIRAZO)

मानिसको जीवनमा आइपर्ने दुःख-कष्टहरूलाई विभिन्न शब्दहरूद्वारा बुझाउने गरिन्छ, जस्तैः आपत्-विपत्, परीक्षा, जाँच, संकष्ट, समस्या, कठिनाइ आदि। बाइबलीय दृष्टिकोणले विचार गर्दा तीन वटा अवस्थाहरूको कारण मानिसको जीवनमा दुःख-कष्ट आइपर्दछ।

१. पापको कारणले मानिसमा दुःख-कष्ट आइपर्दछ (गलाती ६:१)।
२. पाप नगरे तापनि मानिसमा दुःख-कष्ट आइपर्न सक्दछ (मत्ती ४:१; १६:१; १९:३; २२:१८, ३५; यूहन्ना ८:६; प्रेरित ५:४; हिब्रू २:८; ३:४)।
३. कुनै विशेष रहस्य प्रकट गर्नको लागि परमेश्वरले मानिसमा दुःख-कष्ट आउन दिनुहुन्छ (यूहन्ना ६:६; २ कोरिन्थी १३:५; हिब्रू ११:१७)

याकूबले आफ्नो पत्रमा दुइ प्रकारका दुःख-कष्टहरूका बारेमा चर्चा गरेका छन्। दुइमध्ये एउटालाई 'जाँच' र अर्कोलाई 'परीक्षा' भनिन्छ। यी दुबै शब्दहरूको शाब्दिक अर्थ समान देखिए तापनि बाइबलीय दृष्टिकोणमा यिनीहरूको अर्थ बेग्ला-बेग्लै प्रकारले लाग्दछ। फरक प्रकारको अवस्थाहरूमा यी दुइ शब्दहरूलाई प्रयोग गरिने गरिन्छ।

यरूशलेम मण्डलीबाट छरपस्ट भएर विभिन्न ठाउँहरूमा पुगेर प्रभु येशूको सेवा र आराधना गरिरहेका यहूदीहरूले दुवै प्रकारका दुःख-कष्टहरू सामना गरिरहेका थिए। बाइबल पढ्दैगर्दा कहिलेकाहीँ यी दुइ प्रकारका दुःख-कष्टहरूमध्ये कुनचाहिँको बारेमा चर्चा गरिएको हो भनेर छुट्ट्याउन हामीलाई गाह्रो पर्दछ। तर हामीले यसलाई बुझ्नु र अवस्था अनि सन्दर्भअनुसार अर्थ लगाउन सक्नुपर्दछ। सामान्य रूपमा भन्ने हो भने याकूब १:२ मा उल्लेख भएको 'आपत्-विपत्' भन्ने शब्द 'जाँच' हो र याकूब १:१३-१४ मा चाहिँ 'परीक्षा'-को बारेमा चर्चा गरिएको हो। यी दुइ खण्डहरूको अर्थको भिन्नता र गहनतालाई विचार गर्ने हो भने जाँच र परीक्षाको फरक अर्थलाई छुट्ट्याउन अनि बुझ्न सकिन्छ। याकूबको पत्रमा भएका मुख्य दुइ प्रकारका दुःख-कष्टहरू यी हुन्।

१. फेइरास्मोस (Pheirasmos)
२. फेइराजो (Pheirazo)

अङ्ग्रेजी भाषामा जाँचलाई ट्राएल (Trial) र परीक्षालाई टेम्प्टेसन (Temptation) भनिन्छ तर ग्रीक भाषाको बाइबल पाण्डुलिपिलाई अध्ययन गर्ने हो भने जाँचको लागि फेइरास्मोस (Pheirasmos) र परीक्षाको लागि फेइराजो (Pheirazo) शब्द प्रयोग गरिएको पाइन्छ। यी दुइ शब्दहरूलाई हामी यस पुस्तकमा विस्तृत रूपमा चर्चा गर्नेछौँ। पहिला हामी फेइरास्मोस दुःख-कष्टहरूको बारेमा चर्चा गर्नेछौँ।

परमेश्वरका चुनिएका व्यक्तिहरूका जीवनमा विशेष उद्देश्य पूरा गर्नको लागि फेइरास्मोस दुःख-कष्टहरू आउँदछन्। परमेश्वरका प्यारा छोराछोरीहरूलाई अनुशासित बनाएर सही बटोमा हिँडाउनको निम्ति र आशिष्को भागिदार बनाउने अभिप्रायको निम्ति उहाँले यस प्रकारको दुःख-कष्टको प्रयोग गर्नुहुन्छ। प्रभु येशूले पनि यसको विषयमा चर्चा गर्नुभयो।

*धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो। धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, अत्यन्त खुसी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए* (मत्ती ५:१०-१२)।

फेइरास्मोस दुःख-कष्टले हामीलाई आशिष् र इनामतिर डोऱ्याउँदछ साथै आत्मिकी वृद्धि गराएर परिपक्वता र पूर्णता (सिद्धता) -तिर लैजान्छ। यस महत्वपूर्ण कुरालाई बुझेका हुनाले याकूबले पत्रमार्फत आफ्ना दाजुभाइहरूलाई यसरी लेखेका छन्।

*मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ* (याकूब १:२-४)।

यहाँ याकूबले 'आपत्-विपत्' भन्ने शब्द प्रयोग गरेका छन्, जसको अर्थ मानिसको जीवनमा आउने जाँच अथवा फेइरास्मोस दुःख-कष्ट हो भनेर बुझ्नुपर्दछ। हामीलाई सुरुमा यस्तो परिस्थिति सामना गर्न निकै गाह्रो हुन्छ तर अन्ततोगत्वा, त्यसले हामीलाई ईश्वरीय आशिष् र इनामतिर डोऱ्याउँदछ। हामीले यस रहस्यलाई बुझेर दुःख-कष्टमा आनन्दित हुन सक्नुपर्दछ। पुरानो करारको अगमवक्ताहरूले यसप्रकारको दुःख-कष्टहरूको सामना गर्नुपरेको थियो भनी मत्ती ५:१२ मा स्वयम् प्रभु येशूले गवाही दिनुभयो। त्यसैले हामीले आफ्नो मनोवृत्ति र सोच-विचार परिवर्तन गरी त्यस प्रकारको फेइरास्मोस आपत्-विपत्लाई आशिष्को श्रोत अनि माध्यमको रूपमा स्वीकार गर्नुपर्दछ किनभने यस्तो दुःख-कष्ट परमेश्वरतर्फको हो।

नयाँ करारमा हेर्ने हो भने र प्रेरितहरू र अरू चेलाहरूले यस प्रकारको दुःख-कष्ट र जाँचको सामना गर्नुपऱ्यो। त्यसपछि तिनीहरू नम्र भएर परमेश्वरमा मात्र भरपर्ने व्यक्तिहरू भए। फेइरास्मोस दुःख-कष्टबाट मानिसले आफ्नो जीवनमा भएका घमण्ड, लोभ, धन-सम्पत्ति र स्वार्थजस्ता मूर्तिहरूलाई हटाउन सक्दछ। त्यसकारण विभिन्न दृश्य तथा अदृश्य मूर्तिहरूतिर आसक्त इसाईहरूलाई त्यसबाट छुटकारा दिलाउन परमेश्वरले आगोको भट्टीजस्तो फेइरास्मोस दुःख-कष्ट आउन दिनुहुन्छ। सन्त पावलले पनि विभिन्न प्रकारका फेइरास्मोस दुःख-कष्ट भोगेका थिए। आउनुहोस्, हामी उनको बारेमा केही चर्चा गरौँ।

पावलले आफ्नो जीवनमा प्रशस्त मात्रामा दुःख-कष्टको अनुभव गरे। तिनले जीवनमा धेरै प्रकारको अप्ठ्यारो अनि कठिन परिस्थितिहरू भोग्नुपऱ्यो। त्यति मात्र होइन तिनले आफ्नो जीवनमा विभिन्न प्रकारका खतरा र जोखिमहरूको पनि सामना गर्नुपऱ्यो। इसाई हुनुभन्दा अघि तिनले त्यस प्रकारका दुःख-कष्टहरू भोग्नुपरेको थिएन। पावल यहूदी समुदायका शिक्षित अनि प्रतिष्ठित धनी परिवारका मानिस थिए। उनलाई यहूदी समुदायको मानिसहरूले आदर र

सम्मानको दृष्टिले हेर्ने गर्दथे। उनी यहूदी संसद- सानहेड्रिन (Sanhedrin)को सदस्य थिए, जसमा ७० जना आधिकारिक व्यक्तिहरू हुने गर्दथ्यो। त्यस संस्थामा पूजाहारी, धर्म-गुरु, वकिल र अन्य उच्च स्तरका अधिकारीरू हुन्थे। त्यो समूहले ठूला अनि कठोर निर्णयहरू गर्न सक्दथ्यो।

येशूसँग भेट हुनअघि पावलको जीवन सहज र सुविधाजनक थियो। जब तिनले येशू ख्रीष्टमाथि विश्वास गरी उहाँलाई पछ्याउन थाले, तब तिनको जीवनमा नाटकीय ढङ्गले परिवर्तनहरू आउन थाले। त्यसपछि तिनले विभिन्न प्रकारका दुःख-कष्टहरू भोग्नुपर्‍यो र सोच्दै नसोचेको आपत्-वितप्हरू आइलागे। वास्तवमा भन्ने हो भने परमेश्वरले नै विशेष उद्देश्य राखी तिनको जीवनद्वारा उहाँको इच्छा अनि अभिप्राय पूरा गर्नको लागि पावलको जीवनमा फेइरास्मोस दुःख-कष्टहरू आउन दिनुभएको थियो।

इ.सं. ३५ मा पावलको जीवन परिवर्तन भयो अनि इ.सं. ४५ मा तिनीले एन्टियोक मण्डलीमा सेवकाइ सुरू गरे। ती दुइ महत्वपूर्ण घटनाहरूको बीचको १० वर्ष अवधिमा पावलले एक्लो भई निराशाको जीवन जिउनुपर्‍यो। त्यसको साथै तिनले खेदो र सतावट पनि भोग्नुपर्‍यो। त्यसबेला तिनले दुइ ढुङ्गाको चेपमा परेको तरुलजस्तो भएर जिउनुपरेको थियो। तिनको एकातर्फ यहूदी मानिसहरू थिए, जो पहिला तिनको मित्रहरू थिए तर त्यसबेला तिनीहरू पावललाई मार्न खोजिरहेका थिए, किनभने तिनको करण उनीहरूलाई ठूलो धोका भएको थियो। अर्कोतर्फ उनी इसाई बनेको १० वर्ष बिते तापनि तिनले इसाई समुदायबाट कुनै विशेष स्वागत, सहयोग र सहानुभूति पाउन सकेको थिएन। त्यसकारण इसाई भएपछि १० वर्षसम्म तिनले विभिन्न प्रकारका दुःख-कष्ट पाई जोखिमपूर्ण जीवन बिताउनुपर्‍यो। येशूका सुरूका चेलाहरूः पत्रुस, यूहन्ना, याकूब र अन्य प्रेरितहरूले पावललाई स्वागत गरी सेवकाइ गर्ने वातावरण बनाएनन् बरु तिनीप्रति तिनीहरूको घृणाको भावना थियो र तिनीहरू खुसी थिएनन् किनकि सुरूमा पावल विश्वासीहरूलाई सताउने अनि मार्ने काममा सहभागी थिए। त्यसैकारण, पावलले तत्कालीन इसाई समुदायबाट कुनै प्रकारको स्वागत, सहानुभूति र सहयोग पाउन सकेनन्। त्यतिबेला तिनी अति नै दुःखित, चिन्तित र निराश अवस्थामा थिए। शायद कुनै क्षण आफू यहूदी समुदायबाट अलग्गिएर इसाई भएकोमा तिनले पछुतो पनि माने होलान्। लामो समयसम्म इसाई समुदाय र यहूदी समुदायबाट अलग्गिएर त्रसित जीवन जिउनु तिनलाई धेरै गाह्रो भएको थियो। त्यतिबेलाको अवस्था हामीले महसुस गर्न नसके तापनि त्यसको विषयमा परिकल्पनाचाहिँ गर्न सक्दछौँ। कतिपय इसाईहरूले अहिले पनि विभिन्न प्रकारको सतावटक, खेदो, निन्दा र खतराहरू सामना गरिरहनुपरेको छ। मुख्य कुरा के हो भने पावललाई त्यस्तो अवस्थामा राख्नु परमेश्वरको विशेष योजना थियो।

[चित्र नं.- ३ : पावलको जीवन चक्र + मिशन यात्राको तालिका]

पावलले आफ्नो जीवनमा जेजस्तो दुःख-कष्ट भोग्नु परे तापनि परमेश्वरले तिनलाई प्रेम गर्नुहुन्थ्यो। त्यसकारण उहाँको योजना र अनुग्रहद्वारा पावलले परमेश्वरको सुसमाचारलाई संसारैभरि फैलाउने सेवकाइ गर्ने ठूलो मौका पाए। तिनले सुसमाचार प्रचार यात्राहरू (Mission Journeys) गर्दै जाँदा संसारको विभिन्न ठाउँहरूमा पुगे। ती ठाउँहरूमा प्रायः यहूदी जातिका मानिसहरूसँग तिनको भेट हुने गर्दथ्यो। विभिन्न ठाउँहरूमा बसोवास गरिरहेका यहूदीहरूसँग पावलको कुराकानी भएपछि तिनीहरूले उनलाई स्वागत र सहयोग गरेनन्। जब तिनले ती यहूदीहरूलाई येशू ख्रीष्टको सुसमाचार प्रचार गरे, तब तिनीहरूले त्यसलाई इन्कार गरे। त्यति मात्र होइन पावललाई षड्यन्त्र गरी

तिनीहरूले विभिन्न दुःख-कष्ट र सतावत पनि दिए। यससम्बन्धी केही बाइबल खण्डहरू यस प्रकारका छन्।

*अब आइकोनियनमा तिनीहरू एकसाथ यहदीहरूको सभाघरमा पसेर यस्तो किसिमले बोले, कि यहूदीहरू र ग्रीकहरूको ठूलो दलले विश्वास गऱ्यो। तर विश्वास नगर्ने यहूदीहरूले चाहिँ अन्यजातिहरूलाई भड्काएर भाइहरूका विरुद्ध उनीहरूको मन तीतो पारिदिए। प्रभुको भरोसामा साहससँग बोल्दै धेरै समयसम्म पावल र बारनाबास त्यहाँ रहे। प्रभुले तिनीहरूका हातबाट चिन्हहरू र अचम्मका कामहरू गराईकन आफ्नो अनुग्रहका वचनको गवाही दिनुभयो। तर शहरका मानिसहरूमा फाटो हुन गयो, र कोही यहूदीहरूतर्फ र कोही प्रेरितहरूतर्फ लागे। अन्यजाति र यहूदीहरू दुवैले उनीहरूका शासकहरूसँग मिलेर तिनीहरूलाई सताउने र ढुङ्गा हान्ने प्रयत्न गरे। तिनीहरूले यो कुरा चाल पाए, र लुकोनियाका शहरहरू लुस्त्रा, डर्बी र छेउछाउका जिल्ला हुँदो भागेर गए, र त्यहाँ तिनीहरूले सुसमाचार प्रचार गरिनैरहे* (प्रेरित १४ः१-७)।

*तर डाहले भरिएर यहूदीहरूले बजारका बदमाशहरूलाई जम्मा गरी हूल उठाएर शहरमा खेलाबैला मच्चाउन लाए, अनि यासोनको घरमा हमला गरेर पावल र सिलासलाई जनताको सामुन्ने ल्याउन खोजे। तिनीहरूलाई फेला पार्न नसक्दा, उनीहरूले यासोन र कुनै-कुनै भाइहरूलाई शहरका शासकहरूकहाँ यसो भनेर कराउँदै घिस्स्याएर ल्याए, "संसारलाई उलटपुलट पार्ने यी मानिसहरू यहाँ पनि आइपुगेका छन्। तिनीहरू यासोनका पाहुना भएका छन्, र तिनीहरू सबैले येशू भन्ने एक जना अर्कै राजा छन् भनेर कैसरका हुकुमको विरुद्ध काम गर्दछन्।" यो कुरा सुनेर मानिसहरू र शहरका शासकहरू आत्तिए। उनीहरूले यासोन र तिनका साथमा भएका बाँकी मानिसहरूसँग घरौटी लिएर तिनीहरूलाई छोडिदिए* (प्रेरित १७ः ५-९)।

*जब सिलास र तिमोथी माकेडोनियाबाट आइपुगे, पावल वचन प्रचारमा व्यस्त थिए, र यहूदीहरूलाई येशू नै ख्रीष्ट हुनुहुन्छ भनी तिनले शिक्षा दिँदैथिए। तर जब उनीहरूले विरोध गरेर तिनको निन्दा गर्न लागे, तब तिनले आफ्नो लुगा टकटक्याएर उनीहरूलाई भने, "तिमीहरूको रगत तिमीहरूकै थाप्लोमा परोस्, म निर्दोष छु। अब उप्रान्त म अन्यजातिहरूकहाँ जानेछु"* (प्ररित १८ः५-६)।

*पावल सभाघरमा पसीकन तीन महीनासम्म परमेश्वरका राज्यको विषयमा तिनीहरूसँग साहसपूर्वक बहस गरे र मानिसहरूलाई बुझाइरहे। तर जब कुनै-कुनैले हठी भएर विश्वास गरेनन्, र यस समुदायको विरुद्धमा झुण्डको सामुन्ने बोल्न लागे, तब पावल तिनीहरूबाट अलग्ग भए, र चेलाहरूलाई साथमा लगी टुरान्नसको विद्यालयमा बहस गर्न लागे* (प्रेरित १९ः८-९)।

*...तिनी सिरियातर्फ जहाजद्वार यात्रा गर्न लाग्दा यहूदीहरूले तिनको विरुद्धमा षड्यन्त्र गरेका हुनाले पावलले माकेडोनिया भएरै फर्कने निश्चय गरे* (प्रेरित २०ः३)।

*जब सातौँ दिन पूरा हुन लागेको थियो, तब एशियाका यहूदीहरूले पावललाई मन्दिरमा देखेर सारा भीडलाई उत्तेजित पारे, र तिनलाई पक्रे। उनीहरू यसो भन्दै कराउन लागे "इस्राएलका मानिस हो, सहायता गर्नुहोस्! मानिसहरूलाई जताततै हाम्रो जाति, हाम्रो व्यवस्था र यस ठाउँको विरुद्धमा शिक्षा दिई हिँड्ने मान्छे यही हो। यति मात्र होइन, यसले ग्रीकहरूलाई पनि मन्दिरभित्र ल्याएर यस पवित्र ठाउँलाई अशुद्ध पारिदिएको छ।" किनभने यसको अघाडि उनीहरूले एफिससको त्रोफिमस भन्ने एक जनालाई तिनीसँग शहरमा देखेका हुनाले त्यसैलाई पावलले मन्दिरभित्र ल्याएका हुन् भनी उनीहरूले ठाने। तब जम्मै शहरमा हलचल भयो, र मानिसहरू एकसाथ दौड्दैआए। उनीहरूले पावललाई*

*पक्रेर मन्दिरबाट बाहिर घिस्स्याउँदै ल्याए, र तुरुन्तै ढोकाहरू बन्द गरिए। जब उनीहरूले तिनलाई मार्ने चेष्टा गरिरहेका थिए, तब सारा यरूशलेम खलबलिएको छ भन्ने कुराको खबर पल्टनका सेनापतिकहाँ आइपुग्यो। उनी तुरुन्तै सिपाही र कप्तानहरू साथमा लिएर उनीहरूकहाँ दौड्दैआए। उनीहरूले सेनापति र सिपाहीहरूलाई देखे, र पावललाई कुट्न छोडे* (प्रेरित २१ः२७-३३)।

यी खण्डहरू अध्ययन गर्दा पावलले भोग्नुपरेको कठिनाइ, सतावट, बदनामी, विरोध र तिनको कमजोरी अनि दुर्वलताको बारेमा हामी स्पष्टसँग थाहा पउनसक्छौँ।

प्रायः पावल यसरी प्रचार गर्ने गर्दथेः "येशू प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँ मुक्तिदाता हुनुहुन्छ। येशू नै पुरानो करारको यहोवा परमेश्वर हुनुहुन्छ, जो मानिसको रूपमा पृथ्वीमा आउनुभयो। उहाँ ख्रीष्ट हुनुहुन्छ।" धेरै यहूदीहरूले यस प्रचारलाई इन्कार गरेर यसो भने, "पावल, तिमी किन यस्ता कुराहरू गर्दछौ। यो ईश्वरनिन्दा हो। यदि तिमीले यस्ता कुराहरू प्रचार गर्दछौ भने हामी तिमीलाई मार्न चाहन्छौँ" (प्रेरित ९ः२३)।

पावलले 'येशू नै राजाहरूका राजा हुनुहुन्छ' भनेर प्रचार गरेको कुरा यहूदीहरूलाई मात्र होइन रोमीहरूलाई पनि पटक्कै मन परेन किनभने तिनीहरूका विचारअनुसार रोमी सम्राट कैसर नै राजाहरूका राजा थिए। तिनको अधिनमा अरू धेरै राजाहरूले संसारको विभिन्न भागहरूमा राज्य गर्दथे। त्यतिबेला यहूदिया प्रान्तमा चाहिँ राजा हेरोदले शासन गर्ने गर्दथे।

पावलले येशूको विषयमा साँचो गवाही दिएर प्रचार गर्दा त्यतिबेलाको यहूदी र रोमी समुदायहरूबाट डर-धम्की र कुटाइ-पिटाइ पाए। वास्तवमा त्यतिबेला पावलले सर्वशक्तिमान् परमेश्वरको राज्यको काम गरिरहेका भए तापनि मानिसहरूबाट तिनले धेरै प्रकारका फेइरास्मोस दुःख-कष्टहरू पाए। त्यो सबै परमेश्वरको योजना थियो। पावलजस्तै सही उद्देश्य र सही मनोवृत्ति लिएर सेवकाइ गर्ने अहिलेका पास्टर अनि अगुवाहरूलाई पनि अवश्य सजिलो अवस्था छैन। हिन्दू, बुद्धिस्ट, इस्लामलगायत अरू धर्मका मानिसहरूबाट मात्र होइन इसाई समुदायबाट पनि कतिपय पास्टर, अगुवा अनि प्रचारकहरूले डर-धम्की, आलोचना, खण्डन, विरोधजस्ता कुराहरूको सामना गर्नुपरेको कुरा हामीलाई थाहा छ। सुसमाचारको सत्यतालाई घोषणा गर्ने व्यक्तिहरूले त्यस प्रकारको फेइरास्मोस दुःख-कष्टहरूलाई सहर्ष स्वीकार गर्नुपर्दछ किनभने यसले हामीलाई बलियो अनि परिपक्व बनाउँदै आशिष्तिर डोऱ्याउँदै लैजान्छ।

इ.सं. ५५ मा पावलले एफिससबाट कोरन्थीका विश्वासीहरूलाई दोस्रो पत्र लेखे। त्यतिबेला तिनले येशूलाई विश्वास गरेको २० वर्ष भइसकेको थियो। तैपनि तिनले आफ्नो जीवनमा विभिन्न प्रकारका फेइरास्मोस दुःख-कष्टहरू भोग्नुपरेको कुराको बारेमा आफ्नो पत्रमा यसरी चर्चा गरेका छन्।

*के तिनीहरू ख्रीष्टका सेवक हुन्? म अझ असल सेवक हुँ- पागलझैँ म बोलिरहेछु। मैले ज्यादै परिश्रम गरेँ। कैदमा अझ धेरै पल्ट परेँ। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परेँ। पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। तीन पल्ट मलाई लौराले पिटे। एक पल्ट ढुङ्गाले हाने । तीन पल्ट म चढेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। मेरो बारम्बारको यात्रामा म नदीहरूका जोखिममा परेँ, डाँकूहरूका जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, शहरको जोखिममा, उजाड-स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा,*

*परिश्रममा, कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठन्डी र नग्नतामा परेँ* (२ कोरिन्थी ११:२३-२७)।

धेरै व्यक्तिहरूले यसरी प्रश्न गर्दछन्: "पावल परमेश्वरको काम गर्ने व्यक्ति हुँदाहुँदै पनि किन त्यस्ता दुःख-कष्टहरू भोग्नुपऱ्यो?"

पावलको जीवनमा आइपरेका दुःख-कष्टहरूबाट हामीले बुझ्नुपर्ने मुख्य कुरा के हो भने विभिन्न प्रकारका फेइरास्मोस दुःख-कष्टहरूद्वारा परमेश्वरले तिनलाई नम्र अनि भित्रैदेखि निडर र परिपक्व व्यक्ति बनाउँदै हुनुहुन्थ्यो। तिनको जीवनलाई हेर्ने हो भने हामी के पाउँदछौँ भने विश्वासीहरूलाई सताउन र पक्रनको लागि दमस्कसतिर जाँदैगर्दा तिनी अत्यन्तै कठोर अनि घमण्डी व्यक्ति थिए तर बाटोमा येशूसँग भेट भएपछि तिनमा ठूलो परिवर्तन भयो। त्यहाँबाट फर्कदाखेरि डालोमा लुकेर जाने एक नम्र व्यक्ति भइसकेका थिए तर त्यतिले मात्र नपुगेर परमेश्वरले तिनको जीवनमा अरू धेरै प्रकारको आन्तरिक अनि वाह्य फेइरास्मोस दुःख-कष्टहरू आउन दिनुभयो।

नम्र हुँदै जाँदा परमेश्वरले पावललाई नयाँ-नयाँ दर्शन र प्रकाशहरू दिनुभयो। त्यस विषयमा २ कोरिन्थी १२ अध्यायमा स्पष्ट गरी देख्नसकिन्छ। परमेश्वरले तिनलाई तेस्रो स्वर्गको दर्शन देख्ने अवसर दिनुभयो।

*ख्रीष्टमा म एक जना मानिसलाई चिन्दछु, जो चौध वर्षअघि तेस्रो स्वर्गसम्म उचालिलगियो* (२ कोरिन्थी १२:२)।

नम्र हुँदै जाँदा तिनको हृदय शुद्ध भएको कारणले गर्दा त्यो अवस्थासम्म पुग्न सकेका हुन्। वास्तवमा शुद्ध हृदय भएका व्यक्तिहरूले अचम्म प्रकारका दर्शनहरू देख्न सक्दछन्। यस विषयमा प्रभु येशूले यसो भन्नुभयो।

*धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्* (मत्ती ५:८)।

पावलले आफ्नो जीवनमा आइपरेका आन्तरिक अनि वाह्य फेइरास्मोस दुःख-कष्टहरूका अर्थ राम्रोसँग बुझेका थिए, त्यसैले त उनी यसो भन्दछन् : *"तर प्रशस्त प्रकाशहरूको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई शैतानको दूत, अर्थात् एउटा काँढो मेरो शरीरमा दिइयो। यो मबाट हटोस् भनेर मेले तीन पल्ट प्रभुसित बिन्ती गरेँ। तर मलाई उहाँले भन्नुभयो, 'मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ।' यसकारण ख्रीष्टको शक्ति मामाथि वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढी खुसीसाथ गर्व गर्नेछु। यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपद्हरूमा म सन्तुष्ट रहन्छु, किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु"* (२ कोरिन्थी १२:७-१०)।

यस खण्डबारे बाइबल विद्वान्हरूका विचारअनुसार पावलको शरीरमा अवश्य कुनै रोग अथवा कमजोरी भएको हुनुपर्दछ। शायद तिनमा औलो रोग अथवा छारे रोग अथवा पेटको रोग अथवा आँखाको समस्या भएको हुनुपर्दछ। कसैकसैले चाहिँ पावलको ढाँडमा समस्या थियो भनी भन्दछन्। तिनले आफूमा भएको समस्या हटाउनको लागि परमेश्वरसँग धेरै प्रार्थना गरे तर उहाँले यसरी जवाफ दिनुभयो: "मेरो अनुग्रह तेरो लागि पर्याप्त छ।" त्यसपछि तिनले यो कुरा स्पष्टसँग बुझे कि जीवनमा जेजस्तो समस्या, रोग र कमजोरीहरू भए तापनि फेइरास्मोस दुःख-कष्ट अथवा जाँचले मानिसलाई बलियो बनाउँदै आशिष्तिर डोऱ्याउँदछ।

हामीले विचार गर्नुपर्ने र बुझ्नुपर्ने अर्को महत्वपूर्ण कुरा के हो भने पावलले आफ्नो सेवकाइद्वारा सांसारिक मान-सम्मान, धन-सम्पत्ति, पद-प्रतिष्ठा पाएका थिएनन्। तिनको जीवनलाई अध्ययन गर्दा त्यतिबेलाको समयमा तिनी सफल र प्रख्यात अगुवा भएको पनि देखिँदैन। तिनी परमेश्वरको सेवकाइ गरेर ठूलो अनि धनी व्यक्ति पनि हुन सकेनन् बरु त्यसको सट्टामा तिनी घरी-घरी कुटाइ-पिटाइ खाएर झ्यालखानमा जानुपर्दथ्यो। तिनले विभिन्न किसिमको बदनामी र खेदोहरू सामना गर्नुपऱ्यो, जसको कारणले गर्दा तिनका चेलाहरूमध्ये केहीले तिनलाई त्यागेर गए। गुरुको कारण आफूहरू सङ्कष्ट र शर्ममा पर्नु परेको कुरा तिनीहरूले विचार गर्दथे। तर पावलसँग केही यस्ता विश्वासयोग्य चेला र सहयोगीहरू पनि थिए, जसले तिनलाई जस्तोसुकै परिस्थितिमा पनि जीवनभरि साथ दिइरहे। तिनीहरूका नामहरू रोमी १६ अध्यायमा पाउनसक्दछौँ। तिनीहरूमध्ये लूका, तिमोथी, मर्कूस, तुर्किकस, अकिलास, प्रिस्किला, फिबी मुख्य व्यक्तिहरू हुन्।

यदि हामी पावलको जीवन र तिनले गरेका कामलाई अनुसरण गर्दछौँ भने त्यस्तै प्रकारको फेइरास्मोस दुःख-कष्टको लागि आफूलाई तयार पार्नुपर्दछ। प्रख्यात हुने, धनी हुने, शक्तिशाली हुने र अरूबाट आदर-सम्मान पाउने विचारधारालाई त्यागी जस्तोसुकै प्रकारको फेइरास्मोस दुःख-कष्ट आइपरे तापनि त्यसलाई स्वागत र स्वीकार गर्न सक्नुपर्दछ। तर यदि हामीमा यस प्रकारको नम्र मनोवृत्ति विकास भएन भने हामी घमण्डी, स्वाथी, महत्वाकांक्षी, प्रतिस्पर्द्धा गर्ने, लोभ, डाह र झगडा गर्ने अनि येशूमा भर नपरी आफूमा मात्र भर पर्ने व्यक्तिहरू बन्न पुग्दछौँ। आजभोलिका धेरै मण्डलीका पास्टर अनि अगुवाहरू येशूमा भन्दा आफ्नो शैक्षिक योग्यता, धन-सम्पत्ति, बल र सम्बन्धहरूमा भरपर्ने खालका छन् र तिनीहरू त्यस कुराहरूको भौतिक शक्तिले सेवकाइ गरिरहेका देखिन्छन्। यस प्रकारको मानवीय स्वभाव र शक्तिले स्वर्गीय सेवकाइलाई सही ढङ्गले सही दिशामा लान सक्दैन। शुद्ध हृदय भएका अगुवाहरूले त्यस्ता कुराहरूलाई कहिल्यै प्राथमिकता दिँदैनन्।

पावलले आफ्नो जीवनमा अनुभव गरेका फेइरास्मोस दुःख-कष्टहरूझैँ याकूबले पनि केही मात्रामा त्यस्तै कुराहरूका अनुभव गरेका थिए। त्यसैले विभिन्न ठाउँहरूमा विभिन्न प्रकारका फेइरास्मोस दुःख-कष्ट भोगिरहेका व्यक्तिहरूलाई उनी यसो भन्दछन्ः "आपत्-विपत्लाई आनन्दको कुरा सम्झ" (याकूब १ः२)। फेइरास्मोस दुःख-कष्ट भोगिसकेपछि आशिष् आउनेछ भन्ने कुरा याकूबलाई राम्रोसँग थाहा थियो।

यस विषयमा हामीले बुझ्नुपर्ने अर्को पक्षचाहिँ के हो भने याकूबको समयको धेरै व्यक्तिहरूले आफ्नो जीवनमा आइपरेका सबै दुःख-कष्ट र समस्याहरू परेमश्वरबाट आएको जाँज अथवा फेइरास्मोस दुःख-कष्टहरू हुन् भनी ठानेका थिए तर सबै दुःख-कष्ट जाँच होइनन् बरु शैतानबाट आएको परीक्षा अथवा फेइराजो दुःख-कष्ट पनि हुनसक्छन् भनेर याकूब तिनीहरूलाई यसरी बताउँदछन्।

*परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।" किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ* (याकूब १ः१३-१५)।

अब हामी दोस्रो प्रकारको दुःख-कष्टको बारेमा चर्चा गर्नेछौँ जसलाई फेइराजो दुःख-कष्ट अथवा साधारण भाषामा परीक्षा (Temptation) भनेर बुझिन्छ।

बाइबलीय दृष्टिकोणअनुसार फेइराजो दुःख-कष्टलाई तीन भागमा वर्गिकरण गर्न सकिन्छ।

**पहिलोः**- आफ्नै भूलगल्ती अथवा पापको कारणले गर्दा मानिस फेइराजो दुःख-कष्टमा पर्न सक्दछ। जब हामी पापमा फस्दछौँ, तब शैतानले हामीलाई पतन गराउन र नास पार्न अघि सर्दछ। कहिले मौका पाऊँ परीक्षामा पारूँ भनी त्यो बसिरहेको हुन्छ। यस विषयमा पत्रुसले स्पष्ट रूपमा बताएका छन्।

*सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैँ खोजिहिँड्छ। विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाज्यू-भाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ* (१ पत्रुस ५ः८-९)। यस प्रकारको फेइराजो दुःख-कष्टहरूसँग सम्बन्धित केही बाइबल खण्डहरू यहाँ उल्लेख गरिएका छन्।

*भाइ हो, यदि कुनै मानिस अपराधमा पक्राउ पऱ्यो भने तिमीहरू जो आत्मिक छौ, तिमीहरूले नै नम्रतापूर्वक तिनको सुधार गर। आफ्नै पनि विचार राख, नत्रता तिमीहरू पनि **परीक्षामा** पर्नेछौ* (गलाती ६ः१)।

*यसकारण मैले अझै सहन नसक्दा **परीक्षा** गर्नेले कुनै किसिमले तिमीहरूलाई परीक्षामा पाऱ्यो कि भनी र हाम्रो परिश्रम व्यर्थै जाला कि भन्ने डरले तिमीहरूको विश्वास थाहा पाउनलाई मैले तिनलाई पठाएँ* (१ थेसलोनिकी ३ः५)।

*किनकि कुनै खराब कुराबाट परमेश्वरको **परीक्षा** हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको **परीक्षा** गर्नुहुन्न। तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर **परीक्षामा** पर्दछ* (याकूब १ः१३-१४)।

*तिम्रा कामहरू, तिम्रो परिश्रम र सहनशीलता मलाई थाहा छ, र तिमीले खराब मानिसहरूलाई सहन सक्दैनौ तर तिनीहरू जसले प्रेरित हुँ त भन्दछन्, तर वास्तवमा होइनन्, त्यस्तालाई **जाँचेर झूटा** भेटाएका छौ भनी म जान्दछु* (प्रकाश २ः२)।

**दोस्रोः**- पापै नगरे तापनि अथवा कुनै प्रकारको भूल गल्ती नगरे तापनि शैतानले आफ्नो अभिप्राय पूरा गर्नको लागि कहिलेकाहीँ मानिसको जीवनमा अनावश्यक फेइराजो दुःख-कष्ट ल्याएर परीक्षामा पार्ने कोसिस गर्दछ। यस कुरालाई बुझ्नको निम्ति तल दिइएका बाइबल खण्डहरूलाई गम्भीरतापूर्वक अध्ययन अनि मनन गर्नुपर्दछ।

*तब दियाबलसद्वारा **परीक्षा** गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो* (मत्ती ४ः१)।

*फरिसीहरू र सदुकीहरू आए, र उहाँलाई **जाँच** गर्न स्वर्गबाट एउटा चिन्ह देखाइदिने उहाँसँग माग राखे* (मत्ती १६ः१)।

*फरिसीहरू उहाँकहाँ आएर उहाँलाई **जाँच** गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण स्वास्नीसँग विवाहविच्छेद गर्न उचित छ?"* (मत्ती १९ः३)।

*तर येशूले तिनीहरूको धूर्तता थाहा पाएर भन्नुभयो, "पाखण्डी हो तिमीहरू मलाई किन **जाँच्दछौ**?"* (मत्ती २२ः१८)।

*तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको **परीक्षा गर्ने** विचारले उहाँलाई सोधे, "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?"* (मत्ती २२ः३५-३६)।

*तर तिनीहरूले उहाँको **जाँच गर्नलाई,** र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए* (यूहन्ना ८:६)।

**तेस्रोः**- कुनै विशेष ईश्वरीय रहस्य प्रकट गर्नको लागि परमेश्वरले हाम्रो जीवनमा फेइराजो दुःख-कष्ट अथवा जाँच र परीक्षा आउन दिनुहुन्छ। यस विषयसँग सम्बन्धित तलका बाइबल खण्डहरू हेरौँ।

*उहाँले तिनको **जाँच गर्नलाई** यो भन्नुभएको थियो, किनभने उहाँले जे गर्न लाग्नुभएको थियो, सो उहाँलाई थाहा थियो* (यूहन्ना ६:६)।

*तिमीहरू विश्वासमा दह्रिला छौ कि छैनौ भनी आफैले आफैलाई **जाँचेर हेर। आफैलाई जाँच।** जाँचमा असफल भएनौ भने येशू ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भन्ने तिमीहरूलाई थाहा हुनुपर्ने हो! म आशा गर्दछु, कि हामी असफल भएका छैनौँ भन्ने तिमीहरूले थाहा पाउनेछौ* (२ कोरिन्थी १३:५-६)।

*विश्वासद्वारा आफ्नो **परीक्षा हुँदा** अब्राहामले इसहाकलाई बलि चढाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढाउन उनी तयार भए* (हिब्रू ११:१७)।

फेइराजो परीक्षाको विषयमा हामीले तीन वटा अवस्थाहरूका बारेमा जानकारी पायौँ। यस पुस्तकमा हामी पहिलो प्रकारको अथवा पापको कारणले आईपर्ने फेइराजो दुःख-कष्ट अथवा परीक्षाको बारेमा मात्र चर्चा गर्नेछौँ। याकूबले यस विषयमा विभिन्न ठाउँहरूमा छरपस्ट भएका यहूदी दाजुभाइहरूलाई पत्रद्वारा शिक्षा दिएका थिए। वास्तवमा आफ्नो पत्रद्वारा याकूबले इसाईहरूलाई फेइरास्मोस र फेइराजो दुःख-कष्टकष्टहरूको बारेमा स्पष्ट गरी बुझाउन चाहेका थिए, जुन कुरा आज हामीलाई नितान्त आवश्यक छ। प्रभु येशूले चेलाहरूलाई प्रार्थनाको विषयमा सिकाउनु हुँदा परीक्षाबारे यसो भन्नुभयोः *"... हामीलाई परीक्षामा पर्न नदिनुहोस् तर दुष्टबाट छुटाउनुहोस्"* (मत्ती ६:१३)।

यहाँ उल्लेख भएको प्रार्थनालाई हामीले यस्तो प्रार्थना हो भनेर बुझ्नुपर्दछः "हे हाम्रो स्वर्गीय पिता, कृपया हामीलाई फेइरास्मोस दुःख-कष्ट (परीक्षा) नदिनुहोस्। कृपा गरेर शैतान र त्यसको सेनाहरूबाट हामीलाई बचाउनुहोस्।" प्रभु येशूले किन यसरी प्रार्थना गर्न लगाउनुभयो त? किनभने असल अनि आज्ञाकारी नम्र इसाईहरूलाई फेइरस्मोस दुःख-कष्टको आवश्यक्ता पर्दैन। यदि छोराछोरीहरू असल र आज्ञाकारी भएमा आमा-बाबुले तिनीहरूलाई अनावश्यक रूपमा ताडना दिएर अनुशासनमा राख्नु आवश्यक पर्दैन। तर यस विषयमा धेरै जनाको मनमा यस्तो प्रश्न हुनसक्छः किन परमेश्वरले पावल, पत्रुसलगायत अरू चेलाहरूको जीवनमा फेइरास्मोस दुःख-कष्ट आउनुदिनुभयो त?

हामीले ती व्यक्तिहरूको जीवनलाई गहिरिएर अध्ययन गर्ने हो भने तिनीहरूलाई फेइरास्मोस दुःख-कष्टको आवश्यक्ता थियो भन्ने कुरा बुझ्न सक्छौँ। येशूलाई पछ्याए तापनि तिनीहरूका जीवनमा नराम्रा विचार अनि नराम्रा स्वभावहरू थिए, जस्तैः घमण्ड, अहम्पना, रीस, स्वार्थ, महत्वकांक्षा आदि। तिनीहरूमा भएका ती कमजोरी र खराब कुराहरूका बारेमा येशूलाई राम्रोसँग थाहा थियो। त्यसकारण सुनलाई शुद्ध पार्न आगोको भट्टीमा हालेझैँ परमेश्वरले तिनीहरूलाई नम्र, इमान्दार, आज्ञाकारी र परमेश्वरमा भरपर्ने व्यक्ति बनाउनको लागि विभिन्न प्रकारको फेइरास्मोस दुःख-कष्टहरूमा पार्नुभयो। असल हुने तालिम पाउनको लागि तिनीहरूले विभिन्न प्रकारका आपत्-विपत्हरूको सामना गर्नुपऱ्यो।

वास्तवमा प्रभु येशूलाई प्रेम गरी उहाँप्रति आज्ञाकारी भएर फेइरास्मोस दुःख-कष्टविना नै परमेश्वरको सेवा गर्ने व्यक्तिहरू धन्यका हुन्। आफ्ना छोराछोरीहरूलाई अनावश्यक रूपमा दुःख-कष्ट दिएर समस्यामा पार्न उहाँ चाहनुहुन्न। यस कुराप्रति हामी संवेदनशील हुनुपर्दछ। हामी यस्ता आशिषित इसाई अगुवाहरू पनि देख्दछौँ, जोहरू आर्थिक रूपमा सम्पन्न छन्, शैक्षिक योग्यतामा उच्च स्तरमा छन्, शारीरिक रूपमा पनि स्वस्थ अनि सुन्दर छन् र फेइरास्मोस दुःख-कष्टविना नै उहाँहरू नम्र अनि परमेश्वरप्रति आज्ञाकारी भएर परमेश्वरको सेवा गरिरहनुभएको छ। त्यस्ता असल अगुवाहरूलाई फेइरास्मोस दुःख-कष्ट र अनावश्यक प्रकारको जाँचको कुनै जरुरत पर्दैन।

बाइबलमा भएका पात्रहरूलाई हेर्ने हो भने राजा दाऊदलाई यस वर्गमा राख्न सकिन्छ। जीवनको मोडहरू पार गर्दै जाँदा कुनै ठाउँमा तिनी लडेर असफलजस्तो देखिए तापनि परमेश्वरको प्रेम, दया, सुरक्षा र अनुग्रहद्वारा उनी आर्थिक क्षेत्रमा, भौतिक क्षेत्रमा, आत्मिक क्षेत्रमा, शारीरिक क्षेत्रमा र नेतृत्वपनको क्षेत्रमा सफल अनि शक्तिशाली राजाको रूपमा चिनिन्छन्। उनी परमेश्वरलाई प्रेम गर्ने अनि उहाँसँग सधैँ नजिक रहिरहने व्यक्ति थिए। उनीद्वारा रचिएका भजनहरू हेर्दा हामी उनको हृदयका विचारहरूलाई बुझ्न सक्दछौँ। दाऊद शक्तिशाली व्यक्ति भए तापनि नम्र थिए। उनी सधैँ परमेश्वरलाई स्तुति-प्रशंसा अनि आदर गर्ने व्यक्ति थिए। त्यसकारणले गर्दा परमेश्वरले उनलाई आशिषित व्यक्ति तुल्याउनुभयो। उनको हृदयमा भएका कुराहरूलाई बाइबलले यसरी बताएको छ।

*हे धार्मिक परमेश्वर, मेरा रक्षक! मैले पुकार गर्दा मलाई जवाफ दिनुहोस्! सङ्कष्टमा पर्दा मलाई आश्रय दिनुहोस्। ममाथि अनुग्रह गर्नुहोस्, र मेरो प्रार्थना सुन्नुहोस्* (भ. सं. ४:१)।

*ममाथि दया गर्नुहोस्, हे परमप्रभु, किनभने म अति दुर्बल छु। हे परमप्रभु, मलाई निको पार्नुहोस्। किनकि मेरा हाडहरूमा पीडा छ। मेरो प्राण पनि साह्रै बेचैनीमा छ। कहिलेसम्म, हे परमप्रभु, कहिलेसम्म पर्खनु? मतिर फर्कनुहोस्, हे परमप्रभु, मेरो प्राणलाई छुटकारा दिनुहोस् तपाईंको अचूक कृपाको खातिर मेरो उद्धार गरिदिनुहोस्* (भ. सं. ६:२-४)।

*हे परमेश्वर, तपाईंको अचूक करूणाअनुसार मामाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस्। मेरो सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस् र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस् किनकि मेरा अपराधहरू म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ। तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु* (भ. सं. ५१: १-४)।

हामीले यस कुरालाई बुझेर मनन गर्दै र त्यसप्रति संवेदनशील हुँदै यसरी प्रार्थना गर्नुपर्दछः "प्रभु, मलाई नम्र, आज्ञाकारी र तपाईंमा मात्र भर पर्ने व्यक्ति बनाउनुहोस्। कृपा गरी मेरो जीवनमा फेइरास्मोस दुःख-कष्टहरू आउन नदिनुहोस्। प्रभु म तपाईंको सेवक / सेविका हुँ। यदि मैले गरेको काम कुरा र सेवकाइ तपाईंको नजरमा उचित छैन भने यसलाई रोक्नुहोस्। मेरो इच्छा र योजनाअनुसार होइन तर तपाईंको इच्छा र योजनाहरूलाई मद्वारा पूरा गर्नुहोस्। पवित्र आत्मा परमेश्वर, कृपा गरी मलाई सहायता गर्नुहोस्। मलाई सिकाउनुहोस्, मार्गनिर्देशन गर्नुहोस् र मेरो आत्मिक आँखा खोलिदिनुहोस् ताकि म तपाईंलाई देख्न सकूँ र तपाईंले देखाउनुभएको बाटोमा हिँड्न सकूँ। प्रभु म आफ्नो जीवन तपाईंको चरणमा राख्दछु, मैले गर्ने क्रियाकलापहरूद्वारा तपाईंको महिमा हुने प्रकारले गर्नको निम्ति मलाई ज्ञान-बुद्धि दिनुहोस्। मलाई दुष्टको पासोमा पर्नबाट जोगाउनुहोस्। मलाई फेइराजो परीक्षामा पार्नबाट

जोगाउनुहोस्। आमिन!" यस प्रकारको प्रार्थना नियमित गर्नाले हाम्रो जीवनमा आशिषहरू आउन थाल्नेछ।

यरूशलेम मण्डलीमा सतावट आएको र त्यहाँको प्रायः सबै सदस्यहरू विभिन्न स्थानहरूमा छरपस्ट भएको कुरा हामीले थाहा पाइसक्यौं। छरपस्ट भएका ती बाह्रै कुलका यहूदी इसाईहरूलाई याकूबले शिक्षा, सल्लाह र उत्साह दिनको निम्ति पत्र लेखे, जसमा तिनीहरूले भोगिरहेका विभिन्न प्रकारका जाँच, परीक्षा, र आपत्-विपत्हरूका बारेमा चर्चा गरिएको छ। यस कुराबाट हामी यो भन्न सक्दछौं कि त्यसबेलाका इसाईहरू जहाँ थिए, त्यहाँ तिनीहरूले फेइरास्मोस र फेइराजो दुवै प्रकारका दुःख-कष्टहरू भोगिरहेका थिए। यरूशलेमबाट निस्केका ती यहूदी इसाईहरू सामरिया, गालील, सिरिया, दमस्कस, एन्टियोकजस्ता क्षेत्रहरूमा गएर बसोवास गर्न थाले। केहीचाहिँ ती ठाउँहरूभन्दा पनि टाढा का क्षेत्र हरू जस्तैः गलातिया, पोन्टस, कापोडेकिया र बिथिनियासम्म र त्योभन्दा पनि टाढा पुगेका थिए।

(चित्र नं.- ४ः यी ठाउँहरू भएको चित्र राख्ने)

हामीले बुझ्नुपर्ने कुरा के छ भने ती यहूदी इसाईहरू जहाँ-जहाँ पुगे, त्यहाँ-त्यहाँ झुण्ड बनाएर सङ्गति अनि परमेश्वरको स्तुति-आराधना गर्न थाले। याकूबको पत्रको अध्ययनबाट हामीले थाहा पाउँदछौं कि तिनीहरूको जीवनशैली सहज, सुविधाजनक र आनन्दमय थिएन। तिनीहरूले सुख शान्तिसाथ आफ्नो परिवार चलाउन पाएनन्। तिनीहरूले विभिन्न प्रकारको आपत्-विपत्हरू सहनुपऱ्यो। तिनीहरूमध्ये कसैको जीवनमा फेइरास्मोस दुःख-कष्टहरू थिए भने कसैको जीवनमा फेइराजो दुःख-कष्टहरू थिए। ती व्यक्तिहरू फरक-फरक ठाउँहरूमा बसोवास गरिरहे तापनि समान खालका संकष्टहरू तिनीहरूले भोग्नुपरेको थियो। तिनीहरूले निम्न प्रकारका संकष्टहरू भोगिरहेका थिए।

(१) धार्मिक संकष्ट (Religious Trial)
(२) राजनैतिक संकष्ट (Political Trial)
(३) सामाजिक संकष्ट (Social Trial)
(४) आर्थिक संकष्ट (Economic Trial)
(५) पारिवारिक संकष्ट (Family Trial)

अब हामी यी पाँचै किसिमका संकष्टहरूलाई एक एक गरी चर्चा गर्नेछौं।

**(१) धार्मिक संकष्टः**- इसाई धर्मलाई अनुसरण गरेको कारणले गर्दा ती बाह्रै कुलका यहूदीहरूले विभिन्न प्रकारका दुःख-कष्टहरू भोग्नुपऱ्यो। येशू ख्रीष्टलाई विश्वास गरेको र उहाँको सुसमाचार घोषणा गरेको कारणले गर्दा ती यहूदीहरू विभिन्न प्रकारका समस्याहरूमा परे। विशेष गरी तीन समूहका मानिसहरूले तिनीहरूलाई धार्मिक संकष्टमा पारेका थिए।

१. बेबिलोनी समुदाय
२. यहूदी समुदाय
३. रोमी समुदाय

त्यतिबेला यस संसारमा अस्तित्वमा रहेका यी तीनै समुदायहरू शक्तिशाली थिए। तिनीहरूले इसाई यहूदीहरूलाई दिएको सतावट र संकष्टको बारेमा हामी छोटकारीमा चर्चा गर्नेछौं।

**बेबिलोनी समुदायः**- बेबिलोनी धर्म मान्ने व्यक्तिहरूले यरूशलेमबाट गएका नयाँ यहूदीहरूले प्रचार गरेको नयाँ धार्मिक सिद्धान्तलाई मन पराएनन् किनभने

तिनीहरूले अर्कै देव-देवीहरूलाई पूजा गर्ने गर्दथे, जुन इसाईहरूको ईश्वरभन्दा फरक थियो। बेबिलोनी धर्ममा मुख्य गरी तीन वटा देवताहरू थिए।

(१) **सूर्य देवता (Son God)**:- तिनीहरूले निम्रोद (Nimrod) लाई सूर्य देवताको रूपमा पूजा गर्दथे, जुन व्यक्ति नोआको छोरा हामको नाति थिए।

(२) **चन्द्र देवता (Moon God)**:- निम्रोदको पत्नी, सेमी रामिस (Semi-Ramish) लाई तिनीहरूले चन्द्र देवताको रूपमा पूजा गर्दथे।

(३) **तारा देवता (Star God)**:- निम्रोद र सेमी रामिसको छोरा ताम्मुज (Tamuz) लाई तिनीहरूले तारा देवताको रूपमा पूजा गर्दथे।

त्यसप्रकारको देवताहरूलाई पुज्ने बेबिलोनी समुदायको माझमा यरूशलेमबाट गएका यहूदी इसाईहरूले अर्कै ईश्वर अनि उक्त ईश्वरको तीन व्यक्तित्वहरूको बारेमा प्रचार गरे, जुन यस प्रकारको थियो।

१) पिता परमेश्वर (Father God)
२) पुत्र परमेश्वर (Son God)
३) पवित्र आत्मा परमेश्वर (Holy Spirit God)

इसाई यहूदीहरूले प्रचार गरेको कुरा ती बेबिलोनीहरूले पुर्खौंदेखि मान्दै आएको धर्म र परम्पराभन्दा फरक भएको कारणले गर्दा तिनीहरूको माझमा मतभेद र तनाव सृजना भयो। त्यहाँका स्थानीय व्यक्तिहरूले भरखरै आएका यहूदीहरूलाई धार्मिक दृष्टिकोणले पक्षपात गरी विभिन्न प्रकारका दुःख-कष्टहरू दिन थाले।

**यहूदी समुदायः**- यहूदीहरू सयौँ वर्ष पहिलेदेखि संसारको विभिन्न ठाउँहरूमा बसोवास गरिरहेका थिए। मानव इतिहासलाई केलाउँदा हामी के तथ्य पाउँदछौँ भने इ.पू. ७२२ मा अस्सुरीहरूले उत्तरी इस्राएलमाथि आक्रमण गरेका थिए। त्यसपछि अधिकांश यहूदीहरू इस्राएलबाट निस्केर मध्यपूर्वका विभिन्न स्थानहरूमा बस्न थाले। इ.पू. ५८६ मा बेबिलोनीहरूले दक्षिणी इस्राएल (यहूदिया) मा आक्रमण गरेर यरूशलेमको मन्दिर पनि नास गरिदिए। त्यसबेला धेरै यहूदीहरूलाई तिनीहरूले ७० वर्षसम्म कैद गरी लगे। ती दुई अप्रिय घटनाहरूद्वारा लाखौँ यहूदीहरूले आफ्नो जन्मभूमि त्याग्नुपर्‍यो। पछि करिब ५० हजार यहूदीहरू मात्र फर्केर आफ्नो देशमा आए तर अरूहरूचाहिँ संसारको विभिन्न ठाउँहरूमा प्रवासी भएर बस्न थाले।

इ.सं. ३३ मा यरूशलेम मण्डलीमा सतावट आयो र त्यहाँको करबि २० हजार इसाई यहूदीहरू देशबाहिर विभिन्न ठाउँमा भएका प्रवासी यहूदीहरू भएको ठाउँहरूतिर गए। पुर्ख्यौली अनि पारिवारिक सम्बन्धको कारणले गर्दा यरूशलमेबाट निस्केका इसाई यहूदीहरू प्रवासी यहूदीहरू भएको ठाउहरूमा पुगेको हुनुपर्दछ। कति जनाचाहिँ आफ्ना नातेदारहरूकहाँ शरण पाउने आशाले गएका हुनसक्छन्। जब ती दुइ प्रकारका यहूदीहरू भेट भएर सँगै बस्न थाले, तब तिनीहरूका धार्मिक आस्था र ईश्वरीय सिद्धान्त नमिलेको कारणले गर्दा विवाद र मतभेद सुरु भयो। पहिलेदेखि त्यहाँ बसेका स्थानीय यहूदीहरूलाई इसाई धर्मबारे केही थाहा थिएन र तिनीहरूले आफ्नो पुर्ख्यौली यहूदी धर्म (Judaism) मान्दै आएका थिए। तिनीहरू केवल पिता (Father God) परमेश्वरलाई मात्र आराधना गर्ने गर्दथे र मोशाको पञ्चपुस्तक (Pentateuch) पढ्ने र त्यसैबाट आफ्ना मानिसहरूलाई सिकाउने गर्दथे। यहूदीहरूले मोशाको पञ्चपुस्तक (उत्पत्ति, प्रस्थान, लेवी, गन्ती र व्यवस्था) लाई तोराह

(Torah) भन्ने गर्दछन् र त्यसलाई आफ्नो पवित्र धर्मशास्त्र मानेर त्यसमा उल्लेख भएका व्यवस्थाहरूलाई कडाइका साथ पालन गर्ने गर्दछन्।

जब तिनीहरूले येशूको विषयमा सुने, तब उहाँलाई मसीह अथवा उद्धारकको रूपमा स्वीकार गर्न इन्कार गरे किनभने तिनीहरूको बुझाइअनुसार मसीह अथवा ख्रीष्ट शक्तिशाली अनि विजयी राजा भएर पृथ्वीमा आउनुहुनेछ। अहिलेका यहूदीहरू पनि त्यही आशामा ख्रीष्टको प्रतिक्षा गरिरहेका छन्। इसाईहरूले मसीहलाई दुःख भोग्ने सेवकको (Suffering Servant) रूपमा चित्रण गर्दछन्, जुन यहूदीहरूको विश्वाससँग पटक्कै मिल्दैन। क्रूसमा मरेर तेस्रो दिन पुनरुत्थान हुनुभएको येशूमा उद्धार छ भन्ने कुरा ती यहूदीहरूले विश्वास गरेनन्। जब भरखरै आएका ती इसाई यहूदीहरूले येशू र पुरानो करारको यहोवा परमेश्वर एकै हुनुहुन्छ भनी प्रचार गरे, तब त्यस कुरालाई ईश्वरनिन्दा भयो भनेर तिनीहरू भन्न थाले र इसाईहरूलाई धार्मिक रूपमा सतावट दिन थाले।

**रोमी समुदायः**- त्यसबेला संसारको धेरै ठाउँहरूमा रोमी साम्राज्यले शासन गरिराखेको थियो। रोमी सम्राट त्यो साम्राज्यको प्रमुख व्यक्ति थियो र तिनको मुनि धेरै राजाहरूले विभिन्न प्रान्तमा शासन गर्दथे र ती राजाहरूमुनि अरू धेरै अधिकारीहरू थिए। ठूलो सैनिक शक्तिको कारणले गर्दा तिनीहरूले विभिन्न स्थानहरूमा राज्य गरिरहेका थिए। तिनीहरू रोमी सम्राटलाई 'राजाहरूका राजा' भनेर स्वीकार गर्दथे। तर जब यरूशलेम मण्डलीबाट आएका इसाई यहूदीहरूले येशू नै 'राजाहरूका राजा' हुनुहुन्छ भनेर प्रचार गरे, त्यसपछि तिनीहरूले विभिन्न प्रकारका संकष्टहरू सामना गर्नुपऱ्यो। त्यस्तो प्रकारको प्रचार गर्ने व्यक्तिहरूलाई मृत्युदण्ड दिने आधिकारिक नियम बनाएर इसाईहरूलाई भटाभट मार्न थाले। त्यस क्रममा हजारौँ व्यक्तिहरू सहिद बने।

निष्कर्षमा धार्मिक संकष्टबारे हामी के बुझ्नुपर्दछ भने इसाई धर्म अनुसरण गरेको कारणले गर्दा त्यतिबेलाका यहूदीहरूको अवस्था निकै नाजुक थियो। याकूबले संकष्टमा परेका ती यहूदीहरूलाई आफ्नो पत्रद्वारा उत्साह र शिक्षा दिएका छन्।

**(२) राजनैतिक संकष्टः**- यरूशलेम मण्डलीबाट निस्केर विभिन्न स्थानहरूमा पुगेका यहूदी इसाईहरूले धार्मिक संकष्टको साथै राजनैतिक संकष्ट पनि खप्नुपऱ्यो। ती व्यक्तिहरूले आफू पुगेको ठाउँको राजनैतिक व्यवस्थामा सक्रिय हुन र त्यसमा सहभागी हुने मौका पाउन सकेनन्। ती ठाउँहरूमा भएका सरकार र अधिकारीहरूले तिनीहरूमाथि पक्षपात गरे। तिनीहरूले आफ्नो क्षमता र योग्यताअनुसारको सरकारी काम र राजनैतिक जिम्मेवारी पाउन सकेनन्। फलस्वरूप तिनीहरूले कुनै कार्यलयमा सेवा गर्ने मौका पनि पाउन सकेनन् साथै सैनिकमा भर्ना भएर देशको सेवा गर्ने अवसर पनि पाएनन् किनभने तिनीहरूसँग कुनै प्रकारको राजनैतिक अधिकार थिएन।

**(३) सामाजिक संकष्टः**- ती इसाई यहूदीहरूले आफ्नो विश्वासको कारण समाजमा तिरस्कृत र उपेक्षित भएर बाँच्नुपऱ्यो। तिनीहरू जहाँ पुगे, त्यहाँका समाजका स्थानीय मानिसहरूले तिनीहरूलाई पक्षपात र भेदभाव गर्दथे। छोराछोरीहरूलाई तिनीहरूले राम्रो विद्यालयमा पढाउन पाएनन्। जसको कारणले गर्दा तिनीहरूका बालकहरूले उचित प्रकारको शिक्षा पाउनबाट बञ्चित हुनुपऱ्यो। फलस्वरूप निम्नस्तरका विद्यालयहरूमा तिनीहरूले पढ्नुपर्ने वाध्यता भयो र जेनतेन पढाइ सकिसेकपछि तिनीहरूले कुनै राम्रो काम पाउन सक्दैनथे। त्यतिबेला इसाईहरूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरूको कुनै मूल्याङ्कन हुँदैनथ्यो। येशू ख्रीष्टको कारणले गर्दा ती

इसाईहरूले हेला, घृणा, तिरस्कार, पक्षपात र अन्यायलाई चुपचाप सहनुबाहेक अरू कुनै उपाय थिएन।

(४) **आर्थिक संकष्ट** :- विभिन्न समुदायका मानिसहरूबीच अन्याय र भेदभाव सहिरहेका इसाई यहूदीहरूले आर्थिक संकष्ट पनि भोग्नुपऱ्यो। विश्वासको कारणले गर्दा तिनीहरूले कुनै राम्रो काम, व्यवसाय र व्यापार गर्न पाएनन्। राम्रो आम्दानी गर्न नपाएपछि तिनीहरू गरिब हुँदै गए। सानोतिनो काम गरेर आफ्नो परिवारको जीविका चलाउन पनि तिनीहरूलाई धौधौ पर्दथ्यो। अर्को कुरा के थियो भने कुनै काम व्यवसाय गर्नको लागि तिनीहरूलाई त्यतिबेलाको बैंक अथवा साहुले ऋण पनि उपलब्ध गराउँदैनथ्यो।

त्यतिबेला परिस्थिति प्रतिकूल हुँदाहुँदै पनि मण्डलीहरूमा केही धनी व्यक्तिहरू थिए। तिनीहरूले यरूशलेमबाट निस्केर आउँदा आफूसँग प्रसस्त रुपैयाँ-पैसा, सुन-चाँदी र बहुमूल्य पत्थर अनि रत्नहरू साथमा लिएर आएका थिए। त्यस्ता व्यक्तिहरू धन-सम्पत्तिको कारणले गर्दा मण्डली र समाजमा प्रभावशाली अनि शक्तिशाली देखिन्थे। ती धनी व्यक्तिहरू बाठा भएकोले आफ्नो सम्पत्ति व्यापार र ऋणमा लगानी गरेर पर्याप्त मुनाफा कमाउने गर्दथे। त्यतिबेलाको इतिहासलाई केलाउँदा मण्डलीभित्र दुइ प्रकारका धनी व्यक्तिहरूको उपस्थिति थियो।

**पहिलो**:- त्यतिबेला विभिन्न स्थानमा स्थापना भएका मण्डलीहरूमा केही यस्ता धनी व्यक्तिहरू थिए, जसले आफ्नो धन-सम्पत्तिको केही अंश परमेश्वरको महिमा हुने काम, उहाँको सेवकाइ गर्ने व्यक्तिहरूलाई दिन्थे। गरिब अनि खाँचोमा परेका व्यक्तिहरूका लागि पनि तिनीहरूले सहायता गर्दथे।

**दोस्रो**:- तर ती मण्डलीहरूमा यस्ता खालको धनी व्यक्तिहरू पनि थिए, जोहरू अति नै लोभी, स्वार्थी, कठोर र महत्वकांक्षी थिए। तिनीहरूले आफूसँग भएको धन-सम्पत्ति परमेश्वरको महिमा हुने कामको लागि अनि गरिब, विधवा र टुहरा-टुहुरीहरूलाई सहायता गर्ने कामको लागि खर्च गर्दैनथे। आर्थिक संकष्ट भोगिरहेका आफ्नो मण्डलीका दाजुभाइ तथा दिदीबहिनीप्रति तिनीहरू कुनै प्रकारको प्रेम र वास्ता देखाउँदैनथे।

(५) **पारिवारिक संकष्ट**:- तत्कालीन इसाई यहूदीहरूले येशू ख्रीष्टको कारण धार्मिक, राजनैतिक, सामाजिक र आर्थिक संकष्ट मात्र होइन तर पारिवारिक संकष्ट पनि भोग्नुपरिरहेको थियो। ती व्यक्तिहरूका परिवारभित्र विभिन्न प्रकारका समस्या र तनावहरू थिए। लोग्नेको राम्रो काम-व्यवसाय र आयश्रोत नभएकोले गर्दा घरमा पति-पत्नीबीच प्रायः सधैँ झगडा हुने गर्दथ्यो। लोग्ने परिवारको शिर भएको हैसियतले आफ्नो पत्नी र बालबच्चाहरूको राम्रो प्रकारले हेरविचार र पालनपोषण गर्न चाहन्थ्यो तर विभिन्न कारणले गर्दा उसले त्यसो गर्न सक्दैनथ्यो। फलस्वरूप ऊ निकै निराश अनि दुःखित हुने गर्दथ्यो। आफ्नो आत्मासम्मानमा चोट पुगेपछि ऊ भावनात्मक रूपमा कमजोर अनि हतास बन्न पुग्थ्यो र त्यस प्रकारको समस्याबाट क्षणिक राहत पाउनको लागि धूम्रपान, मद्यपानजस्तो नसालुपदार्थको सहायता लिने गर्दथ्यो। आफ्नो लोग्नेले परिवार राम्ररी चलाउनुको सट्टामा मादक मदार्थ खाएर मातेर घर आएको देखेपछि उसको पत्नीले उसलाई गाली गर्ने गर्दथ्यो, जसको कारणले गर्दा लोग्ने रिसाएर स्वास्नीलाई पिट्ने गर्दथ्यो। त्यस प्रकारका घटनाले छोराछोरीहरूप्रति नकारात्मक असर पर्दथ्यो। आमाबाबुको झगडा र दुर्वचनले गर्दा ती हुर्कदै गरेका बच्चाहरूमा नराम्रा स्वभावहरू विकास हुन्थे। आफ्नो बाबु सधैँजसो आमासँग झगडा गर्ने, नराम्रो र अश्लील शब्दहरू बोल्ने, घरायसी सामानहरू तोडफोड गर्ने, छिमेकीहरूसँग पनि झगडा गर्ने र आफूहरूलाई पनि

गाली गर्ने र पिट्ने गर्नाले तिनीहरू धेरै दुःखित बन्थे। शैतानले तिनीहरूको परिवारमा ल्याएको परीक्षाले गर्दा कहिल्यै त्यहाँ शान्ति र आनन्द हुँदैनथ्यो।

त्यस्तो वातावरण भएको परिवारमा पत्नीले असल भूमिका निभाउन सकिनन् भने ठूला-ठूला दुर्घटनाहरू हुने सम्भावना हुन्छ। परिवारको पीर-चिन्ता साथै पत्नीको कचकच, समाजको हेला र तिरस्कार अनि नसालु पदार्थको सेवनले गर्दा त्यतिबेला प्रायः परिवारमा घर मूली पुरुषको मृत्यु हुन्थ्यो र मण्डलीमा दिन प्रतिदिन बिधवाको सङ्ख्या बढ्दै गइरहेको थियो। पतिको मृत्युपछि परिवारको बोझ र जिम्मेवारी वहन गर्न नसकेर पत्नीको पनि मृत्यु हुने गर्दथ्यो, जसको कारणले गर्दा टुहुरा-टुहुरीहरूका सङ्ख्या पनि थुप्रै हुने गर्दथ्यो। याकूबको समयमा मात्र होइन गरिब, अशिक्षित र अपहेलित समाजमा भएका मण्डलीहरूमा आजभोलि पनि यस्ता उदाहरणहरू प्रसस्त देख्न सकिन्छ।

कुनै परिवार आर्थिक समस्याको कारणले गर्दा संकष्ट भोगिरको छ भने त्यो घरको महिलाले निकै होसियारीपूर्वक र बुद्धिमानीपूर्वक आफ्नो परिवारलाई सम्हाल्नुपर्दछ। लोग्नेको अवस्थाप्रति रिसाउने, झर्कने र तिनलाई आक्रमण गर्ने होइन तर शान्त भएर तिनीप्रति वास्ता-प्रेम देखाउने अनि तिनलाई उत्साह दिने र आवश्यक सल्लाह दिने गर्नुपर्दछ। आफ्नो छोराछोरीलाई पनि माया-प्रेमसाथ सम्झाउनु बुझाउने गर्नुपर्दछ।

बुद्धिमान् पत्नीहरू त्यस्तो परिस्थितिमा आत्तिने, रिसाउने, निरास हुँदैनन्। यदि त्यसो भएमा तिनीहरूले त्यस परिस्थितिमा गलत निर्णय लिने सम्भावना रहन्छ, जसले परिवारलाई विकराल समस्या र दुर्घटनातिर डोऱ्याउँदछ। आर्थिक अवस्थाले विछिप्त अनि निरास भएको पतिलाई पत्नीले यसरी सम्झाउनु र उत्साह दिनु राम्रो हुन्छः "प्यारो पति, तपाईंको सबै अवस्थाहरू मलाई राम्रोसँग थाहा छ। तपाईं परिवारलाई राम्रोसँग पालन पोषण गर्न चाहनुहुन्छ तर हामीले भोग्नुपरेको धार्मिक, राजनैतिक, सामाजिक र आर्थिक संकष्टहरूले गर्दा त्यसो गर्न सक्नुभएको छैन। तपाईं पीर चिन्त नलिनुहोस्, म तपाईंलाई साथ दिनेछु। घरको काम सकेर म पनि बाहिर काम गर्न जानेछु र तपाईंलाई सहायता गर्नेछु। खेतीपातीको काममा पनि म तपाईंलाई सहायता गर्नेछु। यदि हामी दुवै जना मिलेर काम गऱ्यौं भने हामी हाम्रो बालबच्चाहरूलाई असल प्रकारले हुर्काउन सक्नेछौं। तपाईं परिवारको शिर हुनुहुन्छ। कृपया आफ्नो स्थान र जिम्मेवारीलाई याद गर्नुहोस्। जाँड-रक्सी, चुरोट, तमाखु र खैनीजस्ता शरीरलाई हानि पुऱ्याउने कुराहरू सेवन नगर्नुहोस्। त्यसको नराम्रो प्रभाव तपाईंलाई मात्र होइन हाम्रो बालबच्चाहरूमा पर्नेछ। यदि तपाईंले त्यस्ता कुराहरू त्याग्नुभयो भने हामी सबै खुसी हुनेछौं। अहिले तपाईं निकै थकित देखिनुभएको छ, केही समय आराम गर्नुहोस्। म तपाईंको निम्ति खाजा तयार बनाउँछु। तपाईंलाई के खाने इच्छा छ?"

पत्नीले यस प्रकार आफ्नो पतिलाई नम्र भएर सम्झाइन भने त्यो परिवारको आधा समस्या त्यतिबेला नै समाधान हुनेछ। उसले छोराछोरीहरूलाई यसो भन्नुपर्दछः "तिमीहरू नआत्तिओ। चाहँदा-चाँहदै पनि तिमीहरूका बुबाले काम पाउन सक्नुभएको छैन। त्यसैकारणले गर्दा हामी गरिब छौं, तर जसरी भए पनि हामी तिमीहरूको आवश्यक्ताहरू जुटाउने कोसिस गर्नेछौं। तिमीहरूले पीर-चिन्ता गर्नु पर्दैन। आओ, हामी सबैजना सँगै बसेर प्रार्थना गरौं।"

यदि यसप्रकार घरको महिलाले धैर्यतापूर्वक परिस्थितिलाई प्रार्थनासहित सम्हाल्ने हो भने विनासबाट बचाउन सक्नेछिन्। असल महिलाले आफ्नो

परिवारलाई जस्तोसुकै अवस्थामा पनि सही ढङ्गले सञ्चालन गर्न सक्नुपर्दछ र यो उसको मुख्य कर्तव्य पनि हो।

पारिवारिक समस्या याकूबको समयमा मात्र होइन आज पनि चारैतिर व्याप्त छ। शैतानले यसलाई आफ्नो हतियार बनाएर आक्रमण गर्दैछ। २,००० वर्षको मण्डली इतिहासलाई नियाल्ने हो भने मण्डलीहरूमा धेरै प्रकारका पारिवारिक समस्याहरू भएको हामी देख्दछौँ। हाम्रो देशलगायत संसारैभरिका मण्डलीहरूमा यस्ता समस्याहरूद्वारा शैतानले परमेश्वरको राज्य विस्तार हुने काममाथि प्रहार गर्दैछ। तर त्यसलाई कुल्चेर हामी विजयी हुनुपर्दछ। यदि हामी कमजोर भएर गलत निर्णय गर्‍यौँ भने त्यसले हामीलाई विनासतिर धकलेर पतन पार्ने कोसिस गर्दछ। आज तपाईं र मैले बुझ्नुपर्ने यथार्थ कुरा के हो भने संसारको धेरै ठाउँहरूका इसाईहरूले आज पनि धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक र पारिवारिक संकष्टहरू झेलिरहनुपरिरहेको छ।

इसाई जीवनलाई गहिरिएर अध्ययन गर्ने हो भने 'फेरास्मोस' र 'फेइराजो' दुवै प्रकारका दुःख-कष्टले मानिसलाई सधैँ घेरिरहेको हुन्छ तर हामी सचेत हुनुपर्ने छुट्ट्याउनुपर्ने कुराचाहिँ के हो भने हाम्रो जीवनमा आइपर्ने आपत्-विपत् र दुःख-कष्टहरूमध्ये कुन-कुन फेइरास्मोस हुन् र कुन-कुन फेइराजो हुन्। यसलाई सही ढङ्गले छुट्ट्याउन सकेपछि मात्र त्यसै अनुरूप त्यसको सामना र त्यसमाथि विजयी हुन सक्नेछौँ। मुख्य कुरा यही हो कि मानिसको जीवनमा आइपर्ने यस्ता दुःख-कष्टहरू याकूबको समयमा थियो, त्योभन्दा अघिको समयमा पनि थियो, अहिले पनि छ र भविष्यमा पनि हुनेछ।

याकूबले पनि विभिन्न प्रकारका आपत्-विपत् र समस्याहरू सामना गर्नुपरेको थियो; त्यसकारणले गदा फेइरास्मोस र फेइराजो दुःख-कष्टसँग कसरी सामना गर्नुपर्दछ र त्यसबाट कसरी विजयी हुन सकिन्छ भन्ने कुरा याकूबलाई थाहा थियो। येशूको पुनरुत्थानपछि याकूबले उहाँमाथि विश्वास गरेर प्रेरितहरूका समूहमा गाभिएका थिए। उनले यरूशलेम मण्डलीमा अगुवाको हैसियतले परमेश्वरको सेवकाइ गरे तापनि उनको जीवनमा विभिन्न प्रकारका संकष्टहरू आए। तिनको सेवकाइको परिप्रेक्षमा कुरा गर्ने हो भने अरू प्रेरितहरू र तिनको बीचमा प्रायः तनाव भई नै रहन्थ्यो। फरक-फरक पृष्ठभूमिबाट आएको हुनाले तिनीहरूबीच विवाद र मतभेद पनि हुने गर्दथ्यो। कहिलेकाहीँ याकूब एक पक्ष अनि अरू बाँकी अगुवाहरू अर्को पक्ष हुनुपर्ने अवस्था सृर्जना हुन्थ्यो। त्यसैले हामी के भन्न सक्दछौँ भने याकूब यरूशलेम मण्डलीको प्रमुख अगुवाको रूपमा चिनिए तापनि उनको हृदयमा सतप्रतिसत शान्ति, आनन्द, खुसी र सन्तुष्टी थिएन। विभिन्न प्रकारका बाह्य अनि आन्तरिक कारणले गर्दा उनको हृदयमा द्वन्द्व भइरहन्थ्यो।

सतावटपछि मण्डलीमा आएको परिवर्तनले गर्दा याकूब धेरै चिन्तित थिए। मण्डलीका हजारौँ सदस्यहरू रातारात बेपत्ता भएपछि त्यसको प्रतिकूल असर तिनीलगायत अरू अगुवाहरूमा परेको थियो। हजारौँको बीचमा मान-सम्मान र इज्जत पाएका अगुवाहरू सतावटपछि डर र त्रासको वातावरणमा जिउनु अनि अरूसामु लज्जित हुनुपरेको थियो। मण्डलीमा आर्थिक संकष्ट पनि परेको थियो। त्यस्तो परिस्थितिमा याकूबले एक्लो, शक्तिहीन र निरासको अनुभव गर्नुपर्‍यो। वास्तवमा भन्ने हो भने याकूबलगायत अरू चेलाहरूले त्यसबेला ठूलो 'फेइरास्मोस' जाँचको सामना गर्नुपरेको थियो।

त्यसबेलाको अवस्थालाई केलाउने हो भने एकातिर यरूशलेम मण्डलीको सदस्यहरू स्वात्तै घटेको थियो अर्कोतिर एन्टियोक मण्डलीचाहिँ दिनप्रतिदिन तीव्र गतिमा वृद्धि हुँदैथियो। एन्टियोक मण्डलीको संस्थापक येशूको क्रूस बोक्ने

साइरेनीका सिमोन हुन्। तिनी सुरूमा येरूशलेम मण्डलीमा नै आएर परमेश्वरको आराधना गर्ने गर्दथे। त्यसरी आफ्नै मण्डलीमा आउने साधारण व्यक्ति एन्टियोक मण्डलीमा वरिष्ठ पास्टर बनेको अनि त्यो मण्डली व्यापक रूपमा सक्रिय भई वृद्धि हुँदै गएको देख्दा याकूबको मनभित्र कस्तो-कस्तो हुने गर्दथ्यो। झन् अर्को कुरा के भयो भने एन्टियोक मण्डलीका सदस्यहरूलाई पहिलो पटक ख्रीष्टीयन (Christian) भन्ने उपमा दिइयो (प्रेरित ११:२६)। त्यस कुराले पनि याकूब खुसी थिएनन् किनभने तिनको विचारमा यरूशलेम मण्डली संसारको पहिलो अनि विशाल मण्डली भएकोले गर्दा त्यस मण्डलीका सदस्यहरूलाई सम्मानपूर्वक त्यो उपमा दिइनुपर्दथ्यो भनी तिनी विचार गर्दथे। त्यो कुराहरूले गर्दा याकूबको आत्मा सम्मानमा चोट पुगेको थियो। तर परमेश्वरले विशेष उद्देश्य राखेर नै तिनको जीवनमा उक्त फेइरास्मोस संकष्ट (जाँच) आउन दिनुभएको थियो।

डा. थोमस ह्वाङ्गको विचारअनुसार याकूबले अर्को एउटा आन्तरिक द्वन्द्वको पनि सामना गर्नु परेको थियो। त्यो के हो भने याकूबसँग अरू प्रेरितहरूसँगजस्तो अन्यभाषा बोल्ने, अगमवाणी गर्ने र चाङ्गाइ तथा आश्चर्यकर्महरू गर्ने आत्मिक वरदानहरू थिएन। पत्रुस, यूहन्नालगायत अरू प्रेरितहरूले त्यसप्रकारको आत्मिक वरदानहरू नियमित अभ्यास गर्ने गर्दथे। मण्डलीको मुख्य अगुवा भएर पनि त्यस प्रकारको क्रियाकलापहरू गर्न नसक्दा याकूबको मनमा निरास र हीन भावना आएको हुनसक्छ। शायद तिनको मनमा यस्ता प्रश्नहरू थिए होलान्ः 'किन मेरो सेवकाई फलवन्त हुन सकिरहेको छैन? किन म असफल हुँदैछु? किन ममा अरूसँग जस्तो वरदान र क्षमताहरू छैनन्?' हामीले बुझ्नु अति नै आवश्यक कुरा के हो भने ती सबै परिस्थितिहरूद्वारा प्रभु येशूले याकूबलाई नम्र, इमानदार र उहाँमा भरपर्ने अगुवा बनाउँदै हुनुहुन्थ्यो।

यस पाठद्वारा हामी के बुझ्नसक्दछौँ भने याकूबको समयका इसाहरूले विभिन्न प्रकारको दुःख-कष्टहरू भोगिरहेका थिए र स्वयम् याकूबले पनि फेइरास्मोस संकष्टहरू भोग्दै थिए। त्यस्तो प्रतिकूल परिस्थितिमा तिनले परमेश्वरको प्रकाशद्वारा विभिन्न ठाउँहरूमा छरपस्ट भएका आफ्ना दाजुभाइ दिदीबहिनीहरूका निम्ति पत्र लेखे। उक्त पत्रद्वारा तिनी मण्डलीहरूमा भएका विभिन्न समस्याहरू, जस्तैः मतभेद, वाद-विवाद, स्वार्थीपना, झगडा, आलोचना, गुटबन्दी, घृणा, लोभ र तिस्कारजस्ता कुराहरूबारे शिक्षा दिन चाहन्थे साथै गरिब, बिधवा र टुहुरा-टुहुरीहरूलाई प्रेम नगर्ने, अरूलाई दोष र आच्छेप लगाउनेजस्ता समस्याहरूलाई समाधान गर्न चाहन्थे। विभिन्न ठाउँहरूमा छरपस्ट भएका आफ्ना मानिसहरूका बारेमा तिनी चिन्तन-मनन गरिरहन्थे। तिनीहरूप्रति तिनको वास्ता र प्रेम अनि सुधारको भावना हामी तिनले लेखेको पत्रमा देख्न सक्दछौँ। तिनको हृदय बुझ्नुहुने प्रभु येशूले नै दर्शन र प्रकाश दिनुभएर तिनलाई उक्त पत्र लेख्न लगाउनुभएको थियो। वास्तमा भन्ने हो भने प्रभु येशूले याकूबको पत्रद्वारा विभिन्न स्थानमा भएका दुवै खालका संकष्टहरू (फेइरास्मोस र फेइराजो) भोगिरहेका इसाई यहूदीहरूलाई शिक्षा दिन चाहनुहुन्थ्यो र आज त्यही पत्रद्वारा हामीलाई त्यसबारे सम्बोधन गर्दैहुनुहुन्छ। यदि हामीले याकूबको पत्रलाई राम्रोसँग बुझ्न सक्यौँ भने हाम्रो जीवनमा आइपर्ने जाँच र परीक्षाहरूमाथि हामी विजयी हुनसक्दछौँ।

यो पत्र लेख्ने बेलामा याकूब निकै नम्र व्यक्ति भइसकेका थिए, जुन कुरा उनको पहिलो वाक्यले नै हामीलाई प्रस्ट पार्दछ, तिनले आफ्नो पत्र यसरी सुरू गरेका छन्ः *"परमेश्वर र प्रभु येशू ख्रीष्टको सेवक (दास) याकूबबाटः ठाउँ-ठाउँमा छरपस्ट भएका बाह्र कुललाई, अभिवादन"* (याकूब १:१)।

यसकुरालाई हामीले यसरी बुझ्नुपर्दछ। फेइरास्मोस दुःख-कष्टको कारण याकूब नम्र र परमेश्वरप्रति भरपर्ने इमानदार अगुवा बन्न सके। त्यसैकारणले गर्दा उनले आफ्नो परिचय दिँदा, म येशूको भाइ हुँ भनेनन् तर म येशूको दास हुँ भनी विनम्रपूर्वक लेखेका छन्। छोटकरीमा भन्ने हो भने दुःख-कष्ट र विभिन्न प्रकारका संकष्ट र आपत्-विपत् भोगिरहेका इसाईहरूलाई उनको सन्देश यस्तो छः "हे फेइरास्मोस जाँचको सामना गरिरहेका दाजुभाइ दिदीबहिनीहरू हो, निराश र हतास नहुनुहोस्। तपाईंहरूका जीवनमा आइपरेका संकष्टका कुराहरूलाई पूरा आनन्दको सम्झेर रमाउनुहोस् किनभने विश्वासको जाँचले धैर्य उत्पन्न गराउँदछ, र धैर्यलाई आफ्नो जीवनमा काम गर्न दिएर परिपक्व र पूर्ण अनि सिद्ध हुँदै जानुहोस्। परेमश्वरले तपाईंहरूलाई प्रशस्त आशिष् दिनुहुनेछ।

हे फेइराजो परीक्षा सामना गर्ने इसाईहरू हो परमेश्वरसामु आफ्नो पापको पश्चाताप गर। आफू हिँड्दै गरेको खराब बाटोबाट फर्केर परमेश्वरको नजिक जाओ। आफ्नो जीवनमा भएका पाप र नराम्रा कुराहरूमाथि विजयी हुने कोसिस गर परमेश्वरले तिमीहरूलाई सहायता गर्नुहुनेछ।"

आज पनि धेरै इसाईहरूले धार्मिक, राजनैतिक, सामाजिक, आर्थिक र पारिवारिक समस्या र संकष्टहरू भोगिरहेका वास्तविक तथ्य हाम्रो माझमा छ। सबैभन्दा पहिला तिनीहरूले त्यो कुराहरू परमेश्वरबाटको 'फेइरास्मोस जाँच' हो अथवा शैतानबाटको 'फेइराजो परीक्षा' हो सो कुरा स्पष्ट गरी छुट्ट्याउन सक्नुपर्दछ। त्यसपछि मात्र त्यसलाई सही प्रकारले समाधान गर्न र त्यसमाथि विजयी भएर आत्मिक जीवनको यात्रामा अगाडि बढ्न सक्दछन्। यसको बारेमा हामी विस्तारपूर्वक अब आउने पाठहरूमा चर्चा गर्नेछौँ।

# याकूबको पत्रको बनावट

## THE STRUCTURE OF THE EPISTLE OF JAMES

(चित्र नं.- ५ : पाँच अध्यायको तालिका राख्ने)

हामीले अघिल्ला पाठहरूमा 'फेइरास्मोस' र 'फेइराजो' शब्दहरूको बारेमा लामो चर्चा गऱ्यौँ। यी शब्दहरूलाई आधार बनाएर इसाईहरूलाई दुई भागमा वर्गिकरण गर्न सकिन्छ।

(१) फेइरास्मोस इसाई (Pheirasmos Christian)

(२) फेइराजो इसाई (Pheirazo Christian)

परमेश्वरले असल उद्देश्य राखेर केही इसाईहरूका जीवनमा फेइरास्मोस दुःख-कष्ट (जाँच) आउन दिनुहुन्छ। त्यस्ता विशेष प्रकारका आशिषित इसाईहरूलाई यस पाठमा 'फेइरास्मोस इसाई' (Pheirasmos Christian) भनेर सम्बोधन गरिएको छ तर केही इसाईहरू भने पापमा परेर शैतानले ल्याउने 'फेइराजो दुःख-कष्ट' अथवा परीक्षामा पर्दछन्, जसलाई यहाँ 'फेइराजो इसाई' (Pheirazo Christian) भनेर सम्बोधन गरिएकोछ। छोटकरीमा तिनीहरूको परिचय दिनुपर्दा फेइरास्मोस इसाईहरूलाई असल अनि फेइराजो इसाईहरूलाई खराब भन्न सकिन्छ। याकूबको पत्रको संरचनालाई विचार गर्ने हो भने इसाईहरूलाई मुख्य गरी यी दुइ भागमा वर्गिकरण गरिएको देख्न सकिन्छ। पत्रको सुरु र अन्तको केही भागमा फेइरास्मोस इसाईहरूका बारेमा चर्चा गरिएको छ (याकूब १:१-१२; ५:७-२०) र बीचको अधिकांश भागमा चाहिँ फेइराजो इसाईहरूका बारेमा चर्चा गरिएको छ (याकूब १:१३-५:६)। त्यसैले यहाँ फेइराजो इसाईहरूका तुलनामा फेइरास्मोस इसाईहरूको लागि चर्चा गरेको खण्ड थोरै मात्र छ। यस पत्रबाट के कुरा स्पष्ट हुन्छ भने याकूबको समयमा (पहिलो शताब्दीमा) स्थापना भएका मण्डलीहरूमा 'फेइराजो इसाईहरू' थुप्रै थिए, जसको कारणले गर्दा दिन प्रतिदिन मण्डलीमा समस्याहरू थपिँदै थिए। याकूबले आफ्नो पत्रमार्फत ती इसाईहरूलाई उचित शिक्षा दिएर ती समस्याहरू समाधान गर्न चाहन्थे। याकूब १:१३-५:६ सम्मको लामो खण्डद्वारा तिनी खराब फेइराजो इसाईहरूका जीवनशैलमा सुधार ल्याउन चाहन्थे। वास्तवमा तिनीहरूले आफ्नो मनोवृत्ति र जीवनशैली परिवर्तन गरी आशिष् पाउन सकून् भन्ने सकारात्मक विचार याकूबसँग थियो। त्यही उद्देश्य पूरा गर्नको लागि याकूबले आफ्नो पत्रमा विभिन्न व्यवहारिक अनि आत्मिक विषयहरूलाई समेटेका छन्; जस्तैः इसाई बोलिवचन र त्यसअनुसारको काम, निष्पक्ष व्यवहार, इसाई विश्वासअनुसारको काम, जिब्रोलाई वशमा राख्ने कुरा, आत्मिक र अनात्मिक ज्ञान-बुद्धि, परमेश्वरप्रतिको साँचो समर्पणता, धन-सम्पत्तिबारे चेताउनी र प्रार्थना आदि। यी विषयहरूमध्ये अब हामी याकूबको पत्रको प्रत्येक अध्यायमा के-के कुरा चर्चा गरिएको छ भन्ने कुरा हेर्नेछौँ।

**अध्याय १**:- याकूबले पत्रको सुरुवातमा अभिवादन गरिसकेपछि फेइरास्मोस इसाईहरूलाई उत्साह र सान्त्वना मिल्ने खालका महत्वपूर्ण वचनहरू व्यक्त गरेका छन्। फेइरास्मोस दुःख-कष्टमा आनन्दित भई विश्वासमा स्थिर रहने व्यक्तिहरूले भविष्यमा जीवनको मुकुट (Crown of Life) पाउनेछन् भनी परमेश्वरको प्रतिज्ञा तिनले स्मरण गराएका छन् (याकूब १:१२)। फेइरास्मोस इसाईहरूका लागि त्यति कुरा लेखेपछि तिनले फेइराजो इसाईहरूका बारेमा लेख्न सुरु गरे। त्यतिबेलाका फेइराजो इसाईहरूले आफ्नो जीवनमा आइपरेका

सबैखाले दुःख-कष्ट र परीक्षाहरू परमेश्वरले दिनुभएको हो भनी गलत विचार गर्दथे (याकूब १:१३-१५)। हामीलाई यो कुरा थाहा छ कि, मानिस जाति परमेश्वरको उत्तम सृष्टि हो। त्यसैले हामी असल अगौटे फलजस्तो असल बन्न सकौँ भन्ने कुरा उहाँको अभिप्राय हो भनी याकूब भन्दछन्।

इसाईहरू आफ्नो बोलिवचनप्रति अत्यन्त होशियार हुनुपर्दछ भन्ने कुरामा जोड दिएर याकब यसो भन्दछन्ः *"मेरा प्रिय भाइहरू, यो कुरा जानः प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढीलो र रिसाउनमा धीमा हुनपर्छ"* (याकूब १:१९)। वचन सुन्ने तर त्यसको पालना नगर्ने व्यक्तिहरूलाई उनले हप्काएका छन् तर परमेश्वरको वचनप्रति आज्ञाकारी  हुने व्यक्तिले आशिष् पाउनेछन् भनी उनी भन्दछन्। एक अध्यायको अन्तमा याकूबले इसाईहरूको मुख्य काम-कर्तव्यको बारेमा यसरी लेखेका छन्ः अनाथ, विधवा अनि समस्यामा र खाँचोमा परेका व्यक्तिहरूलाई सहायता गर्ने काम परमेश्वरको नजरमा असल छ। फेइराजो इसाईहरू प्रायः यस्ता असल कामहरू नगर्ने तर सांसारिक कुराहरूमा नै बढी अल्झने हुनाले तिनीहरूलाई याकूब यसो भन्दछन्ः 'आफूलाई सांसारिक कुराहरूबाट अलग राख।'

**अध्याय २ः**- यस अध्याय याकूबले फेइरास्मोस इसाईहरूलाई निरन्तर शिक्षा दिएका छन्। उनी यसरी भन्दछन्ः "तिमीहरूले मानिसहरूसँग निष्पक्ष व्यवहार गर। गरिब अनि आफूभन्दा निम्नस्तरको भनेर अरू इसाई दाजुभाइ दिदीबहिनीहरूलाई भेदभाव नगर। बाहिरी रूप-रङ्ग, आर्थिक अवस्था र सामाजिक स्तर जेजस्तो भए तापनि तिनीहरूलाई आफूसरह ठानेर स्वीकार गर तर पक्षपात नगर।" इसाईहरू एउटै परमेश्वरका सन्तान भएको कारणले गर्दा सबैलाई प्रेम र वास्ता देखाएर समान व्यवहार गर्नुपर्दछ भन्ने कुरामा यहाँ याकूबले विशेष जोड दिएका छन्। हामीले मानिसको बाहिरी कुराहरूमा होइन तर तिनीहरूको हृदय हेरेर व्यवहार गर्नुपर्दछ किनभने हाम्रा स्वर्गीय पिताले पनि त्यस्तै गर्नुहुन्छ (१ शमुएल १६:७)। अरूलाई न्याय गर्नुभन्दा तिनीहरूप्रति दया, कृपा र प्रेम देखाउनु इसाई जीवनको विशेषता हो।

फेइराजो इसाईहरूलाई हप्काउँदै याकूबले यसो भनेका छन्ः "यदि तिमीहरू आफ्नो विश्वासअनुसारको काम गर्दैनौ भने त्यो विश्वास मृत विश्वास हो" (याकूब २:१७)। आफ्नो विश्वासलाई कामद्वारा प्रकट नगर्ने व्यक्तिले परमेश्वरमा पक्का विश्वास राखेको छ भनेर भन्न सकिँदैन। धेरै इसाईहरूसँग परमेश्वरको वचनबारे राम्रो ज्ञान हुन्छ, तिनीहरूलाई परमेश्वरको सिद्धान्त, मुक्तिको सिद्धान्तलगायत अन्य ईश्वरशास्त्रीय कुराहरू पनि थाहा हुन्छ, तर ती कुराहरूलाई तिनीहरूले सामान्य जानकारीको रूपमा आफ्नो दिमागमा सीमित राख्ने गर्दछन्। ईश्वरीय कुराहरूलाई तिनीहरूले टाउकोबाट तल हृदयमा ल्याई व्यवहारमा लागू गर्ने गर्दैनन्। त्यस्ता व्यक्तिहरूले आफ्नो मानवीय ज्ञान-बुद्धिद्वारा अरूलाई ती विषयहरूबारे जानकारी त दिन सक्छ तर त्यसले मानिसको जीवन सुधार र परिवर्तन गर्न सक्दैन। मुख्य कुरा के हो भने सांसारिक अनि मानवीय कुराहरू आत्मिकी र ईश्वरीय कुराहरूभन्दा नितान्त फरक छ, जसलाई फेइराजो इसाईहरूले बुझ्न सक्दैनन्। त्यसैकारण तिनीहरूको विश्वास मृत विश्वास हो भनी याकूब घोषणा गर्दछन्।

**अध्याय ३ः**- यहाँ याकूबले धर्मशास्त्र सिकाउने व्यक्तिहरू र मण्डलीका फेइराजो अगुवाहरूलाई विशेष शिक्षा दिएका छन्। परमेश्वरको सेवा गर्ने पास्टर, अगुवा र शिक्षकहरू बोलिवचनमा निकै होशियार हुनुपर्दछ। हृदय शुद्ध नभएका फेइराजो अगुवाहरू यस काममा असफल हुन्छन्। प्रायः तिनीहरूको हृदय डाह, घृणा, तिरस्कार, गनगन, मतभेद, वाद-विवाद, झगडाजस्ता शैतानको चरित्रहरूले भरिएको हुन्छ। अरूलाई प्रेम र कृपा देखाउनुको सट्टामा

तिनीहरू कठोर प्रकारले न्याय गर्न चाहन्छन्। यदि अगुवाहरूले त्यस प्रकारले व्यवहार गर्न थाले भने त्यसको नकारात्मक असर र परिणाम सम्पूर्ण मण्डली समुदायले भोग्नुपर्ने हुन्छ र त्यसबाट कहिलेकाहीँ गम्भीर दुर्घटनाहरू हुने गर्दछन्।

मानिसको जिब्रोमा ठूलो शक्ति हुन्छ। यस विषयमा याकूबले यसरी लेखेका छन्ः *"जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्नो सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ "*(याकूब ३ः२)। हामीले बुझ्नुपर्ने कुरा के हो भने जिब्रो स्वतन्त्र अङ्ग होइन; यसको सीधा सम्बन्ध हृदयसँग हुन्छ। वास्तवमा जिब्रो मानिसको हृदयमा भएको कुरालाई बाहिर प्रकट गरिदिने माध्ययम मात्र हो। जिब्रोको शक्तिबारे बुझाउनको लागि याकूबले तीन वटा उदाहरणहरू दिएका छन्।

(१) घोडाको मुखमा राखिने लगाम (Bit in a horse's mouth)
(२) पानीजहाजको पतवार (Rudder of a Ship)
(३) आगोको झिल्का (Fire Kindles)

मानिसभन्दा घोडा ठूलो र शक्तिशाली हुन्छ। यसलाई वशमा पार्नु गाह्रो हुन्छ। अझ जङ्गली घोडालाई तह लगाउन त झन् मुस्किल पर्दछ। मुखमा लगाम लगाएपछि त्यसलाई नियन्त्रण गरेर जता मन पऱ्यो त्यतै लान सकिन्छ। लगाम सानो साधन हो तर यसले ठूलो जनावरलाई वशमा राख्न मद्दत गर्दछ।

समुद्रमा ठूला-ठूला जहाजहरू चल्दछन्। त्यसले मानिसलगायत गह्रौं सामानहरू ओसार्ने काम गर्दछ। समुद्रमा चल्ने जहाजहरूको दिशा परिवर्तन गर्नको लागि सानो पतवारको आवश्यक पर्दछ। त्यसद्वारा जहाजलाई चाहेको दिशामा मोड्न सकिन्छ। सयौँ वर्षअघिदेखि पानीजहाजलाई यस्तै सानो साधनद्वारा नियन्त्रण गरिँदै आएको छ।

आगोको झिल्का सानो हुन्छ तर यसद्वारा ठूला-ठूला कुराहरूलाई जलाएर नष्ट पार्न सकिन्छ। आगोको झिल्कालाई हलुको रूपमा लिँदा ठूला-ठूला आगलागीको घटनाहरू हुने गर्दछ, जसबाट धेरै धन-जनको नास हुन्छ।

यी उदाहरणद्वारा याकूबले फेइराजो इसाईहरूलाई यसो भन्दछन्ः कृपया, जिब्रोको शक्ति र कामलाई बुझ। जिब्रोले ल्याउन सक्ने सकारात्मक र नकारात्मक दुवै प्रकारका परिणामहरूलाई सही प्रकारले जान।" जिब्रो मानिसको मुखभित्र हुने सानो अङ्ग हो। यसको तौल करिब २०० ग्राम हुन्छ तर यसको शक्ति भने भयङ्कर हुन्छ; यहाँसम्म कि मानिसलाई मार्ने र बचाउने शक्ति जिब्रोमा हुन्छ। इसाईहरूले जिब्रोद्वारा समाजमा भएका मानिसहरूलाई सुसमाचार सुनाएर आत्मिक रूपमा बचाउन सक्छ। जिब्रोलाई सही ढङ्गले प्रयोग गर्न सकियो भने मानिसको व्यक्तिगत जीवन, परिवार, समाज, गाउँ-शहर र सम्पूर्ण राष्ट्रलाई सही रूपमा परिवर्तन गर्न सकिन्छ।

यसो हुँदा हुँदै हामीले थाहा पाउनुपर्ने कुरा के छ भने जिब्रोलाई वशमा राख्नु धेरै गाह्रो छ। शैतानले मानिसको हृदय र जिब्रोलाई कब्जामा पारेपछि मुखबाट दुइ फरक प्रकारको बोली निस्कन थाल्दछ र त्यस्ता व्यक्तिहरूलाई दुइ जिब्रे भनिन्छ। शायद तपाईंलाई यो कुरा थाहा हुनसक्छ कि बाइबलले शैतानको रूपमा सङ्केत गर्ने प्राणी, सर्पको मुखमा दुइटा जिब्रोहरू हुन्छन्। दुइटा जिब्रो हुने भएकोले गर्दा शैतानले हामीलाई झुक्याउने, छक्याउने र अन्यौलमा पार्ने अनि पतन गराउने काम गर्दछ। दुःखलाग्दो कुरा के हो भने धेरै पास्टर अगुवाहरूलाई दुइ जिब्रे बनाएर शैतानले आफ्नो पासोमा पारेको छ।

ईश्वरशास्त्र अध्यापन गराउने क्रममा डा. थोमस ह्वाङ्ग संसारका धेरै पास्टर अगुवाहरूलाई भेट्नुहुन्छ। यस विषयमा उहाँ यसरी गवाही दिनुहुन्छः "म परमेश्वरको सेवकाइको दौरानमा विभिन्न राष्ट्रहरूमा जान्छु तर ती ठाउँहरूमा जिम्मेवारी दिन लायकको विश्वासयोग्य पास्टर-अगुवाहरू पाउन धेरै गाह्रो हुन्छ। प्रायः तिनीहरू दुइ जिब्रे हुन्छन् र मेरोअगाडि एउटा कुरा गर्दछन् अनि मेरो पछाडि अर्कै कुरा गर्दछन्। धेरै अगुवाहरूले मलाई धोका दिएका हुनाले म जोसुकैलाई भरोसा गर्न सक्दिनँ।"

परमेश्वरको राज्य विस्तार गर्ने आत्मिक काममा किन यस्तो कुराहरू हुने गर्दछ त? किनभने धेरै पास्टर अनि अगुवाहरूका हृदय अशुद्ध भएको छ। तिनीहरूले मानिसहरूलाई धोका दिने काम गर्दछन्। काम-कुरा एकातिर कुम्लो बोकी अर्कैतिर लाग्ने केही त्यस्ता अगुवाहरूले आफ्नो मुक्ति गुमाउनेछन् र धेरै जनाचाहिँ परमेश्वरको राज्यमा उत्तराधिकार नपाएर तल्लो स्तरमा नै बस्नेछन् भनी डा. थोमस ह्वाङ्ग दुःखित हुँदै आफ्नो भावना व्यक्त गर्नुहुन्छ। यस विषयमा शिक्षा दिँदै याकूबले फेइराजो इसाईहरूलाई यसो भन्दछन्।

*"यसद्वारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौँ, र यसैद्वारा परमेश्वरको स्वरूपमा बनेका मानिसहरूलाई हामी सराप्तछौँ। एउटै मुखबाट आशीर्वाद सराप निस्कन्छन्। मेरा भाइ हो, यसो नहुनुपर्ने हो। के पानीको मूलको एउटै धाराबाट मीठो र तीतो पानी निस्कन्छ र? मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतून अथवा दाखको बोटमा अञ्जीर फल्न सक्छ र? तीतो पानीको मूलबाट पनि मीठो पानी निस्कन सक्दैन"* (याकूब ३:९-१२)।

यदि तपाईं परमेश्वरको सेवकाइ गर्ने सेवक / सेविका हुनुहुन्छ भने कृपया यस कुरामा सचेत र जागो रहनुहोस्। यस संसारमा तपाईं को हुनुहुन्छ, तपाईंसँग कस्तो शैक्षिक र ईश्वरशास्त्रीय योग्यता छ, तपाईं कति प्रख्यात र शक्तिशाली हुनुहुन्छ र तपाईंको मण्डलीको आकार कत्रो छ भन्नेजस्ता कुराहरूले स्वर्गको राज्यमा तपाईंको स्थान निर्धारण गर्दैन तर तपाईंको हृदयको अवस्थाले त्यसलाई निश्चित बनाउँदछ। हृदयमा शैतानको चरित्रहरू भएका व्यक्तिहरू यस संसारमा प्रख्यात, धनी र शक्तिशाली हुन सक्छन्। येशूको नाउँमा तिनीहरूले आश्‍चर्यकर्महरू पनि गर्दछन् र आफूसँग भएको ज्ञान-बुद्धि लगाएर चलाखीसाथ सीधा मानिसहरूलाई आफूप्रति आकर्षित गर्न र प्रयोग गर्न सक्दछन्। यस प्रकारको व्यक्तिहरूका बारेमा प्रभु येशूले २,००० वर्षअघि नै भविष्यवाणी गरिसक्नुभएको छ।

*"मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौँ? तपाईंको नाउँमा भूतहरू धपाएनौँ। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौँ र? अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ"* (मत्ती ७:२१-२३)।

हामीले बुझ्नुपर्ने मुख्य कुरा यही हो कि इसाईहरूको हृदयको अवस्था धेरै महत्वपूर्ण छ किनभने हाम्रो आत्मिक जीवनसँग यसले प्रत्यक्ष सम्बन्ध र सरोकार राख्दछ। त्यसैकारण डा. थोमस ह्वाङ्गले Ami College & Seminary मा यस विषयलाई जोड दिएर सिकाउनुहुन्छ। Ami Publication द्वारा प्रकाशित यस्ता पुस्तकहरूद्वारा नेपालका मण्डलीका अगुवाहरू र इसाईहरूले आफ्नो हृदय शुद्ध पार्न सकून् भनी उहाँ हार्दिक कामना गर्नुहुन्छ। हामी स्वर्गमा भेट हुँदा उहाँलाई अवश्य धन्यवाद दिने अवसर पाउनेछौँ। इसाईहरूलाई सांसारिक

ज्ञान-बुद्धिभन्दा स्वर्गीय ज्ञान-बुद्धिको बढी खाँचो छ। त्यस कुरालाई जोड दिँदै तीन अध्यायको अन्त्यमा याकूब यसरी लेख्दछन्।

*"तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ। शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन्, र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्"* (याकूब ३:१७-१८)।

**अध्याय ४:-** प्रायः जसो फेइराजो इसाईहरूले आफ्नो अभिलाषाहरू पूरा गर्नको लागि एक-आपसमा झगडा गर्ने गर्दछन्। त्यसकारणले गर्दा तिनीहरूले परमेश्वरसँग प्रार्थनामा मागेका कुराहरू प्राप्त गर्न सक्दैनन् भनी याकूब बताउँदछन्। यहाँ हामीले बुझ्नुपर्ने कुरा यही हो, कि फेइराजो इसाईहरूका हृदय शुद्ध हुँदैन। धन-सम्पत्ति र सांसारिक सुख-सुविधाहरूलाई तिनीहरूले आफ्नो जीवनको मुख्य लक्ष्य बनाएका हुन्छन्। यही संसारमा सधैँ बसिरहनेजस्तो गरी तिनीहरू विचार गरी त्यहीअनुरूप व्यवहार गर्ने गर्दछन्। तिनीहरूले प्रसस्त धन-सम्पत्ति र जग्गा-जमिन जम्मा गर्दछन् तर गरिब, विधवा, अनाथ र खाँचोमा परेकाहरूलाई कुनै सहायता गर्दैनन्। त्यस्ताखाले स्वार्थी व्यक्तिहरूलाई याकूब यसो भन्दछन्: *"यसकारण आफैलाई परमेश्वरको अधीनमा राख। दियाबलसको विरोध गर, त्यो तिमीहरूबाट भाग्नेछ। परमेश्वरको नजीक आओ, र उहाँ तिमीहरूका नजीक आउनुहुनेछ। पापी हो! तिमीहरूका हात चोखा पार। दोमनका मानिस हो! तिमीहरूका हृदय शुद्ध पार। दुःखी होओ, शोक गर, र रोओ। तिमीहरूको हाँसो शोकमा, र तिमीहरूको आनन्द खिन्नतामा परिणत होस्। प्रभुको सामने आफूलाई विनम्र तुल्याओ, र उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ"* (याकूब ४:७-१०)।

वास्तवमा भन्ने हो भने मानिसको जीवन केही समयको लागि देखापर्ने तुवाँलोजस्तो हो तर यो कुरा फेइराजो इसाईहरूले बुझ्न सक्दैनन्। प्रायः चिसो मौसममा बिहान कुहिरो लाग्दछ तर केही समयपछि त्यो स्वतः हराएर जान्छ। मानिसको जीवन पनि त्यस्तै हो। यो संसारमा केही समय बसेपछि सबैजना यहाँबाट हराएर जान्छन्; कोही पनि यहाँ लामो समयसम्म बस्न सक्दैनन्। यो ध्रुवसत्य हो कि धनी, शक्तिशाली, प्रख्यात जस्तोसुकै भए तापनि एक दिन सबैले यो संसार छोड्नुपर्छ। परमेश्वरले मानिसलाई कति दिनसम्म यहाँ राख्नुहुन्छ कसैले भन्न सक्दैन। फेइराजो इसाईहरूले यी कुरा बुझ्न सक्दैनन् र कतिले चाहिँ बुझेर पनि बुझ पचाउँदछन्।

**अध्याय ५:-** यो अन्तिम अध्याय हो र यसमा याकूबले फेइराजो र फेइरास्मोस दुवै प्रकारका इसाईहरूलाई शिक्षा दिएका छन्। उनले सुरुमा धनी फेइराजो इसाईहरूलाई सांसारिक धन-सम्पत्तिले स्वर्गीय स्थान र परमेश्वरका इनाम किन्न सकिँदैन भन्ने विषयमा शिक्षा दिएका छन्। याकूबको समयको फेइराजो इसाईहरूले अरूलाई अन्याय गरी अनुचित प्रकारले थुप्रै धन-सम्पत्ति जम्मा गरेका थिए। मजदूरहरूले पाउनुपर्ने ज्याला पनि तिनीहरू दिँदैनथे। याकूबले त्यस्ता व्यक्तिहरूलाई हप्काएका छन्। याकूब १:१३-५:६ सम्म फेइराजो इसाईहरूलाई शिक्षा दिइसकेपछि अन्तिम खण्ड (याकूब ५:७-२०) मा याकूबले फेइरास्मोस इसाईहरूका लागि उत्साह मिल्ने स्वर्गीय आशाको विषयमा चर्चा गरेका छन्। फेइरास्मोस इसाईहरू दुःख-कष्टहरू आइपर्दा आनन्दित हुनुपर्दछ भन्ने कुरा उनले पहिलो अध्यायको सुरुमा लेखेका छन्। पाँचौ अर्थात् यस अन्तिम अध्यायको अन्तिम खण्डमा चाहिँ उनले फेइरास्मोस इसाईहरूलाई धैर्यताको बारेमा शिक्षा दिएका छन्। कहिलेकाहीँ इसाईहरूले धार्मिक, राजनैतिक, आर्थिक, सामाजिक र पारिवारिक संकष्टहरू भोग्नुपर्ने हुन्छ। जस्तोसुकै आपत्-विपत् आइपरे तापनि भविष्यमा पाइने स्वर्गीय

आशिष्को अपेक्षा गरेर त्यसलाई आनन्दको कुरा सम्झेर स्वीकार गर्नुपर्दछ। किसानले फलस कटनी गर्ने ठूलो आशा बोकेर खेती गर्दछ। जाडो-गरम केही नभनी उसले जमिन खन-जोत गर्दछ, बीउ रोप्दछ, त्यसलाई गोडमेल गर्दछ, पानी हाल्ने गर्दछ। त्यसरी दुःख गरेपछि एक दिन उसले प्रसस्त अन्न कटनी गरी रमाउन पाउँदछ। यस विषयमा परमेश्‍वरको वचनमा यसरी लेखिएको छः *'आँसुको साथमा छर्नेहरूले आनन्दका गीत गाउँदै कटनी गर्नेछन्। जो रुँदै-रुँदै बीउ बोकेर छर्न जान्छ, त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीत गाउँदै फर्कनेछ'* (भ.सं. १२६ः५-६)। परमेश्‍वरको राज्यको काम गर्ने सेवक / सेविकाहरूले त्यस्तै मनोवृत्ति राख्नुपर्दछ भनी याकूब यसरी लेख्दछन्।

*"यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर। हेर, भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण गरेर पर्खिरहन्छ। तिमीहरूले पनि धैर्य धारण गर। आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन नजिकै छ। भाइ हो, एउटाले अर्काको विरुद्धमा गनगन नगर, नत्रता तिमीहरू दोषी ठहरिनेछौ। हेर, न्यायकर्ता ढोकैमा हुनुहुन्छ"* (याकूब ५ः७-९)।

आफ्नो पत्रको अन्तमा याकूबले 'धैर्य बन, आफ्नो हृदयलाई बलियो र शुद्ध बनाउँदै जाओ, प्रभुमा गरेको काम कहिल्यै व्यर्थ हुँदैन' भनी फेइरास्मोस इसाईहरूलाई उत्साह दिएका छन्। सन्त पावल यसो भन्छन्ः *"यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो। प्रभुको काममा सधैँ बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन"* (१ कोरिन्थी १५ः५८)।

# याकूबको पत्रमा उल्लेखित चार किसिमका इसाईहरू

## FOUR KINDS OF CHRISTIANS DESCRIBED IN THE EPISTLE OF JAMES

याकूबको पत्रलाई अध्ययन गर्दै यहाँसम्म आइपुग्दा दुइ प्रकारका इसाईहरू (फेइरास्मोस र फेइराजो) -का बारेमा हामीले प्रशस्त कुरा थाहा पाइसक्यौँ। गहिरिएर अध्ययन गर्दा यी समूहभित्र अरू दुइ उप-समूहहरू भएको कुरा पत्ता लाग्दछ। त्यसकारण याकूबको पत्रको संरचनालाई विस्तृत रूपमा व्याख्या गर्ने क्रममा इसाईहरूलाई चार समूहमा विभाजन गर्न सकिन्छ।

१. धनी फेइरास्मोस इसाईहरू (Rich Pheirasmos Christians)
२. गरिब फेइरास्मो इसाईहरू (Poor Pheirasmos Christians)
३. धनी फेइराजो इसाईहरू (Rich Pheirazo Christians)
४. गरिब फेइराजो इसाईहरू (Poor Pheirazo Christians)

अब हामी यी चार प्रकारका इसाईहरूलाई एक-एक गरी अध्ययन गर्नेछौँ।

**१. धनी फेइरास्मोस इसाईहरू** :- यस वर्गमा पर्ने इसाईहरूसँग प्रसस्त धनसम्पत्ति हुन्छ र उनीहरू परमेश्वरको राज्य विस्तार गर्ने काममा विश्वासयोग्य (Faithful) हुन्छन्। कतिपय इसाईहरू प्रसस्त धन-सम्पत्ति पाएपछि भ्रष्ट भएर परमेश्वरबाट टाढा जान्छन् तर फेइरास्मोस इसाईहरूले जत्ति धन-सम्पत्ति पाए पनि कहिल्यै परमेश्वरबाट टाढा जाँदैनन् बरू उहाँप्रति अझ समर्पित हुन्छन्। जस्तोसुकै आपत्-विपत् आइपरे तापनि तिनीहरू आफ्नो विश्वासमा स्थिर रहन्छन्। आफूसँग भएको धन-सम्पत्तिद्वारा तिनीहरूले परमेश्वरको महिमा गर्ने गर्दछन्। विधवा, अनाथ, गरिब र परमेश्वरको सेवकाइ गर्ने व्यक्तिहरूलाई तिनीहरूले आर्थिक रूपमा सहायता गर्ने गर्दछन् तर मण्डलीमा यस्ता इसाईहरूको सङ्ख्या न्यून मात्रामा मात्र हुन्छ। यस्ता आशिषित व्यक्तिहरूले प्रशस्त धन-सम्पत्ति पाए पनि तर्किएर जाँदैनन् भन्ने कुरा परमेश्वरलाई राम्रोसँग थाहा हुन्छ। त्यति मात्र होइन यस प्रकारका असल अनि आशिषित धनी फेइरास्मोस इसाईहरूले परमेश्वरको आज्ञाहरू पनि पालन गर्दछन्। प्रभु येशूले मत्ती २२ः३७-४० मा दिनुभएको आज्ञा तिनीहरू सधैँ शिरोपर गर्ने गर्दछन्। तिनीहरूले परमेश्वरको दश आज्ञा (The Great Commandment) र प्रभु येशूको महान् आज्ञा (The Great Commission) पनि पालना गर्दछन्। साँच्चै भन्ने हो भने क्रूसको ठाडो र तेर्सो काठले पनि यही सन्देशलाई सङ्केत गर्दछ। ठाडो काठले मानिस र परमेश्वरबीचको प्रेम र सम्बन्धलाई प्रतिनिधित्व गर्दछ भने तेर्सो काठले मानिस-मानिसबीचको प्रेम र सम्बन्धलाई प्रतिनिधित्व गर्दछ।

यस वर्गमा पर्ने इसाईहरू सदैव परमेश्वरप्रति समर्पित हुन्छन्। अर्को महत्वपूर्ण कुरा के हो भने धनी फेइरास्मोस इसाईहरू कहिले पनि मूर्तिपूजातिर लाग्दैनन्। परमेश्वरलाई त्यागेर तिनीहरू पैसा, पद-प्रतिष्ठा र पारिवारिक कुराहरूमा अल्झदैनन्। विभिन्न प्रकारका दुःख-कष्ट र सतावटहरू आइपर्दा तिनीहरू झन् बलिया र जोसिला अनि परिपक्व भएर परमेश्वरको काममा अग्रसरता देखाउँदछन्। तिनीहरूका जीवनमा आइपर्ने फेइरास्मोस संकष्टले तिनीहरूलाई परमेश्वरमा भर पर्ने व्यक्तिहरू बनाउँदछ।

तिनीहरूले आफ्नो आफ्नो समाज र त्योभन्दा पनि बाहिरका मानिसहरूप्रति प्रेम र वास्ता देखाउँछन् र साथै सुसमाचार प्रचार गर्ने गर्दछन्। मिसनको कामको लागि तिनीहरूले प्रसस्त धनराशी (Mission Fund) दिने गर्दछन्, जसबाट प्रभुमा थुप्रै आत्माहरू जित्ने काममा सहायता पुग्दछ। तिनीहरूका आर्थिक सहायताले गर्दा आत्मामा मरिरहेका धेरै मानिसहरूले नयाँ जीवन पाउँदछन्। त्यस्ता व्यक्तिहरूले आफ्नो काम व्यवसायमा परमेश्वरबाट प्रसस्त आशिष् पाउनेछन् र फलस्वरूप तिनीहरूका व्यापार व्यवसाय अझ उन्नति प्रगति हुँदै जान्छ। भविष्यमा त्यस्ता इसाईहरूले प्रभु येशूबाट जीवनको मुकुट पाउनेछन्।

**२. गरिब फेइरास्मोस इसाईहरूः**- यस वर्गमा पर्ने इसाईहरू आर्थिक रूपमा गरिब हुन्छन् तापनि तिनीहरू परमेश्वरको आज्ञा पालन गर्ने र विश्वासयोग्य व्यक्तिहरू हुन्छन्। तिनीहरूसँग धन-सम्पत्ति नभए तापनि तिनीहरूले परमेश्वरको दश आज्ञा (The Great Commandment) र प्रभु येशूको महान् आज्ञा (The Great Commission) पालन गर्ने गर्दछन्। तिनीहरू उहाँको वचनप्रति आज्ञाकारी भएर सदैव उहाँमा समर्पित हुन्छन्। यस संसारमा रहुञ्जेल तिनीहरूले धार्मिक सङ्कष्ट, सामाजिक सङ्कष्ट, आर्थिक सङ्कष्ट, राजनैतिक सङ्कष्ट र पारिवारिक सङ्कष्ट भोग्नुपर्दछ तापनि तिनीहरू आफ्नो विश्वासमा स्थिर रहिरहन्छन्। यस प्रकारका गरिब फेइरास्मोस इसाईहरू संसारको प्रायः सबै मण्डलीहरूमा पाइन्छन् विशेष गरी गरिब राष्ट्रहरूमा तिनीहरू प्रशस्त मात्रामा हुन्छन्। तिनीहरूले समाजका अरू मानिसहरूबाट मात्र होइन आफ्नै मण्डलीभित्र पनि इसाई दाजुभाइ दिदीबहिनीहरूबाट हेला, घृणा, तिरस्कारजस्ता भेदभावहरू सहनुपर्दछ। आर्थिक रूपमा साथै शैक्षिक रूपमा तिनीहरू कमजोर हुने भएकोले गर्दा धेरैले तिनीहरूलाई हेप्ने गर्दछन्। त्यस्तो अवस्थामा तिनीहरू परमेश्वरसँग यसरी प्रार्थना गर्दछन्ः "प्रभु, तपाईंबाहेक मेरो अरू कोही पनि छैन; सबैले मलाई घृणा गर्दछन् तर तपाईंले प्रेम गर्नुहुन्छ। कृपा गरेर मलाई सहायता गर्नुहोस्। मलाईं सधैं तपाईंको नजिक राख्नुहोस्। जस्तै परिस्थिति आई परे तापनि म तपाईंबाट टाढा हुन चाहन्नँ।"

संसारभरिका मण्डलीहरूलाई अवलोकन गर्दा यस्ता इसाईहरू करिब २०% हुनसक्ने अनुमान छ। अहिले तिनीहरू कमजोर र निम्नस्तरका देखिए तापनि परमेश्वरको राज्यमा तिनीहरू अवश्य ठूलो राजकीय पदमा अवस्थित हुनेछन्। परमेश्वरले उहाँको ईश्वरीय योजना (Divine Plan) अनुसार केही इसाईहरूलाई धनी तर केहीलाई गरिब नै रहन दिनुहुन्छ। उहाँ सृष्टिकर्ता (Creator), सर्वज्ञानी (Onmiscience), सर्वशक्तिमान् (Omnipotent), सर्वव्यापि (Omnipresence) र सार्वभौम सम्पन्न (Sovereignty) परमेश्वर हुनुहुन्छ; त्यसैले उहाँको निर्णयमाथि हामी कुनै प्रश्न गर्न सक्दैनौं। कुन व्यक्तिलाई धन-सम्पत्ति दिनुहुन्छ र कुन व्यक्तिलाई दिनुहुँदैन भन्ने कुरा हामीलाईभन्दा उहाँलाई राम्रोसँग थाहा छ। हामीले बुझ्नुपर्ने कुरा के हो भने रुपैयाँ-पैसाको निम्ति हामीले परमेश्वरसँग घरी-घरी प्रार्थना गरिरहनु आवश्यक छैन। असल इसाईहरूले एक-दुइपटक त्यसको निम्ति प्रार्थना गर्दछन् र परमेश्वरबाट उत्तर पाउने विश्वासमा प्रतिक्षा गरिरहन्छन। उहाँ हाम्रो स्वर्गीय पिता हुनुहुन्छ; आफ्नो छोराछोरीको आवश्यक्ताहरू उहाँलाई राम्रोसँग थाहा छ र यो कुरा पनि थाहा छ कि के कुरा दियो भने हामी गलत बाटोतिर तर्केर जान्छौं। उहाँले हामीलाई रुपैयाँ-पैसा मात्र होइन अरू सबै आवश्यक्ताहरू पनि जुटाइदिनुहुन्छ तर हामीले सबैभन्दा पहिले उहाँको राज्य र धार्मिकताको खोजी गर्नुपर्दछ (मत्ती ६ः३३)। कतिपय इसाईहरूले प्रायः परमेश्वरसँग अनि मानिसहरूसँग पैसा मागिरहन्छन्, जुन कुरा गलत हो। त्यस्तो मनोवृत्ति भएको अगुवाहरू यसो भन्ने गर्दछन्ः "म परमेश्वरको महान् आज्ञाअनुसार सुसमाचार प्रचार गर्न अनि मण्डलीको सेवकाइ गर्न चाहन्छु तर

मलाई यसको निम्ति थुप्रै रुपैयाँ-पैसा चाहिन्छ। यदि तपाईंले येशूको नाउँमा मलाई रुपैयाँ-पैसा दिनुभयो भने त्यसबाट परमेश्वरको ठूलो महिमा हुनेछ। कृपया, सेवकाइको निम्ति मलाई पैसा दिनुहोस्; परमेश्वरले तपाईंलाई प्रसस्त आशिष् दिनुहुनेछ।" यस्ता व्यक्तिहरूको कुरा सुन्दा तिनीहरूले परमेश्वरमा भन्दा बढी मानिसहरूमा भर परेको जस्तो देखिन्छ अनि तिनीहरू परमेश्वरका सेवक / सेविकाभन्दा भिखारीजस्तो देखिन्छन्। वास्तवमा भन्ने हो भने स्वर्गको राज्यको सेवकाइ गर्ने व्यक्तिले भौतिक कुराहरूको लागि आफ्नो आत्मसम्मान,विवेक र स्वाभिमान बेच्नुहुँदैन।

डा. थोमस ह्वाङ्ग Ami Missions र Ami College & Seminary को संस्थापक अध्यक्ष हुनुहुन्छ। उहाँले विभिन्न राष्ट्रका विद्यार्थीहरूलाई ईश्वरशास्त्र अध्यापन गराउनुहुन्छ साथै विभिन्न भाषामा ईश्वरशास्त्रीय पुस्तकहरू प्रकाशन गरेर मण्डलीका अगुवाहरूलाई आत्मिक रूपमा सुसज्जित पार्न सहयोग गर्नुहुन्छ। परमेश्वरको राज्य विस्तारको कामको लागि आवश्यक कुराहरू उहाँले नै जुटाउनुहुन्छ भन्ने बारेमा उहाँ यसरी गवाही दिनुहुन्छः "परमेश्वरको सेवकाइको निम्ति पैसा दिनुहोस् भनी म कहिले पनि मानिसहरूसँग हात फैलाउँदिनँ। म केवल यस विषयमा परमेश्वरसँग प्रार्थना गर्दछु र उहाँले कसरी अनि कुन माध्ययमद्वारा उत्तर पठाउनुहुन्छ भनेर प्रतिक्षा गर्ने गर्दछु। प्रार्थना गरेको केही समयपश्चात् कुनै व्यक्ति अचम्म प्रकारले मेरो कार्यालयमा यसो भन्ने गर्दछ, 'पा. ह्वाङ्ग, म तपाईंको सेवकाइको लागि केही रकम दिन चाहन्छु, किनभने प्रार्थना गर्दैगर्दा प्रभु येशूले यस विषयमा मसँग बोल्नुभयो।' यस्तो घटना एकपटक मात्र होइन, प्रायः भइरहन्छ र यस्तै प्रकारका आश्चर्यलाग्दो घटनाहरूद्वारा जुट्ने आर्थिक सहायतामार्फत Ami Missions को सेवकाइले अहिलेसम्म निरन्तरता पाइरहेको छ। अहिले तपाईंको हातमा भएको यो पुस्तक पनि त्यस्तै आश्चर्यकर्मको एउटा उदाहरण हो। विभिन्न भाषाहरूमा पुस्तक छपाउन अनि Ami College & Seminary मा बसेर ईश्वरशास्त्र अध्ययन गर्ने विद्यार्थीहरूलाई खुवाउन-पियाउन र अरू प्रशासनिक व्यवस्थाहरू मिलाउन ठूलो धनराशीको आवश्यक्ता पर्दछ। त्यो रकम परमेश्वरको राज्यलाई विस्तार गर्ने हेतुले खर्च गरिने हुनाले आवश्यक पर्ने आर्थिक अनि अन्य भौतिक कुराहरू उहाँले नै जुटाउनुहुन्छ भन्ने कुरामा भरोसा गरेर मेरो सम्पूर्ण जीवन उहाँमा नै समर्पण गरेको छु। आमिन!"

हाम्रो जीवन पनि यस्तै हुनसक्यो भने हाम्रो समाज र देशलाई परिवर्तन गर्न धेरै समय लाग्दैन। यहाँका लाखौं व्यक्तिहरूले अझै पनि प्रभु येशूको सुसमाचार सुन्न पाएका छैनन्। केही इसाई संस्थाहरूले गरेको सर्वेक्षणअनुसार नेपालको ९०% भन्दा बढी मानिसहरूले प्रभु येशूको प्रेम र अनुग्रहलाई अनुभव गर्न पाएका छैनन।

**३. धनी फेइराजो इसाईहरूः**- यस वर्गमा पर्ने इसाईहरूसँग प्रसस्त धन-सम्पत्ति र थुप्रै जग्गा-जमिन हुने गर्दछ। याकूबको समयका धनी फेइराजो इसाईहरूले अन्यायपूर्वक धेरै सम्पत्ति कमाएका थिए। अफसोसको कुरा के हो भने यस वर्गमा पर्ने इसाईहरूले आफ्नो धन-सम्पत्ति परमेश्वरको राज्यविस्तारको काममा लगानी गर्दैनन्। तिनीहरूका हृदय कठोर भएकोले गर्दा विधवा, अनाथ, गरिब र खाँचोमा परेका व्यक्तिहरूलाई कुनै सहायता गर्दैनन्। प्रायः तिनीहरू विभिन्न सुख-सुविधाहरू उपभोग गरी विलासितापूर्ण जीवन बिताउने गर्दछन्। यस्ता धनी इसाईहरूलाई याकूबले पत्रमार्फत थुप्रै शिक्षा दिएका छन्। अर्को कुरा के हो भने तिनीहरू विश्वासयोग्य हुँदैनन् र परमेश्वरको दश आज्ञा र प्रभु येशूको महान् आज्ञा पनि पालन गर्दैनन्। मिसनको काममा पनि तिनीहरूले कुनै चासो देखाउँदैनन्। शनिवारको आराधना सेवामा तिनीहरू मण्डलीमा देखा त पर्दछन् तर तिनीहरूको क्रियाकलापहरू

हेर्दा परमेश्वरप्रति कुनै समर्पणता देखिँदैन। यस प्रकारको इसाईहरूलाई नामधारी इसाई (Nominal Christian) भनिन्छ। याकूबको समयमा मात्र होइन अहिले पनि यस्ता धनी फेइराजो इसाईहरू प्रसस्त मात्रामा पाइन्छन्। डा. थोमस ह्वाङ्गको आँकडाअनुसार संसारको इसाईहरूमध्ये करिब ८०% इसाईहरू यस वर्गमा पर्दछन्।

**४. गरिब फेइराजो इसाईहरूः**- यस वर्गमा पर्ने इसाईहरूसँग धन-सम्पत्ति हुँदैन। परमेश्वरको सेवकाइप्रति तिनीहरूले चासो देखाउँदैनन् र तिनीहरू विश्वासयोग्य पनि हुँदैनन्। यस वर्गमा पर्ने इसाईहरूले परमेश्वरको दश आज्ञा र प्रभु येशूको महान् आज्ञा पालन गर्दैनन्। मत्ती २२ः३७-४० सम्मको वचनलाई तिनीहरूलाई ध्यान दिँदैनन्। प्रायःतिनीहरू गनगन गरिरहन्छन्। प्रायः तिनीहरू अरूको विरोध गरी कुरा काट्ने काम गरिरहन्छन्। तिनीहरूले परमेश्वरको वचन र उहाँप्रति समर्पणता देखाउँदैनन्। त्यसैले गरिब फेइराजो इसाईहरूका जीवन आशिष्मय हुँदैन।

यस पाठमा हामीले चार प्रकारका फरक इसाईहरूका बारेमा हेर्‍यौँ र यो कुरा थाहा पायौँ कि फेइरास्मोस र फेइराजो इसाईहरूलाई दुइ समूहमा वर्गिकरण गर्न सकिन्छ। इसाई इतिहासमा हेर्ने हो भने पहिलो शताब्दीको (याकूबको समयको) मण्डलीहरूमा ती चारै प्रकारका इसाईहरूका उपस्थिति थियो र अहिलेको एक्काइसौँ शताब्दीको मण्डलीहरूमा पनि तिनीहरूको उपस्थिति छ। यस विषयमा निष्कर्षमा भन्नुपर्दा फेइरास्मोस इसाईहरू धन्यका हुन्, किनभने चाहे धन-सम्पत्ति होस् वा नहोस् तिनीहरू परमेश्वरप्रति समर्पित र विश्वासयोग्य हुन्छन्। फेइराजो इसाईहरूचाहिँ त्यस्ता हुँदैनन्। तिनीहरू परमेश्वरको वचनप्रति पनि आज्ञाकारी हुँदैनन्। त्यसैकारण याकूबले आफ्नो पत्रमार्फत तिनीहरूको मोनोवृत्ति र जीवनशैलीमा परिवर्तन ल्याउन चाहन्थे।

यस विषयमा हामीले बुझ्नु पर्ने कुरा यही हो कि प्रभु येशूको निर्देशनमा याकूबले आफ्नो पत्रमा फेइराजो इसाईहरूका लागि महत्वपूर्ण शिक्षा दिएका छन् भने फेइरास्मोस इसाईहरूका लागि उत्साहका वचनहरू लेखेका छन्।

याकूबको पत्रबाट हामीले पाउने चुनौति के हो भने ती चार वटा इसाई समूहहरूमध्ये हामी कुन वर्गमा पर्दछौँ त? यसबारे आफूले आफैलाई मूल्याङ्कन गरी परमेश्वरको महिमा हुने काममा आफ्नो जीवनलाई सपर्मण गर्नु नै हाम्रो मुख्य कर्तव्य हो। हामी जहाँ छौँ, जस्तो अवस्थामा छौँ, जे कुरा हामीसँग उपलब्ध छ त्यसैबाट परमेश्वरको महिमा गर्नुपर्दछ। हामीले असल फेइरास्मोस इसाई हुने प्रयत्न गर्नुपर्दछ ताकि परमेश्वरको राज्यमा हामी उच्च स्थानमा रहन र विभिन्न उत्तराधिकारहरू पाउन सकौँ। प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू आउनुहोस्, अहिलेदेखि नै त्यो कामको लागि हामी सही प्रकारले अभ्यास गर्न सुरु गरौँ।

# मानिसमा हुने तीन भागहरूका सिद्धान्त

## THE DOCTRINE OF TRICHOTOMY

*"शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त **आत्मा, प्राण र शरीर** हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्।"*

(१ थेसलोनिकी ५ः२३)

[चित्र नं.- ६ ः शरीर, प्राण र आत्माको तालिका राख्ने]

इसाईहरूले मानिसको बनावट (संरचना)-को बरेमा थाहा पाउनु अति नै महत्वपूर्ण छ। यस विषयमा विशेष गरी दुइ वटा सिद्धान्तहरू प्रचलित छन्। पहिलो सिद्धान्तले के भन्दछ भने मानिसमा दुइ भागहरू हुन्छन्। शरीर एक भाग हो अनि प्राण र आत्मा अर्को भाग हो। यसरी मानिसलाई दुइ भागमा विभाजन गर्ने सिद्धान्तलाई 'डाइकोटोनिजम्' (Dichotonism) भनिन्छ। केही बाइबलीय आधारहरूअनुसार ईश्वरशास्त्रीहरूले यस प्रकारको शिक्षा दिने गर्दछन्। उनीहरूका विचारअनुसार मानिसको प्राण र आत्मा भनेको एउटै कुरा हो। तर हिब्रू ४ः१२ ले यी दुइ कुराहरू फरक हुन् भनेर स्पष्ट रूपमा बताउँदछ। त्यहाँ 'प्राण' र 'आत्मा' (तर 'प्राण' अथवा 'आत्मा' होइन) भनी उल्लेख गरिएको छ। त्यसकारण प्राण र आत्मा एउटै हो भन्ने डाइकोटोनिजम्को सिद्धान्त बाइबलीय दृष्टिकोणले सही ठहर्दैन। दोस्रो सिद्धान्तले मानिसमा तीन भागहरू हुन्छन् भनेर बताउँदछ र तिनीहरू यस प्रकारका छन्।

१. शरीर (Body)
२. प्राण (Soul)
३. आत्मा (Spirit)

यसरी मानिसलाई तीन भागहरूमा विभाजन गर्ने सिद्धान्तलाई 'ट्राइकोटोनिजम्' (Trichotonism) भनिन्छ। यस सिद्धान्तलाई १ थेसलोनिकी ५ः२३ द्वारा प्रमाणित गर्न सकिन्छ। पावलले उक्त खण्डमा भनेझैं हामीले आफ्नो शरीर, प्राण र आत्मालाई प्रभु येशूको आगमनसम्मै निष्खोट र निष्कलङ्क राख्नुपर्दछ। यी तीन पक्षहरूलाई हामीले स्वस्थ, सन्तुलित र सुरक्षित राखी परमेश्वरको महिमा गर्नुपर्दछ। अर्को कुरा के हो भने शरीर, प्राण र आत्मा एक आपसमा अन्तरसम्बन्धित (Inter-related) हुन्छन्। यी तीनमध्ये यदि एउटा पक्ष कमजोर भयो भने त्यसको असर बाँकी दुइ पक्षहरूमा पर्दछ। उदाहरणको लागि यदि कुनै इसाईको शरीर कमजोर अथवा रोगी छ भने त्यसले उसको प्राण र आत्मालाई प्रभाव पार्दछ। त्यस्तै गरी प्राण अथवा आत्मामा परेको असरले शरीरमा प्रभाव पार्दछ। हामीले बुझ्नुपर्ने कुरा के हो भने प्राणको घर शरीर हो अनि आत्माको घरचाहिँ प्राण हो। शरीर, प्राण र आत्मा स्वस्थ भएको व्यक्ति सम्पूर्ण रूपमा स्वस्थ ठहर्छ। तर तीमध्ये कुनै एकको अवस्था ठीक छैन भने त्यस कुराले उक्त व्यक्तिलाई निष्खोट र निष्कलङ्क सावित गर्दैन। यस कुरालाई राम्रोसँग बुझाउनको लागि यहाँ एउटा तालिका राखिएको छ।

[चित्र नं.- ७ ः आठ किसिमको इसाईहरूको तालिका राख्ने]

यस तालिकामा शरीर, प्राण र आत्माको आधारमा इसाईहरूलाई आठ समूहमा वर्गिकरण गरिएको छ। यदि तपाईं मण्डलीको अगुवा अथवा परमेश्वरको सेवक / सेविका हुनुहुन्छ भने आफ्नो मण्डली समुदायको मानिसहरूलाई यस

तालिकाको सहायताले चिन्नुपर्दछ र तिनीहरूलाई त्यहीअनुरूपको शिक्षा दिनुपर्दछ। अब हामी यस तालिकामा उल्लेख भएको आठ प्रकारको इसाईहरूबारे चर्चा गर्नेछौँ।

**पहिलो व्यक्तिः**- यो व्यक्ति शारीरिक रूपमा स्वस्थ अनि बलियो छ। उसको प्राणको क्षेत्र अथवा चरित्र पनि राम्रो छ। तर आत्माको क्षेत्रमा ऊ कमजोर छ, जसले गर्दा ऊ आत्मिक रूपमा अन्धो हुन्छ।

**दोस्रो व्यक्तिः**- यो व्यक्तिको शरीर र आत्माको क्षेत्र राम्रो छ तर प्राणको क्षेत्रचाहिँ खराब छ। उसको चरित्र ठीक छैन। ऊ चाँडै नै रिसाउने अनि झर्किने गर्दछ तर अरूसँग कुराकानी गर्दा 'म आत्मिकी इसाई हुँ' भनी भन्ने गर्दछ। उसँग भएको बाइबलीय ज्ञान-बुद्धि र क्षमताअनुसार अरूलाई सिकाउने अनि प्रचार गर्ने गर्दछ तर उसको चरित्र राम्रो नभएको कारणले गर्दा त्यसबाट अरूको जीवन परिवर्तन हुन सक्दैन।

**तेस्रो व्यक्तिः**- यो व्यक्तिको शरीर ठीक छ तर प्राण र आत्माको पक्षचाहिँ खराब छ। बाहिरबाट हेर्दा यो व्यक्ति राम्रो अनि स्वस्थ देखिन्छ तर नजिक गएर अवलोकन गर्दा  उसको चरित्र राम्रो हुँदैन र आत्मिक रूपमा पनि ऊ अन्धो हुन्छ।

**चौथो व्यक्तिः**- यो व्यक्तिको शरीर र प्राणको अवस्था कमजोर छ तर आत्मिक पक्षचाहिँ ठीक छ। यस्तो व्यक्ति शारीरिक रूपमा रोगी हुन्छ, उसको चरित्र राम्रो हुँदैन तर प्रायः बाइबल पढिरहन्छ, प्रार्थना गरिरहन्छ र कुराकानी गर्दाखेरि हल्लेलूयाह–आमिनजस्ता शब्दहरू दोहोऱ्याइरहन्छ।

**पाँचौँ व्यक्तिः**- यो व्यक्तिको शरीर र आत्मा ठीक छ तर चरित्र ठीक छैन। उसले अरूलाई चोट पुग्ने गरी बोल्ने र त्यस्तै प्रकारले व्यवहार गर्ने गर्दछ तर आफू 'आत्मिकी छु' भनेर घोषणा गर्ने गर्दछ।

**छैठौँ व्यक्तिः**- यो व्यक्तिको शरीर कमजोर छ तर प्राण र आत्माको पक्षचाहिँ असल छ। ऊ रोगी भए तापनि अरूलाई शान्ति अनि सान्त्वना दिने गर्दछ र बाइबलबाट परमेश्वरको वचनहरू सिकाउने गर्दछ। यस्ता व्यक्तिहरूको चरित्र राम्रो हुन्छ र यिनीहरू सांसारिक कुराहरूमा भन्दा स्वर्गको राज्यमा बढी भर पर्दछन्।

**सातौँ व्यक्तिः**- यो व्यक्तिको शरीर, प्राण र आत्मा तीनै वटा पक्ष खराब छ तर मानिसहरूले उसलाई 'इसाई' भनेर चिन्छन्। यस्तो व्यक्तिको कारणले समाजमा इसाईहरूबारे नकारात्मक संदेश प्रवाह हुन्छ।

**आठौँ व्यक्तिः**- यो व्यक्तिचाहिँ १ थेसलोनिकी ५:२३ अनुसारको मानिस हो किनभने उसको शरीर, प्राण र आत्मा ठीक छ। यस्तो व्यक्ति आशिषित हुन्छ किनभने ७० / ८० वर्षको उमेरमा पनि ऊ शारीरिक रूपमा हट्टा-कट्टा देखिन्छ अनि उसको व्यक्तित्व र चरित्रले धेरैलाई सकारात्मक प्रभाव पार्दछ। उसद्वारा धेरैले सुसमाचार ग्रहण गरी नयाँ जीवन पाउँदछन्। धेरै मानिसहरूले उसलाई पछ्याउँछन् र वृद्ध अवस्थामा पनि उसले जोसिलो भएर परमेश्वरको सेवकाइ गरिरहन्छ।

यदि हामी यो आठौँ व्यक्तिजस्तो हुन चाहन्छौँ भने आफ्नो शरीर, प्राण र आत्मालाई सही अनि स्वस्थ अवस्थामा राख्नुपर्दछ। यी तीन कुराहरूलाई महत्व दिएर त्यहीअनुरूपको जीवनशैली बनाउने इसाईहरूलाई परमेश्वरले दिर्घायु बनाएर अरूको निम्ति आशिष्को माध्यम बनाउनुहुन्छ। अब हामी

शरीर, प्राण र आत्माको विषयमा चर्चा गर्नेछौँ। सबैभन्दा पहिले मानव शरीरको बारेमा केही चर्चा गरौँ।

**शरीरमा हुने तत्वहरू** (Components of the Body)

मानव शरीर विभिन्न कुराहरू मिलेर बनेको हुन्छ, जस्तैः मासु, हाँड, नसा, रगत र पानी आदि। मानिसको शरीरमा पाँच वटा ज्ञानेन्द्रियहरू हुन्छन्, जसले दिमागलाई विभिन्न कुराहरूको जानकारी दिँदछ। हाम्रो शरीरमा भएका ती महत्पूर्ण अङ्गहरू आँखा, कान, नाँक, जिब्रो र छाला हुन्। यीबाहेक हात, खुट्टा र प्रजनन अङ्ग पनि मानिसको लागि अति नै आवश्यक अङ्गहरू हुन्। मानिसको शरीरमा बाहिरबाट देख्न नसकिने थुप्रै आन्तरिक अङ्गहरू हुन्छन्, जस्तैः मुटु, कलेजो, फोक्सो, आन्द्रा, मृगौला आदि। हामीले यी बाह्य अनि आन्तरिक दुवै प्रकारका अङ्गहरूबारे थाहा पाउनुपर्दछ र तिनीहरूलाई सही प्रकारले वास्ता पुऱ्याउनुपर्दछ।

**शरीरको खानाहरू** (Food for the Body)

मानिसले विभिन्न प्रकारका खानेकुराहरू खाने गर्दछ, जस्तैः भात, दाल, तरकारी, रोटी, ढिँडो, आलु, साग-सब्जी, फलफूल, गेडागुडी, दही-दूध, माछा-मासु, अचार र पानी इत्यादि। फरक-फरक ठाउँमा बसोवास गर्ने मानिसहरूले त्यहाँको भौगोलिक अवस्थाअनुसार फरक-फरक खानेकुराहरू खाने गर्दछन्। मानिसले विभिन्न प्रकारका खानेकुराहरूबाट निम्तलिखत पौष्टिक तत्वहरू प्राप्त गर्दछ।

१. कार्बोहाइड्रेट (Carbohydrate)
२. प्रोटिन (Protein)
३. भिटामिनहरू (Vitamins)
४. रेसादार पदार्थ (Fiber)
५. लवण तथा खनिजहरू (Salts and Minerals)
६. पानी (Water)

हाम्रो शरीरलाई यी सबै कुराहरू ठीक-ठीक मात्रामा आवश्यक पर्दछ। अब हामी एक-एक गरी यी तत्वहरूबारे चर्चा गर्नेछौँ।

**कार्बोहाइड्रेटः-** भात, रोटी, ढिँडो, आलु, सकरखण्ड, चिनीजस्ता खानेकुराहरूद्वारा मानिसको शरीरले कार्बोहाइड्रेट प्राप्त गर्दछ। यसले हामीलाई काम गर्नको निम्ति शक्ति दिन्छ। कार्बोहाइड्रेट भएको कुराहरू खाएर त्यसलाई पूर्ण रूपमा प्रयोग गरिएन भने त्यो बोसोमा परिवर्तन हुन्छ र त्यो शरीरको विभिन्न भागहरूमा जम्मा हुन थाल्दछ। शरीरमा बोसोको मात्रा बढ्दै गएपछि मानिस मोटाउन थाल्दछ र मोटोपनले विभिन्न रोगहरू निम्त्याउँछ, जस्तैः उच्च रक्तचाप, अल्छीपना, ग्यास्ट्रिक, मधुमेह आदि। हाम्रो शरीरमा कार्बोहाइड्रेटको कमी भयो भने जम्मा भएर बसेको बोसोबाट त्यसको आपूर्ति हुन्छ। यदि हामी लामो समयसम्म उपवास बस्यौँ भने शरीरको बोसो बिस्तारै पग्लन्छ र त्यसबाट कार्बोहाइड्रेट निस्केर हामीलाई शक्ति दिन्छ। साँच्चै भन्ने हो भने परमेश्वरले हाम्रो शरीरको बनावट र सञ्चालन प्रक्रियालाई अचम्म अनि अद्भुत रीतिले बनाउनुभएको छ। यसबारे राजा दाऊदले हामीलाई यसरी बताउनु हुन्छ।

*... तपाईंले नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो, तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो। म तपाईंको प्रशंसा गर्छु, किनकि म भयानक र अद्भुत रीतिले बनाएको छु। तपाईंका कार्यहरू अद्भुत छन्, र त्यो कुरा म पूर्ण*

*रूपले जान्दछु। जब अदृश्यमा म बनिँदैथिएँ, मेरो रचना तपाईंबाट लुकेको थिएन। अनि जब म पृथ्वीको गहिराइमा रचिँदैथिएँ, तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे। मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुनअघि सब लेखिएका थिए* (भ.सं. १३९:१३-१६)।

महत्वपूर्ण कुरा के हो भने हामीले कार्बोहाइड्रेट भएको खानेकुराहरू ठीक्क मात्रामा खानुपर्दछ। यदि त्यसको मात्रा बढी भयो भने शरीरलाई हानि पुऱ्याउँदछ। विशेष गरी हामी तीन किसिमका खाने कुराहरूबाट सदैव सचेत रहनुपदर्छ।

१. सेतो रोटी (White Bread)
२. सेतो चामन (White Rice)
३. सेतो चिनी (White Sugar)

धेरै मानिसहरूले यी तीन प्रकारका खाद्यपदार्थहरू अत्याधिक मात्रामा खाने गरेकोले गर्दा रोगी भएका छन् भनी डाक्टरहरू घोषणा गर्दछन्। यसबाहेक बजारमा पाइने विभिन्न स्वादका पेय पदार्थहरूमा पनि प्रसस्त मात्रामा कार्बोहाइड्रेट हुन्छ। यस्ता पेय पदार्थहरू विभिन्न नाउँहरूद्वारा संसारभरि नै परिचित छन्, जस्तैः कोका-कोला, फ्यान्टा, स्प्राइट, पेप्सी र मिरिण्डा आदि। यिनीहरूमा ३०% भन्दा बढी चिनी मिसाइएको हुन्छ। पिउँदाखेरि स्वादिलो भए तापनि यिनीहरूले हाम्रो शरीरलाई हानि-नोक्सानी गर्दछ।

**प्रोटिनः**- माछा, मासु, अण्डा, दाल, गेडागुडी, दही, दूध, घ्यूजस्ता खाद्यपदार्थहरूबाट हाम्रो शरीरले प्रोटिन प्राप्त गर्दछ। यसले हाम्रो शरीरलाई वृद्धि हुन र मांसपेशीहरू बलियो बनाउन मद्दत गर्दछ। हुर्कंदै गरेका बालक अनि किशोर-किशोरीहरूलाई यसको बढी आवश्यक्ता पर्दछ। हाम्रो शरीरको हाँड, नसा र रक्तनलीहरूलाई मांसपेशीहरूले घेरेको हुन्छ। त्यसकारण हाम्रो शरीरलाई स्वस्थ अनि बलियो बनाउन प्रोटिन भएका खानेकुराहरू हामीले नियमित रूपमा खाने गर्नुपर्दछ।

**भिटामिनहरूः**- विभिन्न प्रकारका खानेकुराहरूमा फरक-फरक प्रकारका भिटामिनहरू पाइन्छ, जस्तैः भिटामिन 'ए', 'बि', 'सि', 'डि', 'इ', र 'के' आदि। यी भिटामिनहरूले फरक-फरक काम गर्दछन्, जस्तैः भिटामिन 'ए' ले आँखालाई शक्ति दिन्छ, भिटामिन 'बि' ले शरीरको कमजोरीलाई हटाएर हामीलाई सक्रिय बनाउँछ साथै दिमागलाई स्फुर्त तुल्याउँछ, भिटामिन 'सि' ले बाहिरी रोग किटाणुहरूको आक्रमणलाई रोक्दछ साथै छालालाई पोषण दिन्छ, भिटामिन 'डि' ले हाँडलाई बलियो बनाउँदछ, भिटामिन 'इ' ले छालालाई सुन्दर अनि मुलाएम बनाउँदछ र रगतको कमीलाई हटाउँछ र भिटामिन 'के' ले रगत, हाँड र कलेजोलाई सही अवस्थामा राख्न मद्दत पुऱ्याउँदछ।

**रेसादार पदार्थः**- रेसादार पदार्थले हाम्रो पाचन प्रणाली र निष्कासन प्रणालीको सञ्चालन प्रक्रियालाई सक्रिय बनाउँदछ। यसको नियमित प्रयोगले हामीलाई कब्जियतलगायत पेटसम्बन्धी अन्य समस्याहरूबाट बचाउँछ। स्पञ्जले जस्तै गरी रेसादार पदार्थले पानी सोच्ने हुनाले यसले हाम्रो शरीरमा पानी र त्यसमा घुलिएको पौष्टिक पदार्थहरूको मात्रालाई ठीक अवस्थामा राख्न मद्दत गर्दछ। साग-सब्जी र फलफूलको बाहिरी भागबाट हामीले रेसादार कुराहरू प्राप्त गर्न सक्दछौं। चामल र गहूँको बाहिरपट्टि भएको खेरो पदार्थमा पनि रेसादार पदार्थ हुन्छ तर आजभोलि चामल र पिठोलाई राम्रो देखाउनको लागि मेसिनद्वारा घोटेर सेतो बनाउने गरिन्छ। वास्तवमा भन्ने हो भने त्यसो गर्नु परमेश्वरको सृष्टिको नियमलाई उलङ्घन गर्नु हो। मानिसहरू धेरै नै जान्ने-सुन्ने भएकोले

गर्दा परमेश्वरले दिनुभएको प्राकृतिक नियमहरू उलङ्घन गर्ने गर्दछन् र विभिन्न प्रकारका रोगहरूलाई निम्त्याउँछन्। रेसादार पदार्थको महत्व बुझेका सचेत अनि बुद्धिमान् मानिसहरूले खैरो चामल (Brown Rice) र खैरो रोटी (Brown Bread) खाने गर्दछन्। खाद्यपदार्थहरूबारे जानकारी भएका शिक्षित व्यक्तिहरूलाई कुन-कुन खानेकुरामा कुन-कुन पौष्टिक तत्वहरू कति मात्रामा हुन्छन् भन्ने कुराको जानकारी हुन्छ र त्यसैअनुसारको खाद्यपदार्थहरू छनौट गर्ने गर्दछन्। यसै प्रसङ्गमा एउटा महत्वपूर्ण जानकारी यहाँ दिन चाहन्छौँ। धेरैले फलफूलको भित्री भागमा हुने त्यसको बीउलाई फाल्ने गर्दछन् तर हामीले बुझ्नुपर्ने कुरा के हो भने बीउहरूमा प्रसस्त मात्रामा पौष्टिक पदार्थहरू हुन्छन्। त्यसलाई फाल्नुभन्दा चपाएर खानाले हाम्रो शरीरलाई फाइदा पुऱ्याउँदछ। परमेश्वरले हाम्रो शरीरको लागि थुप्रै प्रकारका कुराहरू सृष्टि गर्नुभएको छ तर त्यसलाई बुझेर उपयोग गर्नु नसक्नुचाहिँ हाम्रो ठूलो कमजोरी हो।

*तब परमेश्वरले भन्नुभयो, "हेर म तिमीहरूलाई पृथ्वीका सबै **बीउ** उमार्ने बोटहरू र फलमा नै **बीउ हुने सबै फलका रूखहरू** दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्"* (उत्पत्ति १:२९)।

**लवण तथा खनिजहरूः**- हाम्रो शरीरलाई स्वस्थ, सुन्दर, सक्रिय र बलियो बनाउनको लागि विभिन्न प्रकारका लवण तथा खनिजहरूको आवश्यक्ता पर्दछ, जस्तैः क्याल्सियम, फस्फोरस, म्याग्नेसियम, आइरन आदि। यी कुराहरू प्राप्त गर्नको लागि परमेश्वरले हाम्रो वरिपरि विभिन्न प्रकारका खाद्यपदार्थहरू जुटाइदिनुभएको छ। त्यसलाई चिनेर सही प्रकारले खानु विवेकशील र बुद्धिमान् मानिसको कर्तव्य हो। हामीले सधैँभरि एकनासले दाल-भात अथवा रोटी-तरकारी मात्र खाने गर्नुहुँदैन तर ती खानाहरूका साथमा दही-दूध, माछा-मासु, साग-सब्जी र मौसमअनुसार पाइने विभिन्न रङ्गका फलफूलहरू पनि खाने गर्नुपर्दछ।

**पानीः**- हावा र पानीविना मानिस जीवनको कल्पना गर्न सकिँदैन। पानीविना मानिस लामो समयसम्म बाँच्न सक्दैन तर यस्ता महत्वपूर्ण कुराहरू परमेश्वरले हामीलाई सित्तैमा उपलब्ध गराइदिनुभएको छ। मानव शरीरको ७०% भाग पानीले ओगटेको हुन्छ र रगतमा यसको मात्रा अत्याधिक हुन्छ। हाम्रो शरीरको सबै अङ्गहरू सही प्रकारले सञ्चालन गर्न दैनिक दुइ लिटर पानी पिउनुपर्दछ भनी डाक्टरहरूले सल्लाह दिन्छन्। पानीले हाम्रो शरीरमा भएका अनावश्यक विषालु पदार्थहरूलाई पिसाब र पसिनाको रूपमा बाहिर निकालेर हामीलाई स्वस्थ बन्न सहायता गर्दछ। शरीरमा पानीको मात्रा कम भयो भने विभिन्न प्रकारका समस्याहरू देखिन्छन्, जस्तैः पेटको समस्या, घाउ-खटिराको समस्या, टाउकोको समस्या आदि। अर्को कुरा के हो भने कम मात्रामा पानी पिउने मानिसको अनुहारमा चाँडै नै चाउरी पर्न थाल्दछ।

पानी मानिसको लागि अति आवश्यक कुरा भएता पनि अफसोसको कुरा के हो भने विकासको नाउँमा मानिसहरूले पानीको मूल र श्रोतहरूलाई प्रदुषित बनाइरहेका छन्। डरलाग्दो कुरा के हो भने पृथ्वीको तापक्रम बढ्ने क्रमसँगै पानीको मूल र मुहानहरू दिन प्रतिदिन सुकेर जाँदैछन्। यो क्रम केही वर्षहरूसम्म जारी रहेमा मानव समुदायमा मात्र होइन पृथ्वीको सम्पूर्ण जीव र वनस्पति जगतमा विकराल समस्या नआउला भन्न सकिँदैन।

निष्कर्षमा यस पाठबाट बुझ्नुपर्ने कुरा के हो भने हामीले आफ्नो शरीरलाई स्वस्थ, सफा अनि निष्खोट र निष्कलङ्क राख्नुपर्दछ। त्यसको निम्ति हामीले दैनिक रूपमा सन्तुलित भोजन सेवन गर्नुपर्दछ। सकेसम्म आफ्नो खानामा

परमेश्वरको सृष्टिको नियम भङ्ग नहुने प्रकारले प्राकृतिक कुराहरू प्रयोग गर्नुपर्दछ। हाम्रो शरीरलाई सही र स्वस्थ राख्नको लागि खानेकुरामा मात्र होइन अरू कुराहरूमा पनि ध्यान दिनुपर्दछ। यस विषयमा हाम्रो शरीरसँग सम्बन्ध राख्ने पाँच वटा महत्वपूर्ण कुराहरू यहाँ उल्लेख गरिएका छन्।

१. ठीक प्रकारले खाने (Eating Well)
२. ठीक प्रकारले पचाउने (Digesting Well)
३. ठीक प्रकारले निष्कासन गर्ने (Toileting Well)
४. ठीक प्रकारले व्यायाम गर्ने (Exercising Well)
५. ठीक प्रकारले आराम गर्ने (Resting Well)

यी पाँचै वटा चरणहरूलाई सही प्रकारले पालन गर्‍यौं भने अवश्य हामी स्वस्थ हुनेछौं। अनि स्वस्थ शरीरबाट आफ्नो व्यक्तिगत कामकाज र परमेश्वरको सेवकाइ राम्रो प्रकारले गर्न सक्नेछौं। त्यति मात्र होइन यी कुराहरूलाई आफ्नो जीवनशैली बनाउन सक्यौं भने हामी १ थेसलोनिकी ५ः२३ मा उल्लेख गरिएको जस्तै आशिषित व्यक्ति बन्न सक्नेछौं।

# प्राणको संरचना

## THE COMPOSITION OF SOUL

प्राण मानव जीवनको महत्वपूर्ण भाग हो। यसले हामीमा भएको ज्ञान बुद्धि, चरित्र र व्यक्तित्वमाथि सरोकार राख्दछ। प्राणको बनावटलाई बाइबलीय आधारमा अध्ययन गर्ने हो भने यसमा चार वटा भागहरू हुन्छन्, जुन निम्नअनुसारका हुन्।

१. शक्ति (Strength / Might)
२. समझ (Mind)
३. प्राण (Soul)
४. हृदय (Heart)

[चित्र नं.- ८ : डाँडाको उपदेश पुस्तकबाट हृदयको चित्र राख्ने]

शक्ति, समझ, प्राण र हृदय -यी चार कुराहरू मानिसको प्राणमा तहगत रूपमा रहेका हुन्छन्। कुनै कुरा प्राणभित्र पस्न खोज्यो भने पहिले शक्ति (यसलाई इच्छाशक्ति पनि भनिन्छ), त्यसपछि समझ अनि प्राण र अन्त्यमा हृदयमा पुग्दछ। मानिसको प्राणमा भएका यी चार वटा तहगत कुराहरूबारे उल्लेख भएका बाइबल खण्डहरू यस प्रकारका छन्।

*तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर* (व्यवस्था ६:५)।

*तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू* (मत्ती २२:३७)।

*तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर* (मर्कूस १२:३०)।

यीबाहेक मानिसको हृदयको बारेमा चर्चा गरिएका अरू केही महत्वपूर्ण बाइबल खण्डहरू यस प्रकारका छन्।

*चूर्ण **हृदय** भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ* (भ. सं. ३४:१८)।

*... परमप्रभुले मानिसले झैँ हेर्नुहुन्न। मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले **हृदय**भित्र हेरेर विचार गर्नुहुन्छ* (१ शमूएल १६:७)।

[चित्र नं.- ९ : मानवशास्त्र किताबबाट हृदय, प्राण समझ, शक्तिको तालिका चित्र राख्ने]

प्राणमा भएको चार तहहरूमध्ये सबैभन्दा माथिल्लो तहलाई शक्ति (अथवा इच्छाशक्ति) भनिन्छ। कुनै जानकारी प्राणको यस भागमा आएपछि करिब १ हप्तासम्म त्यहाँ बस्दछ। त्यो समय बितेपछि त्यो कुरा दोस्रो तह अर्थात् समझ भएको कोठामा जान्छ र केही समय त्यहाँ बस्दछ। त्यसपछि त्यो कुरा अलि तल भएको प्राण भन्ने कोठामा पुग्दछ र अन्त्यमा सबैभन्दा गहिराइमा भएको हृदय भन्ने कोठामा पुग्दछ। कुनै जानकारी अथवा शिक्षा चाहे त्यो असल होस् अथवा खराब, यदि त्यो हाम्रो प्राणको गहिराइमा भएको हृदयसम्म पुग्यो भने त्यसले त्यहाँ जरा गाडेर स्थायी रूपमा बस्दछ र त्यसलाई सजिलै बाहिर निकाल्न सकिँदैन।

प्राणको बनावटलाई हामीले गहन रूपमा अध्ययन गर्‍यौं भने प्रत्येक तहमा ढोकाहरू भएको कुरा थाहा पाउन सक्छौँ। हाम्रो इन्द्रियहरूद्वारा भित्र छिरेका विभिन्न कुराहरू इच्छाशक्तिको ढोका, समझको ढोका, प्राणको ढोका पार गर्दै हृदय भएको ठाउँसम्म पुग्दछ। त्यहाँ पुगेको कुरा लामो समयसम्म बस्दछ। त्यसैले यदि परमेश्वरको वचनलाई हामीले हाम्रो हृदयमा पुर्‍याउन चाहन्छौँ भने त्यसको लागि हामीले त्यसलाई इच्छाशक्ति, समझ र प्राणको ढोका पार गराउनुपर्ने हुनाले लामो समयसम्म वचन अध्ययन र मनन गर्नुपर्दछ। हृदयमा पुगेपछि मात्र त्यो वचनहरू सदाको लागि हाम्रो हुन्छ। मानिसको हृदयलाई बुझाउन बाइबलमा विभिन्न शब्दहरू प्रयोग गरिएका छन्, जसमध्ये केही यहाँ दिइएका छन्।

### अन्तस्करण (Innermost Being)

*"जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको* ***अन्तस्करणबाट*** *जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्"* (यूहन्ना ७:३८)।

*"किनकि म मेरो* ***अन्तस्करणमा*** *परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु"* (रोमी ७:२२)।

### भित्री मनुष्यत्व (Inner Man)

*"म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा* ***भित्री मनुष्यत्वमा*** *तिमीहरूलाई शक्तिशाली पारून्"* (एफिसी ३:१६)।

### हृदय (Heart)

*चूर्ण* ***हृदय*** *भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ* (भं. सं. ३४:१८)।

### स्वभाव (Instinct)

*किनकि व्यवस्था नहुने अन्यजातिहरू* ***स्वाभावैले*** *व्यवस्थाअनुसारका काम गर्दछन् भने तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्* (रोमी २:१४)।

### विवेक (Conscience)

*... भाइ हो, आजको दिनसम्म परमेश्वरको दृष्टिमा मैले शुद्ध* ***विवेकले*** *जीवन बिताएको छु* (प्रेरित २३:१)।

*व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै* ***विवेकले*** *पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले कहिले तिनीहरूलाई दोष्याउँछन्, र कहिले समर्थन गर्छन्* (रोमी २:१५)।

### मानवीय आत्मा (Human Spirit)

*धन्य* ***आत्मामा*** *दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो* (मत्ती ५:३)।

*मानिसभित्र रहेको* ***आफ्नै आत्माबाहेक*** *कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन* (१ कोरिन्थी २:११)।

यसबारे अर्को कुरा के हो भने मानिसको हृदयलाई बुझाउनको लागि मत्ती ५ः३ मा 'आत्मा' भन्ने शब्द प्रयोग गरिएको छ। यस विषयमा हामीले बुझ्नुपर्ने कुरा के छ भने मानिसको आत्मा र परमेश्वरको आत्मा (पवित्र आत्मा) फरक कुरा हो। अर्को शब्दमा भन्ने हो भने मानवीय आत्मा र पवित्र आत्मा फरक कुराहरू हुन्। परमेश्वरको आत्मालाई पवित्र आत्मा भनिन्छ भने मानिसको आत्मालाई हृदय, विवेक, अन्तस्करण आदि भनिन्छ। अब बाइबलमा भएका केही व्यक्तिहरूका 'मानवीय आत्मा' अथवा हृदयको बारेमा चर्चा गरिएका खण्डहरूलाई हेर्नेछौँ।

**फारोको आत्मा (Pharoh's Spirit)**

*बिहान उनको **हृदयमा** भारी चिन्ता पऱ्यो, अनि उनले मिश्रका सबै जादूगर र त्यहाँका सबै ज्ञानी पुरुषहरूलाई बोलाए। फारोले तिनीहरूलाई आफ्ना सपना बताए। तर फारोलाई सपनाको अर्थ खोलिदिने त्यहाँ कोही भएन* (उत्पत्ति ४१ः८)।

**याकूबको आत्मा (Jacob's Spirit)**

*तर उनीहरूलाई भनिपठाएका योसेफका सबै कुरा सुनेपछि र आफूलाई ल्याउन भनी योसेफले पठाएका गाडाहरू देखेपछि उनीहरूका बाबु याकूबको **होश** फर्क्यो* (उत्पत्ति ४५ः२७)।

**कालेबको आत्मा (Caleb's Spirit)**

*तर मेरो दास कालेबमा अर्कै **आत्मा** छ, र त्यसले पूरै रीतिले मेरो अनुसरण गरेको छ। यसैकारण त्यो पसेर आएको देशमा म त्यसलाई लैजानेछु र त्यसका सन्तानले त्यो अधिकार गर्नेछन्* (गन्ती १४ः२४)।

**हन्नाहको आत्मा (Hannah's Spirit)**

*तिनले जवाफ दिइन्, "यस्तो होइन, मेरा प्रभु! म ठूलो पीरमा परेकी स्त्री हुँ। मैलो कुनै मद्य पिएकी छैनँ। म त परमप्रभुको सामु मेरो **मनको** दुःख पोखिरहिछु"* (१ शमूएल १ः१५)।

**एलियाको आत्मा (Elijah's Spirit)**

*त्यो दृश्य हेरिरहने यरीहोबाट आएका अगमवक्ताहरूको दलले भन्यो, "एलियाको **आत्मा** एलीशामाथि परेछ।" तब उनीहरू तिनलाई भेट्न आए, र तिनको अगि भूँइसम्मै घोप्टो परे* (२ राजा २ः१५)।

**अय्यूबको आत्मा (Job's Spirit)**

*यसकारण म चूप लागि बस्नेछैनँ, मेरो **मनको** पीरमा म बोल्नेछु, मेरो प्राणको व्याकुलतामा म उजूर गर्नेछु* (अय्यूब ७ः११)

**पावलको आत्मा (Paul's Spirit)**

*मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन* (१ कोरिन्थी २ः११)।

*तर मेरो भाइ तीतसलाई त्यहाँ नभेट्टउँदा मेरो **मनमा** चैन भएन। यसकारण तिनीहरूबाट बिदा लिएर म माकेडोनियातर्फ लागेँ* (२ कोरिन्थी २ः१३)।

**प्राणको खानाहरू (Foods for Soul)**

हाम्रो शरीरको लागि विभिन्न प्रकारका खानाहरू आवश्यक परेझैँ, प्राणलाई पनि विशेष प्रकारका खानाहरू चाहिन्छ, जुन यस प्रकारका छन्।

१. ज्ञान-बुद्धिसम्बन्धी खानाहरू (Knowledge Foods)
२. भावनासम्बन्धी खानाहरू (Emotional Foods)
३. इच्छाशक्ति सम्बन्धी (ऐच्छिक) खानाहरू (Volition Foods)

हामीले बुझ्नुपर्ने कुरा के हो भने यी तीन वटा प्रमुख कुराहरूका पछाडि थुप्रै कुराहरू आउँदछन्। अब ती प्रत्येक कुराअन्तर्गत प्राणको लागि चाहिने कस्ता-कस्ता खानाहरू हुन्छन् भन्ने बारेमा चर्चा गर्नेछौँ।

**१. ज्ञानसम्बन्धी खानाहरूः-** मानिसले ज्ञान, बुद्धि र समझ प्राप्त गर्नको लागि प्राथमिक तहदेखि विश्व-विद्यालयसम्म विभिन्न विषयका शिक्षाहरू अध्ययन गर्नुपर्दछ। ती विभिन्न विषयका शिक्षाहरू यस प्रकारका छन्, जस्तैः भाषा, साहित्य, कला, गणित, इतिहास, अर्थशास्त्र, मानवशास्त्र, राजनीति शास्त्र, समाजशास्त्र, भूगोलशास्त्र, खगोलशास्त्र अनि चिकित्साशास्त्र अन्तर्गत पर्ने विषयहरूः दन्त-चिकित्सा, सल्य-चिकित्सा, नर्सिङ्ग आदि। त्यति मात्र होइन व्यापार, कानुन, व्यवस्थापन पनि ज्ञानसम्बन्धी खानाहरू हुन्। त्यस्तै गरी विज्ञानसँग सम्बन्धित विषयहरू, जस्तैः भौतिक विज्ञान, रसायन विज्ञान, जीवविज्ञान, वनविज्ञान, औषधिविज्ञान, मनोविज्ञान, कम्प्युटर, आर्किटेक्चर र विभिन्न विषयका इन्जिनियरिङ्गसम्बन्धी शिक्षाहरू, कृषि, अटोमोबाइल, विद्युत र इलेक्ट्रोनिक्स आदि विषयहरू पनि ज्ञानसम्बन्धी प्राणको खानाहरू हुन्।

**२. भावनासम्बन्धी खानाहरूः-** मानिसलाई भावनात्मक रूपमा स्वस्थ अनि तन्दुरुस्त राख्नको लागि विभिन्न प्रकारका खानाहरूको आवश्यक्ता पर्दछ, जस्तैः गीत-सङ्गीत, कविता, नाटक, कथा, निबन्ध, उपन्यास, नृत्य, चलचित्र, चित्रकला र खेलकूद आदि।

**३. इच्छाशक्तिसम्बन्धी खानाहरूः-** यस विषयअन्तर्गत मानिसले आफ्नो स्वइच्छा र विवेकले छनौट गर्ने कुराहरू पर्दछन्। नैतिक क्षिक्षा र त्यसअनुरूपका मूल्य-मान्यताहरू, मानिसको व्यक्तिगत विश्वास र आस्थाअनुसारको धर्म, संस्कृति र देशको नियम-कानुनहरू यसअन्तर्गत पर्ने प्राणको खानाहरू हुन्।

प्राण स्वस्थ हुनको लागि यी तीन वटा पक्षहरूलाई सन्तुलित खाना उपलब्ध गराइनुपर्दछ। यदि कुनै व्यक्तिले विश्वविद्यालय स्तरसम्म अध्ययन गरी आफूलाई अभिरुचि भएको विषयमा विद्यावारिधि गरेको छ भने उक्त विषयमा उसको प्रसस्त ज्ञान हुन्छ। त्यस्तै गरी उसले राम्रो प्रकारको भावनात्मक खानाहरू ग्रहण गारेको छ भने त्यसले उसको व्यक्तित्व र चरित्रलाई असल बनाउँछ। आफ्नो विवेक र इच्छाशक्तिलाई ठीक प्रकारले प्रयोग गरी सही प्रकारको नैतिक शिक्षा, धार्मिक शिक्षा र देशको नियम-कानुनसम्बन्धी जानकारी हासिल गरेको छ भने उसको प्राणको अवस्था असल अनि उच्च स्तरको हुन्छ। यस्ता मानिसहरूले सरकारी नियमहरू, करसम्बन्धी नियमहरू, सामाजिक अनि नैतिक मूल्य-मान्यताहरू, ट्राफिक नियमहरू सही प्रकारले पालना गर्ने गर्दछन्।

प्रायः हामीले आफ्नो वरिपरि यस्ता मानिसहरू देख्दछौँ, जसको प्राणमा ज्ञानको अवस्था राम्रो हुन्छ अर्थात् उनीहरू शिक्षित हुन्छन् तर भावनात्मक रूपमा अस्थिर र कमजोर हुन्छन्। यस्ता व्यक्तिहरू चाँडै नै रिसाउने गर्दछन्,

प्रतिज्ञा गरेको कुराहरू पूरा गर्दैनन् र देशको नियम-कानुन पनि राम्रोसँग पालन गर्दैनन्। प्रायः त्यस्ता व्यक्तिहरू निराश देखिन्छन्।

यिनीहरूभन्दा अलि फरक खालकाहरू पनि हामी देख्दछौँ, जसको ज्ञानको अवस्था कमजोर हुन्छ अर्थात् तिनीहरूले उच्च शिक्षा हासिल गरेका हुँदैनन् तर नियमित रूपमा राम्रो पुस्तक-पत्रिकाहरू पढ्ने राम्रो चलचित्रहरू हेर्ने कारणले गर्दा तिनीहरूको बोलिवचन र स्वभाव राम्रो हुन्छ। त्यस्ता इसाईहरू प्रेमिलो, दायालु र कृपालु हुन्छन्। तिनीहरू नियमित मण्डली गएर परमेश्वरको सेवा आराधना गर्ने गर्दछन्। रोगी-बिरामी, टुहुरा-टुहुरी र विधवा अनि खाँचोमा परेकाहरूलाई तिनीहरूले सहायता गर्ने गर्दछन्। तिनीहरूले मण्डलीमा नियमित दशांश ल्याउँछन् साथै देशको नियमअनुसार सरकारलाई कर पनि तिर्दछन्। सकेसम्म कुनै नियम-कानुनविपरित कामहरू तिनीहरूले गर्दैनन्। यी दुइ प्रकारका व्यक्तिहरूको तुलना गर्दा पहिलो खालका भन्दा दोस्रो खालका व्यक्तिहरू असल देखिन्छन् यद्यपि तिनीहरूका प्राण सम्पूर्ण रूपमा स्वस्थ भने हुँदैन। प्राणलाई स्वस्थ राख्नको लागि शरीरले अपनाएजस्तै माथि उल्लेखित पाँच वटा प्रक्रियाहरूलाई सही तरिकाले अपनाउनुपर्दछ (ठीक प्रकारले खानु, ठीक प्रकारले पचाउनु, ठीक प्रकारले निष्कासन गर्नु, ठीक प्रकारले अभ्यास गर्नु र ठीक प्रकारले आराम गर्नु)।

हामीले पढेका, सुनेका, देखेका र अनुभव गरेका सबै कुराहरू असल र लाभदायी हुँदैनन्। सकेसम्म हामीले राम्रो पुस्तकहरू छनौट गरेर पढ्ने, राम्रो गीत-सङ्गीतहरू सुन्ने, राम्रो नाटक अनि राम्रो चलचित्रहरू हेर्ने, अनि असल व्यक्तिहरूको अनुभवबाट सिक्ने बानी बसाल्नुपर्दछ। हामीले पढेका, सुनेका र सिकेका कुराहरूलाई राम्रोसँग पचाउनुपर्दछ र खराब कुराहरूलाई चाहिँ प्राणबाट निष्कासन गर्नुपर्दछ (अथवा दिमाग र हृदयबाट हटाउनुपर्दछ)। हाम्रो प्राणलाई हानि पुऱ्याउने विषालु कुराहरू चाडैभन्दा चाडै हृदयबाट निकाल्नुपर्दछ किनभने यदि यसले हाम्रो हृदयमा जरा गाडेर वास गऱ्यो भने निकाल्न धेरै गाह्रो हुन्छ।

हामीले ग्रहण गरेको अथवा खाएका प्राणको खानालाई राम्रोसँग पचाउनु पर्दछ र नियमित रूपमा हाम्रो प्राणलाई अभ्यास गराउनुपर्दछ। त्यसको निम्ति हामीले सिकेका कुराहरू व्यवहारमा उतार्ने र अरूलाई सिकाउने गर्नुपर्दछ। प्राणको खाना खाइसकेपछि, पचाइसकेपछि, फोहोर कुराहरू निष्कासन गरेपछि अनि विभिन्न मानसिक अभ्यासहरू गरेपछि हाम्रो प्राण थकित भएको हुन्छ। त्यसकारण यसलाई स्वस्थ र ताजा राख्नको लागि हामीले आराम गर्नुपर्दछ। आराम गर्दा हाम्रो शरीर र प्राण दुवैले ताजा हुने मौका पाउँछ। त्यसको निम्ति दैनिक आठ घण्टा सुत्नु जरुरी हुन्छ। यसको अलावा आवश्यक परेको र फुर्सदको बेलामा शान्त अनि उपयुक्त ठाउँमा बसेर केही क्षण हाम्रो शरीर र प्राणलाई आराम दिनसक्छौँ।

प्राणको लागि जब हामी कुनै कुरा पढ्न, सुन्न अनि हेर्न जाँदैछौँ भने सबैभन्दा पहिले त्योकुरा ग्रहणयोग्य छ कि छैन भनी प्रार्थनद्वारा परमेश्वरसँग अगुवाइ माग्नुपर्दछ। त्यसको लागि हामीले यसरी प्रार्थना गर्नुपर्दछः "प्रभु, यो कुरा मेरो प्राणको लागि ठीक छ कि छैन अनि तपाईंको नजरमा यो ग्रहणयोग्य छ कि छैन, कृपया मलाई देखाउनुहोस्। मैले पढ्न लागेको यो पुस्तक अथवा मैले सुन्न लागेको यो गीत अथवा मैले हेर्न लागेको यो चलचित्रबाट के तपाईंको महिमा हुन्छ? प्रभु, यदि यी कुराहरू ठीक छैनन् भने मलाई रोक्नुहोस्। मेरो इच्छा र अभिलाषाभन्दा तपाईंको इच्छालाई म आफ्नो जीवनद्वारा पूरा गर्न चाहन्छु। मलाई सही बाटो देखाउनुहोस्।" यस प्रकारको प्रार्थनाले प्राणको खाना छनौट गर्नलाई अवश्य सहायता मिल्नेछ।

आजभोलि बजारमा उपलब्ध हुने पुस्तक अनि चलचित्रहरूले मानिसको प्राणमा नकारात्मक असर पार्दछ। प्रायः त्यसमा हत्या, हिंसा, बदला, झैंझगडा अनि बलत्कारजस्ता घटना र दृश्यहरूका बारेमा चर्चा गरिएका हुन्छन्। यदि हामीले यस्ता कुराहरू नियमित हेर्ने अनि पढ्ने गर्‍यौं भने ती कुराहरू हाम्रो प्राणको इच्छाशक्ति भन्ने माथिल्लो कोठाबाट भित्र छिरेर समझ र प्राणको कोठालाई पनि पार गरेर हृदयमा पुग्दछ। त्यसपछि बिस्तारै हाम्रो बोलिवचन, सोचाइ र स्वभाव परिवर्तन हुन थाल्दछ। जब शैतानको चरित्र हाम्रो हृदयमा पुग्दछ, तब हामी नकारात्मक सोच विचारले भरिएर विद्रोही स्वभावको मानिस बन्न पुग्दछौं। अश्लील र फोहोर चलचित्र अनि साहित्यले हाम्रो चरित्र पनि त्यस्तै बनाइदिन्छ। इन्टरनेटद्वारा त्यस्ता कुराहरू संसारभरि प्रसारण भइरहेका छन्। त्यति मात्र होइन यदि हाम्रो सङ्गत मतवाला, जुवाडे र खराब व्यक्तिहरूसँग भयो भने बिस्तारै हामी पनि त्यस्तै हुँदै जानेछौं। कुनै कलाकारको अभिनय निरन्तर हेरिरह्यौं भने हाम्रो स्वभाव त्यही कलाकारको जस्तै हुँदै गएको हामीलाई पत्तो नै हुँदैन। त्यसकारण यदि हामी आशिषित इसाई हुन चाहन्छौं भने हामीले ग्रहण गर्ने प्राणको खाना छनौट गर्ने काममा हामी अति नै सचेत र होसियार हुनुपर्दछ।

आजभोलिका धेरै पास्टर अगुवाहरूको हृदयमा एउटै कुराले जरो गाडेर बसेको हामी थाहा गर्न सक्दछौं, र त्यो कुरा होः 'रुपैयाँ-पैसा'। धेरै धन सम्पत्ति कमाउने र जग्गा-जमिन किन्ने काममा नै तिनीहरू व्यस्त भएका देखिन्छन्। कुराकानीको क्रममा उनीहरूलाई थुप्रै धन-सम्पत्ति, मान-इज्जत, पद-प्रतिष्ठा र शक्ति चाहिएको कुरा प्रस्टै थाहा पाउन सकिन्छ। सदैव तिनीहरूको हृदयमा पैसा कसरी जम्मा गर्ने भन्ने कुरा घुमिरहन्छ। यस्ता कुराहरूद्वारा शैतानले तिनीहरूलाई सजिलै परीक्षामा पार्दछ। अगुवाहरूले यस्ता कुराहरूलाई आफ्नो हृदयमा स्थान दिए भने तिनीहरू अवश्य आत्मिक दुर्घटनाको नजिक जान्छन्।

शायद तिनीहरूले ईश्वरशास्त्र अध्ययनमा एम.डिभ., एम. टिएच. र विद्यावारिधि (M. Div., M. Th. & Ph. D.) गरेका हुन सक्छन्। तिनीहरूले आफूलाई आत्मिकी देखाएर मण्डलीमा नाटकीय ढङ्गमा बाइबलबाट प्रचार गर्ने गर्दछन्। तिनीहरूमध्ये केहीले येशूको नाउँमा ठूला-ठूला कामहरू गरेर प्रख्यात हुन्छन्। वास्तवमा भन्ने हो भने तिनीहरू भेडाको भेस धारण गरेका डरलाग्दा ब्वाँसाहरू हुन्। यस विषयमा प्रभु येशूले पहिले नै भविष्यवाणी गरिसक्नुभएको छ।

*"झूटा अगमवक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेडाको भेसमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्। तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढाका बोटबाट अंगूर अथवा सिउँडीबाट अञ्जीर टिपिन्छ र ? त्यसै गरी हरेक असल रूखले असल फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ। असल रूखले खराब फल फलाउन सक्दैन, नता खराब रूखले असल फल फलाउन सक्तछ। असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ।*

*मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छापालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। त्यस दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र? अनि म तिनीहरूलाई सफासँग भन्ने छु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ"* (मत्ती ७ः१५-२३)।

मत्ती ७:१५ मा प्रभु येशूले भन्नुभयो कि झूटा अगमवक्ता अथवा झूटा शिक्षकहरूको बाहिरी भेस भेडाको जस्तो हुन्छ तर तिनीहरू 'भित्रपट्टि' डरलाग्दा ब्वाँसोजस्तो हुन्छन्। यहा 'भित्रपट्टि' भन्ने शब्दद्वारा उहाँले तिनीहरूका हृदयको अवस्थालाई सङ्केत गर्नुभयो। प्रायः त्यस्ता अगुवाहरू धर्मशास्त्रबाट प्रचार गर्ने र सिकाउने गर्दछन्, अगमवाणी र अन्यभाषा पनि बोल्दछन् साथै येशूको नाउँमा विभिन्न प्रकारका आश्चर्यकर्महरू पनि गर्ने गर्दछन्। तर तिनीहरूको हृदय शुद्ध हुँदैन किनभने शैतानको चरित्रले तिनीहरूको हृदयमा जरा गाडेर बसेको हुन्छ। तिनीहरूको हृदयमा अरूलाई छक्याउने, झूट बोल्ने, भ्रष्टाचार गरेर धन-सम्पत्ति जम्म गर्ने र घमण्ड गर्नेजस्ता चरित्रहरू रहेका हुन्छन्।

प्रिय पाठक, कृपया आफूलाई यस्तो खालको अगुवा हुनबाट जोगाउनुहोस्। अगुवाहरू यस्ता परीक्षाहरूप्रति सचेत हुनपर्दछ। कतै हामीले परमेश्वरले पाउनुपर्ने महिमा चोरेका छौं कि भनी सदैव आफूलाई जाँच्नुपर्दछ। मण्डलीका अगुवाहरूले मानिसहरूबाट आदर-सम्मान पाउने अपेक्षा राख्नुहुँदैन, मण्डलीभित्र राजनीति गरेर आफ्नो स्वार्थको लागि एउटालाई उचाल्ने र अर्कोलाई पछार्ने काम गर्नुहुँदैन। कसैप्रति भेदभाव र पक्षपात गर्ने काम गर्नुहुँदैन। यदि यस्ता कामहरू गर्दछौं भने एक दिन प्रभु येशूले यसो भन्नुहुनेछः 'मैले तिमीहरूलाई चिनेको छैनँ, मबाट दूर होओ।'

मानिसको प्राणलाई शैतानले आफ्नो कब्जामा राखेर हृदयमा नराम्रा कुराहरू थुपार्न चाहन्छ। धेरै व्यक्तिहरूको हृदयमा सानो उमेरदेखि नै शैतानले नराम्रा कुराहरू हालिदिएर तिनीहरूको हृदयलाई अशुद्ध बनाइदिएको हुन्छ। कलिलो अवस्थादेखि नै हेला, घृणा, तिरस्कार, भेदभाव, पक्षपात, गाली, पिटाइ, बदनाम, बदला र खराब आचरणहरू भेल्दै आएको व्यक्तिले ती नराम्रा कुराहरूबाट छुटकारा पाउन धेरै नै गाह्रो हुन्छ। प्रायः तिनीहरूका दिमागमा नराम्रा कुराहरू घमिरहको हुन्छ, जस्तैः आफू सानो हुँदा बुबा आमा झगडा गरिरेहको, बुबाले जाँड-रक्सी खाएर परिवारको वेवास्ता गरेको अनि आमालाई पिटेको र छिमेकीहरूले तिनीहरूलाई हेला-घृणा गरेको आदि। कति जनाको हृदयमा चाहिँ कहिल्यै नबिर्सने गरी यस्ता कुराहरू हुन्छन्, जस्तैः आफ्नो बुबाले अर्को महिलासँग अनुचित सम्बन्ध राखेको, आमाले परिवारलाई त्यागेर अर्कै पुरुषसँग विवाह गरेको, सौतेनी आमाले पक्षपात गरेको र अरूले बलत्कार गर्न खोजेको आदि। यस्ता तीतो परिस्थितिहरूबाट गुज्रेको व्यक्ति ठूलो भएपछि विद्रोही, रिसालु र आक्रमक भएर निस्कन्छ। मण्डलीभित्र भएका यस्ता व्यक्तिहरूलाई सुधार र परिवर्तन गर्न पावलले आफ्ना पत्रहरूमार्फत थुप्रै शिक्षाहरू दिएका छन्। याकूबले पनि आफ्नो पत्रद्वारा यस्ता समस्याहरू समाधान गर्न कोसिस गरेका कुरा हामी याकूबको पुस्तकबाट थाहा गर्दछौं।

अगुवाहरूले कतिपय कुराहरू अरूलाई सिकाउनुभन्दा पहिले आफ्नो जीवनमा लागू गर्नुपर्दछ। आफूले अनुभव गरेका कुराहरू अधिकारसहित सिकाउन सकिन्छ र त्यसबाट मानिसको जीवनमा परिवर्तन आउँदछ। जसरी धूम्रपान, मद्यपान र खैनीले हाम्रो शरीरलाई नकारात्मक प्रभाव पार्दछ त्यसैगरी शैतानका नराम्रा चरित्रहरूले हाम्रो प्राणलाई नकारात्मक प्रभाव पार्दछ। त्यसकारण आफूलाई पूर्ण रूपमा स्वस्थ राख्नको लागि शरीर मात्र होइन प्राण र आत्माको क्षेत्रलाई पनि त्यत्तिकै ध्यान दिनुपर्दछ। हाम्रो शरीर र प्राण स्वस्थ, सुरक्षित, सक्रिय, निष्खोट र निष्कलङ्क भएपछि त्यसको सकारात्मक असर हाम्रो प्राणमा पर्दछ। तर यस्तो सकारात्मक असर तुरुन्तै देखिँदैन; त्यसको लागि लामो समय लाग्छ। हामीले आफ्नो प्राणलाई शैतानको चरित्रहरूबाट मुक्त पारेपछि बिस्तारै हाम्रो हृदय शुद्ध हुन थाल्दछ। त्यसपछि हाम्रो मुखबाट शान्ति, सान्त्वना

र उत्साहका वचनहरू निस्कन थाल्दछ। अनि हामी समस्यामा परेकाहरूलाई सही प्रकारका सल्लाह र परामर्श दिन सक्दछौँ।

मानिसको हृदयमा हुने तीतो अवस्थाबारे धर्मशास्त्रमा यसरी लेखिएको छ।

*ध्यान देओ, कि कुनै मानिस परमेश्वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस्, ताकि तीतोपनको जरो उम्रेर आईकन त्यसले फूट नल्याओस्, र धेरै जनालाई अशुद्ध नपारोस्* (हिब्रू १२ः१५)।

मानिसको हृदयमा हुने तीतोपनको जरालाई तीनवटा तहहरूमा राख्न सकिन्छ।

**पहिलो तह**ः- यसअन्तर्गत परमेश्वरको विरुद्धमा हुने चरित्रहरू पर्दछन्, जस्तैः डाहा, अनाज्ञाकारिता, घमण्ड, आफ्नै महिमा खोज्ने, स्वार्थपूर्ण अभिलाषाहरू, विद्रोह र विनास आदि।

**दोस्रो तह**ः- यसअन्तर्गत मानिसको विरुद्धमा हुने चरित्रहरू पर्दछन्, जस्तैः अविश्वासयोग्यता (अथवा अविश्वस्तता), विभाजन, प्रतिस्पर्द्धा, मतभेद, झगडा, दुश्मनी, हत्या, हिंसा, चोरी, झूट, छक्याउने काम, क्षमा नदिने स्वभाव, क्रूरता, निरङ्कुसता आदि।

**तेस्रो तह**ः- यसअन्तर्गत आफ्नै विरुद्धमा हुने चरित्रहरू पर्दछन्, जस्तैः पीर, चिन्ता, सुर्ता, फिक्री, रिस, बेखुसीपन, तिरस्कृत भावना, हीन भावना, तीक्तता, एक्लपना, निराशा र आत्माहत्या गर्ने भावना आदि।

पावलले पत्रद्वारा विभिन्न ठाउहरूमा भएका इसाईहरूलाई हृदयमा हुने तीतोपनको बारेमा चर्चा गरेका छन्। यसबारे केही बाइबलका खण्डहरू हेर्नेछौँ।

**रोमी इसाईहरूका हृदयमा भएका तीतोपनसम्बन्धी कुराहरूः-**

*दिउँसोजस्तै गरी हामी ठीकसँग चलौँ। मोजमज्जामा, मतवालीपनामा, व्यभिचारमा, भ्रष्टाचारमा, झगडामा र डाहमा होइन* (रोमी १३ः१३)।

**कोरिन्थीका इसाईहरूका हृदयमा भएका तीतोपनसम्बन् धी कुराहरूः-**

*भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एउटा अर्कासँग सहमत होओ, र तिमीहरूको माझमा केही* ***फूट*** *नहोस्। तर तिमीहरू एकै मन र एकै विचारका होओ। किनकि, मेरा भाइ हो, तिमीहरूमा* ***झगडा*** *छ भन्ने कुरा क्लोएका परिवारहरूले मलाई खबर दिएका छन्* (१ कोरिन्थी १ः१०-११)।

*तिमीहरू अझै सांसारिक नै छौ। किनकि जब तिमीहरूका बीचमा* ***डाह र कलह*** *छ, त के तिमीहरू सांसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र?* (१ कोरिन्थी ३ः३)।

*तिमीहरूका बीचमा* ***व्यभिचार*** *छ भन्ने कुरा पक्का गरी सुनिएको छ, यस्तो व्यभिचार जो अन्यजातिहरूमा पनि हुँदैन। तिमीहरूमध्ये कुनै एक जनाले आफ्नै बाबुकी स्वास्नी राखेको छ अरे* (१ कोरिन्थी ५ः१)।

*त्यसको अर्थ, यस संसारका* ***व्यभिचारीहरू, लोभीहरू, वा लुटाहाहरू, वा मूर्तिपूजकहरू****सँग बिलकुलै सङ्गत नगर्नू भनेको होइन, नत्रता तिमीहरू संसारबाट नै निस्किजानुपर्थ्यो* (१ कोरिन्थी ५ः१०)।

*अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? धोखा नखाओ-* ***अनैतिकहरू, मर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू,***

*__लुटाहाहरू__ परमेश्वरको राज्यको हकदार हुनेछैनन्। तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ* (१ कोरिन्थी ६:९-११)।

*यसकारण हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको __अशुद्धताबाट__ हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदैजाऔं* (२ कोरिन्थी ७:१)।

**गलातीका इसाईहरूका हृदयमा भएका तीतोपनसम्बन्धी कुराहरूः**

*पाप-स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्- __व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैंझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कडपन, मोजमज्जा र यस्तै अरू,__ जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता कामहरू गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्* (गलाती ५:१९-२१)।

**एफिसीका इसाईहरूका हृदयमा भएका तीतोपनसम्बन्धी कुराहरूः**

*__छली लालसाहरूद्वारा भ्रष्ट__ भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग र आफ्नो भित्री वर्तावमा नयाँ होओ* (एफिसी ४:२२-२३)।

**यरूशलेम मण्डलीबाट विभिन्न ठाउँहरूमा छरपस्ट भएका बाह्र कुलका यहूदी इसाईहरूका हृदयमा भएका तीतोपनसम्बन्धी कुराहरूः**

*मेरा प्रिय भाइहरू, यो कुरा जानः प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढीलो र रिसाउनमा धीमा हुनुपर्छ। किनकि मानिसको __रीसले__ परमेश्वरको धार्मिकता ल्याउँदैन। यसैकारण __सबै फोहोर कुरा र समस्त दुष्टतालाई__ हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ* (याकूब १:१९-२१)।

*यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो __विश्वास मृत__ हो* (याकूब २:१७)।

*किनकि हामी सबै __धेरै भूल__ गर्दछौं। जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ* (याकूब ३:२)।

*एउटै मुखबाट आशीर्वाद र सराप निस्कन्छन्। मेरा भाइ हो, यसो नहुनुपर्ने हो* (याकूब १०)।

तीतोपनको जरा अर्थात् शैतानको गुणहरूमध्ये सबैभन्दा मुख्य 'डाह' हो। यसबाट नै अरू दुष्ट कुराहरू निस्केर आउँदछ। अर्को शब्दमा भन्नुपर्दा डाह सबै खराब चरित्रहरूका पिता हो। सुरुमा लुसिफर परमेश्वरको प्रिय स्वर्गदूत थियो तर डाहले गर्दा त्यसले परमेश्वरको विरुद्धमा विद्रोह गर्नथाल्यो र फलस्वरूप त्यो उहाँबाट अलग हुनुपर्‍यो। डाहको कारणले गर्दा नै लुसिफर स्वर्गबाट तल फालियो। त्यसले आदम र हव्वालाई आफ्नो कब्जामा पारेपछि सम्पूर्ण मानवजातिमा त्यसको चरित्रहरू सर्दै आयो, जसको कारणले गर्दा मानिसको हृदयमा विभिन्न प्रकारका तीतोपनले स्थान पायो। शैतानको चरित्रहरूले गर्दा आज धेरै व्यक्तिहरू परमेश्वरसँग अलग भएका छन् साथै त्यसले गर्दा मानिस-मानिसबीच हुनुपर्ने सुमधुर सम्बन्ध कायम हुनसकेको

छैन। त्यति मात्र होइन मानिसले आफ्नै विरुद्धमा पनि हानि पुग्ने काम कुराहरू गर्दछन्। डाहले हृदयमा अनाज्ञाकारिता, घमण्ड र स्वार्थजस्ता नकारात्मक कुराहरू उब्जाएर मानिसलाई विद्रोही बनाउँछ र अन्त्यमा विनासमा पुऱ्याउँछ। मानिसहरूबीचको सम्बन्ध र सङ्गतिलाई बिगार्नको निम्ति शैतानले हामीलाई अविश्वासयोग्य बनाउँदछ। अविश्वासयोग्य मानिसमाथि भरोसा गर्न सकिँदैन किनभने परिस्थितिअनुसार ऊ हरेक क्षण परिवर्तन भई रहन्छ। विश्वासयोग्यता अथवा विश्वस्तता पवित्र आत्माको फल भएको कारणले गर्दा यो फल नभएको व्यक्तिलाई आत्मिकी काम र महत्वपूर्ण जिम्मेवारी दिन सकिँदैन। शैतानले मानिसलाई डाही र अविश्वासयोग्य बनाइसकेपछि बिस्तारै उसको हृदयमा विरोध, फूट, गुटबन्दी, मतभेद, झगडा, विभाजन, प्रतिस्पर्द्धा, घृणाजस्ता चरित्रहरू विकास हुँदै जान्छ।

यस विषयमा हामीले बुझ्नुपर्ने कुरा के हो भने शैतानले मानिसलाई चरणवद्ध तरिकाले आक्रमण गर्दछ। पहिले त्यसले परमेश्वर र मानिसबीचको सम्बन्धलाई बिगारीदिन्छ; त्यसपछि मानिस-मानिस बीचको सम्बन्धलाई टुटाइदिन्छ र अन्त्यमा सबैबाट अलग्याएर एक्लो बनाएपछि मानिसको हृदयमा पीर, चिन्ता, फिक्री, निराशा, हीनतावोधतिर लैजान्छ र आत्माहत्या गर्ने अवस्थामा पुऱ्याउँदछ।

मण्डलीका अगुवाहरूले शैतानको रणनीतिलाई बुझेर आफ्नो समुदायको मानिसहरूलाई त्यस विषयमा उचित प्रकारले शिक्षा दिनुपर्दछ। शैतानले मानिसको हृदयमा ल्याउने तीतोपनको जराहरूका बारेमा मण्डलीका दाजुभाइ तथा दिदीबहिनीहरूलाई सचेत पार्नुपर्दछ। अगुवाहरूको सही शिक्षा, सल्लाह र परामर्शद्वारा इसाईहरूले आफ्नो हृदयलाई सफा बनाउन सक्नेछन् र आशिष्को भागिदार हुनेछन्।

प्रायः मानिसहरूले सुसमाचारलाई हलुका प्रकारले लिने गर्दछन्। सुसमाचार प्रचार गर्ने व्यक्तिले यसरी प्रचार गर्ने गर्दछन्ः "यदि तपाईंले प्रभु येशूलाई आफ्नो जीवनको प्रभु र मुक्तिदाता भनी ग्रहण गर्नुभयो भने 'अनन्त जीवन' पाउनुहुनेछ। त्यसपछि तपाईं आत्मिक रूपमा नयाँ गरी जन्मनुहुनेछ र परमेश्वरको छोरा / छोरी हुने सौभाग्य प्राप्त गर्नुहुनेछ। परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ। तपाईंको रोगहरू निको हुनेछन्, तपाईंले समस्याहरूबाट छुटकारा पाउनुहुनेछ, तपाईंले परमेश्वरबाट शान्ति, आनन्द र सुख पाउनुहुनेछ। के तपाईं प्रभु येशूलाई स्वीकार गरी ग्रहण गर्न चाहनुहुन्छ?"

यस प्रकारका मीठा कुराहरू सुन्दा मानिसहरूले यसरी जवाफ दिने गर्दछन्ः "मलाई तपाईंको कुरा राम्रो लाग्यो। हुन्छ, म येशूलाई ग्रहण गर्न चाहन्छु।" त्यसपछि प्रार्थनाद्वारा उसलाई ग्रहण गराइन्छ। यहाँ हामीले बुझ्नुपर्ने कुरा के हो भने त्यसबेला त्यो व्यक्तिले सुसमाचार र प्रभु येशूको बारेमा त्यति राम्रोसँग बुझिसकेको हुँदैन र फलस्वरूप उसले ग्रहण गर्ने कुरालाई हलुको रूपमा लिन्छ। फाइदा हुने र आशिष् पाउने आशाले मात्र उसले ग्रहण गरेको हुन्छ। जब उसले मुख खोलेर येशूलाई प्रभु हो भनी स्वीकार गर्दछ तब उहाँको आत्मा (पवित्र आत्मा) त्यो व्यक्तिको प्राणको माथिल्लो भाग अर्थात् इच्छाशक्तिको कोठामा आउनुहुन्छ। मान्छे जस्तोसुकै भए तापनि येशूको आत्मा ग्रहण गर्ने व्यक्तिभित्र आउनुहुन्छ।

त्यसपछि त्यो व्यक्ति मण्डली जान थाल्दछ र परमेश्वरको सेवा आराधनामा भाग लिन थाल्दछ अनि पवित्र आत्मा उसको प्राणको गहिराइतिर जान थाल्नुहुन्छ। उसले वचन अध्ययन, मनन र प्रार्थनामा लामो समय बिताएपछि पवित्र आत्मा उसको हृदयमा पुग्नुहुन्छ र उसको जीवन परिवर्तन हुन थाल्दछ। केवल येशूलाई ग्रहण गरेर र चर्च धाउँदैमा मानिसको हृदय शुद्ध हुँदैन र जीवन

परिवर्तन पनि भएको हुँदैन, त्यसको लागि लामो समय र परिश्रम लाग्दछ। यस कुरालाई यहाँ दिएको बाइबल खण्डले अझ स्पष्ट पार्दछ।

*अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस्, र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्।" तर यो कुरा उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन* (यूहन्ना ७ः३७-३९)।

मानिसको हृदय शुद्ध हुने कुरा धेरै नै महत्वपूर्ण छ किनभने यसले नै हामीलाई १ थेसलोनिकी ५ः२३ अनुसारको इसाई हुन मद्दत गर्दछ। त्यसैकारण परमेश्वरको वचनमा यसरी घोषणा गरिएको छ।

*सबै कुराभन्दा बडी, आफ्नो हृदयलाई सुरक्षित राख, किनभने त्यो सारा जीवनको मूल हो* (हितोपदेश ४ः२३)।

अगुवाहरूका मुख्य कर्तव्य भनेको मानिसहरूका हृदयको अवस्था परिवर्तन गर्नु र पवित्र आत्मालाई हृदयको गहिराइमा राख्न मद्दत गर्नु हो। त्यसको निम्ति पहिले उनीहरूले आफ्नो हृदय शुद्ध बनाएर उदाहरणीय जीवन जिउनुपर्दछ। अनि मण्डलीका मानिसहरूलाई धर्मशास्त्रबाट सही शिक्षा सिकाउनुपर्दछ। जब मानिसको हृदय शुद्ध हुन्छ, तब उसले परमेश्वरलाई देख्न सक्दछ र स्वर्गीय राज्यमा आफ्नो पद र स्थान सुनिश्चित गर्न सक्दछ। फलस्वरूप उसको आत्मिक अधिकार पनि बढ्दै जान्छ। मानिसको शैक्षिक योग्यता र धन सम्पत्तिले स्वर्गीय कुराहरू हासिल गर्न सक्दैन भन्ने कुरा अगुवाहरूले राम्रोसँग बुझ्नुपर्दछ।

निष्कर्षमा हामीले बुझ्नुपर्ने कुराचाहिँ के हो भने हाम्रो हृदयबाट शैतानको चरित्रहरू हटेपछि हामी आत्मिकी शुद्धिकरणको प्रक्रियामा अघि बढ्दछौँ, जुनचाहिँ येशूजस्तै हुने प्रक्रिया हो। यस प्रकारको अभ्यास र जीवनशैलीद्वारा हामीले आफ्नो प्राणलाई स्वस्थ अनि सुरक्षित बनाउनुपर्दछ। त्यसको निम्ति स्वस्थ अनि लाभदायी कुराहरू मात्र हाम्रो आत्माले ग्रहण गर्नुपर्दछ।

# आत्माको संरचना

## THE COMPOSITION OF SPIRIT

हामी 'त्रिएक' परमेश्वरमा विश्वास गर्ने इसाईहरू हौँ। त्रिएकको सिद्धान्तअनुसार परमेश्वर एक हुनुहुन्छ तर उहाँ तीन फरक व्यक्तित्वहरूमा प्रकट हुनुहुन्छ।

१. पिता परमेश्वर (Father God)
२. पुत्र परमेश्वर (Son God)
३. पवित्र आत्मा परमेश्वर (Holy Spirit God)

परमेश्वरका यी तीन फरक व्यक्तिहरूको शक्ति र अधिकार समान छ तर उहाँहरूका काम भने फरक-फरक छ। यी तीन व्यक्तित्वहरूले एक-आपसलाई आदर-सम्मान गरी हरेक काममा सहकार्य गर्नुहुन्छ तर त्यसको अर्थ उहाँहरू तीन वटा फरक परमेश्वरहरू भने हुनुहुन्न। उहाँहरूको अस्तित्व आदिदेखि अनादिसम्म नै छ। त्यसैकारण परमेश्वर अल्फा अनि ओमेगा हुनुहुन्छ भनी बाइबलले हामीलाई बताउँदछ (यशैया ४८:१२; प्रकाश २२:१३)। यस विषयमा हामीले यो पनि बुझ्नुपर्दछ कि सृष्टिभन्दा अघि उहाँहरू हुनुहुन्थ्यो र सृष्टिको काममा पनि उहाँहरू सहभागी हुनुहुन्थ्यो। यस पाठमा विषेश गरी हामी आत्माको विषयमा चर्चा गर्नेछौँ। यहाँ हामीले बुझ्नुपर्ने कुरा के हो भने मानवीय आत्मा र परमेश्वरको ईश्वरीय आत्मा फरक कुरा हो। मानवीय आत्मा (अथवा मानिसको हृदय) को बारेमा हामीले अघिल्लो पाठबाट धेरै कुराहरू सिक्यौँ। अब हामी परमेश्वरको आत्मा अथवा पवित्र आत्माको बारेमा चर्चा गर्नेछौँ। पवित्र आत्मालाई बुझाउनको लागि बाइबलमा विभिन्न नाउँहरू दिइएका छन्; तीमध्ये केही यहाँ उल्लेख गरिएका छन्।

**परमेश्वरको पवित्र आत्मा (The Spirit of God)**

*के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ, र **परमेश्वरका पवित्र आत्मा** तिमीहरूमा वास गर्नुहुन्छ?* (१ कोरिन्थी ३:१६)।

**येशूका आत्मा (The Spirit of Jesus)**

*माइसियाको साँधमा आएपछि तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे। तर **येशूका आत्माले** तिनीहरूलाई जान दिनुभएन* (प्रेरित १६:७)।

**ख्रीष्टका आत्मा (The Spirit of Christ)**

*यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पाप-स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा **ख्रीष्टका आत्मा** हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन* (रोमी ८:९)।

*तिनीहरूभित्र हुनुभएका **ख्रीष्टको आत्माले** ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र परिस्थितिको बारेमा तिनीहरूले खोजी गरेका थिए* (१ पत्रुस १:११)।

**पवित्र आत्मा (The Holy Spirit)**

*तब उहाँका प्रजाले प्राचीनका दिनलाई, अर्थात् मोशा र तिनका प्रजाका दिनलाई सम्झे। समुद्रबाट उहाँको बगालका गोठालासमेत तिनीहरूलाई ल्याउने कहाँ हुनुहुन्छ? आफ्ना **पवित्र आत्मा** तिनीहरूका बीचमा राख्ने कहाँ हुनुहुन्छ-*

*जसले आफ्नो प्रतापी बाहु मोशाको दाहिने हाततिर पठाउनलाई बढाउनुभयो, जसले आफ्नो नाउँ अनन्तको निम्ति प्रसिद्ध राख्नलाई तिनीहरूकै समुन्ने पानीलाई दुई भाग गर्नुभयो* (यशैया ६३:११-१२)।

***पवित्र आत्माबाट*** *एशियामा वचन प्रचार गर्न मनाई भएकोले तिनीहरू फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए* (प्रेरित १६:६)।

### आत्मा (Spirit)

*शरीरबाट जन्मेको शरीर हो, र पवित्र* ***आत्माबाट*** *जन्मेको* ***आत्मा*** *हो। मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। बतास जता चाहन्छ उतै बहन्छ तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ।* ***आत्माबाट*** *जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ* (यूहन्ना ३:६-८)।

### पिताको आत्मा (The Spirit of the Father)

*किनभने बोल्ने तिमीहरू आफै हुनेछैनौ, तर तिमीहरूका* ***पिताका आत्मा*** *तिमीहरूद्वारा बोल्नुहुनेछ* (मत्ती १०:२०)।

### आफ्ना पुत्रको आत्मा (The Spirit of His Son)

*तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले* ***आफ्ना पुत्रको आत्मा*** *हाम्रा हृदयमा पठाइदिनुभयो, जसले 'हे अब्बा, पिता!' भनेर पुकार्नुहुन्छ* (गलाती ४:६)।

### परमप्रभुका आत्मा (The Spirit of the Lord)

***परमप्रभुका आत्मा*** *ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ* (यशैया ६१:१; लूका ४:१८)।

### परमेश्वरका पवित्र आत्मा (The Holy Spirit of God)

*अनि* ***परमेश्वरका पवित्र आत्मालाई*** *दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाएका छौ* (एफिसी ४:३०)।

### बुद्धि, समझ, सल्लाह र शक्तिको आतमा (The Spirit of Wisdom, Mind, Counsel and Power)

*परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ-* ***बुद्धि र समझका आत्मा, सल्लाह, ज्ञान र शक्तिका आत्मा,*** *ज्ञान र परमप्रभुको भयको आत्मा* (यशैया ११:२)।

### बुद्धि र प्रकाशको आत्मा (The Spirit of Wisdom and Revelation)

*म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा* ***बुद्धि र प्रकाशको आत्मा*** *दिऊन्* (एफिसी १:१७)।

### इन्साफको आत्मा (The Spirit of the Judgment)

*परमप्रभुले सियोनका स्त्रीहरूको मैला धुनुहुनेछ, र उहाँले* ***इन्साफको आत्मा*** *र आगोको आत्माद्वारा यरूशलेमबाट रगतका दाग शुद्ध गर्नुहुनेछ* (यशैया ४:४)।

### अनन्त आत्मा (The Eternal Spirit)

*ख्रीष्टको रगतले त झन् कति बढी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक। किनकि उहाँले **अनन्त आत्माद्वारा** आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो* (हिब्रू ९:१४)।

**सत्यका आत्मा (The Spirit of the Truth)**

*यिनी **सत्यका आत्मा** हुनुहन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ* (यूहन्ना १४:१७)।

*जब उहाँ, अर्थात् **सत्यका आत्मा** आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ* (यूहन्ना १६:१३)।

**जीवनका आत्मा (The Spirit of Life)**

*पाप र मृत्युको व्यवस्थाबाट मलाई **जीवनका आत्माको** व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ* (रोमी ८:२)।

**जीवनको सास (The Breath of Life)**

*साढे तीन दिनपछि परमेश्वरबाट आएको **जीवनको सास** तिनीहरूभित्र पस्यो, र तिनीहरू आफ्ना गोडामा खडा भए, अनि तिनीहरूलाई देख्नेहरूमाथि ठूलो डर छायो* (प्रकाश ११:११)।

**अनुग्रहका आत्मा (The Spirit of Grace)**

*तिमीहरू आफै विचार गरः परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने र **अनुग्रहका आत्मालाई** अपमान गर्नेचाहिँ झन् कति बढी कडा दण्डको योग्य ठहरिनेछ* (हिब्रू १०:२९)।

**शक्ति, प्रेम र आत्मसंयमको आत्मा (The Spirit of Power, Love and a sound mind)**

*किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर **शक्ति, प्रेम र आत्मसंयमको आत्मा** दिनुभएको छ* (२ तिमोथी १:७)।

**महिमाका आत्मा (The Spirit of Glory)**

*यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौ। किनभने **महिमाका र परमेश्वरका आत्मा** तिमीहरूमाथि रहनुहुन्छ* (१ पत्रुस ४:१४)।

**अगमवाणीको आत्मा (The Spirit of Prophecy)**

*अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो परेँ। तर तिनले मलाई भने, "तिमीले मलाई यसो गर्नुहुँदैन। म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रौ सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर! किनकि येशूको गवाही **अगमवाणीको आत्मा** हो"* (प्रकाश १९:१०)।

यी सबै बाइबल खण्डहरूले परमेश्वरको आत्मा अथवा पवित्र आत्माको बारेमा बताउँदछ। परमेश्वरको आत्माको आयाम मानिसको आत्माको आयामभन्दा धेरै उच्च हुन्छ। यसै प्रसङ्गमा १ थेसलोनिकी ५:२३ बारे चर्चा

गरौँ। यहाँ उल्लेख भएको 'आत्मा' मानवीय आत्माभन्दा उच्च आयामको आत्मा हो। आत्मा दुइ प्रकारको हुन्छ भन्ने कुरा पनि हामीले थाहा पाउनुपर्दछ।

१. परमेश्वरको आत्मा (Spirit of God)
२. दुष्ट आत्मा (Evil Spirit)

[चित्र नं.- १० :शरीर, प्राण, आत्मा, परमेश्वरको आत्मा र अशुद्ध आत्माको तालिका राख्ने]

पवित्र आत्माले हामीलाई धेरै प्रकारले सहायता गरी लाभ पुऱ्याउनुहुन्छ।

**पवित्र आत्मा विश्वासीहरूसँग बोल्नुहुन्छ, त्यसैले उहाँको आवाज सुन्नलाई हामीले आफ्ना आत्मिकी कानहरूलाई चनाखो बनाउनुपर्दछ।**

*तब पवित्र आत्माले फिलिपलाई **भन्नुभयो,** "जाऊ र त्यस रथको साथ लाग"* (प्रेरित ८:२९)।

*पवित्र आत्मा प्रष्टै **भन्नुहुन्छ,** कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट तर्किजनेछन्* (१ तिमोथी ४:१)।

*जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के **भन्नुहुन्छ।** जसले जित्छ, त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिनेछु* (प्रकाश २:७)।

*जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के **भन्नुहुन्छ।** जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुनेछैन* (प्रकाश २:११)।

*जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के **भन्नुहुन्छ।** जसले जित्छ, त्यसलाई म गुप्त-मन्नको केही भाग दिनेछु, र म त्यसलाई नयाँ नाउँ लेखिएको एउटा सेतो पत्थर दिनेछु, जो पाउनेले बाहेक अरू कसैले जान्दैन* (प्रकाश २:१७)।

*जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के **भन्नुहुन्छ*** (प्रकाश २:२९)।

**उहाँले हाम्रो कमजोर हृदयलाई बलियो अनि सुदृढ पार्नुहुन्छ।**

*म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्* (एफिसी ३:१६)।

**उहाँले हाम्रो जीवनलाई नवीकर ण गर्नुहुन्छ। त्यसपछि पुरानो कुराहरूबाट छुटकारा पाएर हामी नयाँ व्यक्ति हुन्छौँ।**

*तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो* (तीतस ३:५)।

**उहाँले हाम्रो निम्ति अन्तर्बिन्ती प्रार्थना गरेर परमेश्वरसँग मध्यस्थ गर्नुहुन्छ।**

*त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी **प्रार्थना** गर्नुपर्ने हो हामी जन्दैनौँ, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति **मध्यस्थता** गनुहुन्छ। र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि*

*परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति* ***मध्यस्थता*** *गर्नुहुन्छ* (रोमी ८:२६-२७)।

**उहाँले हामीलाई आत्मिक फलहरू फलाउन सहायता गर्नुहुन्छ।**

*तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शाति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन* (गलाती ५:२२-२३)।

**उहाँले हामीलाई येशूका साक्षी हुनलाई शक्ति दिनुहुन्छ।**

*तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ* (प्रेरित १:८)।

**पवित्र आत्माले हृदयमा भएका गहिरा गहिरा कुराहरू खोज्न हामीलाई सहायता गर्नुहुन्छ।**

*परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ* (१ कोरिन्थी २:१०)।

**उहाँले मानिसको दोष पनि देखाई दिनुहुन्छ।**

*अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहरानुहुनेछ* (यूहन्ना १६:८)।

**उहाँले हामीलाई आत्मिक वरदानहरू दिनुहुन्छ।**

*सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिएका छन्, कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाइ चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्छ। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार* ***वरदान*** *दिनुहुन्छ* (१ कोरिन्थी १२:७-११)।

**उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ।**

*जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा* ***डोऱ्याउनुहुनेछ*** (यूहन्ना १६:१३)।

**साथै उहाँले हामीलाई मार्गनिर्देशन गर्नुहुन्छ।**

*जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए, तब पवित्र आत्माले तिनलाई भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। उठ, र तल जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको हुँ* (प्रेरित १०:१९-२०)।

*तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले* ***भन्नुभयो,*** *"मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु"* (प्रेरित १३:२)।

*पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न* ***मनाई भएकोले*** *तिनीहरू फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए। माइसियाको साँधमा आएपछि तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे । तर येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन* (प्ररित १६ः६-७)।

**उहाँले हामीलाई नयाँ जीवन दिई भविष्यमा महिमित शरीरमा पुनरुन्थान गराउनुहुन्छ।**

*तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि* ***जीवन*** *दिनुहुनेछ* (रोमी ८ः११)।

*पहिलो मानिस माटोले बनिएको, पृथ्वीबाट हो। र दोस्रो मानिस स्वर्गको हो। माटोले बनिएको मानिसजस्तो थियो, माटोले बनिएकाहरू पनि त्यस्तै हुन्छन् र स्वर्गीय मानिस जस्तो छ, स्वर्गकाहरू पनि त्यस्तै हुन्छन्। जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका मानिसको रूप धारण गर्नेछौं। अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यका हकदार हुन सक्दैन, नता विनाश अविनाशको हकदार हुन सक्छ। हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन् अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ* (१ कोरिन्थी १५ः४७-५२)।

*तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो, र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। प्रभुको वचनद्वारा हामी तिमीहरूलाई गोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्ने छैनौं। किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ* (१ थेसलोनिकी ४ः१३-१८)।

**येशू सिद्ध मानिस भएर यस संसारमा आउनुहुँदा उहाँलाई पवित्र आत्माको आवश्यक्ता पर्‍यो। उहाँ पवित्र आत्मा द्वारा कन्या मरियमको कोखमा गर्भधारण हुनुभयो।**

*येशू ख्रीष्टको जन्म यस प्रकारले भयोः उहाँकी आमा मरियमको मगनी योसेफसँग भएको थियो, तर उनीहरूको विवाह हुनअघि मरियम पवित्र आत्माद्वारा गर्भवती भएकी थाहा भयो तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले, तिनलाई शर्ममा पार्ने इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे। तर जब उनले यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ। तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौं, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ* (मत्ती १ः१८-२१)।

*स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहा पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ* (लूका १ः३५)।

**उहाँले पवित्र आत्माको सहायतामा परमेश्वरका कुराहरू बोल्नुभयो।**

*किनभने जसलाई परमेश्वरले पठाउनुभयो, त्यसले परमेश्वरका वाणी बोल्दछ, किनकि परमेश्वरले विनानाप पवित्र आत्मा दिनुहुन्छ* (यूहन्ना ३ः३४)।

**पवित्र आत्माले येशूलाई अगुवाइ गर्नुभयो।**

*तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो* (मत्ती ४ः१)।

*येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो* (लूका ४ः१)।

**परमेश्वरको राज्यको सेवकाइको निम्ति पवित्र आत्माले येशूलाई शक्ति दिनुभयो।**

*येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, र उहाँका विषयको कुरा वरिपरिका सबै ठाउँमा फिँजियो* (लूका ४ः१४)।

**पवित्र आत्माको अभिषेकमा उहाले यहूदी सभाघरमा  धर्मशास्त्रबाट पढ्नुभयो।**

*उहाँ नासरतमा आउनुभयो, जहा उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खडा हुनुभयो। उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरा लेखिएको खण्ड निकाल्नुभयोः :"परमप्रभुका आत्मा ममाथि छ। किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनको निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ"* (लूका ४ः१६-१६)। यस खण्डबाट उहाँको सेवकाइ, उहाँले गर्नुभएको चङ्गाइको काम र आश्चर्यकर्महरू सबै पवित्र आत्माको सहायतामा भएको थियो भन्ने कुरा स्पष्ट हुन्छ।

**पवित्र आत्माको सहायतामा येशूले भूतहरू  धपाउनुभयो।**

*तर यदि परमेश्वरका आत्माद्वारा म भूतहरू धपाउँछु भने परमेश्वरको राज्य तिमीहरूमा आइसकेको छ* (मत्ती १२ः२८)।

**पवित्र आत्माद्वारा उहाँ पुनरुत्थान हुनुभयो।**

*किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एकचोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो- धर्मी जन अधर्मीहरूका निम्ति- तर आत्मद्वारा जीवित पारिनुभयो* (१ पत्रुस ३ः१८)।

प्रभु येशूलाई त पवित्र आत्माको सहायता र सङ्गतिको आवश्यक्ता पऱ्यो भने के कुनै व्यक्ति, जसले आफूलाई 'म इसाई हुँ' भनी भन्दछ, के उसले 'मलाई पवित्र आत्मा चाहिँदैन' भनी भन्न सक्छ?

पवित्र आत्माले मानिसमा दुइ प्रकारले काम गर्नुहुन्छ। त्यसकारण उहाँलाई दुइ नाउँहरूले सम्बोधन गरिन्छ।

१. पन्यूमा हागियोस (Pneuma Hagios)
२. पारा-क्लेटोस (Para-cletos)

पन्यूमा हागियोस जिउँदो पानीको रूपमा हामीभित्र वास गर्नुहुन्छ र उहाँले नयाँ जन्म अर्थात् 'अनन्त जीवन' दिने काम गर्नुहुन्छ। पारा-क्लेटोस हामीभन्दा बाहिर बस्नुहुन्छ तर हामीमा आउनको लागि हाम्रो निमन्त्रणालाई पर्खनुहुन्छ। अर्थात् अर्को शब्दमा भन्नुपर्दा उहाँ हामीले बोलाएपछि मात्र हामीमा आउनुहुन्छ र हामीलाई शक्ति दिने, सान्त्वना दिने, उत्साह दिने, सहायता दिने, सिकाउने, हाम्रो पक्षमा वकालत गर्ने, मार्ग निर्देशन गर्ने जस्ता लाभदायी कामहरू गर्नुहुन्छ। पवित्र आत्मा परमेश्वर नै हुनुभएको ले गर्दा हामीले उहाँलाई साँचो प्रकारले आराधना महिमा चढाउनुपर्दछ।

*तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ* (यूहन्ना ४:२३-२४)।

माथिका कुराहरूलाई संक्षेपमा भन्नुपर्दा पन्यूमा हागियोस हामीभित्र जिउँदो पानीको रूपमा आउनुहुन्छ (यूहन्ना ७:३८-३९) र उहाँले हाम्रो हृदयलाई तीतोपनबाट मुक्त पार्न धुने काम गर्नुहुन्छ। पारा-क्लेटोसलाई हामीले बोलाएपछि मात्र हामीमा आउनुहुन्छ। उहाँ आउदाँ विभिन्न प्रकारको रूपहरूमा आउनुहुन्छ, जस्तैः

१. **आगोको रूपमा** – *आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे* (प्रेरित २:३-४)।

२. **हावाको रूपमा** – *अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो* (प्रेरित २:२)।

३. **ज्योतिको रूपमा** – *जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, "शाऊल, शाऊल,तिमी किन मलाई सताउँछौ?"* (प्रेरित ९:३-४)।

४. **ढुकुरको रूपमा** – अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो (मत्ती ३:१६)।

५. **शीतको रूपमा** - *म इस्राएलको निम्ति शीतझैं हुनेछु* (होशे १४:५)।

६. **तेलको अभिषेकको रूपमा** - *मेरा शत्रुहरूका सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ। तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ* (भ.सं २३:५)। ... *उहाँले मलाई अभिषेक गर्नुभएको छ* (लूका ४:१८)। *परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो* (प्रेरित १०:३८)। *तर तिमीहरूको अभिषेक*

*महापवित्रबाट भएको छ, र तिमीहरू सबैले सत्य जान्दछौ* (१ यूहन्ना २:२०)। *तिमीहरूले उहाँबाट पाएको अभिषेक तिमीहरूमा रहिरहन्छ, र कसैले तिमीहरूलाई सिकाउने आवश्यक्ता पर्दैन। तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन। यस अभिषेकले तिमीहरूलाई सिकाएबमोजिम ख्रीष्टमा रहिरहो* (१ यूहन्ना २:२७)।

यी विभिन्न रूपमा आउनुहुने पवित्र आत्माले हाम्रो जीवनमा विभिन्न प्रकारका कामहरू गर्नुहुन्छ। हामीलाई आत्मिकी रूपमा परिपक्व र बलियो बनाउन यी रूपहरूमा आउनुहुने पवित्र आत्मामा सहायता गर्नुहुन्छ। इसाई इतिहासलाई अध्ययन गर्ने हो भने सुरुका मण्डलीका व्यक्तिहरूले पवित्र आत्माको अनुभव गरेका थिए।

**आत्माको खाना (Food for Spirit):-**

शरीर र प्राणलाई खानाको आवश्यक्ता परेझैं आत्मालाई पनि उचित खाना चाहिन्छ। यसले हामीलाई आत्मिक रूपमा वृद्धि भई परिपक्व इसाई हुन मद्दत गर्दछ। परमेश्वरको वचन अर्थात् धर्मशास्त्र बाइबल आत्मिक खाना हो, जसलाई हामीले पवित्र आत्माको अगुवाइ र नियन्त्रणमा सही प्रकारले ग्रहण गर्नुपर्दछ। यस विषयमा बाइबलले हामीलाई यसरी बताउँदछ।

*तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढी मीठा छन्* (भ.सं. ११९:१०३)।

*जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर* (यर्मिया १५:१६)।

*तब मैले हेरें, र एउटा हात मतिर पसारेको मैले देखेँ। त्यसमा एउटा मुट्ठो थियो, जो उहाँले मेरै सामु खोलेर फिँजाइदिनुभयो* (इजकिएल २:९-१०)।

*त्यसपछि उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, मैले तँलाई दिएको यो मुट्ठो खा र यसले तेरो पेट भर।" यसैले मैले यो खाएँ, र यो मेरो मुखमा महझैं गुलियो भयो* (इजकिएल ३:३)।

यी बाइबल खण्डहरूद्वारा के कुरा स्पष्ट हुन्छ भने परमेश्वरको वचन मीठो र हामीलाई फाइदाजनक छ। यसको स्वाद पाएपछि कहिल्यै त्यसबाट तर्किन सकिँदैन। परमेश्वरको वचन हाम्रो आत्मको लागि स्वादिलो खाना हो, र यसबाट प्राप्त हुने पौष्टिक तत्वले हामीलाई धेरै लाभ पुऱ्याउँदछ।

**परमेश्वरको वचनको दुइ कामहरू (Two Functions of the Word of God)**

परमेश्वर आफ्नो जीवन वचनद्वारा हाम्रो जीवनमा मुख्य दुइ कामहरू गर्नुहुन्छ।

१. आत्मिक पौष्टिक तत्व र शक्ति दिने (Giving Spiritual Nourishment and Energy)

२. आक्रमण र सुरक्षा गर्ने आत्मिक हतियार दिने (Giving Offensive & Defensive Spiritual Weapon)

जब हामी प्रार्थनासहित पवित्र आत्माको अगुवाइमा परमेश्वरको वचन अध्ययन गर्दछौँ, तब त्यसप्रति हाम्रो अभिरुचि बढ्दैजान्छ र आत्मिक जिब्रोलाई स्वादिलो र मीठो लाग्नथाल्दछ। जब हामी यसबारे मनन गर्न थाल्दछौँ, तब हामीमा त्यसप्रति भोक र प्यास जाग्दछ। आत्मिकी भोकलाई तृप्त पार्न जसै धर्मशास्त्र बाइबलमा भएका जीवित वचन खान्छौँ, तब त्यसबाट प्राप्त भएको पौष्टिक तत्वले सुसमाचार प्रचार गर्न र येशू ख्रीष्टको साक्षी बन्न शक्ति मिल्दछ। त्यसको साथै जब हाम्रो आत्मिकी प्यास मेटाउन जिउँदो पानी अर्थात् पवित्र आत्मा लिन्छौँ, तब त्यसले हाम्रो हृदयलाई धोई पखाली शुद्ध पार्नुहुन्छ। त्यसकारण परमेश्वरको वचन र पवित्र आत्मा दुवैले हामीमा काम गर्न थालेपछि हाम्रो आत्मिकी ज्ञानेन्द्रियहरू (आँखा, कान, नाक, जिब्रो र छाला) सक्रिय हुन थाल्दछन्। त्यसपछि हामी परमेश्वर र उहाँको राज्यलाई देख्न सक्छौँ, उहाँको आवाज सुन्न सक्छौँ, उहाँको उपस्थितिलाई महसुस गर्न सक्छौँ र उहाँको वचनको स्वाद पाउन सक्छौँ। त्यति मात्र होइन परमेश्वरको वचनबाट प्राप्त हुने पौष्टिक तत्वले हाम्रो आत्मिक हातखुट्टा र बोलिवचन पनि शुद्ध र शक्तिशाली हुन्छ। त्यसपछि हामीले टेकेको ठाउँले आशिष् पाउनेछ, हामीले छोएको व्यक्तिले चङ्गाइ पाउनेछ, हाम्रो वचन सुन्नेले शान्ति र सान्त्वना पाउनेछ। हाम्रो उपस्थिति भएको ठाउँबाट भूत र दुष्ट आत्माहरू भाग्नेछन्। मानिसहरू आशिष् पाउनको लागि हाम्रो नजिक आउनेछन्, जसबाट परमेश्वरको महिमा हुनेछ। तर यस प्रकारको आत्मिक शक्ति र अधिकार पाउनको लागि परमेश्वरको वचन अध्ययन-मनन र प्रार्थनामा प्रसस्त समय बिताउनुपर्दछ।

परमेश्वरको वचनले गर्नुहुने अर्को कामचाहिँ हामीलाई आक्रमण र सुरक्षा गर्ने आत्मिक हतियार दिनु हो। यसबारे धर्मशास्त्र बाइबलमा यस्तो कुरा लेखिएको छ।

*मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो* (एफिसी ६ः१७)।

*किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ* (हिब्रू ४ः१२)।

जब हामी वचन मननमा समय बिताउँदछौँ, तब थुप्रै दुइधारे आत्मिकी तरवारहरू हाम्रो हृदयमा आएर काम गर्न थाल्दछ। त्यसले त्यहाँ भएका तीतोपनका जराहरू र त्यसबाट पलाएका डाँठ र हाँगाहरूलाई काटिदिन्छ। पन्यूमा हागियोस र पारा-क्लेटोसद्वारा नहटेका ती तीतोपनको जराहरू दुइधारे तरवार अर्थात् परमेश्वरको वचनले काटेर ढाल्न सहायता मिल्दछ। त्यसपछि आगोभैँ आउनुहुने पवित्र आत्माले त्यसलाई जलाएर खरानी बनाइदिनुहुन्छ र हावाभैँ आउनुहुने पवित्र आत्माले त्यसलाई उडाएर लैजानुहुन्छ। यसप्रकार यहाँ हामी परमेश्वरको वचन र पवित्र आत्माले सँगसँगै काम गर्नुहुन्छ भन्ने कुरा स्पष्ट हुँदछ। त्यसकारण यी दुवै कुरा हामीलाई आवश्यक पर्दछ। यसै प्रसङ्गमा केही कट्टरवादी इसाईहरूले यसो भन्दछन्, "अहिले परमेश्वरको जीवित वचन हामीसँग छ र सबै काम त्यसैबाट हुन्छ। त्यसैले त्यसको निम्ति पवित्र आत्माको आवश्यक्ता पर्दैन।" तर यस विषयमा पेन्टिकोस्टल इसाईहरूको अवधारणा भने यस्तो हुन्छ, "हामीले परमेश्वरको स्तुति-प्रशंसा

जोसिलो तरिकाले गर्नुपर्दछ र पवित्र आत्मालाई विशेष महत्व दिनुपर्दछ। उहाँले नै सबैथोक गर्नुहुन्छ, त्यसैले उहाँलाई हाम्रो जीवनमा काम गर्न दिनुपर्दछ।" यी दुवै भनाइहरू सतप्रतिसत सही छैन भनी डा. थोमस ह्वाङ्ग भन्नुहुन्छ। उहाँको भनाइअनुसार इसाईहरूले परमेश्वरको वचन र पवित्र आत्मा दुवैलाई महत्व दिएर हाम्रो जीवनमा काम गर्न दिनुपर्दछ। यदि यस कुरामा सन्तुलन गर्न सकिएन र आफ्नै सम्प्रदायअनुसारको शिक्षामा मात्र जोड दिइयो भने त्यसले गलत दिशातिर लाने डर हुन्छ।

निष्कर्षमा हामीले बुझ्नुपर्ने कुरा के हो भने शरीर र प्राणलाई जस्तै गरी आत्मालाई स्वस्थ राख्नको लागि पहिले उल्लेख गरिएका पाँच वटा प्रक्रियाहरूलाई पछ्याउनुपर्दछ (ठीक प्रकारले खानु, ठीक प्रकारले पचाउनु, ठीक प्रकारले निष्कासन गर्नु, ठीक प्रकारले अभ्यास गर्नु र ठीक प्रकारले आराम गर्नु)। हामीले शुद्ध आत्मिकी खाना खानुपर्दछ। आजभोलि विभिन्न प्रकारका झूटा शिक्षाहरूद्वारा परमेश्वरको वचनलाई प्रदूषित पार्ने काम भइरहेको छ। धेरै शिक्षक र प्रचारकहरूले परमेश्वरको वचनमा हानिकारक तत्वहरू मिसाउँदछन्। तिनीहरूले प्रचार गर्दा विभिन्न सांसारिक जानकारी, रमाइलो चुट्किला, र व्यक्तिगत दर्शन र अनुभवका कुराहरू सुनाउने गर्दछन्, जसबाट मानिसहरू अन्यौलमा पर्दछन्। त्यस्ता प्रचारहरू कर्णप्रिय लागे तापनि त्यसबाट आत्मिक शक्ति र शिक्षा मिल्दैन बरु अलमल्लमा पार्दछ। धेरै मण्डलीहरूमा यस्तै कुराहरू भइरहेका छन्। त्यसकारण हामी आत्मिक खाना खाने कुरामा सचेत भएर सही कुरा मात्र ग्रहण गर्नुपर्दछ। आफूले सुनेको, पढेको कुरालाई मनन गरेर पचाउनुपर्दछ। यदि कुनै खराब र विषालु कुराहरू भेट्टायौँ भने तुरुन्त त्यसलाई निष्कासन गर्नुपर्दछ। आफूले पाएको सही आत्मिकी शिक्षालाई सही प्रकारले व्यवहारमा उतारेर अभ्यास गर्नुपर्दछ र अन्तिम कुराचाहिँ आवश्यक्ताअनुसार हामीले आत्मालाई आराम दिनुपर्दछ। यस प्रकारको जीवनशैलीबाट हाम्रो जीवनको आत्मिक पक्ष स्वस्थ र सक्रिय हुन्छ, जसको फलस्वरूप हामी १ थेसलोनिकी ५ः२३ मा पावलले बताएको निष्कलङ्क र निष्खोट इसाई हुनेछौँ।

# दुष्ट आत्माको सिद्धान्त

## THE DOCTRINE OF EVIL SPIRIT

दुष्ट आत्माको बारेमा बुझ्नको लागि लुसिफरको विषयमा थाहा पाउनु आवश्यक छ। त्योभन्दा पहिले स्वर्गदूतहरूका विषयमा केही चर्चा गरौँ। स्वर्गदूतहरूलाई नौ वटा समूहहरूमा वर्गिकरण गर्न सकिन्छ। सबैभन्दा उच्च स्तरका स्वर्गदूतहरूलाई करूब (Cherub) भनिन्छ। दोस्रो दर्जाको स्वर्गदूतहरूलाई शराफ (Seraph) भनिन्छ; तेस्रो दर्जाको स्वर्गदूतहरूलाई मिखाएल (Michael) भनिन्छ; चौथो दर्जाको स्वर्गदूतहरूलाई गब्रिएल (Gabriel) भनिन्छ। त्योभन्दा निम्नस्तरका दूतहरूलाई शासकहरू (Rulers), शक्तिहरू (Power), सांसारिक सेनाहरू (World Forces), आत्मिक सेनाहरू (Spiritual Forces) र साधारण दूतहरू (Common Angels) भनिन्छ। यहा हामीले बुझ्नुपर्ने कुरा के हो भने करूब समूहको मुख्य स्वर्गदूत लुसिफर (Lucifer) थियो। लुसिफरको शाब्दिक अर्थ चम्किलो अथवा प्रकाश दिने हो। जुनकिरीको शरीरमा हुने लुसिफेरिन (Luciferene) भन्ने तत्वले गर्दा त्यो रातमा चम्कन्छ भनी वैज्ञानिकहरू भन्दछन्। लुसिफर परमेश्वरको सिंहासननजिक बसेर उहाँको सेवा गर्ने व्यक्ति थियो र त्यसको अधिन र नेतृत्वमा लाखौँ स्वर्गदूतहरू थिए। त्यसले परमेश्वरबाट शक्ति, सुन्दरता, ज्ञान-बुद्धि र पद-प्रतिष्ठा पाएको थियो, जसको लागि त्यसले कुनै मूल्य चुकाउनु परेको थिएन। वास्तवमा भन्ने हो भने ती सबै कुराहरूका निम्ति लुसिफर परमेश्वरप्रति कृतज्ञ र धन्यवादी हुनुपर्दथ्यो तर त्यसले त्यसो गरेन बरु डाह र घमण्डको कारण आफूलाई परमेश्वर जत्तिकै उच्च पार्नेछु भनी विचार गर्न थाल्यो (यशैया १४:१३-१४)। त्यसप्रकारले परमेश्वरलाई चुनौति दिनु भनेको सृष्टिको नियम र उद्देश्यलाई उलङ्घन गर्नु हो। परमेश्वर प्रेमिलो हुनुहुन्छ र आफूले सृष्टि गर्नुभएकाहरूको लागि उहाँले विभिन्न कुराहरू सित्तैंमा उपलब्ध गराइदिनुभएको छ, जस्तैः हावा, पानी, सूर्यको ताप र प्रकाश आदि। यस्ता कुराहरारूको लागि हामीले सृष्टिकर्ता परमेश्वरप्रति धन्यवादी र कृतज्ञ भई उहाँलाई आदर गर्दै सेवा-आराधना र महिमा गर्नुपर्दछ। हामीबाट उहाँले चाहनुहुने कुराहरू पनि यिनै हुन्। यस विषयमा धर्मशास्त्र बाइबलमा यसरी लेखिएको छ।

*हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचेँ र बनाएँ* (यशैया ४३:७)।

*पूर्वजहरू यिनीहरूका नै हुन्, र ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्। आमिन* (रोमी ९:५)।

*किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्* (कलस्सी १:१६)।

यदि कसैले सृष्टिको नियम र उद्देश्यलाई उलङ्घन गरेर परमेश्वरलाई मन नपर्ने काम-कुराहरू गर्दछ भने परमेश्वर रिसाउनुहुन्छ किनभने उहाँ डाही परमेश्वर हुनुहुन्छ (प्रस्थान २०:५)।

लुसिफर परमेश्वरको नजिक बस्ने स्वर्गदूत भए तापनि त्यसको हृदयमा डाह, घमण्ड र विद्रोहजस्ता कुराहरूले स्था पायो अनि त्यसले उहाँको विरुद्धमा योजना बनाएर सृष्टिको नियम र उद्देश्य भङ्ग गर्न खोज्यो, जसको फलस्वरूप परमेश्वर त्योसँग क्रोधित हुनुभयो र तससलाई तेस्रो स्वर्गबाट तल फालिदिनुभयो। त्यसपछि त्यो पहिलो र दोस्रो स्वर्ग (अर्थात् यो पृथ्वी र ब्रम्हाण्ड) भएको ठाउँमा वास गर्न थाल्यो।

*तेरा सबै रवाफ त तेरा वीणाको गुञ्जनसँगै चिहानमा झारिएका छन्। औँसा तेरो ओछ्यान र कीरा तेरो ओढ्ने भएका छन्। ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" तर तँ चिहानसम्म, खाडलको तल्लो गहिराइसम्मै होच्याइस्* (यशैया १४:११-१५)।

लुसिफर पतन भएपछि अथवा परमेश्वरबाट अलग भएपछि 'शैतान' भन्ने नाउबाट चिनिन थाल्यो, जुन ग्रीक भाषाको सतानस (SATANAS) शब्दबाट भएको हो। सतानस शब्दको अर्थ विद्रोह गर्ने र परमेश्वरको नियम र आज्ञा उलङ्घन गर्ने हुन्छ। शैतानलाई दुष्ट (Devil) पनि भनिन्छ, जुन दियाबलस (DIABOLOS) भन्ने ग्रीक शब्दबाट आएको हो। दियाबलस भन्ने शब्दको दुइ वटा अर्थहरू छन्।

१. नास गर्ने (Destroyer)
२. अलग गर्ने अथवा छुट्ट्याउने (Separator)

लुसिफर तेस्रो स्वर्गबाट तल झर्दा, त्याहँ भएका एक-तिहाइ स्वर्गदूतहरूले त्यसलाई पछ्याएका थिए (प्रकाश १२:३-४)। तिनीहरूलाई शैतानको सेनाहरू भनेर भनिन्छ। शैतान र त्यसका सेनाहरूको काम नास गर्ने भएकोले तिनीहरूले परमेश्वरको सृष्टिलाई ध्वंस पार्ने काम गर्दछ। तिनीहरूले पहिलो र दोस्रो स्वर्गमा भएका ग्रह, तारा, नक्षत्र र चन्द्रमाहरुलाई जीव र वनस्पतिरहित हुनेगरी नास पारेका छन्। वैज्ञानिकहरूले गरेका खोज र अनुसन्धानबाट के कुरा पत्ता लागेको छ भने यो पृथ्वीबाहेक ब्रम्हाण्डमा भएका अरू ग्रह, तारा, नक्षत्र र चन्द्रमाहरूमा कुनै पनि जीव र वनस्पतिको अस्तित्व छैन। प्रकाशको पुस्तक २१ अध्यायअनुसार परमेश्वरले भविष्यमा ती सबैलाई नवीकरण गरेर जीव र वनस्पतिहरूको लागि बस्नयोग्य स्थान बनाइदिनुहुनेछ।

शैतानको अर्को कामचाहिँ अलग गर्ने हो। त्यसले परमेश्वरले सृष्टि गर्नुभएको पहिलो मानिसहरूः आदम र हव्वालाई परीक्षामा पारेर परमेश्वरबाट अलग गरायो, जसको परिणामस्वरूप मानव जातिको अधिकांश व्यक्तिहरू अझै परमेश्वरसँगको सम्पर्कमा आउन सकेका छैनन्। त्यसले मानिस-मानिसबीचको सम्बन्धलाई पनि अलग गरेको छ। सङ्का, विरोध, मतभेद र झगडाजस्ता कुराहरूद्वारा त्यसले मानवीय सम्बन्ध र सङ्गतिलाई तोडिदिएको छ। शैतान र त्यसको सेनाहरूलाई बुझाउन बाइबलमा विभिन्न नाउँहरू प्रयोग भएका छन्।

### शैतान (Satan)

***शैतान** इस्राएलको विरुद्ध उठेर दाऊदलाई आफ्नो प्रजा गन्नलाई सुऱ्यायो* (१ इतिहास २१:१)।

*एक दिन स्वर्गीय दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा **शैतान** पनि तिनीहरूसँग आयो ... तब **शैतान** परमप्रभुको उपस्थितिबाट निस्केर गयो* (अय्यूब १:६-१२)।

*ताकि शैतानले हामीलाई फसाउन नपाओस्, किनकि त्यसका युक्तिहरूका विषयमा हामी अजान छैनौं* ( २ कोरिन्थी २:११)।

**दुष्ट (Devil)**

*जब कसैले राज्यको वचन सुन्छ, र सो बुझ्दैन, तब **दुष्ट** आउँछ र त्यसको हृदयमा जे छरिएको थियो सो खोसेर लैजान्छ। बाटोतिर छरिएको बीउचाहिँ त्यही हो* (मत्ती १३:१९)

हामी जान्दछौं, कि परमेश्वरका हौं, र सारा सँसार त्यस **दुष्टको** अधिनमा परेको छ (१ यूहन्ना ५:१९)।

**सर्प (Serpent / Snake)**

*परमप्रभुले परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये **सर्प** सबभन्दा धूर्त थियो। त्यसलाए स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरुलाई बगैँचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?"* (उत्पत्ति ३:१)।

*तर जसरी **सर्पले** आफ्नो चलाकीले हव्वालाई छल्यो, त्यसरी नै ख्रीष्टप्रतिका तिमीहरूको निष्कपट र चोखो भक्तिबाट तिमीहरूका विचारहरू भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ* (२ कोरिन्थी ११:३)।

**दियाबलस (Diabolos)**

*सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु **दियाबलस** कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ* (१ पत्रुस ५:८)।

*त्यो ठूलो अजिङ्गर तल फालियो- त्यो प्राचीन सर्प,जो सारा संसारलाई बहकाउने **दियाबलस** वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए* (प्रकाश १२:९)।

**अजिङ्गर (Dragon)**

*... के तपाईं त्यही हुनुहुन्न, जसले राहाबलाई टुक्रा-टुक्रा पार्नुभयो, र त्यस **अजिङ्गरलाई** वारपार छेड्नुभयो?* (यशैया ५१:९)।

*परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "हे मिश्रदेशको राजा फारो, म तेरो विरुद्धमा छु, आफ्ना खोलाहरूका बीचमा पडिरहने, तँ ठूलो **अजिङ्गर,** तँ भन्छस, 'नील नदी मेरै हो, त्यो मैले नै बनाएँ"* (इजकिएल २९:३)।

*अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सातओटा शिर, दशओटा सीङ र शिरमा सातओटा मुकुट लाएको एउटा ठूलो रातो **अजिङ्गर** देखा पऱ्यो ... अनि त्यो **अजिङ्गर** मुद्रको किनारमा खडा भयो* (प्रकाश १२:३-१७)।

*तिनले त्यो **अजिङ्गर,** त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे* (प्रकाश २०:२)।

**यो संसारको देव (The god of this age)**

*तिनीहरूका विषयमा भनौँ भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस **संसारको देवलाई** अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ* (२ कोरिन्थी ४:४)।

**यस संसारको शासक (The Ruler of this World)**

*... यस संसारको शासक बाहिर फालिनेछ* (यूहन्ना १२:३१)।

*म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस **संसारको शासक** आइरहेछ। त्यको ममाथि केही शक्ति छैन* (यूहन्ना १४:३०)।

*... किनभने यस **संसारको शासकलाई** दण्डाज्ञा भइसकेको छ* (यूहन्ना १६:११)।

**आकाशको शक्तिको मालिक (The Prince of the Power of the Air)**

*यिनैमा यस संसारको रीतिअनुसार र **आकाशको शक्तिको मालिकअनुसार,** अनाज्ञाकारिताको सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ* (एफिसी २:२)

**बाल-जिबब (Baal-Zebub)**

*... गएर एक्रोनको देवता **बाल-जिबबसित** सल्लाह लेओ, कि म यस चोटबाट निको हुन्छु कि हुन्नँ* (२ राजा १:२)।

**बालजिबुल (Beelzebub)**

*... यदि तिनीहरूले घरमा मालिकलाई नै बालजिबुल भनेका छन् भने, उनका परिवारकाहरूलाई झन् कति बढी भन्लान्?* (मत्ती १०:२५)।

*तर यो सुनेर फरिसीहरूले भने, "यस मानिसले भूतको मालिक **बालजिबुलद्वरा** मात्र भूतहरूलाई धपाउँछ ... यदि मैले **बालजिबुलद्वारा** भूतहरू धपाउँछु भने, तिमीहरूका छोराहरूले चाहिँ कसद्वारा ती निकाल्दछन्? यसकारण तिनीहरू नै तिमीहरूका न्याकर्ता हुनेछन्* (मत्ती १२:२४-२७)।

*यरूशलेमबाट आएका व्यवस्थाका शास्त्रीहरूले भने, "त्यसमा **बालजिबुल** भूत छ, र भूतहरूको मालिकद्वारा नै त्यसले भूतहरू निकाल्दछ* (मर्कूस ३:२२)।

**बिजुलीजस्तो (Lightning)**

*उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट **बिजुलीझैँ** खसिरहेको देखेँ* (लूका १०:१८)।

**ज्योतिर्मय स्वर्गदूतहरूको भेस धारण गर्ने (An Angel of Light)**

*यो कुनै अचम्मको कुरा होइन, किनकि शैतानले पनि* ***ज्योतिर्मय स्वर्गदूतहरूको भेस  धारण*** *गर्छ* (२ कोरिन्थी ११:१३-१५)।

**हत्यारा (Murderer)**

*... त्यो त सुरुदेखि नै* ***हत्यारा*** *थियो, र सत्यसँग त्यसमा केही वास्ता छैन ...* (यूहन्ना ८:४४)।

**भूट र भूटको पिता (Father of Liar)**

*... किनभने त्यो* ***भूटो*** *हो र* ***भूटको पिता*** *हो* (यूहन्ना ८:४४)।

**एबाड्डोन / एपोल्लियोन (Abaddon / Apollyon)**

*अतल कुण्डको दूत तिनीहरूको राजा थियो। हिब्रू भाषामा त्यसको नाउँ* ***एबाड्डोन*** *र ग्रीक भाषामा त्यसको नाउँ* ***अपोल्लियोन*** *हो* (प्रकाश ९:११)।

**चोर (Theif)**

***चोर*** *त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आए* (यूहन्ना १०:१०)।

**पुरानो सर्प (The Old Serpent)**

*त्यो ठूलो अजिङ्गर तल फालियो- त्यो* ***प्राचीन सर्प,*** *जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए* (प्रकाश १२:९)।

*तिनले त्यो अजिङ्गर, त्यो* ***प्राचीन सर्प,*** *जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे* (प्रकाश २०:२)।

**संसारलाई बहकाउने (Who Deceives the World)**

*... त्यो प्राचीन सर्प, जो सारा* ***संसारलाई बहकाउने*** *दियाबलस वा शैतान हो ...* (प्रकाश १२:९)।

**दोष लगाउने (The Accuser)**

*... किनकि हाम्रा भाइहरूलाई* ***दोष लगाउने,*** *जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ* (प्रकाश १२:१०)।

**परीक्षा गर्ने (The Tempter)**

*तब* ***परीक्षा गर्नेले*** *उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्* (मत्ती ४:३)।

हामीले बाइबल पढ्दा जब यस्ता नाउँहरू भेट्टाउँछौँ, तब त्यसको अर्थ राम्रोसँग बुझ्नुपर्दछ अनि मात्र दुष्ट आत्मा र त्यसले गर्ने कामहरूबारे हामीलाई जानकारी हुन्छ। दुष्ट आत्मालाई दुइ वर्गमा विभाजन गर्न सकिन्छ।

१. दुष्टहरू (Devils)
२. भूतहरू (Demons)

पहिलो र दोस्रो स्वर्गमा रकेट अथवा क्षेप्यास्त्रझैँ उडिरहने शक्तिशाली शैतानको सेनाहरूलाई दुष्टहरू भनिन्छ। यिनीहरू आकाशमा यताउति उडिरहने भएकोले गर्दा बाइबलमा तिनीहरूलाई आकाशको शक्तिको मालिक भनेर सम्बोधन गरिएको छ (एफिसी २:२)। दुष्टहरू सैनिक सङ्गठनजस्तै व्यवस्थित र तहगत रूपमा रहेका हुन्छन्। सैनिकको माथिल्लो स्तरको समूहलाई डिभिजन (Division) भनिन्छ, जसमा २०,००० सम्म सेनाहरू आवद्ध रहेका हुन्छन्। त्योभन्दा मुनिको तहलाई ब्रिगेट (Brigade) भनिन्छ, जसमा ५,००० सेनाहरू हुन्छन्। त्योभन्दा मुनिको तहलाई रेजिमेन्ट (Regiment) भनिन्छ, जसमा ३,००० सेनाहरू हुन्छन्। त्योभन्दा मुनिको तहलाई बटालियन (Battalion) भनिन्छ, जसमा १,००० सेनाहरू हुन्छन्। त्योभन्दा मुनिको तहलाई कम्पनी (Company), जसमा २५० सेनाहरू हुन्छन्। त्योभन्दा मुनिको तहलाई प्लाटुन / ट्रुप (Platoon / Troop) भनिन्छ, जसमा ६० जना सेनाहरू हुन्छन्। त्योभन्दा मुनिको तहलाई सेक्सन (Section) भनिन्छ, जसमा १२ जना सेनाहरू हुन्छन् र सबैभन्दा तल्लो तहलाई स्क्वाड (Squad) भनिन्छ, जसमा ८ सेनाहरू हुन्छन्। दुष्टहरू यस्तै प्रकारले सङ्गठित र तहगत रूपमा संसारको विभिन्न ठाउँहरूमा क्षेत्रगत अड्डा जमाएर बसेका हुन्छन्। तिनीहरूको सङ्ख्या, शक्ति र प्रभाव बढी भएको ठाउँमा केन्द्रिय कार्यालय (Head Quarter) रहेको हुन्छ। आफ्नो बल, शक्ति र क्षमताअनुसार तिनीहरूले आक्रमण गर्ने गर्दछन्।

क्षेत्रगत रूपमा हेर्ने हो भने अफ्रिकामा दुष्टहरूको ठूलो प्रभाव रहेको छ। अनिकाल, खराब बातावरण, नराम्रो मौशम को रूपमा दुष्टहरूले त्यहाँका मानिसहरूलाई आक्रमण गरिरहेका छन्। त्यहाँ बहुधर्मवादको शिक्षालाई फैलाएर मण्डलीहरूलाई नास पार्न खोजिरहेको छ। त्यहाँको इसाइहरूबीच आजभोलि मनमुटाव, झगडा र विभाजन भइरहेको छ।

युरोपमा उदारवादी सिद्धान्त, बहुधर्मवाद, छाडापन र सांसारिक कुराहरूद्वारा दुष्टहरूले मानिसलाई आफ्नो कब्जामा पारेको छ। अरबी मुलुकहरूमा इस्लामको आत्माद्वारा, नेपाल र भारतलाई हिन्दु र बुद्ध धर्मको आत्माले घेरेको छ। यी क्षेत्रहरूमा मानिसले बनाएका विभिन्न प्रकारका मूर्तिहरू छन्, जसमा दुष्टहरू वास गर्दछन्। हामीले ती दुष्टहरूलाई येशूको नाउँमा हकार्नुपर्दछ। जब हामी आफूलाई ख्रीष्टको सिपाही भनेर घोषणा गर्दछौँ भने प्रायः दुष्टहरूसँग सामना गर्नुपर्ने हुन्छ। तिनीहरू प्रायः यस्ता ठाउँहरूमा हुन्छन्, जस्तैः मूर्ति र बलि चढाउने ठाउँहरू, सिनेमा घर, जुवाको अखडा, मन्त्र-तन्त्र गर्नेहरूको घर, जाँड-रक्सी खाने भट्टी आदि। यी ठाउँहरूको नजिक भएर जाँदा हामी संवेदनशील हुनुपर्छ र परमेश्वरका दूतहरूले हामीलाई सुरक्षा दिन्छन् भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ।

*यस दुःखित मानिसले परमप्रभुलाई पुकार गऱ्यो, अनि उहाँले सुन्नुभयो, र त्यसलाई त्यसका सबै कष्टबाट बचाउनुभयो। परमेश्वको भय मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्, र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ* (भ.सं. ३४:७)।

*जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमानको छत्रछायामुनि रहन्छ। परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र*

*किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु।" निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट, र घातक रूढीबाट बचाउनुहुनेछ। उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ। उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ। तिमी रातको ठूलो त्रासदेखि, र दिनमा उडेर आउने बाणदेखि डराउनेछैनौ, नता अन्धकारमा फैलिने रूढीदेखि, न मध्यदिनमा नाश गर्ने महामारीदखि डराउनेछौ। एक हजार जना तिम्रो नजिक लोट्लान्। र तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजिक त्यो आउनेछैन। तिमीले आफ्ना आँखाले मात्र त्यो अवलोकन गर्नेछौ, र दुष्टहरूको प्रतिफल देख्नेछौ। यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने- परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ- तिम्रो कुनै अनिष्ट हुनेछैन, तिम्रो घरको नजिक कुनै विपत्ति आउनेछैन। किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ। तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन्। तिमीले सिंह र गोमनलाई कुल्चनेछौ, जवान सिँह र सर्पलाई तिमीले पैतालामुनि लतार्नेछौ। परमप्रभु भन्नुहुन्छ, "त्यसले मलाई प्रेम गरेको हुनाले, म त्यसलाई छुटाउनेछु। त्यसले मेरो नाऊँ ग्रहण गरेको छ, यसकारण म त्यसको रक्षा गर्नेछु। त्यसका दुःखको घडीमा म त्यससँग हुनेछु, म त्यसलाई छुटकारा दिनेछु, र आदर गर्नेछु। लामो आयु दिएर म त्यसलाई सन्तुष्ट तुल्याउनेछु, र त्यसलाई म उद्धारको दर्शन दिनेछु"* (भ.सं. ९१ः१-१६)।

वचनका यी खण्डहरूले हामीलाई दुष्ट आत्मासँग सामना गर्न शक्ति मिल्दछ। विशेष गरी उहाँ हाम्रो शरणस्थान, किल्ला, ढाल र पर्खाल हुनुहुन्छ अनि स्वर्गदूतहरूले हामीलाई घेरिरहन्छन् भन्ने कुरा हामीले कहिल्यै भुल्नुहुँदैन। यदि हामी परमेश्वरको नजिकमा रहन्छौं भने दुष्टहरूले हामीलाई हानि पुऱ्याउन सक्दैन।

भूतहरू (Demons) चाहिँ दुष्टहरूभन्दा निम्नस्तरका सेनाहरू हुन्। डिमन (Demon) भन्ने शब्द ग्रीक भाषाको डाइमन (DIAMON) भन्ने शब्दबाट आएको हो र यसलाई बहुवचनमा डाइमोनिया (DIAMONIA) भनिन्छ। यस विषयमा हामीले बुझ्नुपर्ने कुरा के होभने दुष्टहरू आकाशमा उडिरहने क्षेप्यास्त्र प्रहार गर्ने सेनाहरूजस्ता हुन् भने भूतहरूचाहिँ बन्दुक लिएर जमिनमा युद्ध गर्ने सिपाहीहरूजस्ता हुन्। भूतलाई बाइबलमा भुतात्मा र अशुद्ध आत्मा (Unclean Spirit) भनेर सम्बोधन गरिएको छ।

*उहाँले आफ्ना बाह्र चेलाहरूलाई बोलाएर **अशुद्ध आत्माहरू** निकाल्ने र हरप्रकारका रोग र दुर्बलता निको पार्ने अधिकार तिनीहरूलाई दिनुभयो* (मत्ती १०:१)।

*जब **अशुद्ध आत्मा** मानिसबाट निस्केर जान्छ, त्यो विश्राम खोज्दै ओबानो ठाउँतिर डुलिहिँड्छ, तर कतै पाउँदैन* (मत्ती १२ः४३)।

भूतहरू बस्ने ठाउँ मानिसको शरीर र प्राण हो। कहिलेकाहीँ तिनीहरू जनावरभित्र पनि बस्दछन्। त्यसबाहेक अरू ठाउँहरूमा पनि तिनीहरू वास गर्दछन्, जस्तैः विभिन्न प्रकारका गहनाहरू, घरको कुना-काप्चा, तस्वीर-चित्र, टेलिभिनज, कम्प्युटर आदि। धैरै व्यक्तिहरूले काठ, पत्थर र धातुको मूर्तिहरू बनाएर त्यसमा बलि चढाएर पुजा गर्ने गर्दछन् तर हामील बुझ्नुपर्ने कुरा के हो भने त्यस्ता मूर्तिहरूमा पनि भूतात्माहरूले अखडा बनाएका हुन्छन्। जब भूतहरूले मानिसको शरीर र मन-मस्तिष्क र हृदयलाई कब्जा गर्दछ, तब ठूलो समस्या खडा हुन्छ। तिनीहरूले इसाई र अइसाई दुवै खालका मानिसहरूलाई सताउन सक्छ। जब कुनै व्यक्तिले झूट बोल्ने, छक्याउने, झुक्याउने, चोरी गर्ने, र अरूप्रति नराम्रो विचार गर्न थाल्दछ, तब उभित्र भूतहरू अथवा अशुद्ध

आत्माले काम गरिरहेछ भनेर हामीले थाहा पाउनुपर्दछ। त्यसको आक्रमणमा परेको व्यक्तिको बोली र व्यवहार असामान्य हुँदै जान्छ। त्यस्ता व्यक्ति हामीले भेटेपछि येशूको नाउँमा त्योभित्र भएको भूतहरूलाई निकाल्नुपर्दछ अथवा त्यसलाई धपाउनुपर्दछ। दुष्टहरूलाई हामीले येशूको नाउँमा हप्काउनु अथवा हकार्नुपर्दछ (Rebuke the devil in the name of Jesus) भने भूतहरूलाई चाहिँ येशूको नाउँमा धपाउनुपर्दछ (Caste out the demon in the name of Jesus)। सेवकाइको क्रममा प्रभु येशूले भूतहरू धपाउनुभएको केही महत्वपूर्ण घटनाहरूबारे अब हामी चर्चा गर्नेछौँ।

*सभाघरमा अशुद्ध **भूतात्मा** लागेको एउटा मानिस थियो, र त्यो चर्को सोरले चिच्च्यायो, "हे येशू नासरी, तपाईंको हामीहरूसँग के काम? के तपाईं हामीहरूलाई नष्ट गर्न आउनुभएको हो? मलाई थाहा छ, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" अनि येशूले त्यसलाई हकारेर भन्नुभयो, "चूप लाग्, र त्यसबाट निस्किजा।" त्यस मानिसलाई बीचमा पछारेर त्यसलाई केही हानि नगरीकन त्यो भूतात्मा त्यसबाट निस्केर गयो। तब तिनीहरू सबै छक्क परे, र आपसमा यसो भने, "यो कस्तो वचन हो? यिनले त अधिकार र शक्तिसित **अशुद्ध आत्माहरूलाई** आज्ञा गर्दछन्, र ती निस्किजान्छन्* (लूका ४:३३-३६)।

यस घटनमा हामी के देख्दछौँ भने जब येशूले भूतहरूलाई उक्त व्यक्तिबाट निस्की जाने आज्ञा दिनुभयो, तब तिनीहरू निस्केर गयो र त्यो व्यक्ति भूइँमा लड्यो। येशूको नाउँमा भूत लागेको व्यक्तिलाई प्रार्थना गर्दा लडचो भने त्यो राम्रो सङ्केत हो। त्यस्तो अवस्थामा बिरामीमाथि हात राखेर प्रार्थना गर्नु पर्दछ। अर्को कुरा के हो भने भूतले त्यसको अगाडि भएको व्यक्तिलाई चिन्नसक्छ। यस घटनामा भूतले प्रभु येशूलाई चिनेर 'तपाईं परमेश्वरको पवित्र जन हुनुहुन्छ' भनी भन्यो। यहाँ चाखलाग्दो कुरा के छ भने येशू यहूदी सभाघरमा जानुहुन्थ्यो र त्यहाँ हुने धार्मिक क्रियाकलापमा सहभागी हुनुहुन्थ्यो तर धर्मशास्त्र नियमित अध्ययन गर्ने त्यहाँका गुरु र अगुवाहरूले उहाँ को हुनुहुन्छ भनी चिन्न सकेनन् बरु भूतहरूले उहाँलाई राम्ररी चिने। वास्तवमा भन्ने हो भने भूतहरूले परमेश्वरको अस्तित्वमाथि विश्वास गर्दछन् र डराउँछन् (याकूब २:१९)।

*जब उहाँ पारिपट्टि गदरिनीहरूको मुलुकमा आउनुभयो, तब **भूत लागेका** दुइ जना मानिसहरूले चिहानबाट आउँदै गर्दा उहाँलाई भेटे। तिनीहरू यति डरलाग्दा थिए, कि कोही पनि त्यहाँबाट आउन-जान सक्दैनथिए। तिनीहरूले यसो भन्दै चिच्च्याए, "हे परमेश्वरका पुत्र, तपाईंको हामीहरूसँग के सरोकार? हाम्रो समय नपुगी हामीहरूलाई कष्ट दिनु तपाईं यहाँ आउनुभएको हो?" तिनीहरूदेखि केही टाढामा धेरै सुँगुरको एक बथान चरिरहेको थियो। **भूतहरूले** उहाँलाई यसो भनेर बिन्ती गरे, "यदि तपाईंले हामीलाई निकाल्नुहुन्छ भने, हामीलाई सुँगुरको बथानमा पठाइदिनुहोस्।" अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "जाओ।" तब तिनीहरू निस्केर सुँगुरहरूमा पसे, र सुँगुरको जम्मै बथान हुर्रिंदै भीरबाट खसेर पानीमा डुबी मरे। सुँगुर चराउनेहरू भागे र शहरमा गएर सबै कुरा, र ती भूत लागेकाहरूलाई के भयो सो सुनाइदिए। तब जम्मै शहर नै येशूलाई भेट गर्न उल्टेर आयो, र उहाँलाई देखेर मानिसहरूले तिनीहरूको इलाकाबाट जानुहोस् भनी उहाँलाई बिन्ती गरे* (मत्ती ८:२८-३४)।

यस घटनामा प्रभु येशूले दुइ जना मानिसहरूबाट भूतहरू निकाल्नुभएको कुरा योभन्दा अघि चर्चा गरिएको घटनासँग मिल्दोजुल्दो छ। भूत लागेको ती दुइ जनासँग अरू मानिसहरू डराउँथे र तिनीहरू भएको ठाउँमा जादैनथे। तिनीहरूभित्र भएका भूतहरूले प्रभु येशूलाई चिनेर यसो भने, *"हे परमेश्वरका*

*पुत्र, तपाईंको हामीहरूसँग के सरोकार? हाम्रो समय नपुगी हामीहरूलाई कष्ट दिनु तपाईं यहाँ आउनुभएको हो?"* यस कुराबाट भूतहरूले मानिसलाई चिन्ने मात्र होइन, बरु धेरै कुराहरू तिनीहरूलाई जानकारी हुन्छ भन्ने स्पष्ट हुन्छ। दुष्ट आत्माको शक्ति हुने भएकोले गर्दा त्यसले विभिन्न प्रकारका डरलाग्दा कामहरू गर्न सक्दछ। दुष्ट आत्माको शक्तिद्वारा मानिसहरूले आश्चर्यकर्महरू र जोखना हेर्ने काम पनि गर्ने गर्दछन्। अर्को कुरा के हो भने यदि कुनै मानिसभित्र भूतहरू छिरेको छ भने त्यो अति नै बलियो हुन्छ। त्यो व्यक्ति दुब्लो-पातलो र कमजोर देखिए तापनि भूतहरूको कारण त्यसमा विश्वासै गर्न नसकिने खालको शक्ति आउँदछ र मानिसहरू डराउने गर्दछन्।

*उहाँहरू गेरासेनसको प्रदेशमा आइपुग्नुभयो, जो गालीलको पारिपट्टि छ। जब उहाँ पाखामा उत्रनुभयो, तब उहाँले शहरको एउटा मानिस भेट्नुभयो, जसलाई* ***भूत लागेको*** *थियो। त्यसले धेरै समयदेखि लुगा लाउँदैनथियो, र घरमा नबसी त्यो चिहानहरू हुँदो बस्दथ्यो। त्यसले येशूलाई देख्यो, र चिच्च्याएर उहाँको सामु घोप्टो परी उच्च सोरले भन्यो, "हे स्वोंच्च परमेश्वरका पुत्र येशू, तपाईंको मसँग के काम? बिन्ती गर्दछु, मलाई नसताउनुहोस्।" किनभने उहाँले* ***अशुद्ध आत्मालाई*** *त्यस मानिसबाट निस्केर जाने आज्ञा दिनुभएको थियो। त्यसलाई धेरै पल्ट* ***भूतले*** *पक्रेको थियो। त्यो पहरामा राखिएको थियो। त्यो साङ्ला र नेलले बाधिन्थ्यो, तर त्यसले ती बन्धन छिनालिहाल्थ्यो। अनि भूतले त्यसलाई मरुभूमि हुँदो लैजान्थ्यो। येशूले त्यसलाई सोध्नुभयो, "तेरो नाउँ के हो?" त्यसले भन्यो, "फौज।" किनभने धेरै* ***भूतहरू*** *त्यसमा पसेका थिए। तिनीहरूलाई अतल-कुण्डमा नपठाऊन् भनी तिनीहरूले उहाँलाई बिन्ती गरे। नजिकको डाँडामा सुँगुरको एक ठूलो बथान चरिरहेको थियो। तब तिनीहरूले सुँगुरभित्र पस्न दिनुहोस् भनी उहाँलाई बिन्ती गरे, र उहाँले मन्जूर गर्नुभयो। अनि भूतहरू त्यस मानिसबाट निस्केर ती सुँगुरहरूभित्र पसे, र त्यो बथान भिरालो पाखाबाट हुर्रिंदै गएर तल झीलमा खसे, र डुबेर मरे। अब जे भएको थियो, त्यो देखेर सुँगुर चराउनेहरू भागे, र गएर शहर र गाउँ हुँदो यो कुरा बताइदिए। अनि जे भएको थियो, त्यो हेर्नलाई मानिसहरू येशूकहाँ आए, र जुन मानिसबाट* ***भूतहरू*** *निस्केका थिए, त्यसलाई लुगा लगाएर सद्दे मनको भई येशूका चरणमा बसिरहेको भेट्टाए, र तिनीहरू भयभीत भए। देख्नेहरूले भूत लागेको मानिस कसरी निको भयो सो तिनीहरूलाई बताइदिए। गेरासेनसको आसपासका सबै गाउँका मानिसहरूले येशूलाई तिनीहरूका गाउँबाट गइहाल्नुहोस् भनी बिन्ती गरे, किनभने तिनीहरू ज्यादै भयभित भएका थिए। यसकारण उहाँ डुङ्गामा चढेर फर्कनुभयो। तर जुन मानिसबाट भूतहरू निस्केका थिए, त्यसले 'उहाँको साथमा जान पाऊँ' भनी उहाँलाई बन्ती गर्न लाग्यो। तर येशूले त्यसलाई यसो भनेर बिदा दिनुभयो, "तिमी आफ्नो घर फर्क, र परमेश्वरले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो, सो घोषणा गर।" तब त्यो गयो, र येशूले त्यसको निम्ति कति ठूलो काम गर्नुभएको थियो, सो सारा शहरभरि प्रचार गर्नलाग्यो* (लूका ८:२६-३९)।

यहाँ हामी के देख्नसक्छौं भने भूत लागेको व्यक्तिले येशूलाई चिनेको थिएन तर त्यसभित्र फौजको रूपमा वास गरेको भूतहरूले चाहिँ उहाँ 'सर्वोच्च परमेश्वरका पुत्र, येशू' हुनुहुन्छ भनेर चिने। भूतहरूको कारण त्यो व्यक्तिको व्यवहार असामान्य भएको थियो। त्यो नाङ्गै हिंड्ने र चिहान हुँदो बस्ने गर्दथ्यो। त्यसलाई नियन्त्रणमा राख्न साङ्लाले बाध्नु पर्दथ्यो। त्यसभित्र भएका भूतहरूले सुँगुरहरूभित्र पस्न पाऊँ भनी प्रभु येशूसँग अनुमति मागे। यसै प्रसङ्गमा हामीले बुझ्नुपर्ने कुरा के हो भने परमेश्वरको अनुमतिविना शैतान र त्यसका सेनाहरूले कुनै काम गर्न सक्दैन (अय्यूब १:१२; २:६; लूका २२:३१)। यस घटनाद्वारा भूतहरू मानिसभित्र मात्र होइन जनावरभित्र पनि बस्न सक्छ भन्ने कुरा हामी बुझ्न सक्छौं। हामीले बुझ्नुपर्ने अर्को कुरा के हो

भने भूतहरू समूह अथवा फौजको रूपमा मानिसभित्र बस्ने गर्दछन् अनि तिनीहरूको सङ्‌ख्याको आधारमा नकरात्मक शक्ति प्रकट हुने गर्दछ। भूतहरू निस्किएर गएपछि त्यस व्यक्तिको व्यवहार सामान्य भयो अर्थात् त्यसपछि उसलाई साङ्‌लाले बाँध्नु पर्ने अवस्था भएन र ऊ लुगा लगाएर प्रभु येशूको चरणमा बस्ने राम्रो व्यक्ति बन्यो।

*तब उहाँकहाँ **भूत लागेको** एक जना अन्धो र गूँगो मान्छे ल्याइयो। येशूले त्यसलाई निको पार्नुभयो, यतिसम्म कि, त्यो गूँगो मानिस बोल्ने र देख्ने भयो। अनि सबै भीडले अचम्म मानेर भने, "के यिनी दाऊदका पुत्र नै हुन सक्छन्?"* (मत्ती १२ २२-२३)।

भूतले मानिसलाई शरीरिक र मानसिक रूपमा दुःख दिने काम गर्दछ। यस घटनामा भूत लागेको व्यक्ति अन्धो अनि गूँगो भएको छ। येशूले त्यसमा भएको भूत निकालेपछि ऊ देख्न र बोल्नसक्ने स्वस्थ व्यक्ति भयो। यसबाट हामीले भूतहरूले गर्नसक्ने कामहरूका बारेमा थाहा पाउनसक्छौँ। तर सबै अन्धा, बहिरा, गूँगा र अपाङ्ग व्यक्तिहरू भूतहरूको कारणले गर्दा नै भएको हो भनी हामी भन्न सक्दैनौँ (यूहन्ना ९ः१-३)। शारीरिक रूपमा असक्षम र अपाङ्ग मान्छेबाट पनि परमेश्वरले आफ्नो महिमा लिन सक्नुहुन्छ। आजभन्दा करिब १०० वर्षअघि अमेरिकामा फ्यान्नी क्रसबाइ (Fanny Crosby) भन्ने एक असल इसाई महिला थिइन्। डाक्टरको गल्तीले गर्दा सानो उमेरदेखि नै तिनी अन्धी थिइन तर तिनले सङ्गीतवद्ध गरेका भजनहरू आज पनि संसारभरिका मण्डलीहरूमा गाइन्छ। परमेश्वरले चुन्नुभएको त्यस प्रकारका व्यक्तिहरूबाट परमेश्वरको ठूलो महिमा हुन्छ। आजभोलि अन्धाहरूले पढ्नसक्ने ब्रेल लिपिमा लेखिएका बाइबलहरू उपलब्ध छन्, जसबाट धेरै अन्धाहरूले आशिष् पाएका छन्। अन्धा अनि अपाङ्ग धेरै नेपालीहरूले परमेश्वरलाई ग्रहण गरी मण्डलीमा आएर उहाँको सेवा आराधना गरिरहेका छन् र कति त सेवकाइमा सहभागी भएको पनि हामी देख्नसक्छौँ। उनीहरूको जीवनबाट अचम्म प्रकारले परमेश्वरले महिमा लिइरहनुभएको छ।

*तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीनओटा घृणित आत्माहरू निस्किरहेका देखेँ। तिनीहरू चमत्कार देखाउने **दुष्टात्माहरू** हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्* (प्रकाश १६ः१३-१४)।

इ.सं. ९५ मा यूहन्नाले भूतहरू भ्यागुताको स्वरूपमा प्रकट भएको दर्शन देखे। उनले भूतहरूको वासस्थानको बारेमा पनि दर्शन देखे, जुन यस प्रकार छ।

*यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखेँ। तिनको वैभवले पृथ्वी उज्यालो भयो। तिनले यसो भनेर शक्तिशाली सोरले कराएः "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी **भूतहरूको वासस्थान,** हरेक **अशुद्ध आत्मा,** र हरेक अशुद्ध तथा घृणित पक्षीको अखडा भएको छ"* (प्रकाश १८ः१-२)।

यूहन्नाले यो दर्शन भविष्यको बारेमा देखेका हुनाले हामी के भन्न सक्दछौँ भने भूतहरूलाई सदाको निम्ति नरकमा नपठाइएसम्म तिनीहरू यस संसारमा विभिन्न स्वरूपमा प्रकट भई अरूलाई दुःख दिने काम गरिरहन्छन्।

*सिमोन नाउँ भएको एक जना मानिस त्यहाँ थियो। त्यसले अगाडिदेखि नै शहरमा **जादूगरी** गरेर समारियाका मानिसहरूलाई आश्चर्यचकित पारेको थियो, र आफूलाई मै हुँ भनी ठान्दथ्यो। त्यस मानिसलाई सानादेखि ठूलासम्म*

*सबैले यसो भनेर मान्थे, "यो मानिस परमेश्वरको त्यो शक्ति हो, जसलाई महाशक्ति भनिन्छ।" तिनीहरूले त्यसलाई मान्थे, किनभने धेरै समयदेखि त्यसले आफ्नो जादूगरीले मानिसहरूलाई आश्चर्यचकित पारिराखेकेको थियो* (प्ररित ८ः९-११)।

यस घटनामा हामी के देख्दछौं भने सामरियामा बस्ने सिमोन भन्ने व्यक्तिले दुष्ट आत्माको शक्तिले जादूगरी गर्ने गर्दथ्यो र धेरै मानिसहरू त्यसको कामद्वारा छक्क पर्दथे। अहिले पनि त्यस्तो काम गर्ने व्यक्तिहरू पाइन्छन्, जसले भूतात्माहरूको सहायतामा आफ्नो जिविका चलाउने गर्दछन्।

*जब हामी प्रार्थना गर्ने ठाउँमा गइरहेका थियौं, तब* ***जोखना हेर्ने आत्मा*** *भएकी एउटी कमारी केटीसँग हाम्रो भेट भयो, जसले जोखना हरेर त्यसका मालिकहरूका निम्ति धेरै कमाइ गरिदिन्थी। त्यो पावल र हाम्रा पछिपछि लागी,र यसो भन्दै चिच्च्याई, "यी मानिहरू सर्वोच्च परमेश्वरका सेवकहरू हुन्। यिनीहररूले तिमीहरूलाई मुक्तिका बाटोको घोषणा गर्छन्।" त्यसले धेरै दिनसम्म यसो गरिरही। तब पावलले झिजो मानेर फनक्क फर्की त्यस* ***दुष्टात्मालाई*** *भने, "येशू ख्रीष्टको नाउँमा म तँलाई त्यसबाट निस्केने आज्ञा गर्दछु।" अनि त्यो दुष्टात्मा त्यही घडी निस्किहाल्यो* (प्रेरित १६ः१६-१८)।

पावल र तिनका सहयोगीहरू सुसमाचार प्रचार गर्ने क्रममा फिलिप्पी भन्ने शहरमा पुग्दा दुष्टात्माको सहायतामा जोखना हेर्ने केटीसँग भेट भयो। त्यो कामबाट तिनको मालिकहरूलाई धेरै फाइदा भइरहेको थियो। जब पावलले येशू ख्रीष्टको नाउँमा त्यस केटीभित्र भएको भूतात्मालाई निकाले, तब त्यसको जोखना हेर्ने शक्ति अन्त भयो। त्यही कारणले गर्दा पावल र सिलास झ्यालखानामा परे तर परमेश्वरले उनीहरूलाई झ्यालखानाबाट अचम्म रीतिले निकाल्नुभयो, र त्यो घटनाद्वारा झ्यालखानाको हाकिमको सम्पूर्ण परिवारले प्रभु येशूलाई ग्रहण गरी तत्कालै बप्तिस्मा लिए। परमेश्वरको स्तुति होस्!

माथि उल्लेख गरिएका बाइबल खण्डहरूको अध्ययनपछि हामी यो कुरा थाहा पाउनसक्छौं कि दुष्ट अनि भूतहरूले विभिन्न प्रकारका कामहरू गर्न सक्दछन्। कसै-कसैलाई त्यसबाट फाइदा भएको जस्तो पनि देखिन्छ तर वास्तवमा भन्ने हो भने त्यसले मानिसलाई बन्धनमा राखिराखेको हुन्छ। अर्को कुरा के हो भने स्वर्गदूतहरूजस्तै दुष्ट र भूतहरू पनि आत्मिक व्यक्तिहरू हुन्। हामी आत्मिक संसारमा विश्वास गर्ने व्यक्तिहरू भएको हुनाले यस कुराप्रति अति नै संबेदनशील हुनुपर्दछ। हामी चनाखो भएर परमेश्वरको वचन र पवित्र आत्माको शक्तिद्वारा येशू ख्रीष्टको नाउँमा दुष्टलाई हकार्ने र भूतहरूलाई निकाल्ने काम गर्नुपर्दछ। प्रभु येशूले हामीलाई यस प्रकारको काम गर्नको लागि अधिकार दिनुभएको छ (मर्कूस १६ः१७)। यस्तो काम गर्नको लागि हामीलाई दुइधारे तरवार रूपी परमेश्वरको वचन अनि पन्यूमा हागियोस र पारा-क्लेटोसको शक्ति र अभिषेक चाहिन्छ। इसाईहरूका लागि यो अत्यन्त महत्वपूर्ण विषय भएको कारणले गर्दा पावल, पत्रुस र याकूबले यस विषयलाई जोड दिएर आफ्नो पत्रहरूमा चर्चा गरेका छन्। त्यसैले हामीले यस कुरालाई राम्रोसँग बुझेर कुनै नयाँ ठाउँमा जाँदा अथवा नयाँ व्यक्तिलाई भेट्दा आफ्नो आत्मिक आँखा खोलेर त्यहाँ दुष्ट र भूतहरूको उपस्थिति छ कि छैन भन्ने कुरा देख्न सक्नुपर्दछ र त्यसको सही प्रकारले सामना गर्न सक्नुपर्दछ।

# कसरी हाम्रो हृदय शुद्ध पार्ने?

## HOW TO PURIFY OUR HEART?

[चित्र नं.- ११ : डाँडाको उपदेशबाट शुद्ध र फोहोर हृदयको चित्र राख्ने]

*"धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्।"*

(मत्ती ५:८)

इसाईहरूले आफ्नो हृदय शुद्ध पार्नु अति नै जरुरी छ किनभने त्यसपछि मात्र परमेश्वरलाई देख्न सकिन्छ। परमेश्वरले दिनुभएको दश आज्ञा (Ten Commandments / Great Commandments) र प्रभु येशूको महान् आज्ञा (Great Commission) पूरा गर्न चाहने व्यक्तिको हृदय शुद्ध हुनु आवश्यक छ। तर हामील बुझ्नुपर्ने कुरा के हो भने परमेश्वरद्वारा विशेष रूपमा छानिएका केही इसाईहरू (Remnant Christians) ले मात्र यस विषयलाई महत्व दिएर परमेश्वर अनि उहाँको राज्यको कामप्रति अभिरुचि देखाउँदछन्। हृदय शुद्ध हुँदै जाँदा हाम्रो आत्मिकता पनि वृद्धि हुँदै जान्छ र वास्तवमा परमेश्वरले हामीबाट यस्तै कुराको अपेक्षा गर्नुहुन्छ। इसाईहरूसँग तीन प्रकारका आँखाहरू हुन्छन्।

१. शारीरिक आँखा (Physical Eye)
२. मानसिक आँखा (Mental Eye)
३. आत्मिक आँखा (Spiritual Eye)

हृदय शुद्ध भएपछि परमेश्वरको शक्ति हामीद्वारा प्रकट हुन थाल्दछ र हाम्रो आत्मिक आँखा खुल्दछ, जसलाई हामी 'विश्वास' भन्दछौँ। शारीरिक र मानसिक आँखाले नदेखेका कुराहरू आत्मिक आँखाले अथवा विश्वासको आँखाले देख्न सकिन्छ।

*"अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो"* (हिब्रू ११:१)।

प्रायः इसाईहरूले शारीरिक र मानिसिक आँखाले हेर्ने गर्दछन्, तर परमेश्वरलाई देख्नको लागि आत्मिक आँखा खुलेको हुनुपर्दछ, जुन कुरा हृदय शुद्ध नभएसम्म सम्भव हुँदैन। जब हाम्रो तीनै प्रकारका आँखाहरू खुल्दछन्, तब हाम्रो सोच-विचार, मनोवृत्ति, मूल्य-मान्यता, जीवनशैली र दृष्किोण पहिलेको भन्दा परिवर्तन हुँदैजान्छ। आत्मिक आँखाले परमेवश्वरको राज्यलाई देखेको व्यक्तिले यस संसारका कुराहरूप्रति त्यति चासो देखाउँदैन किनभने परमेश्वरको राज्यमा हुने शान्ति, प्रेम र आनन्द सांसारिक कुराहरूभन्दा धेरै फरक हुन्छ। धर्मशास्त्र बाइबलमा भएको परमेश्वरको वचनद्वारा हामीले आफ्नो हृदयलाई शुद्ध बनाउन सक्छौँ र आत्मिक संसारलाई देख्नसक्छौँ। हृदयलाई शुद्ध बनाउनको लागि निम्नलिखित पाँच चरणहरू पार गर्नुपर्दछ।

१. फेइरास्मोस दुःख-कष्ट अनुभव गर्नु (To Experience Pheirasmos Trails)
२. आत्मामा दीन हुनु (Poor in Spirit)
३. शोक गर्नु (Mourning)
४. नम्र हुनु (Meekness)
५. धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु (Being Hungry & Thirsty for the Righteousness)

अब हामी यी पाँच चरणहरूलाई एक-एक गरी चर्चा गर्नेछौँ।

### (१) फेइरास्मोस दुःख-कष्ट अनुभव गर्नु

*"मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ।"*
(याकूब १:२)

परमेश्वरले चुन्नुभएको विशेष व्यक्तिहरूका हृदयलाई शुद्ध पार्न तिनीहरूको जीवनमा विभिन्न किसिमका फेइरास्मोस दुःख-कष्टहरू आउन दिनुहुन्छ। यस कुरालाई हामीले यसरी बुझ्नुपर्दछः यदि कुनै इसाईको जीवनमा फेइरास्मोस दुःख-कष्ट आउँछ भने त्यो आशिष्को सङ्केत हो। सन्त पावलको जीवनमा पनि परमेश्वरले त्यस प्रकारका दुःख-कष्टहरू आउन दिनुभयो, जसको बारेमा हामीले "दुई प्रकारका दुःख-कष्टहरू" भन्ने पाठमा अध्ययन गरिसक्यौँ। छोटकरीमा भन्नुपर्दा पावल उच्च घरानाको शिक्षित व्यक्ति थिए। उनमा अगुवामा हुनुपर्ने गुणहरू पनि थिए तर घमण्ड, स्वार्थ र पद-प्रतिष्ठाजस्ता कुराहरूको लोभको कारणले गर्दा तिनमा नम्रताको कमी थियो। तिनको जीवनमा आइपरेका विभिन्न प्रकारका दुःख-कष्ट र समस्याहरूद्वारा उनको हृदय बिस्तारै शुद्ध हुँदै गयो, जसको बारेमा उनले यसरी लेखेका छन्।

*"के तिनीहरू ख्रीष्टका सेवक हुन्? म अझ असल सेवक हुँ- पागलझैँ म बोलिरहेछु। मैले ज्यादै परिश्रम गरेँ। केदमा अझ धेरै पल्ट परेँ। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परेँ। पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। तीन पल्ट मलाई लौराले पिटे। एक पल्ट ढुङ्गाले हाने । तीन पल्ट म चढेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। मेरो बारम्बारको यात्रामा म नदीहरूका जोखिममा परेँ, डाँकूहरूका जोखिममा आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, शहरको जोखिममा, उजाड-स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा। परिश्रममा र कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यसमा, बारम्बार उपवासमा, ठण्डी र नग्नतामा परेँ। अनि अरू कुराहरूबाहेक सबै मण्डलीहरूका फिक्रीको बोझ ममाथि छ। को दुर्बल छ र मचाहिँ छैनँ? को पापमा फसाइएको छ र मचाहिँ व्याकुल हुँदिनँ? मैले गर्व गर्नु नै पर्ने हो भने, म आफ्नो कमजोरी देखाउने कुराहरूमा गर्व गर्नेछु"* (२ कोरिन्थी ११:२३-३०)।

याकूबको समयको इसाईहरूले पनि विभिन्न प्रकारका सङ्कष्टहरू भोग्नुपर्‍यो, जस्तैः धर्मिक सङ्कष्ट, राजनैतिक सङ्कष्ट, सामाजिक सङ्कष्ट, आर्थिक सङ्कष्ट र पारिवारिक सङ्कष्ट आदि। यद्यपि ती इसाईहरू असल थिए र जस्तोसुकै परिस्थितिमा पनि परमेश्वरको सेवा आराधना गरिरहन्थे तैपनि तिनीहरूले फेइरास्मोस दुःख-कष्टहरू अनुभव गर्नुपर्‍यो। यस कुराको रहस्य बुझेका हुनाले याकूबले तिनीहरूलाई यसरी हौसला दिए।

*"मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँदछ। धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ"* (याकूब १:२-४)।

*"त्यो मानिस धन्यको हो, जो आपत्-विपत्मा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ"* (याकूब १:१२)।

कहिलेकाहीँ हाम्रो जीवनमा पनि विभिन्न प्रकारका समस्याहरू आउँछन्। यसबारे हामीले बुझ्नुपर्ने कुरा यही हो कि हृदय शुद्ध गर्नको लागि परमेश्वरले आफ्ना छोराछोरीको जीवनमा फेइरास्मोस दुःख-कष्ट आउन दिनुहुन्छ। त्यसप्रकारको दुःख-कष्ट अनावश्यक हो भन्ने हामीलाई लाग्नसक्छ तर त्यसको आवश्यक्ताबारे हामीलाई भन्दा परमेश्वरलाई राम्रोसँग थाहा हुन्छ, किनभने उहाँ सर्वज्ञानी परमेश्वर हुनुहुन्छ। जब हामीले भेगेका दुःख-कष्ट र समस्याहरूको रहस्य प्रकट हुन्छ, तब परमेश्वरको अभिप्राय हामी बुझ्नसक्छौँ। यस विषयको मुख्य कुरा यही हो कि हृदय शुद्ध हुने प्रक्रिया एकै रात अथवा छोटो समयमा हुने काम होइन, त्यसको लागि लामो समय लाग्नसक्छ।

दुःख-कष्टले धैर्यता उत्पन्न गर्दछ, अनि त्यसबाट हामीले ज्ञान-बुद्धि प्राप्त गर्दछौँ। त्यसपछि बिस्तारै परमेश्वरप्रति हाम्रो विश्वास बढ्दै जान्छ र हामीले आत्मिक कुराहरूको प्रकाश पाउन थाल्दछौँ। अन्तत्वगत्वा यी सबै कुराहरूले हामीलाई जीवनको मुकुट (The Crown of Life) तर्फ डोऱ्याउँदछ। हाम्रो जीवनमा आउने फेइरास्मोस दुःख-कष्टले हृदयमा भएका डाह, घमण्ड, लोभ, स्वार्थ, बदला लिने भावना र आफैमा भरपर्ने स्वभावलाई हटाइदिन्छ, जसले हृदयलाई अशुद्ध बनाउँदछ। यस्ता खराब कुराहरूलाई तीतोपनको जरा भनी धर्मशास्त्रले बताउँदछ (हिब्रू १२:१५)।

निष्कर्षमा भन्नुपर्दा हृदयमा भएका तीतोपनको जराहरूलाई कमजोर बनाएर उखलेर फाल्नको निम्ति पहिलो चरणको रूपमा परमेश्वरले इसाईहरूका जीवनमा फेइरास्मोस दुःख-कष्टहरू आउन दिनुहुन्छ। त्यो विभिन्न स्वरूपमा आउनसक्छ, जस्तैः सतावट, खेदो, आर्थिक सङ्कष्ट, राजनैतिक सङ्कष्ट, सामाजिक सङ्कष्ट, रोग बिरामी, असफलता र पारिवारिक समस्या आदि। यस्ता कुराहरू आउँदा हामी सचेत अनि होसियार हुनुपर्दछ। महत्वपूर्ण कुरा के हो भने विभिन्न प्रकारका बाह्य दुःख-कष्टहरू आउनुभन्दा अगाडि नै आफ्नो हृदय शुद्ध पार्ने व्यक्तिहरूचाहिँ धन्यका हुन्। प्रभु येशूले चेलाहरूलाई प्रार्थना गर्न सिकाउनुहुँदा यस्तो कुरा भन्नुभयोः *हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्* (मत्ती ६:१३)। यहाँ येशूले फेइरास्मोस दुःख-कष्ट (परीक्षा) को विषयमा बताउनुभएको हो। फेइरास्मोस दुःख-कष्टहरू आउनुअघि नै आफ्नो हृदय शुद्ध पार्ने इसाईहरू बुद्धिमान् हुन्। यदि हामी परमेश्वरको वचनप्रति इमानदार र आज्ञाकारी भएर आफ्नो हृदयलाई शुद्ध बनायौँ भने त्यस्ता प्रिय छोराछोरीको जीवनमा उहाँले अनावश्यक रूपमा दुःख-कष्टहरू आउन दिनुहुनेछैन र यसैको लागि उहाँले प्रार्थना गर भनी चेलाहरूलाई पहिले नै जानकारी दिनुभयो।

## (२) आत्मा दीन हुनु

*"धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो।"*
(मत्ती ५:३)

आत्मामा दीन हुनु भनेको आफ्नो हृदयलाई गरिब बनाउनु अथवा रित्याउनु हो। इसाईहरूका लागि यो कुरा अति महत्वपूर्ण भएको हुनाले प्रभु येशूले डाँडाको उपदेशमा यसबारे महत्वपूर्ण शिक्षा दिनुभयो। यस खण्डमा दीन भन्ने शब्दको लागि ग्रीक भाषामा 'पुटोकोस' (PTOKOS) भन्ने शब्द प्रयोग गरिएको छ, जसको अर्थ अत्यन्त गरिब हुनु भन्ने हुन्छ। खानै नपाउने, लगाउनै नपाउने, बस्ने वास पनि नपाउने परिस्थितिलाई बुझाउनको लागि पुटोकोस भन्ने शब्द चलाइन्छ। आत्मामा दीन हुनु भनेको आफूमा परमेश्वरको

चरित्रहरूको कमी अथवा गरीबी भएको कुरा महसुस गर्नु हो, जसको लागि हामीले यसरी विचार गर्नुपर्दछ, जस्तैः "मभित्र परमेश्वरका चरित्रहरू छैनन्। मेरो हृदयमा प्रेम, आनन्द, शान्ति, धैर्य, भलाइ, दया, विश्वसनीयता, नम्रता र संयमजस्ता कुराहरूको कमी छ, यी कुराहरूमा म अति गरिब छु। त्यसको सट्टामा बरु मेरो हृदयमा डाह, घृणा, तिरस्कार, बदला, भ्रूट, चोरी, क्षमा दिन नसक्ने स्वभाव, रीस, चिन्ता, फिक्री, निराशा, तनाव, फोहोर बोलिवचन, फूट , विरोध, गुटबन्दी, लम्पटपना, पियक्कडपन, व्यभिचार, स्वार्थ, घमण्ड, झगडाजस्ता खराब कुराहरू छन्। शैतानको यी कुराहरूमा म धनी छु।"

यस प्रकारले आफूमा भएका खराब कुराहरू स्वीकार गर्नु अथवा मानिलिनु नै आत्मामा दीन हुनु वा हृदयलाई रित्याउनु हो। यदि हामीले यस्ता कुराहरूलाई परमेश्वरसामु स्वीकार गर्‍यौं भने हाम्रो हृदय शुद्ध हुन थाल्दछ। तर अफसोसको कुरा के हो भने धेरै इसाईहरूलाई आफ्नो हृदयमा शैतानको चरित्रहरूले जरा गाडेर बसेको छ भन्ने कुरा थाहा छैन। कतिपय मण्डलीका अगुवाहरूलाई यस प्रकारको कुराबारे अवगत नै हुँदैन। तिनीहरू बाहिरबाट असल, धार्मिक र आत्मिक व्यक्तिजस्तो देखिन्छन् तर केलाएर हेर्ने हो भने तिनीहरूको हृदयमा प्रसस्त मात्रामा शैतानको चरित्रहरू भेट्टाउनसक्छौं। त्यस्ता व्यक्तिहरू कपटी (Hypocrite) र अरूको लागि ठेस लगाउने ढुङ्गाजस्तै हुन्छन्। यदि हामी आफ्नो हृदय शुद्ध पार्न चाहन्छौं भने आफूलाई नम्र तुल्याएर आफ्नो वास्तविक अवस्था परमेश्वरसामु स्वीकार गर्नुपर्दछ।

फेइरास्मोस दुःख-कष्टहरू अनुभव गरेका इसाईहरूले नम्रतापूर्वक आत्मामा दीन हुने प्रक्रियालाई पालना गर्दछन् तर पहिलो चरणलाई अनुभव नगरेका व्यक्तिहरूले आफूमा भएको स्वार्थ, लोभ, डाह र घमण्डको कारण त्यसो गर्न चाहदैनन्। तिनीहरू आफूलाई होच्याउन र दोष्याउन मन पराउँदैनन्, जसको कारण तिनीहरूको हृदयको अवस्थामा कुनै परिवर्तन आउँदैन। वास्तवमा भन्ने हो भने यस्तो कुरा स्वाभाविक रूपमा पापी मानिसको मानवीय चरित्र हो। हृदयलाई शुद्ध बनाएर आशिष् पाउन चाहने व्यक्तिहरूले आत्मालोचना गर्न सक्नुपर्दछ। त्यसकारण हामीले अरूलाई चिन्नु र आलोचना गर्नुभन्दा पहिले आफूलाई राम्रोसँग चिनेर आफ्नै आत्मालोचना गर्नुपर्दछ।

प्रायः मानिसहरू आफूसँग भएको धन-सम्पत्ति, बल-शक्ति, ज्ञान-बुद्धि, शिक्षा र मानवीय सम्बन्धहरूमा भर पर्ने गर्दछन् तर आत्मामा दीन भएर आफूलाई रित्याउने व्यक्तिहरूचाहिँ प्रभु येशूमा भर पर्ने गर्दछन् र आफ्नो सारा चिन्ता-फिक्री र बोझहरू उहाँमा नै बिसाउने गर्दछन् (मत्ती ११:२८)। आफूमा भएका शैतानको चरित्रहरू हटाउनको लागि हामीले यस प्रकारले प्रार्थना गर्नुपर्दछः "प्रभु येशू, मभित्र तपाईंको चरित्रहरूभन्दा शैतनाको चरित्रहरू बढी मात्रामा छन्। तपाईंका असल चरित्रहरूको लागि म पुटोकोस गरिब छु। त्यसकारण अहिलेसम्म मैले आत्मिक रूपमा परिपक्व भएर आशिष्‌को अनुभव गर्न सकिरहेको छैन। म आफ्नो अवस्थालाई तपाईंसामु स्वीकार गर्दछु र तपाईंसँग विनम्रपूर्वक बिन्ती गर्दछु कि कृपा गरेर हृदय शुद्ध पार्न मलाई सहायता गर्नुहोस्। मेरो हृदयबाट शैतानको चरित्रहरूलाई हटाउनको लागि मलाई सहायता गर्नुहोस्। यस कुराको लागि म तपाईंमा भर पर्दछु।"

यदि हामीले यसरी प्रार्थना गर्दछौं भने हामीमा हुनुभएको पन्यूमा हागियोस (Pnuma Hagios) पवित्र आत्मा सक्रिय हुनुहुन्छ। उहाँले हाम्रो निम्ति प्रार्थना र परमेश्वरसँग मध्यस्थाता पनि गरिदिनुहुन्छ (रोमी ८:२६)। यस प्रकार जब हामी आफूलाई नम्र तुल्याएर परमेश्वरसामु रित्याउछौं, तब खाली ठाउँमा परमेश्वरले उहाँको असल चरित्रहरू भरिदिनुहुन्छ। उहाँले हाम्रो भित्री अवस्था र मनोवृत्तिअनुसार हामीलाई मद्दत गर्नुहुन्छ। त्यसको लागि हामीले इमान्दारी र

नम्रतापूर्वक परमेश्वरको वचन अध्ययन र मनन गर्नुपर्दछ। त्यसपछि जिउँदो पानीको रूपमा हामीभित्र हुनुभएको पन्यूमा हागियोस पवित्र आत्माले हाम्रो हृदयलाई धोई पखाली शुद्ध गरिदिनुहुन्छ (यूहन्ना ७:३७-३८)। हामीले प्रार्थना गर्दैगर्दा यस प्रकारको कुराहरू परिकल्पना गर्नुपर्दछ र आफ्नो आत्मिक आँखा अथवा विश्वासको आँखाले हृदय शुद्ध भइरहेको दृश्य देख्न सक्नुपर्दछ। हिब्रू ११:१ ले भनेझैँ हामीले त्यसप्रकारको कुराहरूमा दृढ भरोसा गर्नुपर्दछ। तर आत्मिक आँखा बन्द भएका नामधारी इसाईहरूले यस्तो कुरा कदापि देख्न अनि महसुस गर्न सक्दैनन्। आफ्नो आत्मिक आँखाले यस्ता कुराहरू देख्नसक्नु नै वास्तविक विश्वास हो। मानिसको शारीरिक र मानसिक आँखाले त्यस्ता कुराहरू देख्न सकिँदैन। यस कुरालाई स्पष्ट पार्न यहाँ एउटा सुहाउँदो उदाहरण प्रस्तुत गरिएको छ।

मानौं, तपाईंको अगाडि एउटा मेच छ र तपाईं त्यसमा बस्न चाहनुहुन्छ। त्यो मेच तपाईंले बनाउनुभएको होइन र त्यसलाई बनाउने सिकर्मीलाई तपाईंले चिन्नुहुन्न। त्यो मेचले तपाईंलाई थाम्छ कि थाम्दैन भन्ने कुरा तपाईंलाई थाहा छैन। अरू कुनै व्यक्ति त्यो मेचमाथि बसेको पनि तपाईंले आफ्नो शारीरिक आँखाले देख्नुभएको छैन। त्यस्तो अवस्थामा तपाईंले आफ्नो मानसिक र आत्मिक आँखाको सहायताले त्यस मेचलाई हेर्नुपर्दछ। जब तपाईंले त्यो मेचमाथि विश्वास गरेर त्यसमा बस्नुहुन्छ, तब त्यसले तपाईंलाई थाम्नेछ। तर यदि तपाईंले त्यस मेचमाथि विश्वास गर्न सक्नुहुन्न भने तपाईं कदापि त्यसमा बस्नुहुन्न। त्यो मेचमा बस्नुभन्दा पहिला त्यसले मलाई अवश्य थाम्नेछ भनी विश्वास गर्नुपर्दछ।

यसै विषयमा आत्मिक पक्षको कुरा गर्ने हो भने हाम्रो विश्वासचाहिँ हृदयको शुद्धतामा आधारित भएको हुन्छ। त्यसकारण विश्वासलाई बढाएर आफ्नो आत्मिक आँखा खोलेर स्वर्गीय कुराहरू देख्न चाहन्छौँ भने त्योभन्दा पहिले आफ्नो हृदय शुद्ध पार्नु अति नै आवश्यक छ। त्यसको लागि आत्मामा दीन हुनुपर्दछ, नम्र हुनुपर्दछ अनि हृदयमा भएका नराम्रो कुराहरूको लागि पश्चात्ताप गर्नुपर्दछ। यस कुरालाई हामीले आफ्नो जीवनशैली बनायौँ भने परमेश्वर हामीसँग प्रसन्न हुनुहुनेछ, हाम्रो नजिक बस्नुहुनेछ र हामीलाई प्रेम गरेर आशिष् दिनुहुन्छ भन्नेबारे धर्मशास्त्रले हामीलाई यसरी बताउँदछ।

*किनकि सदासर्वदा जीवित हुनुहुने, उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन, त्यससँग पनि बस्दछु, जो आत्मामा पश्चात्तापी र विनम्र छ"* (यशैया ५७:१५)

*"त्यसै गरी जवान हो, बूढापाकाहरूका अधीनमा बस। एउटा अर्काको अधीनमा रहेर तिमीहरू सबैले नम्रताको वस्त्र धारण गर। किनभने, 'परमेश्वरले अहङ्कारीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ'। यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैलाई विनम्र तुल्याओ, र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ"* (१ पत्रुस ५:५-६)।

### (३) शोक गर्नु

*"धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्।"*
(मत्ती ५:४)

आफ्नो हृदयमा भएका शैतानको खराब चरित्रहरूको लागि हामीले शोक गर्नु पर्दछ, जसको अर्थ हामीले ती नराम्रा कुराहरूको लागि रुनु हो। यो हृदय शुद्ध पार्ने महत्वपूर्ण चरण हो। यसमा हामीले आफूलाई नम्र पार्दै यस प्रकारले

पश्चात्तापी प्रार्थना गर्नुपर्दछः "प्रभु येशू मेरो हृदयमा तपाईंका चरित्रहरू नभएकोमा म धेरै दुःखित छु। मेरो हृदय फोहोर कुराहरूले भरिएको छ। मेरो हृदय डाहले भरिएको छ। म अरूलाई क्षमा दिन सक्दिनँ, मेरो मुखबाट नराम्रो बोलिवचन निस्कन्छ, म झूट बोल्ने गर्दछु, मलाई सामान्य कुरामा पनि रिस उठ्छ। मभित्र भएका यस्ता कुराहरूको लागि म शोक गर्दछु। कृपा गरेर मलाई सहायता गर्नुहोस्।"

यदि हामी यस प्रकारले परमेश्वरसामु शोक गर्दछौँ भने हामीले उहाँबाट सान्त्वना प्राप्त गर्दछौँ। यस कुरामा हामीलाई पारा-क्लेटोस पवित्र आत्माको आवश्यक्ता पर्दछ। उहाँलाई हामीले स्वागत अनि निमन्त्रणा दिनुपर्दछ। पारा-क्लेटोस दुइ वटा ग्रीक शब्दहरू मिलेर बनेको छ।

पारा-क्लेटोस (Para-cletos) = पारा (Para) + क्लेटोस (Cletos)

पारा (Para) भनेको बाहिरपट्टि सँग-सँगै हुनु हो। क्लेटोस (Cletos) भनेको चाहिँ निमन्त्रणा दिनुपर्ने अथवा बोलाउनुपर्ने भन्ने हुन्छ। पारा-क्लेटोस हामीबाहिर तर सँगै अथवा नजिकै हुनुहुन्छ र हामीले बोलाएपछि उहाँले हामीलाई सहायता गरी शक्ति दिनुहुन्छ। पारा-चर्च अर्गानाइजेसन (Para-church Organization) को काम पनि यस्तै हो। सुसमाचाको काम गर्ने यस्ता प्रकारका सङ्घ-संस्थाहरू (Mission Agencies) मण्डलीहरूसँग मिलेर काम गर्ने गर्दछन् तर यिनीहरू मण्डलीभन्दा बाहिर नै हुन्छन्। आवश्यक परेको समयमा तिनीहरू मण्डलीसँग सहकार्य गर्दछन्। सुसमाचार र अन्य सामजिक भलाइको कार्यहरूमा मण्डलीसँग मिलेर काम गर्दछन्। पारा-क्लेटोस पवित्र आत्माले पनि हामीलाई यस्तै प्रकारले मद्दत गर्नुहुन्छ।

पारा-क्लेटोस पवित्र-आत्माको बारेमा प्रभु येशूले यसो भन्नुभयो।

*"म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ"* (यूहन्ना १४:१६-१७)।

[चित्र नं.- १२ : येशूको जन्म, सेवकाइ, मृत्यु र पुनरुत्थानको समय तालिका]

इ. सं. २६ मा येशूले परमेश्वरको राज्यको सेवकाइ प्रारम्भ गर्नुभयो, जुनबेला उहाँको उमेर ३० वर्ष भएको थियो। आफ्नो सेवकाइको क्रममा इ. सं. २७ मा एक दिन उहाँले यसो भन्नुभयो।

*"यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्।" तर यो कुरा उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन* (यूहन्ना ७:३७-३९)।

वास्तवमा त्यसबेला उहाँले पन्यूमा हागियोस (Pneuma Hagios) पवित्र आत्माको विषयमा चर्चा गर्नुभएको थियो। त्यहीअनुसार येशूको पुनरुत्थानपछि उहाँमाथि विश्वास गर्नेहरूले पन्यूमा हागियोस पवित्र आत्मा पाए अर्थात् पन्यूमा हागियोस्‌द्वारा तिनीहरूले मुक्ति पाए। चेलाहरूसँग अन्तिम रात्रीभोजमा बस्नुहुँदाचाहिँ येशूले पवित्र आत्माको अर्को स्वरूप, पारा-क्लेटोसको बारेमा चर्चा गर्नुभएको थियो (यूहन्ना १४:१६)। यस खण्डमा भएको 'अर्को सल्लाहकार' भन्ने वाक्यांशको 'अर्को' भन्ने शब्दलाई ग्रीक भाषाको

बाइबलमा 'आलोस' (ALLOS) भन्ने शब्द प्रयोग गरिएको छ, जसको अर्थ समान गुण र समान परिमाणको अर्को कुरा हो भनेर बुझाउँछ, जुनचाहिँ पारा-क्लेटोस हो। यसै विषयमा पुनरुत्थानपछि उहाँले चेलाहरूलाई यसो भन्नुभयो।

*तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ"* (प्रेरित १:४)।

पुनरुत्थान हुनुभएपछि येशू पृथ्वीमा ४० दिनसम्म बस्नुभयो अनि स्वर्गारोहण हुनुभन्दा केही समयअघि उहाँले चेलाहरूलाई पारा-क्लेटोसको बारेमा पुनः स्मरण गराउनुभयो, जुन कुरा उहाँले अन्तिम रात्रीभोजमा तिनीहरूलाई प्रतिज्ञा गरिसक्नुभएको थियो। पुनरुत्थानपछि उहाँलाई विश्वास गर्ने अथवा पन्यूमा हागियोसद्वारा मुक्ति पाउने व्यक्तिहरू करिब ६०० जना थिए (१ कोरिन्थी १५:५)। तिनीहरूमध्ये पेन्तिकोसको दिनमा १२० जनामाथि आगो अनि हावाको स्वरूपमा पारा-क्लेटोस आउनुभयो। पत्रुसलगायत अरू व्यक्तिहरूले पारा-क्लेटोस पाएपछि येशूको गवाही बन्नको लागि शक्ति पाए अनि तिनीहरूको जीवनबाट विभिन्न प्रकारका आश्चर्यकर्महरू हुन थाले।

पवित्र आत्माको दुइ  स्वरूपहरूबारे हामीले बुझ्नुपर्ने कुरा के हो भने पन्यूमा हागियोस जिउँदो पानीको रूपमा हामीभित्र वास गर्नुभएर हामीलाई अनन्त जीवन दिने काम गर्नुहुन्छ भने पारा-क्लेटोस सधैँ हाम्रो नजिक बस्नुहुन्छ र जब हामी उहाँलाई बोलाउँछौँ, तब हामीमा आउनुभएर शक्ति दिने, शिक्षा दिने, सल्लाह दिने, सान्त्वना दिने र हाम्रो निम्ति वकालत गर्ने काम गर्नुहुन्छ।

पेन्तिकोसको दिनमा पारा-क्लेटोस पाउनेहरूले लगातार दश दिनसम्म प्रार्थना गरेर पारा-क्लेटोसलाई बोलाउनु पऱ्यो। त्यस अवधिमा तिनीहरूको हृदयमा भएका चार प्रकारका ढोकाहरू (शक्ति, समझ, प्राण र हृदय) खुले अनि पारा-क्लेटोस तिनीहरूको हृदयको गहिराइमा आउनुभयो (प्ररित २:१-४)। हामीले धर्मशास्त्र बाइबल गहिरिएर अध्ययन गऱ्यौँ भने पवित्र आत्माको तीस वटा भन्दा बढी वरदानहरूका बारेमा थाहा गर्नसक्छौँ, जस्तैः बुद्धि, ज्ञान, विश्वास, चङ्गाइ, आश्चर्यकर्म, अगमवाणी, अन्यभाषा, अन्यभाषाको अर्थ खोल्ने, आत्मा छुट्ट्याउने, सान्त्वना दिने, मेलमिलाप गराउने, सेवा गर्ने, नेतृत्व गर्ने, शासन गर्ने, दया देखाउने, उत्साह दिने, अन्तर्बिन्ती गर्ने, दान दिने, अतिथि सत्कार गर्ने, सुधार गर्ने, सर-सल्लाह, अर्ति र परामर्श दिने, पास्टर बन्ने, प्रेरित बन्ने, प्रचारक बन्ने, शिक्षक बन्ने, बिशप बन्ने, एल्डर / डिकन बन्ने, गायक / गायिका बन्ने, वाद्यवादक बन्ने, खाना पकाउने, मर्मत-सम्भार गर्ने, रुपैयाँ-पैसाको हिसाब राख्ने र विभिन्न कुराहरूको व्यवस्था मिलाउने आदि (१ कोरिन्थी १२:१-११; १ कोरिन्थी १४:३; रोमी १२:६-२०; एफिसी ४:११; १ तिमोथी ३:१-१३; १ पत्रुस ४:११)। यी कुराहरूको साथै प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयमचाहिँ पवित्र आत्माको फल हो (गलाती ५:२२-२३)। हृदय शुद्ध भएका व्यक्तिहरूले पवित्र आत्माको वरदान र फल पाउनसक्छ र त्यसलाई सही प्रकारले अभ्यास गर्न सक्दछन्, जसको लागि पन्यूमा हागियोस र पारा-क्लेटोसको सहायता अनिवार्य आवश्यक पर्दछ।

यसै प्रसङ्गमा पत्रुसको जीवनबारे हामी केही चर्चा गर्नेछौँ। सुरुमा अशुद्ध हृदयको कारण पत्रुस चाँडै रिसाउने, छिट्टै निर्णय लिने, डरपोक, अविश्वासयोग्य र अधिरजी व्यक्ति थिए। तिनको जीवनमा घटेका केही घटनाहरू यसप्रकारका छन्।

येशू प्रभुलाई पछ्याएपछि एकदिन तिनले उहाँ ख्रीष्ट र परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने कुरा सबैको सामु स्वीकार गरे। त्यसबेला प्रभु येशूले तिनलाई यसो भन्नुभयोः *"योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो। म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मन्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्। म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु, जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ"* (मत्ती १६ः१७-१९)। त्यस घटनाको केही समयपछि येशूले आफूले भोग्नुपर्ने दुःख-कष्ट र मृत्युबारे बताउनुभयो तर त्यस कुराले पत्रुस रिसाएर यसो भनेः *"परमेश्वरले यसो नगरून्, प्रभु, तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन"* (मत्ती १६ः२२) । तब प्रभुले तिनलाई यसो भनेर हप्काउनुभयोः *"ए शैतान, मेरो सामुन्नेबाट हटिजा, तँ मेरो निम्ति बाधा होस्। किनभने तँ परमेश्वरका कुरामा होइन, तर मानिसहरूका कुराहरूमा ध्यान दिन्छस्"* (मत्ती १६ः२३)।

यो घटनाबाट हामी पत्रुसको स्वभाव कस्तो थियो होला भनी विचार गर्नसक्छौं। यहाँ हामीले देख्दछौं कि प्रभु येशूले स्याबासी र आशिष् दिनुभए लगत्तै तिनलाई गाली गर्नुभएको थियो। पत्रुस रिसालु स्वभावका मानिस भएकोले गर्दा येशूलाई पक्रन आउने मुख्य पूजाहारीको कमारा, माल्खसको कान काटिदिए (यूहन्ना १८ः१०)। मृत्यसम्मै येशूलाई नत्याग्ने प्रतिज्ञा गरे तापनि पत्रुसले उहाँलाई एकै रातमा तिनपटक इन्कार गरे। त्यति मात्र होइन येशूको मृत्युपश्चात् पत्रुस जाल बोकेर माछा मार्ने उनको पहिले कै काम गर्न समुद्रतिर गए (यूहन्ना २१ः१-३)। तीन वर्षभन्दा लामो समयसम्म येशूको सेवकाइमा साथ दिएको व्यक्तिले तुरुन्तै आफ्नो मन परिवर्तन गरेको कुरा हामी यहाँ देख्नसक्छौं। किन पत्रुसको जीवनमा त्यस्ता अप्रिय घटनाहरू घटे त?

किनभने त्यसबेला तिनको हृदय शुद्ध भइसकेको थिएन। पेन्तिकोसको दिनमा पारा-क्लेटोस पाएपछि पत्रुसको जीवन अचम्म प्रकारले परिवर्तन भयो। उक्त घटनाद्वारा तिनले अन्यभाषाको वरदान पाए (प्रेरित २ः४)। अन्यभाषा दुइ प्रकारका हुन्छन्।

१. मानवीय भाषा
२. स्वर्गीय भाषा

पेन्तिकोसको दिनमा गालीलमा बस्ने १२० जना व्यक्तिहरूले १५ वटा फरक-फरक भाषाहरू बोलेका थिए (प्रेरित २ः६-११)। त्यसबेला तिनीहरूले यही संसारको मानवीय भाषाहरू बोलेका थिए तर मानिसले नबुझ्ने स्वर्गीय भाषाको विषयमा पावलले यसरी लेखेका छन्।

*"किनकि अन्य भाषामा बोल्नेले मानिसहरूसँग होइन, तर परमेश्वरसँग बोल्दछ। उसले के भन्दैछ कसैले बुझ्दैन, पवित्र आत्मामा रहस्यका कुराहरू नै ऊ बोल्दछ। तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछ। तिनीहरूका आत्मिक वृद्धि, उत्साह, र सान्त्वनाको निम्ति ऊ बोल्दछ। अन्य भाषामा बोल्नेले आफ्नै आत्मिक वृद्धि गर्दछ। तर अगमवाणी बोल्नेले मण्डलीको आत्मिक वृद्धि गराउँछ"* (१ कोरिन्थी १४ः२,४)।

पेन्तिकोसको दिनमा पारा-क्लेटोसद्वारा पत्रुसले ज्ञान-बुद्धिको वरदान पाए। तिनी शिक्षित व्यक्ति थिएनन् तर पवित्र आत्माको सहायतामा तिनले आफ्नो प्रचारमा पुरानो करारको महत्वपूर्ण खण्डहरू उद्धृत गरेर सुसमाचार प्रचार गरे।

*"आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरो आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, र*

*तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढापाकाहरू स्वप्नदर्शी हुनेछन्। हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्। माथि आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु, अर्थात् रगत, आगो, र धूवाँको मुस्लो। परमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि सूर्य अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्। अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पानउनेछ"* (प्रेरित २:१७-२१; योएल २:२८-३२)।

*"किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले प्रभुलाई सधैँ मेरो सामने देखेँ किनभने म नडगमाऊँ भनेर उहाँ मेरो दाहिनेतर्फ हुनुहुन्छ। यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित भयो। यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ। किनकि तपाईंले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, नता तपाईंले आफ्नो पवित्र जनको शरीर कुहुन दिनुहुनेछ। तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्गद् पार्नुहुनेछ"* (प्रेरित २:२५-२८; भ.सं. १६:८-११)।

पारा-क्लेटोस पाएपछि पत्रुसमा यस्तो शक्ति आयो कि उनले प्रचार गर्दा एकै दिनमा ३,००० व्यक्तिहरूले बप्तिस्मा लिए (प्रेरित २:४१)। पारा-क्लेटोसद्वारा तिनले चङ्गाइको वरदान पनि पाए। रोगी बिरामीहरू तिनीद्वारा निको हुन थाले। यहाँसम्म भयो कि तिनको छाया पर्दा पनि रोगी बिरामी र अशुद्ध आत्मा लागेकाहरू निको भए (प्रेरित ५:१५)। झूट बोल्ने मानिसहरू तिनको सामु तुरुन्तै मरे (प्रेरित ५:१-११)। यी शबै कुराहरूको रहस्य के हो त? शुद्ध हृदय!

यी कुराहरूबाट हृदय शुद्ध पार्ने काम कति महत्वपूर्ण छ भनेर हामी बुझ्नसक्छौँ। हृदय शुद्ध नभएका व्यक्तिहरूले पनि परमेश्वरको राज्यको काम गरिरहेका कुरा हामी देख्दछौँ तर हृदय शुद्ध र अशुद्ध हुने व्यक्तिहरूले गर्ने सेवकाइ र त्यसको नतिजामा ठूलो भिन्नता हुन्छ। हामीले त्यो भिन्नतालाई बुझेर यहाँ उल्लेख भएका कुराहरूबारे अरूलाई शिक्षा दिन सक्ने सक्षम व्यक्ति हुनुपर्दछ। त्यसपछि हाम्रो शिक्षाद्वारा धेरै व्यक्तिको जीवन परिवर्तन हुनेछ।

## (४) नम्र हुनु

*"धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।"*
(मत्ती ५:५)

माथि उल्लेखित तीन वटा चरणहहरू पार गरेपछि हाम्रो हृदय बिस्तारै शुद्ध हुन थाल्दछ र शैतानको चरित्रहरू निस्केर जान थाल्दछ। हामीहरू नम्र बन्दै जानुचाहिँ त्यो कुराको नतिजा हो। नम्र व्यक्तिलाई परमेश्वरले विभिन्न प्रकारका अधिकारहरू दिनुहुनेछ। वास्तवमा भन्ने हो भने कुनै व्यक्ति नम्र हुनु भनेको जङ्गली जनावरलाई तालिम दिएर घरपालुवा बनाउने प्रक्रियाजस्तै हो। बाइबलका पात्रहरूलाई हेर्न हो भने सुरुमा तिनीहरूका स्वभाव जङ्गली जनावरजस्तै थियो तर विभिन्न प्रकारका दुःख-कष्ट र अनुशासनको चरणहरू पारगरेपछि तिनीहरू घरपालुवा जनवारजस्तै नम्र अनि आज्ञाकारी सेवकहरू हुनसके। सन्त पावल र पत्रुसलाई हामी यही वर्गमा राख्न सक्दछौँ। उहाँहरूलाई परमेश्वरको असल दासको रूपमा हामी चिन्दछौँ। बाइबलमा दुइ प्रकारका दासहरूका बारेमा चर्चा गरिको छ (व्यवस्था १५:१३-१७)।

पहिलो प्रकारको दास यहूदी नियमअनुसार छ वर्षसम्म मालिकको सेवा गरेपछि सातौँ वर्षमा ऊ स्वतन्त्र हुनसक्थ्यो र त्यस्तो खालको दासले

मालिकलाई छोडेर जान्थ्यो। तर दोस्रो प्रकारको दासचाहिँ त्योभन्दा फरक खालको हुन्थ्यो। उसले आफ्नो मालिकलाई अति नै प्रेम गर्थ्यो। त्यसै कारणले गर्दा जीवनभरि नै उसले मालिकको सेवा गर्दथ्यो। त्यस प्रकारका नम्र दासहरूलाई कान छेडिएका दास भनेर चिनिन्थ्यो। यदि हामी आफूलाई परमेश्वरको सेवक / सेविका अथवा दास / दासी हौँ भनेर घोषणा गर्दछौँ भने यी दुइ प्रकारका दासहरूमध्ये कस्तो खालका छौँ भनी आफैलाई जाच्नुपर्दछ। हामी कान छेडिएका दासजस्ता छौँ कि कान नछेडिएका मालिकलाई त्यागेर जाने दासजस्ता छौ?

जीवनमा आउने फेइरास्मोस दुःख-कष्टको अनुभव, त्यसपछि आत्मामा दीन हुने र शोक गर्ने चरणहरूलाई पार गरेपछि हृदयमा भएका शैतानका चरित्रहरू बिस्तारै निस्केर जान्छ र फलस्वरूप हाम्रो हृदय शुद्ध हुन थाल्दछ र हामी नम्र व्यक्ति हुन्छौँ। मोशा सबैभन्दा नम्र व्यक्ति हुन् भनेर बाइबलले बताउँदछ (गन्ती १२ः३)।

मोशाले सुरुका ४० वर्ष मिश्रको राजा फारोको दरवारमा बिताए, त्यसपछिको ४० वर्ष मरुभूमिमा विभिन्न दुःख-कष्टका साथ बिताए। त्यसबेलामा तिनले फेइरास्मोस दुःख-कष्टहरू अनुभव गरे साथै आत्मामा दीन हुने र शोक गर्ने चरणलाई पनि पार गरे। त्यसपछि मात्र परमेश्वरको अनुग्रह र विशेष कृपामा मोशा शुद्ध हृदय भएका नम्र व्यक्ति बन्न सके। तिनीमाथि परमेश्वरको विशेष निगाहा र प्रेम अनि आशिष् र सुरक्षा थियो।

मोशा हिब्रू अर्थात् यहूदी जातिका मानिस थिए तर तिनले मिद्यानी जातिकी महिला शिपोरासँग विवाह गरे, जो अन्यजातिहरूका पूजाहारी, यित्रोकी छोरी थिइन्। पछि मोशाले इथियोपियाको कुश जातिकी अर्की महिलासँग विवाह गरे। शायद त्यसबेला शिपोराको मृत्यु भइसकेको हुनसक्छ। मोशाले कुशी महिलासँग विवाह गरेको कारणले गर्दा मिरियम र हारुनले तिनको विरुद्धमा बोल्न थाले। आफ्नो प्रिय अनि नम्र छोरा मोशाको विरुद्धमा बोलेको कारणले गर्दा परमेश्वर तिनीहरूसँग रिसाउनुभयो र मिरियमलाई कोर लाग्यो। मोशा नम्र व्यक्ति भएकोले गर्दा मिरियमको कोर रोग निको होस् भनेर परमेश्वरसँग पुकारा गरे। यहाँ हामी हृदय शुद्ध भएको नम्र व्यक्तिमा हुनुपर्ने गुण देख्नसक्छौँ (गन्ती १२ः१-१३)।

यशै प्रसङ्गमा एक अर्को घटनालाई हेरौँ। मोशाले इस्राएलीहरूलाई मिश्र देशबाट स्वतन्त्रता दिलाएर ल्याउँदा मरुभूमिको यात्रामा लेवी कुलका केही व्यक्तिहरूले तिनको विरुद्धमा आवाज उठाए। त्यसप्रति परमेश्वर रिसाउनुभयो किनभने मोशा उहाँको नजरमा नम्र अनि विशेष व्यक्ति थिए। त्यसकारणले गर्दा तिनको विरोधमा उठ्ने २५० जना व्यक्तिहरू जिउँदै जमिनमा पुरिएर नष्ट भए (गन्ती १६ः१-३५)। यी दुई घटनाहरूबाट हामी के कुरा बुझ्नसक्छौँ भने हृदय शुद्ध भएका नम्र अनि आज्ञाकारी व्यक्तिलाई परमेश्वरले प्रेम गर्नुहुन्छ, सुरक्षा दिनुहुन्छ साथै उसको विरोधीहरूलाई सजाय पनि दिनुहुन्छ। प्रभु येशू पृथ्वीमा रहुञ्जेल पिता परमश्वरप्रति आज्ञाकारी र एक नम्र सेवक भई हाम्रो लागि उदाहरणको जीवन जिएर आफ्नो काम पूरा गर्नुभयो। हामीमा पनि त्यस्तै मनोवृत्ति हुनुपर्दछ।

नम्र व्यक्तिले परमेश्वरको दश आज्ञा (Great Commandment / Ten Commandment) र प्रभु येशूको महान् आज्ञा (Great Commission) पालन गर्न विशेष अभिरुचि देखाउँछ (प्रस्थान २०ः३-१७)। दश आज्ञालाई मनन गर्दा परमेश्वरले हामीलाई दुइ प्रकारका आज्ञाहरू दिनुभएको कुरा बुझ्नसक्छौँ।

१. ठाडो प्रकारका आज्ञाहरू (Vertical Commandments)

२. तेर्सो प्रकारका आज्ञाहरू (Horizontal Commandments)

परमेश्वरले दिनुभएको दश आज्ञाअन्तर्गत सुरुको चार वटा आज्ञाहरू ठाडो आज्ञाहरूमा पर्दछन्, जुन यस प्रकारका छन्।

१. अरू कुनै देवता-देवीहरू नमान्नू।
२. कुनै किसिमको मूर्ति नबनाउनू र तिनीहरूको पुजा नगर्नू।
३. परमेश्वरको नाउँ व्यर्थैमा नलिनू।
४. विश्राम दिन / शबाथ दिन पवित्र मान्नू।

दशआज्ञाअन्तर्गतका पछिल्लो छ वटा आज्ञाहरू तेर्सो प्रकारका आज्ञाहरूमा पर्दछन्, जुन यस प्रकारका छन्।

१. आफ्ना आमा-बाबुलाई आदर गर्नू।
२. हत्या नगर्नू।
३. व्यभिचार नगर्नू।
४. चोरी नगर्नू।
५. छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू।
६. छिमेकीको घरलगायत अन्य थोकहरूको लोभ नगर्नू।

यहाँ हामी के देख्नसक्छौं भने ठाडो प्रकारका आज्ञाहरू परमेश्वरसँग सम्बन्धित छन् र तेर्सो प्रकारका आज्ञाहरू मानिससँग सम्बन्धित छन् अर्थात् तेर्सो आज्ञाहरूले मानवीय सम्बन्धहरूसँग सरोकार राख्दछन् र यी आज्ञाहरूले सुसमाचार प्रचार अभियान (Mission) को कामप्रति सङ्केत गर्दछ। ठाडो र तेर्सो दुवै प्रकारको आज्ञाहरूलाई समेटेर प्रभु येशूले यसो भन्नुभयोः *"तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाईजस्तै प्रेम गर्नू"*(मत्ती २२ः३७-३९)। हृदय शुद्ध भएको नम्र व्यक्तिले यी दुवै कुरालाई पूरा गर्न सक्छ।

## (५) धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु

*"धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्।"*
(मत्ती ५ः६)

माथिको चार वटा चरणहरू पार गरेपछि हाम्रो हृदय आत्मिकी कुराहरूको लागि भोकाउन र तिर्खाउन थाल्दछ। यहाँ दुइ फरक क्रियापदहरू प्रयोग गरिएका छन्ः 'भोकाउनु' र 'तिर्खाउनु'। भोकाउनु भन्ने क्रियापद ठोस प्रकारको खानेकुरासँग सम्बन्धित छ भने तिर्खाउनु भन्ने क्रियापदचाहिँ तरल पदार्थसँग सम्बन्धित छ। यसलाई आत्मिक अर्थ लगाउँदा ठोस खाना स्वर्गबाट आएको रोटी हो, जसले परमेश्वरको वचनलाई सङ्केत गर्दछ र तरल पदार्थचाहिँ जिउँदो पानी हो, जसले पवित्र आत्मालाई सङ्केत गर्दछ। परमेश्वरले यस विषयमा दाऊद, यर्मिया, इजकिएल र यूहन्नालाई लेख्न लगाउनुभयो, जसअनुसार बाइबलको निम्न खण्डहरूमा परमेश्वरको वचनलाई खानेकुरासँग तुलना गरिएको छ।

*तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढी मीठा छन्* (भ.सं. ११९ः१०३)।

*जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर* (यर्मिया १५ः१६)।

*"तर तैंलेचाहिँ हे मानिसको छोरो, म तँलाई जे भन्छु, त्यो कुरा ध्यानसित सुन्। त्यो बागी घरानाझैं तँ बागी नहो। तेरो मुख खोल्, र म जे दिन्छु, त्यो*

*खा।" तब मैले हेरेँ, र एउटा हात मतिर पसारेको मैले देखेँ। त्यसमा एउटा मुट्ठो थियो* (इजकिएल २:८-९)।

*त्यसपछि उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, मैले तँलाई दिएको यो मुट्ठो खा र यसले तेरो पेट भर।" यसैले मैले यो खाएँ, र यो मेरो मुखमा महभैँ गुलियो भयो* (इजकिएल ३:३)।

बाइबलमा उल्लेख भएको तरल पदार्थ अर्थात् जिउँदो पानीलाई हामी 'पन्यूमा' पवित्र आत्मा भन्दछौँ, जसले मानिसको जीवन परिवर्तन गर्दछ। यस विषयमा यूहन्नाको पुस्तकमा भएका केही खण्डहरू यहाँ दिइएका छन्।

*येशूले त्यसलाई भन्नुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो"* (यूहन्ना ४:१०)।

*येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ"* (यूहन्ना ४:१३-१४)।

*अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्"* (यूहन्ना ७:३७-३८)।

**हत्केलाको दृष्टान्त (The Illustration of a Palm)**

[चित्र नं.- १३ : डाँडाको उपदेशबाट हत्केलाको चित्र राख्ने]

परमेश्वरको वचन खाएर आत्मिक रूपमा स्वस्थ हुने सबैलाई चाहना हुन्छ। यसलाई पचाएर प्राप्त भएको पौष्टिक तत्वले हामीलाई ठूलो फाइदा पुऱ्याउँदछ। यसको निम्ति परमेश्वरको वचन हाम्रो हृदयमा (दिमागमा) हुनु अति आवश्यक छ। एक जना अमेरिकी मनोवैज्ञानिकले मानिसको स्मरण शक्तिबारे बुझाउन हत्केलाको उदाहरणद्वारा उपयुक्त सिद्धान्त प्रस्तुत गर्नुभएको छ। त्यस सिद्धान्तले यसो भन्दछ। यदि तपाईं वचन (अथवा अरू कुनै कुरा) सुन्नुहुन्छ भने त्यो कुरा ५% मात्र तपाईंको दिमागमा रहन्छ, जसलाई हातको कान्छी औँलासँग तुलना गर्न सकिन्छ। यदि त्यस कुरालाई लेख्नुहुन्छ भने त्यसको १०% तपाईंको दिमागमा रहन्छ, जसलाई साहिँली औँलासँग तुलना गर्न सकिन्छ। अध्ययन गर्नाले त्यसको २५% तपाईंको दिमागमा रहन्छ, जसलाई माझी औँलासँग तुलना गर्न सकिन्छ। अध्ययन गर्नु भनेको वचनलाई केलाउनु र त्यसको अर्थ बुझ्नु हो। यदि तपाईंले वचनको खण्डहरू कण्ठ गर्नुहुन्छ भने त्यसको ५०% तपाईंको दिमागमा रहन्छ, जसलाई चोरी औँलासँग तुलना गर्न सकिन्छ। परमेश्वरको वचनलाई कण्ठ गर्नु हाम्रो लागि अति लाभदायी छ। मनोवैज्ञानिक विशेषज्ञहरूले कण्ठ गर्ने विभिन्न तरिकारहरू सिकाएका छन्। तीमध्ये पढेको कुरालाई निरन्तर दोहोऱ्याइरहनु मुख्य उपाय हो। त्यसकारण, कृपया परमेश्वरको वचनलाई दोहोऱ्याइ-तेहऱ्याइकन पढिरहनुहोस्!

आफूले सिकेको अनि जानेको कुराको अधिकतम फाइदा उठाउने अर्को उपाय पनि छ; त्योचाहिँ सिकाउनु हो। आफूले सिकेका कुराहरू अरूलाई सिकाउनाले धेरैभन्दा धेरै कुराहरू दिमागमा ताजा रहिरहन्छ। यस विषयमा महत्वपूर्ण कुरा के हो भने जब तपाईं सिकाउनुहुन्छ, तब त्यसलाई स्वतः दोहोऱ्याइरहनु भएको हुन्छ। विशेषज्ञहरूले यसो भन्दछन्: "यदि आफूले पढेको कुराको आवाज आफ्नै कानले सुन्नुहुन्छ भने त्यो हृदयभित्र गडेर जान्छ।" हामीले पढेको, सुनेको, अध्ययन गरेको अनि कण्ठ गरेको परमेश्वरको वचन हृदयभित्र प्रवेश गरेपछि त्यहाँ भएका तीतोपनका जराहरू निस्केर जान

थाल्दछन्। हृदयमा भएका फोहोर कुराहरू बाहिर निस्केर गएपछि असल कुराहरू मात्र त्यहाँ बाँकी रहन्छ।

तपाईंले परमेश्वरको वचन सुनेपछि, अध्ययन गरेपछि र कण्ठ गरेपछि त्यसलाई मनन गर्न थाल्नुहुन्छ, जसले वचनलाई ७५% दिमागमा राख्न मद्दत गर्दछ, जसलाई बुढी औँलासँग तुलना गर्न सकिन्छ। वास्तवमा मनन गर्नु भनेको खानालाई पचाउने प्रक्रियाजस्तै हो। जब हामी खाना पचाउँछौँ, तब त्यसमा भएको पौष्टिक तत्वहरू शरीरभरि फैलिन थाल्दछ। यसरी फैलिएको पौष्टिक तत्वले हामीलाई शक्ति प्रदान गर्दछ। कुनै पनि काम गर्न (चाहे त्यो शारीरिक, मानसिक अथवा आत्मिक होस्) हामीलाई शक्तिको आवश्यक्ता पर्दछ। शरीरमा शक्ति प्राप्त भएपछि मात्र हामी बोल्न, हिँड्न, सोच्न अनि अरू कामहरू गर्नसक्छौँ। परमेश्वरको वचन मनन गर्नाले त्यसले हामीलाई आत्मिक रूपमा स्वस्थ र क्रियाशील बनाउँदछ।

मानिसको पाचन प्रणालीलाई हेर्ने हो भने हामीले खाएको खाना पचाइसकेपछि केही विषादि तत्वहरू शरीरमा नै बाँकी रहन्छ। ती विषादिहरूलाई हामीले बाहिर फाल्नुपर्दछ; त्यसको लागि हामी शौचालय जान्छौँ। त्यस्तै प्रकारले इसाईहरू नियमित रूपमा आत्मिकी शौचालय जानु आवश्यक छ, जसलाई बाइबलीय भाषामा पश्चात्ताप गर्नु भनेर भनिन्छ। जसरी नियमित शौचालय नजाने व्यक्ति शारीरिक समस्यामा पर्दछ, त्यसरी नै पश्चात्ताप नगर्ने व्यक्ति आत्मिक समस्यामा पर्दछ। पश्चात्ताप नगर्ने इसाई एकदम घमण्डी हुन्छ र त्यस्ता व्यक्तिसँग अर्काको खण्डन अनि आलोचना गर्ने खालको चरित्र हुन्छ। अरूको खण्डन गर्दै गरेको बेला हृदयबाट विषादि बाहिर निस्कन्छ र अरूलाई चोट पुऱ्याउँदछ। फरिसीहरूसँग यस्तै चरित्र भएकोले गर्दा येशूले तिनीहरूलाई हप्काउनुभयो। बाइबल स्कुल र सेमिनारीहरूमा लामो समयसम्म ईश्वरशास्त्र अध्ययन गरेर धेरै ज्ञान र जानकारी हासिल गरेको व्यक्तिले पश्चात्ताप गरेन भने समस्या उत्पन्न हुनथाल्दछ। उसको हृदयमा थुप्रै विषादि जम्मा हुन थाल्दछ। त्यसप्रकारको व्यक्तिको जीवनबाट दुष्ट-शैतानले विभिन्न प्रकारको नकारात्मक कामहरू प्रकट गर्दछ। त्यसले उसको हृदयमा भएका असल कुराहरू सजिलै खोसेर लैजान्छ। हामी यस विषयमा सचेत र सावधान हुनुपर्दछ।

परमेश्वरको वचनलाई मनन गरेर जब तपाईं त्यसप्रति आज्ञाकारी हुँदै वचनलाई व्यवहारमा उतार्नुहुन्छ, तब त्यो लगभग १००% नै तपाईंको दिमागमा रहन सफल हुन्छ र सधैँको लागि आफ्नो हुनेछ, जसलाई हामी सबै औँलाहरू भएको हत्केलासँग तुलना गर्न सकिन्छ। अर्को कुरा के हो भने परमेश्वरको वचनलाई व्यवहारमा उतार्ने व्यक्तिसँग आत्मिक शक्ति हुन्छ। उसको जीवनबाट परमेश्वरको महिमा हुनेखालको कामहरू प्रकट हुनथाल्दछ। त्यसैले परमेश्वरप्रति आज्ञाकारी हुने कुरा सबैभन्दा महत्वपूर्ण हो र योविना वचनलाई हामीले आफ्नो बनाउन सक्दैनौँ भन्ने कुरा बुझ्नु अति आवश्यक छ। कान्छी औँला एक्लैले कुनै कुरालाई समात्न सक्दैन; दुइ अथवा तीन औँलाले पनि कुनै कुरा समात्न गाह्रो हुन्छ, तर पाँचै वटा औँलाहरू प्रयोग गऱ्यौँ भने राम्रोसँग समात्न सकिन्छ। अझ कुनै कुरालाई हत्केलामा राखेर सबै औँलाहरूले बलियोसँग समात्यौँ भने कसैले पनि त्यसलाई खोस्न सक्दैन। त्यस्तै प्रकारले आज्ञाकारिताद्वारा परमेश्वरको वचनलाई आफ्नो बनाइसकेपछि शैतानले त्यसलाई हामीबाट खोसेर लान सक्दैन। यस रहस्यलाई बुझेर प्रयोगमा ल्याउन सकेमा हामीले धेरै फाइदाहरू पाउन सक्छौँ।

माथि उल्लेखित परमेश्वरको वचनलाई आफ्नो बनाउने कुरालाई राम्रोसँग बुझ्नको लागि यहाँ दिइएको रोटीको दृष्टान्तले सहायता गर्दछ। मानौँ, कुनै व्यक्तिको सामु राम्रो अनि मीठो रोटी छ; अब त्यो रोटीबाट पूर्ण रूपमा फाइदा पाउनको लागि उसले के गर्नुपर्दछ भन्ने कुरालाई हामी बुँदागत रूपमा चर्चा गर्नेछौँ।

**रोटीको दृष्टान्त (The Illustration of a Bread)**

[चित्र नं.- १४ : डाँडाको उपदेशबाट रोटी र मान्छेको चित्र राख्ने]

(१) यदि तपाईं रोटीलाई हेर्नु हुन्छ र सुँघ्नुहुन्छ भने त्यो राम्रो लाग्छ र बास्ना आइरहेको कुरा थाहा पाउनुहुन्छ। तर रोटीलाई हेर्नु र त्यसको गन्ध लिनुले रोटीमा भएको स्वाद र शक्ति पाउन सकिँदैन अनि त्यसबाट केही फाइदा हुँदैन। योचाहिँ वचन पढ्ने र सुन्ने कामले मात्र फाइदा पुऱ्याउँदैन भन्न खोजेको हो। हेर्दैमा र सुँघ्दैमा त्यो रोटी तपाईंको भइसकेको हुँदैन। कति विश्वासीहरू लामो समयसम्म मण्डलीमा जान्छन्; वचन सुन्छन् तर पनि तिनीहरू अलमल्ल परिरहेका हुन्छन्; तिनीहरूलाई कतिपय महत्वपूर्ण कुराहरू थाहै हुँदैन।

(२) यदि तपाईंले रोटी छुनुहुन्छ भने त्यसको नरमपन अनुभव गर्नुहुन्छ। सायद तपाईंले यसो भन्नुहोलाः "यो रोटी त नरम रहेछ; यो साह्है मीठो होलाजस्तो छ।" अनि तपाईं यसरी विचार गर्नुहुन्छ, "अब म यो रोटीलाई खानेछु; यसलाई मुखमा हालेर स्वाद लिनेछु।" यो चरणचाहिँ वचनलाई लेख्नुजस्तै हो।

(३) तपाईंले रोटी मुखमा हालेपछि यसो भन्नुहुन्छ, "ओहो, रोटी त साह्है नै मीठो रहेछ! बल्ल यसको स्वाद पाएँ। म यसलाई चपाइ-चपाइ स्वाद लिनेछु अनि निल्नेछु।" यो चरण भनेको बाइबल अध्ययन गर्नु हो।

(४) रोटीलाई निल्नु भनेको चाहिँ बाइबलमा भएको वचनलाई कण्ठ गर्नु हो। रोटी निल्नुभयो तर त्यसलाई पचाउनुभएन भने त्यो शौचालयबाट बाहिर निस्कन्छ र खेर जान्छ। त्यसरी सिधै शौचालयबाट बाहिर निस्केको रोटीले शरीरमा कुनै शक्ति दिँदैन।

(५) रोटीलाई पचाउनु भनेको वचन मनन गर्नु हो। खानालाई पचाइसकेपछि पौष्टिक तत्वहरू शरीरको सबै भागहरूमा जान्छ। त्यसपछि तपाईंको हात-खुट्टा बलियो हुन्छ, आँखा र कान तेजिलो हुन्छ अनि सबै अङ्गहरूले राम्रोसँग काम गर्नथाल्छ। हामीले बुझ्नुपर्ने कुरा के हो भने आत्मिक आँखा र कान तेजिलो भएको व्यक्तिले मात्र आत्मिक संसारलाई देख्नसक्छ र परमेश्वरको आवाज सुन्नसक्छ। त्यसपछि उक्त व्यक्तिले पवित्र आत्माले छोएको र आफूले विशेष शक्ति पाएको अनुभव गर्नसक्छ।

परमेश्वरको वचनबाट शक्ति पाएको व्यक्ति अरूको लागि आशिष्को माध्यम, श्रोत र मूल बन्नसक्छ। त्यस्तो व्यक्तिले बोलेको सुन्ने व्यक्तिले आशिष् पाउँछ; उसले प्रार्थना गर्दा रोगीहरू निको हुन्छन्; उसले दिएको सल्लाह-सुझावले समस्याहरू समाधान हुन्छन्। त्यतिमात्र होइन उसको पैतलाले टेकेको घरले आशिष् पाउँछ। नम्र अनि धार्मिकताको निम्ति भोकाउने र तिर्खाउने इसाईलाई परमेश्वरले यसरी अचम्मको आशिष् दिनुहुन्छ।

परमेश्वरको वचन तरवारजस्तो आत्मिक हतियार हो र यसको दुइटा मुख्य कामहरू छन्।

१. सुरक्षा गर्ने (Deffensive)
२. आक्रमण गर्ने (Offensive)

*पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो* (एफिसी ६ः१७)।

*परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ* (हिब्रू ४ः१२)।

एक जना इसाईले आफ्नो दर्शनमा स्वर्गमा पुगेर येशूलाई भेटेका थिए। येशूले तिनलाई 'म तिमीलाई पृथ्वीमा भएका मण्डलीहरू देखाउनेछु' भनी भन्नुभयो। येशू र स्वर्गदूतहरूले तिनलाई एउटा मण्डलीमा लगे। त्यहाँ पास्टरले वचन प्रचार गरिरहेको थियो। उसले त्यहाँ अचम्मको कुरा के देख्यो भने त्यो पास्टरको मुखबाट साना-साना दुइधारे तरवारहरू निस्किरहेका थिए। उक्त पास्टरले लामो समयसम्म वचन बोले तर त्यहाँ कोही पनि सुतेका थिएनन्। मानिसहरू एकदम चाख मानेर अनि चनाखो भएर वचन सुनिरहेका थिए। येशूले उक्त व्यक्तिलाई भन्नुभयो, "म तिमीलाई अर्को मण्डली पनि देखाउन लैजान्छु।" जब उहाँहरू अर्को मण्लीमा जानुभयो, त्यहाँ पनि पास्टरले वचन प्रचार गरिरहेको थियो। तर उक्त पास्टरको मुखबाट एउटा पनि दुइधारे तरवार निस्केको उसले देखेन। मण्डलीभित्र कोही मानिसहरू सुतिरहेका थिए,

कोही कुरा गरिरहेका थिए र कोही निस्केर घरतिर जाँदैथिए। यद्यपि त्यो मण्डली ठूलो मण्डली थियो तर पनि त्यहाँ कुनै उत्साह र रमाइलोपन थिएन। त्यो मण्डली 'न तातो थियो न चिसो' थियो ! त्यस्तो मण्डलीमा जागृति हुँदैन।

डा. थोमस ह्वाङ्ग यसो भन्नुहुन्छः "म यो आशा राख्दछु, कि तपाईंले यो पुस्तकद्वारा परमेश्वरको वचनरूपी दुइधारे तरवार धारण गर्दै हुनुहुन्छ। जब तपाई यो हतियार लिनुहुन्छ, तब यसले तपाईंको हृदयभित्र भएको तीतोपनको जरालाई खोतलेर बाहिर निकाल्छ। आगो, बतास, ज्योति, ढुकुर र तेलजस्तो स्वरूपमा आउनुहुने पारा-क्लेटोस पवित्र आत्माको सहायतामा दुइधारे तरवारले हृदय सफा गर्न तीतोपनका जराहरूलाई काट्ने काम गर्दछ। यसको लागि हामीमा आत्मिक भोक र प्यास जाग्नुपर्दछ।

निष्कर्षमा हामीले बुझ्नुपर्ने कुरा के हो भने इसाईहरूले आफ्नो हृदय शुद्ध पारेपछि मात्र आफ्नो अनि अरूको जीवनलाई परिवर्तन गर्न सक्नेछ। यसको लागि यहाँ उल्लेख भएका पाँच वटा प्रक्रियाहरूलाई चरणवद्ध रूपमा पालन गर्नु अति आवश्यक छ।

# फेइरास्मोस दुःख-कष्टको फाइदाहरू

## BENEFITS OF THE PHEIRASMOS TRIALS

*"मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ।*

*तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ। तर त्यसले कत्ति पनि सङ्का नगरी विश्वाससाथ मागोस्। सङ्का गर्नेचाहिँ बतासले उचल्दै पछार्दैगर्ने समुद्रका छालसमान हुनेछ। त्यस्तो मानिसले यो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ। किनकि दोहोरो मन भएको मानिस उसका सबै चालचलनमा अस्थिर हुन्छ।*

*दीन अवस्थाको भाइले आफ्नो उच्च अवस्थामा गर्व गरोस्, र धनीले चाहिँ आफ्नो दीन अवस्थामा गर्व गरोस्, किनकि मानिस घाँसको फूलजस्तै ओइलिजानेछ। किनभने डढाउने गर्मीसँग सूर्य उदाउँछ, र घाँसलाई ओइलाइदिन्छ। फूल झर्छ र त्यसको शोभा नष्ट हुन्छ। त्यसरी नै धनी मानिस पनि आफ्नै कामधन्धामा नष्ट भएर जान्छ।*

*त्यो मानिस धन्यको हो, जो आपत्-विपत्मा स्थिर रहन्छ, किनकि जाँचको समना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ"* (याकूब १ः२-१२)।

यस पाठमा हामी याकूब १ः२-१२ अन्तर्गत इसाईहरूको जीवनमा आइपर्ने फेइरास्मोस दुःख-कष्टको फाइदाहरूबारे अध्ययन गर्नेछौँ। प्रायः इसाईहरूले जीवनमा आइपरेका दुःख-कष्ट, समस्या, खेदो-सतावट र रोग-बिरामीजस्ता अवस्थाहरूप्रति विभिन्न प्रकारका प्रश्नहरू गर्ने गर्दछन्।

हामीले सर्वशक्तिमान् परमेश्वरको सेवा आराधना गर्दागर्दै पनि किन दुःख-कष्टहरू आउँछन्? हामीले नियमित सङ्गति गरेर परमेश्वरलाई महिमा गर्छौं तैपनि हाम्रो जीवनमा किन विभिन्न प्रकारका अप्रत्यासित समस्याहरू आउँछन्? हामी सुस्वास्थ्यको निम्ति लगातार प्रार्थना गर्दछौँ तर किन हामीलाई रोग बिरामीले सताउँछ? हामी परमेश्वरले दिनुहुने सुरक्षामा भरोसा गर्दछौं तर किन हामीलाई खेदो र सतावट आउँछ? हामी परमेश्वरले जुटाउनुहुन्छ भन्ने कुरामा विश्वास गर्दछौं तर किन हामीलाई घटी-कमी र खाँचो पर्दछ?

यी प्रश्नहरू मानिसको जीवनमा स्वाभाविक र वास्तविक हुन् र धेरैको मनमा यस्ता कुराहरू हुन्छन्। केही समयपछि यस्ता प्रश्हरूको रहस्य बुझ्ने गरेको कुरा केही इसाईहरूले बताउने गर्दछन्। अहिले हामी इसाईहरूको जीवनमा आइपर्ने फेइरास्मोस दुःख-कष्टहरूको फाइदाहरूबारे चर्चा गर्दैछौँ, जसको दुइ वटा महत्वपूर्ण फाइदाहरू छन्।

१. यसले हामीलाई आशिषित सन्देशतिर डोऱ्याउँदछ।
२. यसले हामीलाई आत्मिक रूपमा परिपक्वता र मुकुटहरूतिर डोऱ्याउँदछ।

प्रभु येशूले डाँडाको उपदेशमा भन्नुभएझैँ धन्यको अथवा आशिषित इसाई हुन पाउनु अति ठूलो कुरा हो। त्यहाँ उहाँले आठ वटा आशिष्हरूको बारेमा चर्चा गर्नुभएको छ।

*"धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो।"*
*"धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्।"*
*"धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।"*
*"धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्।"*
*"धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्।"*
*"धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्।"*
*"धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्।"*
*"धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो। धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, र अत्यन्त खुसी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए"* (मत्ती ५:३-१२)।

यस खण्डलाई हेर्दाखेरि यहाँ भएका कुराहरू व्यवस्थित र चरणवद्ध रूपमा भएको कुरा हामी थाहा पाउँदछौँ। आत्मामा दीन हुने, शोक गर्ने, नम्र हुने र धार्मिकताको निम्ति भोकाउने र तिर्खाउने- यी चार कुराहरूलाई पार गरेपछि दया देखाउने, हृदय शुद्ध हुने, मेलमिलाप गराउने र सतावट भोग्ने कुराहरू आउँदछन् भनी प्रभुले भन्नुभयो। यदि उहाँको निम्ति हामीले खेदो सतावट भोग्दछौँ भने त्यसले हाम्रो इनामलाई ठूलो बनाउँछ। त्यसैले फेइरास्मोस दुःख-कष्टहरू धेरै व्यक्तिहरूलाई अनावश्यक लागे तापनि त्यो आशिष्को सङ्केत हो भनेर हामीले बुझ्नुपर्दछ।

हाम्रो जीवनमा आउने फेइरास्मोस दुःख-कष्टले धेरै आशिष्हरू ल्याउने भएकोले गर्दा हामी यस कुरामा रमाउनु पर्दछ। विश्वासको आँखा अर्थात् आत्मिक आँखाले त्यो कुरा पहिले नै देखेर त्यसप्रति हामी आनन्दित हुन सक्नुपर्दछ। यही कुरालाई बुझेका हुनाले याकूबले आफ्ना भाइहरूलाई यसरी उत्साह दिन सकेः *"मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ"* (याकूब १:२)।

माथि उल्लेखित पहिलो चरणको कुराहरू प्राप्त गरेपछि हामीहरू दोस्रो चरणको फाइदाहरूमा पुग्दछौँ। त्यो के हो भने फेइरास्मोस दुःख-कष्टले हामीलाई आत्मिक परिपक्वता र इनाम अर्थात् मुकुटहरूतिर डोऱ्याउँदछ।

[चित्र नं.- १५ : आशिष्हरू भएको तालिका राख्ने]

याकूब १:२-१२ सम्मको खण्डलाई केलाउँदा माथिको चित्रमा देखाएको जस्तै विभिन्न आशिष्मय कुराहरूले क्रमवद्ध रूपमा हाम्रो जीवनमा काम गर्न थाल्दछन्। यसले के कुरा स्पष्ट पार्दछ भने हाम्रो जीवनमा आउने फेइरास्मोस दुःख-कष्टले हाम्रो हृदय शुद्ध हुन्छ, जसको फलस्वरूप हाम्रो आत्मिक आँखा खुल्दछ। त्यसपछि परमेश्वरप्रति हाम्रो विश्वास बढेर जान्छ अनि हामीलाई इश्वरीय दर्शनहरू र प्रकाशहरू प्राप्त हुन थाल्छन्। यी प्रक्रियाहरू पार गर्दै जाने क्रममा हामीमा धैर्यता पनि वृद्धि हुँदैजान्छ साथै विभिन्न विषयहरूमा ज्ञान-बुद्धिहरू पनि प्राप्त हुन्छ। यस प्रक्रियाद्वारा आत्मिकतामा वृद्धि भई हामी परिपक्व हुँदैजान्छौँ अनि हाम्रो हृदय ईश्वरीय प्रेमले भरिन्छ, जसलाई 'अगापे प्रेम' (Agape Love) भनिन्छ। यो अवस्थामा पुग्न सफल भएको इसाईले

सबै खालका व्यक्तिहरूलाई स्वीकार अनि प्रेम गर्न सक्षम हुन्छ। अन्तत्वगत्वा यी सबै कुराहरूले हामीलाई जीवनको मुकुटतिर डोऱ्याउँदछ (याकूब १:१२)।

यी आशिष्मय चरणहरू पार गर्ने क्रममा हामीले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने हृदयको शुद्धतापछि मात्र हाम्रो आत्मिक आँखा खुल्दछ र हाम्रो सोच-विचार, मनोवृत्ति र दृष्टिकोणमा परिवर्तन आउँछ। त्यति बेलाको अवस्थाबारे भन्ने हो भने गरिब फेइरास्मोस इसाईको आत्मिक आँखाले स्वर्गमा पाइने इनाम र उच्च स्थानलाई देख्नेछ भने धनी फेइरास्मोस इसाईहरूले सांसारिक धन-सम्पत्ति एक दिन घाँसजस्तै ओइलाएर जानेछ भन्ने कुरा बुझेर आफूलाई नम्र तुल्याउनेछ। त्यस प्रकारले आफूलाई होच्याउने नम्र व्यक्तिहरूले स्वर्गीय दर्शनहरू देख्नेछन्। इसाईहरू यस्तो खालको उच्च आत्मिक अवस्थामा पुग्नु भनेको ठूलो आशिष्को कुरा हो। यस परिप्रेक्षमा हामीले थाहा पाउनुपर्ने मुख्य कुरा यही हो- सबै थोकको मूल अर्थात् जराचाहिँ फेइरास्मोस दुःख-कष्ट नै हो।

आत्मिक आँखा खुलेको इसाईहरूको विश्वास अचम्म प्रकारले बढेर जान्छ। त्यस्ता व्यक्तिहरूले यो संसारका कुराहरूभन्दा परमेश्वर र उहाँको राज्यका कुराहरू हेर्न बढी चाहना राख्दछ र त्यसैअनुसारको जीवनशैली निर्माण गर्दछ। आफ्नो आत्मिक परिपक्वतालाई उक्त स्थानसम्म पुऱ्याउनसक्ने इसाईले प्रार्थना गर्दा कुनै सङ्का गर्दैन। यदि हामीले परमेश्वरमा पूरा भरोसा गरेर पूर्ण विश्वाससाथ प्रार्थना गर्दछौँ भने त्यसको उत्तर पाउँदछौँ। यस कुरालाई अर्को शब्दमा व्यक्त गर्नुपर्दा शुद्ध हृदय हुने र आत्मिक आँखा खुलेको व्यक्तिले कुनै सङ्का नगरी प्रार्थना गर्दछ र त्यसको उत्तर पाइन्छ भन्ने कुरामा दृढ भरोसा गर्दछ(हिब्रू ११:१)। यस विषयमा प्रभु येशूले भन्नुभयो, *"साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूमा विश्वास छ र कहिल्यै सङ्का गरेनौ भने, अञ्जीरको बोटलाई जे गरियो त्यति मात्र होइन, तर यस डाँडालाई पनि 'उखेलिएर समुद्रमा खस्' भन्यौ भने सो हुनेछ। विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरूले पाउनेछौ"* (मत्ती २१:२१-२२)।

सन्त पावललाई हामी यस प्रकारले विश्वास गर्ने व्यक्तिको वर्गमा राख्नसक्छौँ। उनी आत्मिक रूपमा परिपक्व व्यक्ति भएको कारणले गर्दा तेस्रो स्वर्गको दर्शन देख्न सके (२ कोरिन्थी १२:३)। इ.सं. ४१ मा पावलले उक्त स्वर्गीय दर्शन पाउँदा तिनको जीवन परिवर्तन भएको छ वर्ष बितिसकेको थियो। यस तथ्यले के कुरा स्पष्ट पार्दछ भने हृदय शुद्ध हुने र आत्मिक रूपमा परिपक्व हुने कुरा तुरुन्तै हुँने प्रक्रिया होइन यसको लागि लामो समय लाग्छ। पावल आत्मिक रूपमा परिपक्व भएर स्वर्गीय दर्शन प्राप्त गरेपछि यति नीडर व्यक्ति बने कि कुनै पनि खेदो-सतावट र सङ्कष्ट अनि समस्यादेखि तिनी डराएनन्। यहाँसम्म कि सुसमाचारको खातिर जेल-नेल, पिटाइ खाएर अन्त्यमा घाँटी काटिएर सहिद हुनुपर्दा पनि तिनको विश्वास कहिल्यै डगमगाएन। यदि हामी पनि पावलजस्तै हुन चाहन्छौँ भने जीवनमा आइपर्ने फेइरास्मोस दुःख-कष्टलाई सहर्ष स्वीकार गर्न सक्नुपर्दछ।

आत्मिक परिपक्वतामा पुग्ने क्रममा हाम्रो जीवनमा आइपर्ने विभिन्न प्रकारका फेइरास्मोस दुःख-कष्टले हामीलाई सहासिलो र धिरजी बनाउँदै लैजान्छ भन्ने रहस्य हामीले बुझ्नु अति नै आवश्यक छ। धैर्यले हामीलाई भित्रैदेखि बलियो बनाउँछ, जसको कारणले गर्दा हामी सांसारिक समस्याहरूमाथि कुल्चेर अघि बढ्न सक्दछौँ। यद्यपि सबै समस्याहरू हामी हटाउन नसकौँला तर आफ्नो सारा बोझ, फिक्री र समस्याहरू प्रभु येशूलाई सुम्पिएर ती कुराहरूमाथि विजयी हुन सक्दछौँ। यसको साथै अर्को कुरा के हो भने बिस्तारै हाम्रो हृदय

ईश्वरीय ज्ञान-बुद्धि र प्रेमले भरिन थाल्दछ। विशेष गरी हाम्रो हृदय दुइ प्रकारको प्रेमले भरिन्छ।

१. ठाडो प्रकारको प्रेम (Vertical Love)
२. तेर्सो प्रकारको प्रेम (Horizontal Love)

ठाडो प्रकारको प्रेम गर्ने व्यक्तिले दश आज्ञामा भएका सुरुका चार वटा आज्ञाहरू पालना गर्दछन् भने तेर्सो प्रकारको प्रेम गर्ने व्यक्तिले पछिल्लो छ वटा आज्ञाहरू पालना गर्दछन्, जसको विषयमा यसभन्दा अघिल्लो पाठमा चर्चा गरिसक्यौँ। दश आज्ञामा उल्लेख भएको ठाडो प्रकारको प्रेम गर्नसक्ने व्यक्तिले स्वाभाविक रूपमा तेर्सो प्रकारको प्रेम गर्न सक्छ अर्थात् यसको अर्थ परमेश्वरलाई प्रेम गर्नेले आफ्नो छिमेकीलाई प्रेम गर्नसक्छ भन्ने हो। तेर्सो प्रकारको प्रेमसम्बन्धी केही बाइबल खण्डहरू यहाँ दिइएका छन्।

*"तिमीहरूले यसो भनेका सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ"* (मत्ती ५:४३-४५)।

*'तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप। आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ। एक-अर्कासँग मिलेर बस, अभिमानी नहोओ, तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै अहङ्कारी नहओ।*

*कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ। हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस। प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ। किनभने, लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु," परमप्रभु भन्नुहुन्छ। बरु "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ।" खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित'* (रोमी १२:१४-२१)।

*'प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ। प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ। प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ, हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ तर जब सिद्धताचाहिँ आउनेछ, तब अपूर्णता टलिजानेछ जब म बालक थिएँ, तब बालकजस्तै बोल्थेँ, बालकले जस्तो विचार गर्थें, बालकले जस्तै तर्क गर्थें, तर जब म जवान भएँ तब बालकको चाल छोडदिएँ। अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौँ, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौँ। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु।* (१ कोरिन्थी १३:४-१२)।

पन्यूमा र पारा-क्लेटोस पवित्र आत्मा र परमेश्वरको जीवत वचन अर्थात् धर्मशास्त्र बाइबलको सहायताद्वारा हामी आफ्नो हृदयलाई शुद्ध पारेर यस प्रकारले प्रेम गर्न सक्ने व्यक्ति बन्न सक्नेछौँ। ईश्वरीय प्रेम भएको व्यक्तिले आफ्नो विरुद्धमा लागेका व्यक्तिहरूसँग बदला लिँदैन बरु त्यस्ताहरूलाई क्षमा गर्ने र सहायता गर्ने गर्दछन्। यस्ता व्यक्तिहरूको हृदय फराकिलो हुन्छ, जसले

गर्दा आफ्नो आलोचना र खेदो गर्नेहरूलाई पनि उसले अँगालोमा बाँध्न सक्छ। त्यसैकारण पावल यसो भन्दछन्: *"अब विश्वास, आशा, प्रेम- यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो"* (१ कोरिन्थी १३:१३)।

यस पाठको निष्कर्षमा हामीले बुझ्नुपर्ने कुरा यही हो कि इसाईहरूको जीवनमा विनाअर्थ फेइरास्मोस दुःख-कष्ट आउँदैन तर त्यो कुरा परमेश्वरले विशेष उद्देश्यसहित हाम्रो जीवनमा आउने अनुमति दिनुहुन्छ। हाम्रो फाइदा र सुधारको निम्ति नै परमेश्वरले हामीमा विभिन्न प्रकारको समस्याहरू आउन दिनुहुन्छ। डाँडाको उपदेशमा उल्लेख भएझैँ आशिषित इसाईहरू हुन पाउनु हाम्रो ठूलो सौभाग्य हो। त्यसको साथै आत्मिक परिपक्वतामा अघि बढ्दै परमेश्वरबाट इनाम पाउने व्यक्तिहरू हुन पाउनु पनि हाम्रो लागि ठूलो आशिष्को कुरा हो। त्यसकारण हामी यो कुरामा निश्चित अनि निर्धक्क भएर यो कुरा घोषणा गर्नसक्छौँ कि फेइरास्मोस दुःख-कष्ट इसाईहरूका लागि अति नै फइदाजनक कुरा हो, जसले हामीलाई मुकुट पाउने व्यक्तिहरू बनाउँदछ।

# सात प्रकारका मुकुटहरू

## SEVEN TYPES OF CROWNS

*ख्रीष्ट येशूका असल सिपाहीझैँ दुःख-भोगमा हामीसँग सहभागी होऊ। सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ। प्रतियोगितामा नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन। परिश्रम गर्ने किसानले नै बालीको पहिलो हिस्सा पाउनुपर्दछ* ( २ तिमोथी २ः३-६ ) ।

यहाँ पावलले तिमोथीलाई तीन वटा उदाहरणहरू दिएका छन्ः सिपाही, खेलाडी र किसान। यी व्यक्तिहरूलाई विचार गर्ने हो भने तिनीहरूका जीवन आरामदायी हुँदैन। सिपाहीले अरू कुरामा नअल्झिएर नियमित सैनिक तालिममा सहभागी भई आफूभन्दा माथिल्लो तहको अधिकारीलाई खुसी पार्नुपर्दछ। खेलाडीले नियमबमोजिम लगातार अभ्यास गरे मात्र पुरस्कारको योग्य बन्न सक्छ। त्यस्तै गरी किसानले पनि फसलको आशामा घाम-पानी र जाडो-गरम केही नभनी खेतमा काम गर्नुपर्दछ। यी तीन प्रकारका व्यक्तिहरूको उदाहरणद्वारा इसाई जीवनको गन्तव्य र स्वर्गीय समुदायको बारेमा अनुमान लगाउन सक्छौँ। परमेश्वरको राज्यको समाज तहगत छ र भविष्यमा इसाईहरूले त्यहाँ विभिन्न प्रकारको उत्तरदायित्वहरू पाउनेछन्, जुन कुरा तिनीहरूको आत्मिक स्तरमा भर पर्दछ भन्ने कुरा विभिन्न बाइबल खण्डहरूले बुझाउँदछ। अर्को महत्वपूर्ण कुरा के हो भने केही विशेष व्यक्तिहरूले परमेश्वरबाट मुकुट पनि पाउनेछन् र यस कुरामा हामी परमेश्वरप्रति अहिलेदेखि नै कृतज्ञ र धन्यवादी हुनुपर्दछ। मुकुट प्राप्त गर्ने कुरामा पावल ढुक्क भएकोले गर्दा उनले आफ्नो जीवनशैली सिपाही, खेलाडी र किसानको जस्तो बनाएका थिए। त्यसकारण उनी यसो भन्दछन्ः *"ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर मा जोडसँग अगि बढ्दछु"* (फिलिप्पी ३ः१४) ।

परमेश्वरबाट मुकुट प्राप्त गर्ने योग्यताहरू के-के हुन् त? त्यसको लागि आवश्यक धेरै योग्यताहरू छन् तर मुख्य रहस्यचाहिँ शुद्ध हृदय हो। पावलको हृदय शुद्ध बनाउनको लागि परमेश्वरले तिनको जीवनमा विभिन्न प्रकारका फेइरास्मोस दुःख-कष्टहरू आउन दिनुभयो, जसको बारेमा हामीले अध्ययन गरिसक्यौँ। उनले आफ्नो विश्वासलाई बचाएर स्थिर इसाई (Static Christian) बने अनि त्यति मात्र होइन उनले सक्रिय र बहु-आयामिक अगुवा (Dynamic Leader) -को भुमिका निभाए र त्यसको फलस्वरूप उनी आत्मिक रूपमा परिपक्व भई सिद्धता, पवित्रता र पूर्णतातिर बढ्दै गए। जीवनमा जेजस्तो सङ्कष्टहरू आइपरे तापनि उनले परमेश्वरबाट पाउने इनाम र मुकुटलाई हेरेर अघि बढिरहे। बाइबलमा सात प्रकारका मुकुटहरूका बारेमा चर्चा गरिएको छ।

१. जीवनको मुकुट (The Crown of Life)
२. महिमाको मुकुट (The Crown of Glory)
३. आनन्दको मुकुट (The Crown of Joy)
४. धार्मिकताको मुकुट (The Crown of Righteousness)
५. अविनाशी मुकुट (The Crown of Everlasting)
६. सुनौलो मुकुट (The Golden Crown)
७. बाह्र ताराहरूको मुकुट (The Crown of Twelve Stars)

भविष्यमा इसाईहरूले यी सात प्रकारका मुकुटहरू प्राप्त गर्ने भएकोले गर्दा परमेश्वरको राज्यको समाज तहगत छ भनी हामी भन्नसक्छौँ। अब हामी यी मकुटहरू र त्यसको लागि आवश्यक योग्यताहरूको बारेमा चर्चा गर्नेछौँ।

### (१) जीवनको मुकुट (The Crown of Life)

*त्यो मानिस धन्यको हो, जो आपत्-विपत्मा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले **जीवनको त्यो मुकुट** पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ* (याकूब १:१२)।

इसाईहरूले जीवनको मुकुट पाउनको लागि निम्नलिखित दुइ वटा शर्तहरू पूरा गर्नुपर्दछ।

१. आपत्-विपत्मा स्थिर रहने
२. परमेश्वरलाई प्रेम गर्ने

यी दुइ कुराहरू एक-आपसमा अन्तरसम्बन्धित छन्। आपत्-विपत् र दुःख-कष्टमा स्थिर रहेर विश्वासलाई बचाउने व्यक्तिले परमेश्वरलाई प्रेम गर्नसक्छ अनि त्यस्तै गरी परमेश्वरलाई प्रेम गर्नेले जस्तोसुकै आपत्-विपत् आईपरे तापनि सहनसक्छ। आफ्नो जीवनमा फेइरास्मोस दुःख-कष्ट सहने इसाईहरूलाई परमेश्वरले जीवनको मुकुट दिनुहुनेछ। यस संसारमा येशू ख्रीष्टको खातिर आर्थिक सङ्कष्ट, राजनैतिक सङ्कष्ट, सामाजिक सङ्कष्ट, धार्मिक सङ्कष्ट, पारिवारिक सङ्कष्ट र शारीरिक सङ्कष्ट सहने व्यक्तिहरू धन्यका हुन् किनभने तिनीहरूले जीवनको मुकुट प्राप्त गर्नेछन्। इसाईहरूका जीवनमा आउने यस्ताखाले फेइरास्मोस दुःख-कष्टले तिनीहरूको हृदयलाई शुद्ध बनाउँछ र तिनीहरूले विश्वास, आशा र प्रेमलाई असल प्रकारले अभ्यास गर्नसक्छन्। फलस्वरूप ती व्यक्तिहरूले दश आज्ञा र महान् आज्ञालई पालना गर्दछन्। परमेश्वरले प्रेरित यूहन्नालाई स्मुर्ना मण्डलीले जीवनको मुकुट पाउनेछ भन्ने स्वर्गीय रहस्य प्रकट गर्नुभयो।

*अनि स्मुर्नाका माण्डलीका दूतलाई यो लेखः यी कुरा आदि र अन्त्यले भन्दछ, जो मरेको थियो, र फेरि जीवित भयो। म तिम्रा कष्टहरू र तिम्रो दरिद्रतालाई जान्दछु। तर तिमी त धनी नै छौ। म तिनीहरूलाई चिन्दछु, जसले आफूलाई यहूदी हौँ त भन्छन् तर वास्तवमा तिनीहरू होइनन्। तिनीहरूले गरेका निन्दा म जान्दछु। तिनीहरू शैतानको सभाघर हुन्। तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु। जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुनेछैन* (प्रकाश २:८-११)।

स्मुर्ना मण्डली गरिब थियो अनि सतावटको बीचमा रहेर पनि परमेश्वरको सेवा, आराधना र महिमा गरिरहेको थियो। त्यस कारणले गर्दा परमेश्वरबाट त्यो मण्डलीले ठूलो आशिष् पायो। यूहन्नाले परमेश्वरबाट सात वटा मण्डलीहरूका बारेमा दर्शन पाए; ती मण्डलीहरू एफिससको मण्डली, स्मुर्नाको मण्डली, पर्गाममको मण्डली, थिआटीराको मण्डली, सार्डिसको मण्डली, फिलाडेल्फियाको मण्डली र लाउडिकियाको मण्डली हुन्। यी सात वटा मण्डलीहरूमध्ये परमेश्वरले स्मुर्नाको मण्डली र फिलाडेल्फियाको मण्डलीलाई आशिष् दिनुभयो र मुकुट दिने प्रतिज्ञा गर्नुभयो।

*तिमीले धैर्यको मेरो वचन पालन गरेका हुनाले तिमीलाई परीक्षाको त्यस बेलादेखि म बचाउनेछु, जो पृथ्वीमा वास गर्ने मानिसहरूलाई जाँच गर्न सारा संसारमा आउनेवाला छ। म चाँडै आइरहेछु, तिमीसँग जे छ, त्यसलाई पक्रिराख, र तिम्रो मुकुट कसैले लिनेछैन* (प्रकाश ३ः१०-११)।

## (२) महिमाको मुकुट (The Crown of Glory)

*ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाहा गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले* ***महिमाको नओइलाउने मुकुट*** *प्राप्त गर्नेछौ* ( १ पत्रुस ५ः१-४)।

यो मुकुट परमेश्वरको राज्य विस्तार गर्ने सेवकाइ गर्नुहुने पास्टर, एल्डर, डिकन, र प्रचारकहरूजस्ता सेवक / सेविकाहरूले पाउनेछन्। १ पत्रुस ५ः१-४ सम्मको खण्डलाई विचार गर्दा महिमाको मुकुट प्राप्त गर्नको लागि तीन वटा कुराहरू पालना गर्नुपर्दछ।

१. स्वेच्छाले सेवकाइ गर्नुपर्दछ।
२. धन-सम्पत्तिको लोभ नगरी सेवकाइ गर्नुपर्दछ।
३. अधिकार नजमाईकन उदाहरण भएर सेवकाइ गर्नुपर्दछ।

महिमाको मुकुट प्राप्त गर्न चाहने व्यक्तिले हृदयमा स्वयम्-सेवकको भावना राखी आफ्नो बगालको रेखदेख गर्नुपर्दछ। परमेश्वरको राज्य विस्तार गर्ने कामलाई सांसारिक कामझैँ अरूको करकाप, डर-धम्की र दवाव अनि लोभ-लालचमा गर्नुहुँदैन। वास्तवमा भन्ने हो भने ईश्वरीय इनाम पाउने आशामा स्वेच्छाले सेवकाइ गर्नेले मात्र महिमाको मुकुट पाउनेछ। यही परिप्रेक्षमा अर्को महत्वपूर्ण कुरा के हो भने पास्टर अगुवाहरूले धन-सम्पत्ति, लोभ गर्नुहुँदैन। अगुवाहरूमा पैसा र प्रशंसाको चाहनाभन्दा सेवक हृदय विकास हुनु अति आवश्यक छ। यदि कसैले धन-सम्पत्ति, सांसारिक ज्ञान-बुद्धि, मानवीय बल-शक्ति र सम्बन्धहरूको आडमा रहेर परमेश्वरको सेवकाइ गर्दछ भने त्यो दीर्घकालीन हुँदैन। त्यस्ता पास्टर र अगुवहरू केही समयको लागि प्रभावशाली र सक्रियजस्तो देखिए तापनि त्यो लामो समयसम्म स्थिर रहँदैन। पश्चिमी मुलुकहरूको मण्डलीहरूमा प्रचलित विभिन्न प्रकारको परम्पराहरू हाम्रो देशमा पनि प्रवेश गरिसकेको छ। आजभोलिका धेरै पास्टरहरूले यसो भन्ने गर्दछन्, "यदि मलाई सेवकाइको निम्ति नियुक्त गर्ने हो भने यति तलब चाहिन्छ, सञ्चयकोष चाहिन्छ, जीवन विमा चाहिन्छ, राम्रो गाडी चाहिन्छ, ठूलो अनि सुन्दर घर चाहिन्छ, छोरा-छोरीहरूलाई असल स्कुल-कलेजमा पढाइदिनुपर्दछ आदि। धन कमाउने उद्देश्य भएका पास्टरहरूले विभिन्न प्रकारका काम-व्यवसाय र व्यापारहरूमा हात हालेको उदाहरणहरू पनि प्रशस्त मात्रामा देख्न सकिन्छ। यसै प्रसङ्गमा प्रभु येशूले भन्नुभएको छ, *"कसैले दुइ मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ"* (मत्ती ६ः२४।

डा. थोमस ह्वाङ्ग आफ्नो अनुभव यसरी बताउनुहुन्छः "म सत्तरी वर्षको हुनलागेँ तर मैले अहिलेसम्म जीवन विमा र दुर्घटना विमा गरेको छैन। मैले

बैंकमा धन-सम्पत्ति थुपारेको छैनँ। किनभने मैले यस्ता प्रकारका सांसारिक अनि भौतिक कुराहरूमा भन्दा येशूमा बढी भरोसा गरेको छु। आजको दिनसम्म म कहिल्यै भोको र नाङ्गो हुनुपरेको छैन। म संसारभरि भ्रमण गरेर हजारौँ पास्टर अगुवाहरूलाई बाइबलीय ईश्वरशास्त्र सिकाउने गर्दछु तर अहिलेसम्म दुर्घटनामा परेको छैन। त्यसैले प्रभु येशूले दिनुहुने सुरक्षामा म ढुक्क छु। मेरो यसप्रकारको विश्वास र जीवनशैली देखेर मेरा साथीहरू छक्क पर्दछन्।"

पास्टर अगुवाहरूले आफ्नो बगालमाथि सांसारिक अधिकारीहरूले जस्तो शासन गर्नुहुँदैन तर तिनीहरूको निम्ति आफू एक असल तथा अनुकरणीय उदाहरण बन्नुपर्दछ। मण्डलीको पास्टरले आफ्नो सहकर्मी र सदस्यहरूलाई सैनिक अथवा प्रहरी सङ्गठनको तरिकाले व्यवहार गर्नु बाइबलीय अगुवापन होइन। कसैलाई अनुशासन र दण्ड दिनु परे तापनि प्रेमसाथ उक्त व्यक्तिको सुधारको निम्ति हुनुपर्दछ तर पतनको निम्ति होइन। पत्रुसले प्रभु येशूलाई तीनपल्ट इन्कार गरे तापनि पुनरुत्थानपछि उहाँले तिनलाई भेटेर हौसला दिनुभयो र सेवकाइको निम्ति मौका दिनुभयो। प्रभु येशूले पृथ्वीमा रहँदा एउटा असल अनि उत्तम अगुवाको भूमिका निभाउनुभयो। इसाई अगुवापनक विषयमा उहाँले यसो भन्नुभयोः *"तिमीहरू जान्दछौ कि अन्यजातिहरूमाथि शासन गर्नेहरूले तिनीहरूमाथि अख्तियार चलाउँछन्। अनि तिनीहरूका ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार चलाउँछन्। तिमीहरूमा चाहिँ त्यसो हुँदैन। तर तिमीहरू जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्दछ। किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो"* (मर्कूस १०:४२-४५)।

### (३) आनन्दको मुकुट (The Crown of Joy)

*हाम्रा प्रभु येशू जब आउनुहुन्छ, त्यसबेला उहाँको सामुन्ने हाम्रो आशा वा आनन्द वा गर्वको मुकुट तिमीहरू नै होइनौ र? निश्चय हाम्रो गौरव र आनन्द तिमीहरू नै हौ* (१ थेसलोनिकी २:१९-२०)।

आफ्नो ठाउँ, आफ्नो जातिभन्दा र परिवारभन्दा बाहिर गएर मिसनको काम गर्ने इसाइहरूले आनन्द को मुकुट पाउनेछन्। यो काम धेरै ने गाह्रो भएकोले गर्दा थोरैले मात्र यस प्रकारको मुकुट पाउनेछन्। प्रभु येशूको महान् आज्ञालाई शिरोपर गर्दै आफ्नो घर-परिवार छोडेर टाढा गई सेवकाइ गर्ने व्यक्तिहरूले विभिन्न प्रकारका समस्याहरू सामना गर्नुपर्दछ, जस्तैः भाषाको समस्या, सँस्कृतिको समस्या, खानपानको समस्या, सामाजिक मूल्य-मान्यतासम्बन्धी समस्या आदि। यस्ता समस्याहरूको सामना गर्दै परमेश्वरको वचन प्रचार गर्नु धेरै कठिन हुन्छ। नयाँ ठाउँमा गएर फरक धर्म मान्ने र फरक भाषा बोल्ने मानिसहरूलाई चेलापनमा हुर्काउनु सजिलो काम होइन। तिनीहरूलाई आत्मिक रूपमा वृद्धि गराउने काम जो पायो त्यो व्यक्तिले गर्न सक्तैन।

सन्त पावललाई मिसनको काम गर्दा आइपर्ने सबै समस्याहरूको बारेमा थाहा हुँदा-हुँदै पनि उक्त चुनौतिलाई स्वीकार गरेर संसारको विभिन्न ठाउँहरूमा भएका फरक-फरक जातिहरूमा गएर सुसमाचार प्रचारको काम गरे। आरामदायी जीवनशैली त्यागेर उनले सुसमाचारको खातिर थुप्रै दुःख-कष्टहरू भोगे। यसै क्रममा माकेडोनियाको राजधानी थेसलोनिकी शहरमा गएर परमेश्वरको सुसमाचार प्रचार गर्न तिनलाई धेरै गाह्रो भयो। त्यो शहर ग्रीसको उत्तरी भागमा पर्दछ। त्यतिबेला त्यहाँका मानिसहरू आफ्नो धर्म, परम्परा र सँस्कृतिमा निकै गर्व गर्दथे। रोमी सिपाहीहरूको त्यहाँ ठूलो प्रभाव थियो।

त्यस्तो प्रतिकुल परिस्थितिको सामना गरी सुसमाचार सुनाउनु र चेलाहरूलाई हुर्काउनु पावलको लागि सजिलो थिएन। बल्ल-बल्ल विश्वासमा आएका त्यहाँका इसाईहरूको हृदय अति नै फोहोर थियो। पावलले तिनीहरूलाई सुधार गर्नको निम्ति कहिले हौसला र अति-उपदेश दिन्थे भने कहिले चेताउनी दिने गर्दथे। सानो बालकलाई उसको आमाले हुर्काएझैं, पावलले तिनीहरूलाई हुर्काएका थिए। उनले तिनीहरूलाई यसो भनेर प्रेम र उत्साह व्यक्त गरे।

*भाइ हो, तिमीहरूकहाँ हाम्रो आगमन व्यर्थ नभएको तिमीहरू आफैलाई थाहा छ। हामीले अघिबाटै फिलिप्पीमा कष्ट भोग्यौं र अपमानित भयौं भन्ने कुरा तिमीहरूलाई थाहा छ, तर घोर विरोध छँदाछँदै पनि परमेश्वरको सुसमाचार प्रचार गर्न हामीलाई परमेश्वरमा साहस मिलेको थियो। किनकि हाम्रो अर्ती-उपदेश भूल वा अशुद्धताबाट उब्जेको होइन, नता यो छलकपटले भएको हो; तर जसरी सुसमाचार हाम्रो जिम्मामा सुम्पनका निम्ति परमेश्वरले हामीलाई योग्य ठान्नुभयो, त्यसरी नै मानिसलाई प्रसन्न पार्न होइन, तर हाम्रो हृदय जाँच्नुहुने परमेश्वरलाई प्रसन्न पार्न हामी बोल्दछौं। तिमीहरूलाई थाहै छ कि हामीले कहिल्यै खुशामदीका कुरा गरेनौं, न हामी लालचको बहानामा फस्यौं। यसको साक्षी परमेश्वर हुनुहुन्छ। ख्रीष्टका प्रेरित भएका नाताले हामीले तिमीहरूमाथि अधिकार चलाउन सक्थ्यौं। तापनि हामीले मानिसहरूबाट आदर खोजेनौं, नता तिमीहरूबाट, न अरू कसैबाट। आफ्ना बालकहरूलाई स्याहार्ने आमाझैं, तिमीहरूका बीचमा हामी कोमल भयौं। यसैले स्नेहपूर्वक तिमीहरूको चाहना गरेर हामीहरू परमेश्वरको सुसमाचार मात्र होइन, तर हाम्रो प्राणसमेत तिमीहरूलाई दिनु तत्पर थियौं, किनकि तिमीहरू हाम्रा निम्ति अति प्रिय भएका थियौ। किनभने भाइ हो, हाम्रो कष्ट र मेहनतको सम्झना तिमीहरूलाई छ। तिमीहरू कसैलाई बोझ नबोकाऔं भनेर दिनरात काम गरी हामीले परमेश्वरको सुसमाचार तिमीहरूलाई प्रचार गऱ्यौं* (१ थेसलोनिकी २:१-९)।

यस प्रकारले आफ्नो गवाही दिई सकेपछि पावल तिनीहरूलाई फेरि यसो भन्दछन्।

*किनकि भाइ हो, हृदयबाट होइन, तर आँखाको सोझो तिमीहरूसँग अल्प समयको निम्ति बिछोड भएका हुनाले, उत्कट इच्छाले तिमीहरूलई मुखामुख भेट गर्न उत्सुकतासाथ हामीले चेष्टा गऱ्यौं। किनकि हामी तिमीहरूकहाँ आउन खोजेका थियौं- म पवलचाहिँ बारम्बार आउन चाहेँ- तर शैतानले हामीलाई रोक्यो। हाम्रा प्रभु येशू जब आउनुहुन्छ, त्यसबेला उहाँको सामुन्ने हाम्रो आशा वा* ***आनन्द वा गर्वको मुकुट*** *तिमीहरू नै होइनौ र? निश्चय हाम्रो गौरव र आनन्द तिमीहरू नै हौ* (१ थेसलोनिकी २:१७-२०)।

यस खण्डद्वारा हामी के बुझ्नसक्छौं थेसलोनिकीका इसाईहरू पावलका लागि आनन्दको मुकुट थियो। फिलिप्पीका मानिसहरूलाई पनि पावलले सुसमाचार प्रचार गरेर आत्मिकी रूपमा हुर्काएका थिए। त्यसकारण ती इसाईहरू पनि पावलका लागि आनन्दका मुकुट थिए, जुन कुरा उनी यसरी घोषणा गर्दछन्।

*यसकारण मेरा भाइहरू, म तिमीहरूलाई माया गर्दछु, र तिमीहरूको चाहना गर्दछु, तिमीहरू मेरा आनन्द र मुकुट हौ। मेरा प्रियहरू, यसरी नै प्रभुमा स्थिर रहो* (फिलिप्पी ४:१)।

यदि हामीले पनि पावलले झैं परिश्रम गरेर मिसनको काम गर्दछौं भने आनन्दको मुकुट प्राप्त गर्दछौं। यस प्रकारको मुकुट प्राप्त गर्नु भनेको ठूलो आशिष्को कुरा हो।

## (४) धार्मिकताको मुकुट (The Crown of Righteousness)

*अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ* (२ तिमोथी ४:८)।

[चित्र नं.- १६ : पावलको जीवन को समय तालिका राख्ने]

इ.सं. ५ मा पावलको जन्म भयो र इ.सं. ३५ मा उनको जीवन परिवर्तन भयो। त्यस घटनाको १० वर्षपछि अर्थात् इ.सं. ४५ तिनले एन्टियोक मण्डलीमा सेवकाइ प्रारम्भ गरे। इ.सं. ४६-४८ सम्म पावलले पहिलो प्रचार यात्रा गरे, इ.सं. ५०-५२ सम्म तिनले दोस्रो प्रचार यात्रा गरे र इ.सं. ५३-५७ सम्म तेस्रो प्रचार यात्रा गरे। त्यसपछि इ.सं. ६०-६२ सम्म सुसमाचारको खातिर तिनी रोममा नजरबन्दमा परे। त्यहाँबाट छुटकारा पाएपछि फेरि तिनले इ.सं. ६३-६८ सम्म चौथो प्रचार यात्रा गरे र इ.सं. ६८ मा उनी सहिद भए।

पावलले लेखेका पत्रहरूमध्ये तिमोथीलाई लेखेको दोस्रो पत्र अन्तिम हो। उक्त पत्र इ.सं. ६७ मा लेखिएको थियो भनी बाइबल विद्वान्हरू भन्दछन्। त्यसबेला पावलले रोमको झ्यालखानामा बसेर आफ्नो अन्तिम दिनहरू बिताइरहेका थिए र त्यसबेला आफ्नो मृत्यु नजिक छ भन्ने कुरा तिनलाई थाहा भइसकेको थियो। उक्त पत्रमा पावलले आफ्नो आत्मिक छोरा तिमोथीलाई धेरै महत्वपूर्ण शिक्षाहरू दिएका छन्। हरेक परिस्थितिलाई सामना गरेर सेवकाइ गर्नु भनी तिनले उत्साह दिएका छन्। त्यसैले गर्दा यो पत्र इसाई चेलापनको लागि अति नै महत्वपूर्ण छ।

पावलले आफ्नो दोस्रो प्रचार यात्रा गर्ने क्रममा इस. ५० मा तिमोथीलाई लुस्त्र भन्ने शहरमा भेटेका थिए, जुन ठाउँ टर्की देशको दक्षिणी भागमा पर्दछ। त्यसबेलादेखि लगातार १८ वर्षम्म अर्थात् पावलको मृत्युसम्मै तिमोथी उनीप्रति विश्वासयोग्य चेला ठहरिए। पावलले पत्रद्वारा फेइरास्मोस दुःख-कष्ट बोग्नको निम्ति तिमोथीलाई उत्साह दिएको कुरा यस खण्डबाट बुझ्न सकिन्छ।

*यसकारण तिमी, मेरो बालक, ख्रीष्ट येशूमा भएको अनुग्रहमा बलियो होऊ। धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ। ख्रीष्ट येशूका असल सिपाहीझैँ दुःख-भोगमा हामीसँग सहभागी होऊ। सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ। प्रतियोगितामा नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन। परिश्रम गर्ने किसानले नै बालीको पहिलो हिस्सा पाउनुपर्दछ। म के भन्दछु त्यो विचार गर, किनभने प्रत्येक कुरामा प्रभुले तिमीलाई समझ दिनुहुनेछ* (२ तिमोथी २:१-७)।

पावलले तिमोथीलाई पत्र लेख्दा उनले चाँडै नै पाउन लागेको धार्मिकताको मुकुटको बारेमा यसरी चर्चा गरेका छन्।

*किनभने, म त बलिको रूपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ। मैले उत्तम लडाइँ लडेको छु। मैले दौड सिद्ध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति **धार्मिकताको मुकुट** राखिएको छ, जो धार्मिकताको न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ* (२ तिमोथी ४:६-८)।

त्यसकारण धार्मिकताको मुकुटको विषयमा हामी के भन्नसक्छौं भने विश्वासलाई स्थिर राखेर जीवनमा आइपर्ने फेइरास्मोस दुःख-कष्टहरूको अनुभव गर्दै नीडर र सहासिलो भई फरक ठाउँ अनि फरक जातिमा सुसमाचार प्रचारको काम गर्ने इसाईहरूले यस प्रकारको मुकुट प्राप्त गर्नेछन्।

### (५) अविनाशी मुकुट (The Crown of Everlasting / The Imperishable Crown)

*खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ। तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ **अविनाशी मुकुट** पाउनलाई यसो गर्दछौँ* (१ कोन्थिी ९:२५)।

पावलले पहिलो कोरिन्थीको पत्र इसं. ५५ मा एफिसस शहरबाट लेखे। त्यसबेला उनी तेस्रो प्रचार यात्रामा थिए। पावल एफिसीमा हुँदा आफ्नो बारेमा कोरिन्थीमा चलेको नराम्रो हल्लाको विषयमा सुने। कोरिन्थीका इसाईहरूको हृदय अशुद्ध भएको कारणले गर्दा पावलको विरुद्धमा गनगनाउन थाले। तिनीहरूले यसो भनेः "पावल पक्का प्रेरित होइनन्। उनी हाम्रो आत्मिक पिता भए तपानि रुपैयाँ-पैसाको विषयमा उनी विश्वासयोग्य छैनन्। उनी धार्मिकजस्तो देखिए तापनि दुइ जिब्रे र दोहोरो जीवन जिउने व्यक्ति हुन्।" आफ्नो बारेमा यस प्रकारको कपोल्कल्पित हल्ला चलेको कारणले गर्दा पावल अति नै दुःखित भए अनि वाध्य भएर ती कोरन्थीहरूलाई यस प्रकारले लेखे।

*मेरो विरुद्धमा बोल्नेहरूलाई मेरो यही जवाफ छ, के हामीलाई खाने-पिउने अधिकार छैन? के अरू प्रेरितहरूजस्तै, प्रभुका भाइहरू र केफासलाई जस्तै हामीलाई पनि पत्नी लिएर हिँड्ने अधिकार छैन र? अथवा के मैले र बारनाबासले मात्र जीविकाको निम्ति काम गर्नुपर्छ र? आफ्नै खर्चमा कसले सिपाहीको काम गर्छ र? दाखबारी लाएर कसले त्यसको फल खाँदैन र? गाई-वस्तु पालेर कसले त्यसको दूध पिउँदैन र? के मानिसको दृष्टिकोणबाट मात्र म यो भन्दैछु र? के व्यवस्थाले पनि यही कुरा भन्दैन र? किनभने मोशाको व्यवस्थामा लेखिएको छ, "दाइँ गर्दा गोरुलाई मोहोलो नलगाओ।" के गोरुहरूका विषयमा परमेश्वर चिन्तित हुनुहुन्छ? के उहाले हाम्रो खातिर नै यो भन्नुभएको होइन र? हाम्रो खातिर नै यो लेखिएको हो। किनकि जोत्ने र दाइँ गर्नेले अन्नको केही हिस्सा पाउने आशामा नै जोत्छ र दाइँ गर्छ। यदि हामीहरूले तिमीहरूका माझमा आत्मिक बीउ रोपेका छौँ भने, र तिमीहरूको भौतिक सम्पत्तिको कटनी गऱ्यौँ भने, के त्यो अति भयो र? यदि अरूहरूले तिमीहरूमाथि यस मुनासिब हकको दाबी गर्छन् भने के हाम्रो अझ बढी हक छैन?* (१ कोरिन्थी ९:३-१२)।

कोरिन्थीका इसाईहरू लोभी, घमण्डी र नकरात्मक मनोवृत्ति भएका मानिसहरू थिए भन्ने कुरा पावललाई राम्रोसँग थाहा थियो। तिनीहरू मूर्तिपूजा र व्यभिचारजस्ता पापमा पनि डुबेका थिए। तिनीहरूलाई सुधार गर्न पावललाई धेरै गाह्रो भयो। तिनीहरूलाई शिक्षा दिनको लागि पावलले लामो-लामो पत्रहरू लेख्नुपऱ्यो। वास्तवमा भन्ने हो भने पावलले तिनीहरूको एक पैसा पनि खाएका थिएनन् यद्यपि प्ररितहरूलाई त्यसको अधिकार थियो। पावल आफ्नो जीविका चलाउनको लागि पाल बनाउने काम गर्दथे (प्रेरित १८:३)। ख्रीष्टको प्रेमले वाध्य पारेको हुनाले विभिन्न जातिका मानिसहरूलाई सुसमाचार प्रचार नगरी उनी बस्नै सकेनन्। वास्तवमा भन्ने हो भने उनी एक असल अनि विश्वासयोग्य स्वयम्-सेवक अगुवा भई उदाहरणको जीवन जिउने व्यक्ति थिए। उनले आफ्नो जीवन सुसमाचारको लागि समर्पण गरे र त्यसैको परिणामस्वरूप परमेश्वरबाट अविनाशी मुकुट पाउन पावल सफल भए।

*के तिमीहरूलाई थाहा छैन, दौडमा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड। खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ। तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ* ***अविनाशी मुकुट*** *पाउनलाई यसो गर्दछौँ। यसकारण लक्ष्य नराखी म दगुर्दिनँ। हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ। तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु* (१ कोरिन्थी ९:२४-२७)।

पावलको विषयमा यति धेरै कुराहरू थाहा पाएपछि हामी भन्नसक्छौँ कि मण्डलीको भेटीबाट केही नलिईकन आफ्नै परिश्रममा जिविका चलाउने अनि स्वयम् सेवकको रूपमा सेवकाइ गर्ने व्यक्ति धन्यको हो किनभने त्यस्तो व्यक्तिलाई परमेश्वरले अविनाशी मुकुट दिनुहुन्छ। तर अफसोसको कुरा के हो भने आजभोलि यसको ठीक विपरित कुराहरू देख्न अनि सुन्न पाइन्छ। यदि मण्डलीले पास्टरलाई राम्रो तलब दिएको छ, राम्रो घर र मोटर गाडी दिएको छ र तिनको छोराछोरीहरूलाई मण्डलीको खर्चमा विदेशमा अध्ययन गर्न पठाएको छ भने त्यस्ता पास्टरहरूलाई सफल अगुवाको दर्जामा राखेर हेर्ने गरिन्छ। त्यस्ता पास्टरहरूलाई मानिसहरूले आदर-इज्जत गर्ने गर्दछन्। वास्तवमा भन्ने हो भने परमेश्वरको राज्यको कामको निम्ति व्यक्तिगत धन-सम्पत्ति खर्च गर्ने इसाईहरू धन्यका हुन्। यस विषयमा पावल यसो भन्दछन्।

*मैले कुनै मानिसको सुन, चाँदी, कि वस्त्रको लोभ गरिनँ। तपाईंहरू आफै जान्नुहुन्छ कि मेरा यिनै हातले मेरो आफ्नै र मेरा साथमा भएकाहरूको आवश्यक्तालाई पूरा गरेका छन्। मैले सबै कुरामा तपाईंहरूलाई उदाहरण दिएको छु, कि तपाईंहरूले पनि यसरी नै कडा परिश्रम गरेर निर्धाहरूलाई मदत गर्नुपर्छ। प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि लिनुभन्दा दिनु अझ धन्य हो* (प्रेरित २०:३३-३५)।

## (६) सुनौलो मुकुट (The Golden Crown)

*त्यस सिंहासनको वरिपरि चौबीस सिंहासनहरू थिए, र शिरमा* ***सुनका मुकुटहरू*** *र सेता पोशाकहरू पहिरेका चौबीस जना धर्म-गुरुहरू ती सिंहासनमा बसेका मैले देखेँ* (प्रकाश ४:४)।

प्रेरित यूहन्नाले परमेश्वरको अनुग्रहमा सुनौलो मुकुटको दर्शन देखे। यूहन्नाले जीवनको अन्तिम दिनहरू पत्मोस टापुमा निर्वासित जीवन बिताई रहेका बेला उक्त दर्शन पाएका थिए। पत्मोस टापु टर्की देशको दक्षिणी भागमा पर्दछ, जहाँ परमेश्वरले उनलाई स्वर्गीय सिंहासनको दृश्य देखाउनुभयो, र साथै २४ जना धर्म गुरुहरूले सुनको मुकुट परिहरेका दृश्य देखाउनुभयो। केही बाइबल विद्वान्हरू के भन्दछन् भने यी २४ जना धर्म गुरुहरूमध्ये १२ जना पुरानो करारको इस्राएलको १२ कुलहरू र नयाँ करारको येशूका १२ चेलाहरू हुन्। केही ईश्वरशास्त्रीहरूका अवधारणाअनुसार ती २४ जना धर्मगुरुहरू भनेका स्वर्गमा परमेश्वरको सिंहासनको नजिक बस्ने उच्च स्तरका स्वर्गदूतहरू हुन्।

यूहन्नाले अर्को महत्वपूर्ण दर्शन के देखे भने स्वयम् प्रभु येशूले पनि सुनको मुकुट पहिरनु भएको थियो।

*अनि मैले हेरेँ, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखेँ, जसको शिरमा* ***सुनको मुकुट*** *थियो र हातमा एउटा धारिलो हँसिया थियो* (प्रकाश १४:१४)।

भविष्यमा कस्ता-कस्ता व्यक्तिहरूले यस प्रकारको सुनौलो मुकुट पाउनेछन् भनी भन्न गाह्रो छ किनभने यस विषयमा बाइबलले हामीलाई स्पष्टसँग बताउँदैन।

### (७) बाह्र ताराहरूको मुकुट (The Crown of Twelve Stars)

*स्वर्गमा एउटा आश्चर्यजनक चिन्ह देखियोः सूर्य पहिरेकी एउटी स्त्री देखा परी, जसको पाउमुनि चन्द्रमा थियो, र त्यसले शिरमा **बाह्रओटा ताराको मुकुट** लाएकी थिई* (प्रकाश १२ः१)।

स्वर्गमा एउटी स्त्रीले बाह्र ताराहरूको मुकुट पहिरेको दर्शन यूहन्नाले देखे। यस प्रकारको मुकुटको बारेमा पनि यसै यो भनी भन्न गाह्रो छ किनभने बाइबलले यसबारे स्पष्ट जानकारी दिँदैन तर केही ईश्वरशास्त्रीहरूको विचारअनुसार उक्त स्त्रीले मण्डलीलाई सङ्केत गर्दछ र तिनको शिरमा भएको १२ ताराहरूले इस्राएलको १२ कुल र येशूको बाह्र प्रेरितहरूलाई सङ्केत गर्दछ तर यस विषयमा हामी यसै हो भनी भन्न सक्दैनौँ।

यस पाठबारे निष्कर्षमा भन्ने हो भने बाइबलमा सात प्रकारका मुकुटहरूको बारेमा चर्चा गरिएको छ। तीमध्ये जीवनको मुकुटलाई माथिल्लो दर्जामा राख्न सकिन्छ। येशूको खातिर फेइरास्मोस दुःख-कष्ट भोग्ने र परमेश्वरलाई प्रेम गर्ने इसाईहरूले यो मुकुट पाउनेछन्। स्वेच्छाले सेवकाइ गर्ने अगुवाहरू, जसले धन-सम्पत्तिको लोभ गर्दैनन् र बगालमाथि अधिकार जमाउँदैनन्, तिनीहरूले महिमाको मुकुट पाउनेछन्। आफ्नो ठाउँबाट निस्केर फरक जाति र फरक भाषा भएको नयाँ ठाउँमा गएर विश्वासयोग्य रीतिले मिसनको काम गर्ने सेवक / सेविकाहरूले चाहिँ आनन्दको मुकुट, धार्मिकताको मुकट र अविनाशी मुकुट पाउनेछन्। यस कुरालाई सारांशमा भन्ने हो भने अधिकांश मुकुटहरू पाउनको लागि चाहिने योग्यता भनेको पावलको जास्तो जीवनवशैली हो।

# स्वर्गको राज्यको तहगत समाज

## THE CLASS SOCIETY OF THE HEAVEN

प्रभु येशूले क्रूसमा बगाउनुभएको रगत मेरो लागि हो भनेर विश्वास गर्नेहरूलाई उहाँले अनन्त जीवन दिनुहुन्छ र स्वर्गमा लानुहुन्छ। यस विषयमा प्रभु येशूले यसो भन्नुभएको छ।

*मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ* (यूहन्ना १४ः२-३)।

एक दिन हामीले यो संसारलाई त्यागेर सदाको निम्ति स्वर्गमा जानेछौँ। त्यसकारण त्यहाँको सामाजिक अवस्था हामीलाई जानकारी हुनु आवश्यक छ। स्वर्गको समाज एउटै खालको हुन्छ र सबै इसाईहरू त्यहाँ समान तहमा हुन्छन् भनेर धेरैले भन्ने गर्दछन्। तिनीहरूको विचारअनुसार इसाईहरू राजकीय पूजाहारीहरू हुन् साथै मण्डली येशू प्रभुको दुलही भएकोले उहाँको राज्यमा कोही सानो कोही ठूलो हुँदैन। धेरै पास्टर अगुवाहरूले यसैअनुरूपको शिक्षा दिने गर्दछन्। तर प्रश्नचाहिँ के उठ्छ भने सबै इसाईहरू पूजाहारी हुने हो भने तिनीहरूले कसको सेवा गर्ने? सबै जना राजा हुने हो भने जनताचाहिँ को हुने?

परमेश्वरको राज्यको समाज तहगत (Hierarchal)छ भन्ने कुरा इसाईहरूले थाहा पाउनुपर्दछ। हामीले भविष्यमा पाउने फरक-फरक प्रकारका मुकुटहरूले पनि स्वर्गमा फरक-फरक तह, स्तर अनि जिम्मेवारीहरू हुनेछन् भन्ने कुरालाई इङ्गित गर्दछ। अहिले हामीले गरेको सेवकाइअनुसार नै प्रभु येशूले हामीलाई इनाम दिनुहुनेछ। यस विषयमा उहाँले यसो भन्नुभएको छ।

*हेर म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ* (प्रकाश २२ः१२)।

परमेश्वरको सृष्टिलाई हेर्दा हामी के कुरा थाहा पाउँदछौँ भने उहाँले पृथ्वीलगायत विश्व-ब्रम्हाण्डलाई विविधतामा (Diversity) बनाउनुभएको छ। लाखौँ-लाख ग्रह, तारा, नक्षत्र र चन्द्रमाहरूलाई उहाँले फरक-फरक प्रकारले बनाउनुभयो, जसको बारेमा पावल यसरी भन्दछन्।

*सूर्यको तेज एक किसिमको, चन्द्रमाको तेज अर्कै किसिमको, र ताराहरूको तेज अर्कै किसिमका हुन्छन्। किनभने एउटा तारा अर्को ताराभन्दा तेजमा भिन्दै हुन्छ* (१ कोरन्थी १५ः४१)।

पृथ्वीको मानव समुदायहरूलाई हेर्ने हो भने तिनीहरूमा तहगत समाज (Hierarchal Society) देख्दछौँ। मानिसको मात्र होइन हरेक जीव-जन्तु अनि जनावरहरूको समाज पनि तहगत रूपमा रहेको कुरा हामी देख्दछौँ। बाघ, भालु, हात्ती, मृगजस्ता जनावरको समाजलाई हेर्ने हो भने तिनीहरू विभिन्न तहमा रहेको कुरा बुझ्नसक्छौँ। तिनीहरूमध्ये केहीले अगुवाको भूमिका निभाएका हुन्छन् भने अरू धेरैले तिनीहरूलाई पछ्याइरहेका हुन्छन्। चराहरूको सामाजिक बनावट पनि त्यस्तै प्रकारको हुन्छ। माहुरीको समुदायलाई अध्ययन गर्दा त्यहाँ विभिन्न तहका माहुरीहरू हुन्छन्, जसले फरक-फरक काम गर्ने गर्दछन्। समष्टिगत रूपमा भन्ने हो भने मानिसलगायत अरू जीव-जन्तुहरूमा उच्च स्तरको अगुवा, मध्ययम स्तरको अगुवा, साधारण

अगुवा र तिनीहरूलाई पछ्याउने ठूलो समूहका मानिस अथवा जीवहरू हुने गर्दछन्। तिनीहरूको अधिकार, शक्ति, काम र क्षेत्र फरक-फरक हुन्छ।

हाम्रो परमेश्वर विभिधता (Diversity) मन पराउनुहुने परमेश्वर हुनुहुन्छ। त्यसकारण अवश्य उहाँले आफ्नो राज्यको समाजलाई पनि विभिधता र तहगत रूपमा निर्माण गर्नुभएको हुनुपर्दछ। पृथ्वीको प्राकृतिक सुन्दरता र विभिधताद्वारा परमेश्वरको काम प्रकट भएकोले गर्दा हामी उहाँलाई धन्यवाद नदिई बस्न सक्दैनौँ।

परमेश्वरले सन्त पावललाई तिनको हृदय शुद्ध भइसकेपछि तेस्रो स्वर्गको दर्शन दिनुभयो (२ कोरन्थी १२:२)। परमेश्वरको अनुग्रहद्वारा पाएको प्रकाशद्वारा तिनले स्वर्गीय समाजको तहगत बनावट (Class Society) बुझेका हुनाले आफू त्यहाँ पुगेपछि उच्च स्तरमा रहेर अगुवाइ गर्नको लागि तिनले पृथ्वीमा हुँदा धेरै परिश्रम गरे अनि त्यसैअनुरूपको जीवनशैली निर्माण गरे। यस विषयको रहस्यलाई उनले यसरी प्रकट गरेका छन्।

*ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अगि बढ्दछु* (फिलिप्पी ३:१४)।

पावलले आफ्नो प्रिय आत्मिकी छोरा तिमोथीलाई लेखेका दोस्रो पत्रमा पनि स्वर्गीय समाजलाई सङ्केत गर्ने महत्वपूर्ण कुरा उल्लेख गरेका छन्।

*ठूलो घरमा सुन र चाँदीका भाँडाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति। जे कुरा अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ* (२ तिमोथी २:२०-२१)।

वास्तवमा भन्ने हो भने पावल स्वर्गको तहगत समाजमा उच्च स्तरमा रहेर धेरैलाई अगुवाइ र शासन गर्नको लागि इच्छुक थिए। त्यसकारणले गर्दा सुसमाचारको लागि जस्तोसुकै अप्ठ्यारो परिस्थितिलाई पनि तिनले हाँसी-हाँसी स्वीकार गरे। यहाँसम्म कि सुसमाचारको लागि सहिद हुन पनि तिनी हिच्किचाएनन्। पावलको जस्तो दृष्टिकोण र जीवनशैली हुने व्यक्तिहरू धन्यका हुन्। स्वर्गमा हुने तहगत समाजको बारेमा जानकारी दिएको कुराहरू हामी तिनका पत्रहरूमा उल्लेख भएको पाउँदछौँ। धर्मशास्त्र बाइबलको निम्नलिखित खण्डहरूलाई गहिरिएर अध्ययन गर्ने हो भने स्वर्गीय समाज तहगत छ भन्ने बारेमा महत्वपूर्ण रहस्यहरू प्रकट हुँदछन्।

*अधर्मीहरू परमेश्वरका राज्यको **हकदार** हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? धोखा नखाओ- अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यको **हकदार** हुनेछैनन्* (१ कोरिन्थी ६:९-१०)।

*अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गको राज्यको **हकदार** हुन सक्दैन, नता विनाश अविनाशको हकदार हुन सक्छ* (१ कोरिन्थी १५:५०)।

*पाप-स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्- व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कडपन, मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता*

*कामहरू गर्दछन्, परमेश्वरका राज्यका **हकदार** बन्नेछैनन्* (गलाती ५:१९-२१)।

यी खण्डहरूमा पावलले भन्न खोजेको मुख्य कुरा के हो भने आफ्नो हृदयलाई शुद्ध नपार्ने खराब चरित्र भएका इसाईहरू परमेश्वरको राज्यमा हकदार (Inherit) हुन सक्दैनन्। यसको अर्थ के हो भने तिनीहरू स्वर्गमा साधारण स्तरमा नै रहनेछन् तर महत्वपूर्ण हक र जिम्मेवारी भने पाउने छैनन्। सांसारिक दष्टिकोणले विचार गर्ने हो भने उमेरमा वयस्क अर्थात् परिपक्व भएका छोराछोरीले मात्र माता-पिताको हकदार बन्नसक्छ। राष्ट्रले उपलब्ध गराउने सुविधाहरू प्राप्त गर्नको लागि कुनै खास उमेरमा पुगेर परिपक्व भएको हुनुपर्दछ। सोह्र वर्षको उमेर नपुगेको व्यक्तिलाई राष्ट्रले नागरिकताको प्रमाण-पत्र दिँदैन। यसको अर्थ यही हो कि बालकहरू आमा-बाबुको सन्तान भए तापनि विशेष अवस्था र योग्यतामा नआएसम्म हकदार ठहर्दैन। उमेरमा काँचो व्यक्तिले ठूलो जिम्मेवारी वहन गर्न सक्दैन। तिनीहरूले ठूलो रकमको कारोवार गर्न पाउँदैनन् साथै जग्गा किन्ने, घर किन्ने, गाडी किन्ने जस्ता कामहरू तिनीहरूले गर्न पाउँदैनन्। राम्रो तहमा रहेर देशको सेवा गर्न, व्यवसाय गर्नको लागि उच्च शिक्षा हासिल गरेको हुनुपर्दछ। राम्रो योग्यता भएको मान्छे मात्र माथिल्लो स्तरमा रहेर काम गर्न पाउँदछ। अगुवाको रूपमा रहेर मण्डलीमा आत्मिक सेवकाइ गर्ने व्यक्तिहरूले पनि विशेष तालीम, शिक्षा र अनुभव हासिल गरेको हुनुपर्दछ। मानिसको आत्मिक अवस्थालाई छ वटा तहहरूमा राख्न सकिन्छ

१. नाबालक (Infant)
२. बालक (Child)
३. किशोर (Teenager)
४. जवान (Youth)
५. पुत्र (Son)
६. पिता (Father)

मानिसको आत्मिक अवस्था कुन चरणमा छ भन्ने कुरा उसको हृदयको शुद्धतामा आधारित भएको हुन्छ। हामीले बुझ्नुपर्ने कुरा के हो भने हृदय शुद्ध पार्न नसक्ने नामधारी इसाईहरू स्वर्गमा पुगेपछि तल्लो स्तरमा रहुनुपर्नेछ। परमेश्वरले तिनीहरूलाई महत्वपूर्ण जिम्मेवारी दिनुहुनेछैन। यदि हाम्रो हृदयमा अझै डाहा, घृणा, तिरस्कार, लोभ, झूट, चोरी, छल, मूर्तिपूजा, फोहोर बोलीवचन, गाली, व्यभिचार, लम्पटपना, मोजमज्जा र क्षमा दिन नसक्नेजस्ता नराम्रा स्वभावहरू छन् भने स्वर्गमा तल्लो तहमा ने रहुनुपर्नेछ। यस्ता व्यक्तिहरूले त्यहाँ अगुवाको पदमा रहेर परमेश्रको सेवा-आराधना गर्ने कामको लागि हकदार हुन पाउनेछैनन्। तर शुद्ध हृदय भएका नम्र इसाईहरूलाई परमेश्वरले आशिष् र विशेष अधिकार दिनुहुन्छ, जसको विषयमा प्रभु येशूले यसो भन्नुभयो।

*धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्* (मत्ती ५:५)।

नम्र साथै हृदय शुद्ध भएकाहरूले पृथ्वीमा मात्र होइन स्वर्गमा पनि अधिकार गर्नेछन्। त्यस्ता आशिषित व्यक्तिहरूले गर्ने अधिकारको मूल्याङ्कन तिनीहरूले कत्रो क्षेत्रमा र कति जना मानिसहरूलाई अगुवाइ गर्दछन् भन्ने कुरामा भर पर्दछ। यस विषयमा अर्को महत्वपूर्ण कुरा के हो भने नम्र हुने प्रक्रिया भनेको जङ्गली जनावरलाई विभिन्न तालिम र अनुशासनद्वारा घरपालुवा जनावर बनाउने प्रक्रियाजस्तो हो। घरपालुवा जनावरहरू आफ्नो मालिकप्रति

आज्ञाकारी हुन्छन्। त्यस्तै गरी हृदय शुद्ध भएका नम्र इसाईहरू परमेश्वरप्रति आज्ञाकारी भएर दश आज्ञा र महान् आज्ञा पालन गर्ने गर्दछन्।

स्वर्गमा माथिल्लो तहमा राख्नको निम्ति परमेश्वरले चुन्नुभएका विश्वासयोग्य व्यक्तिहरूलाई तिनीहरूको जीवनमा फेइरास्मोस दुःख-कष्ट, आत्मामा दीन हुने, शोक गर्ने कुराहरूद्वारा नम्र, पवित्र र परिपक्व बनाउँदै लैजानुहुन्छ, जसको कारण तिनीहरूको हृदय बिस्तारै शुद्ध हुँदै जान्छ। इसाईहरूको हृदय शुद्ध हुँदै जाँदा उसको जीवनमा येशूको चरित्रहरू भरिँदै जान्छन् र शैतानको चरित्रहरू हट्दै जान्छन्। त्यसको फलस्वरूप उसको मुहार चम्किलो हुँदै गएको कुरा अरूले महसुस गर्दछन् । वास्तवमा भन्ने हो भने त्यस्ता व्यक्तिहरूद्वारा येशूको महिमा प्रतिविम्वित हुँदछ। १ कोरिन्थी १५ः३६-४१ सम्म पावलले कोरिन्थीका खराब तथा भ्रष्ट इसाईहरूलाई यही कुरा बुझाउन चाहेका थिए।

हृदय शुद्ध भएका इसाईहरूले यस संसारमा गर्ने सेवकाइहरूको आधारमा भविष्यमा विभिन्न मुकुटहरू पाउनेछन् भन्ने कुरा हामीले बुझिसक्यौँ। ती मुकुटहरू कसले दिनुहुन्छ त? स्वयम् प्रभु येशूले हामीलाई ती मुकुटहरू दिनुहुन्छ। यस विषयसँग सम्बन्धित केही बाइबल खण्डहरू यहाँ दिइएको छ।

*किनकि मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यसबेला उसले हरेक मानिसलाई त्यसको कामअनुसार प्रतिफल दिनेछ* (मत्ती १६ः२७)।

*किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ* (रोमी २ः६)।

*विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसलाई परेमश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ* (हिब्रू ११ः६)।

*हेर म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ* (प्रकाश २२ः१२)।

एक दिन यस संसारको हरेक व्यक्तिले यस संसारलाई छोड्नुपर्नेछ र त्यसपछि येशूको सामु खडा भएर यहाँ गरेको प्रत्येक कुराको लेखा दिनुपर्नेछ। यस सत्य-तथ्यको बारेमा धर्मशास्त्र बाइबलले यसो भन्दछ।

*जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ* (हिब्रू ९ः२७)।

*तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखेँ। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। मैले ठूला र साना सबै मृतकहरूलाई सिंसासनको सामुन्ने उभिरहेका देखेँ, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो । ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो* (प्रकाश २०ः११-१२)।

जीवनको पुस्तकमा नाउँ भएका इसाईहरूको स्वर्गीय तह प्रभु येशूले गर्नुहुने सेतो सिंहासनको इन्साफद्वारा निर्धारण हुनेछ। जीवनको पुस्तक भनेको यस्तो पुस्तक हो, जसमा हाम्रो जन्मदेखि मृत्युसम्मका सबै कुराहरू एक-एक गरी लेखिएको हुन्छ। त्यही पुस्तकमुताबिक उहाँले हामीलाई प्रतिफल दिएर सुहाउँदो ठाउँमा राख्नुहुनेछ। यस विषयमा हामीले थाहा पाउनुपर्ने कुरा के हो भने

परमेश्वर प्रेमिलो हुनुहुन्छ साथै उहाँ न्यायी पनि हुनुहुन्छ। हामी उहाँलाई सर्वज्ञानी (Omniscience), सर्वव्यापि (Omnipresence), सर्वशक्तिमान् (Omnipotent) परमेश्वर भनेर पुकार्दछौं। उहाँले विना पक्षपात हामीलाई धार्मिकतामा न्याय गर्नुभएर उचित प्रतिफल दिनुहुनेछ।

प्रकाशको पुस्तक बाइबलमा भएका ६६ वटा पुस्तकहरूमध्ये अन्तिममा लेखिएको पुस्तक हो। करिब इ.सं. ९५ मा यूहन्नाले प्रभु येशूद्वारा प्रकाशको पुस्तकमा भएका दर्शनको प्रकाश पाएक थिए। उक्त पुस्तकमा यूहन्नाले प्रभु येशूको अन्तिम प्रतिज्ञा उद्धृत गरेका छन्।

"निश्चय, म चाँडै आउँदैछु" (प्रकाश २२:२०)।

उक्त प्रतिज्ञा पाएको २,००० वर्ष बितिसक्यो तैपनि येशू ख्रीष्ट अझै आउनुभएको छैन। केही व्यक्तिहरूले येशू ख्रीष्ट फलानो सालमा, फलानो दिनमा आउनुहुन्छ भनेर भविष्यवाणी गरेका थिए तर ती कुराहरू सही ठहरिएन। यस विषयमा धेरैले प्रश्न र तर्क-वितर्कहरू गर्ने गर्दछन्। हामीले यस रहस्य बुझ्नको लागि भ.सं. ९०:४ र २ पत्रुस ३:८-९ लाई मनन गर्नुपदछ।

*किनकि तपाईंको दृष्टिमा एक हजार वर्ष हिजो बिताएको एक दिनजस्ता मात्र छन्, अथवा रातको एक पहरजस्तै* (भ.सं. ९०:४)।

*तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ* (२ पत्रुस ३:८-९)।

किन येशू प्रभुको दोस्रो आगमन अझै भएको छैन भन्ने प्रश्नको अर्को उत्तरचाहिँ के हो भने परमेश्वरको राज्यको सुसमाचार हरेक जातिमा पुग्नुपर्ने काम अझै पूरा भएको छैन।

*अनि राज्यको यो सुसमाचार सार संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ* (मत्ती २४:१४)।

पृथ्वीको तत्कालीन अवस्था र बाइबलको भविष्यवाणीहरूलाई मध्यनजर गर्ने हो भने प्रभु येशूको दोस्रो आगमन अब धेरै टाढा छैन। यसको अर्थ यही हो कि हामीहरू स्वर्गमा गएर इनाम पाउने र परमेश्वरले तोक्नुभएको पद र तहमा रहेर अनन्त जीवनको अनुभव गर्नको लागि अब हामीले लामो समयसम्म प्रतिक्षा गर्नुपर्दैन्।

यस पाठको अध्ययन र यहाँ उल्लेखित बाइबल खण्डहरूद्वारा परमेश्वरको राज्यमा तहगत समाज (Hierarchal Society) छ भन्ने कुरा हामी बुझ्नसक्छौं। स्वर्गको राज्यको संरचनालाई राम्ररी बुझ्नको लागि हामीले पिरामिडको बनावट बुझ्नुपर्दछ।

[चित्र नं.- १७ : पिरामिडको चित्र राख्ने]

पिरामिडको तल्लो भाग फराकिलो हुन्छ, र माथिल्लो भाग साँघुरो हुन्छ। स्वर्गमा हुने विभिन्न तहहरूमध्ये तल्लो तहमा प्रसस्त नामधारी इसाईहरू हुनेछन् र माथिल्लो तहमा रहेर अगुवाइ र शासन गर्नेहरूको सङ्ख्याचाहिँ थोरै हुनेछ। परमेश्वरबाट इनाम र मुकुट प्राप्त गर्नेहरू पनि कमै मात्र हुनेछन्। त्यसैले आज हामीलाई यो चुनौति छ कि यदि परमेश्वरको राज्यमा माथिल्लो तहमा रहेर थुप्रै व्यक्तिहरूलाई अगुवाइ गर्ने र ठूलो क्षेत्रमा अधिकार र शासन गर्न चाहन्छौं भने

अहिलेदेखि नै हामीले आफ्नो जीवनशैलीमा परिवर्तन गरी सुधार गर्नु अति आवश्यक छ। त्यसको लागि हामीले हृदयमा भएका शैतानको चरित्रहरूलाई हटाएर नम्र व्यक्ति बन्नुपर्दछ। जीवनमा जे-जस्तो परिस्थिति आईपरे तापनि परमेश्वरले दिनुभएको दश आज्ञा र प्रभु येशूले दिनुभएको महान् आज्ञालाई कहिल्यै भुल्नुहुँदैन। शुद्ध हृदय भएका व्यक्तिहरूले मात्र यी आज्ञाहरू सही ढङ्गले पालना गर्न सक्छन् अनि तिनीहरू साँच्चै नै धन्यका व्यक्तिहरू हुन्। वास्तवमा भन्ने हो भने स्वर्गमा उच्च स्तर सुरक्षित गर्ने उपाय शुद्ध हृदय नै हो। अन्तमा हामी प्रभु येशूले भन्नुभएको महत्वपूर्ण कुराहरूलाई स्मरण गर्नेछौं।

*अगमवक्तालाई अगमवक्ता नै मानेर ग्रहण गर्नेले अगमवक्ताको इनाम पाउनेछ। धर्मी जनलाई धर्मी जन नै मानेर ग्रहण गर्नेले धर्मी जनको इनाम पाउनेछ। जसले यी सानाहरूमध्ये एउटालाई मेरो चेला मानेर एक कचौरो चिसो पानी मात्र भए पनि पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु, त्यसले आफ्नो इनाम कदापि गुमाउनेछैन* (मत्ती १०:४१-४२)।

*म चाँडै आइरहेछु। तिमीसँग जे छ, त्यसलाई पक्रिराख, र तिम्रो मुकुट कसैले लिनेछैन* (प्रकाश ३:११)।

# याकूबको पत्रमा उल्लेखित फेइराजो इसाईहरू

## THE PHEIRAZO CHRISTIANS DESCRIBED IN THE EPISTLE OF JAMES

याकूबको पत्रको संरचनालाई हेर्ने हो भने याकूब १:१-१२ र ५:७-२० सम्मका दुइ खण्डहरूमा फेइरास्मोस इसाईहरूका बारेमा चर्चा गरिएको पाइन्छ भने यी दुइ खण्डहरूको बीचमा भएको याकूब १:१३-५:६ सम्मको लामो खण्डमा चाहिँ फेइराजो इसाइहरूका बारेमा चर्चा गरिएको छ। अब हामी फेइराजो इसाईहरूको बारेमा याकूबले दिएका महत्वपूर्ण शिक्षाहरूलाई विस्तारपूर्वक चर्चा गर्नेछौँ। विशेषगरी याकूबले फेइराजो इसाईहरूका लागि आफ्नो पत्रमा यी विषयहरूमा चर्चा गरेका छन्।

१. खराब इच्छा (Evil Desire)
२. रिस (Anger)
३. सुनाइ (Hearing)
४. जिब्रो (Toungue)
५. गरिब, अनाथ र विधवाहरू (Poors, Orphans & Widows)

याकूब १:१३-२७ सम्म यी विषयहरूलाई समेटेर याकूबले विभिन्न ठाउँमा भएका यहूदी इसाईहरूलाई पत्र लेखे। त्यतिबेलाका मण्डलीहरूका इसाईहरूले विभिन्न प्रकारका दुःख-कष्टहरू भोग्नुपरेको थियो भन्ने विषयमा हामीले अध्ययन गरिसक्यौँ। फेइराजो इसाईहरूले त्यसबेला भोगेका दुःख-कष्टहरू 'परमेश्वरले परीक्षा गर्नुभएको हो' भनी भन्ठान्थे। तर वास्तवमा भन्ने हो भने तिनीहरूले 'फेइरास्मोस' र 'फेइराजो' दुःख-कष्टको भिन्नता बुझ्न सकेका थिएनन्। यो पुस्तकको अघिल्ला पाठहरूद्वारा हामीले उक्त कुरा बुझिसक्यौँ। आफ्ना सन्तानहरूको हृदयलाई शुद्ध पारेर नम्र व्यक्ति बनाउनको लागि परेमश्वरले फेइरास्मोस दुःख-कष्ट आउन दिनुहुन्छ। तर खराब इच्छाद्वारा लोभिएर पापमा फस्ने इसाईहरूको जीवनमा चाहिँ फेइराजो दुःख-कष्टहरू आउँछन्, जसले तिनीहरूलाई मृत्युतिर लैजान्छ भनी याकूबले यसरी बताएका छन्।

*परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।" किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ* (याकूब १:१३-१५)।

फेइराजो इसाइहरूको जीवनमा पाप बढ्दै गएपछि तिनीहरू मृत्युमा पुग्दछन् भन्ने कुराले मुक्ति गुम्नसक्ने कुरालाई सङ्केत गर्दछ। यस विषयमा पावलले यसरी लेखेका छन्: *'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैँको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो'* (रोमी ६:२३)।

यस तथ्यलाई स्पष्ट रूपमा बुझ्न नसकेका व्यक्तिहरूले पापको कारणबाट आउने दुःख-कष्ट अथवा परीक्षालाई परमेश्वरले पठाउनुभएको फेइरास्मोस दुःख-कष्ट हो भनी विचार गर्ने गर्दछन् तर वास्तवमा तिनीहरू आफ्नै खराब इच्छाद्वारा लोभिएर पापमा परी विभिन्न प्रकारका दुःख-कष्ट भोग्ने गर्दछन्। त्यस्ता व्यक्तिहरूले स्वार्थ र व्यक्तिगत चाहनाहरू पूरा गर्नको लागि जीवनभरि नै सङ्घर्ष गरिरहन्छन् तर परमेश्वरको आवाज र उहाँको इच्छा र योजनालाई

बुझ्ने कोसिस भने गर्दैनन्। त्यति मात्र होइन फेइराजो इसाईहरूले आफ्ना दाजुभाइ तथा दिदीबहिनीहरूलाई सत्रु र प्रतिस्प्रर्द्धीको रूपमा हेर्ने गर्दछन् र त्यहीअनुरूप व्यवहार गर्दछन्। त्यस्ताखाले इसाईहरूलाई याकूबले यसरी लेखेका छन्।

*मेरा प्यारा भाइ हो, धोखामा नपर। हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन। उहाँले आफ्नै इच्छाले सत्यको वचनद्वारा हामीलाई जन्म दिनुभयो, यस हेतुले कि हामी उहाँको सृष्टिको एक अगौटे फलजस्तो बन्न सकौँ* (याकूब १:१६-१८)।

परमेश्वरले हामीलाई एउटा मुख र एउटा जिब्रो तर दुइ वटा कानहरू दिनुभएको छ। यसको अर्थ के हो भने हामीले कम बोल्ने गर्नुपर्दछ तर धेरै सुन्ने गर्नुपर्दछ। कुनै कुरा बोल्नुभन्दा पहिले त्यो बोल्नु ठीक छ कि छैन, त्यो कुरा सत्य छ कि छैन र त्यसले सुन्ने व्यक्तिलाई आशिष् मिल्छ कि मिल्दैन र त्यसबाट परमेश्वरको महिमा हुन्छ कि हुँदैन भनेर हामीले विचार गर्नुपर्दछ। प्रायः मानिसहरू अरूको कुरा सुन्न चाहँदैनन् तर आफूचाहिँ बोलिरहन्छन्; त्यस्ता व्यक्तिहरू घमण्डी स्वभावका हुन्छन्। त्यस्तो व्यक्तिको जिब्रोले अरूलाई चोट पुग्ने विषालु शब्दहरू निकाल्ने गर्दछ। तिनीहरूले अरूको बारेमा कुनै वास्ता र चासो देखाउँदैन बरु अनावश्यक रूपमा रिसाउने गर्दछन्। इसाईहरू आवश्यक परेको खण्डमा मात्र रिसाउने गर्नुपर्दछ किनभने सांसारिक रिस र क्रोधले कहिले पनि असल कुरा प्रकट गर्दैन तर यसले सबैलाई हानि पुर्‍याउँदछ। परमेश्वरमा भर पर्ने फेइरास्मोस इसाईहरूलाई कहिलेकाहीँ रिस उठे तापनि त्यो लामो समयसम्म रहँदैन। तिनीहरूसँग क्षमा दिनसक्ने हृदय भएको कारणले गर्दा छिट्टै नै तिनीहरूको रिस मर्दछ। यस विषयमा पावलले यसरी शिक्षा दिएका छन्: *क्रोध गर, तर पाप नगर। घाम अस्ताउनअघि नै तिमीहरूको रिस मरोस्, र दियाबलसलाई मौका नदेओ* (एफिसी ४:२६-२७)।

आफ्नो पत्रद्वारा याकूबले सुरुका इसाईहरूलाई यस विषयमा स्पष्ट प्रकारले लेखेका छन्, जुन कुरा वर्तमान् परिप्रेक्षमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ।

*मेरा प्रिय भाइहरू, यो कुरा जानः प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढीलो र रिसाउनमा धीमा हुनुपर्छ। किनकि मानिसको रिसले परमेश्वरको धार्मिकता ल्याउँदैन। यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ* (याकूब १:१९-२१)।

फेइराजो इसाईहरूको व्यवहार कतिपटक परमेश्वरको वचनमा लेखिएका कुराहरूभन्दा विपरित हुन्छ। तिनीहरूको हृदय शैतानको चरित्रहरूले भरिएको हुन्छ, जस्तैः डाहा, घृणा, रिस, गाली, फोहोर बोलीवचन आदि। यस्ता कुराहरू २,००० वर्ष पहिलेको इसाई समुदाय र वर्तमान अवस्थाको इसाई समुदाया उस्ताउस्तै देखिन्छ। त्यसप्रकारका इसाईहरूसँग आत्मिक शक्ति नभएकोले गर्दा आफूले सुनेका कुराहरूलाई पचाउन सक्दैनन्। यदि कुनै नकारात्मक र चोट पुर्‍याउने खालको अप्रिय शब्दहरू तिनीहरूको कानमा पर्‍यो भने निदाउनै सक्दैनन्। लामो समयसम्म त्यस्ता विषालु शब्दहरूले तिनीहरूलाई सताउने गर्दछ र कसरी बदला लिने भनेर विचार गरिरहन्छन्। तर परमेश्वरको वचन सुन्ने र पढ्ने मात्र होइन त्यसलाई अध्ययन साथै मनन गर्ने व्यक्ति त्यस्ता कुरामाथि विजयी भएर आशिष् पाउनसक्छ। यदि कसैले वचन सुन्ने मात्र गर्दछ तर त्यसलाई व्यवहारमा उतार्दैन भने आफैलाई धोखा दिन्छ भनी याकूब

भन्दछन्। तीतोपनले हृदय भरिएका यस्ता खालका फेइराजो इसाईहरूले गर्दा मण्डलीको आत्मिकी वातावरण दुषित हुनजान्छ। त्यस्ता व्यक्तिहरूको जिब्रोबाट निस्कने शब्दहरूले गर्दा थुप्रै प्रकारका समस्याहरू जन्मन्छन्। प्रायः तिनीहरूले अरूलाई दोष लगाउने, इन्साफ गर्ने र सराप दिने गर्दछन्। त्यसकारण हामी आफ्नो बोलि-वचनप्रति अति नै होशियार हुनुपर्दछ। यस विषयमा प्रभु येशूले महत्वपूर्ण शिक्षा दिनुभएर हामीलाई सचेत पार्नुभएको छ।

*म तिमीहरूलाई भन्दछु, हरेक व्यर्थको कुरा जो मानिसहरू बोल्दछन्। न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनुपर्नेछ। किनकि तिम्रा वचनहरूले तिमी निर्दोष ठहरिनेछौ र तिम्रा वचनहरूले तिमी दोषी ठहरिनेछौ* (मत्ती १२:३६-३७)।

मण्डलीमा रहेर परमेश्वरको राज्य विस्तारको सेवकाइ गर्ने अगुवाहरूले फेइराजो इसाईहरू र तिनीहरूको हृदयमा भएको तीतोपनको जरालाई चिन्न सक्नुपर्दछ। त्यसपछि मात्र मण्डलीको समस्याहरू समाधान गर्न सकिन्छ। वास्तवमा भन्ने हो भने पास्टर-अगुवाहरू आत्मिक डाक्टरहरू हुन्। डाक्टरले विभिन्न प्रकारका शारीरिक र मानसिक रोगहरू उपचार गरेझैँ अगुवाहरूले आत्मिक रोगको उपचार गर्नुपर्दछ। अन्धकारमा हराइरहेका मानिसहरूलाई परमेश्वरको ज्योतितिर डोऱ्याउनु, तिनीहरूले नयाँ जन्म पाउनु र तिनीहरूको हृदयमा भएका आत्मिक रोगलाई निको पार्नु अगुवाहरूको मुख्य कर्तव्य हो। याकूबले पनि त्यस्तै प्रकारको आत्मिक उपचार गर्नको निम्ति तत्कालीन यहूदी इसाईहरूलाई पत्र लेखेका थिए। उनी यसो भन्दछन्: *"यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्नसक्छ"* (याकूब १:२१)।

अगुवाहरूले परमेश्वरको वचन र आत्मिक अधिकारलाई सही ढङ्गले प्रयोग गर्नुपर्दछ। परमेश्वरको वचन हाम्रो आत्मिक भोजन हो, जसले आत्मिक पोषण दिन्छ र त्यसको साथै आक्रमण गर्ने र सुरक्षा गर्ने दुईधारे तरवारको काम पनि गर्दछ। परमेश्वरको वचनप्रति आज्ञाकारी नहुने फेइराजो इसाईहरूलाई याकूब यसो भन्दछन्।

*तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ। कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ। तर त्यो मानिस, जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ।*

*यदि कोही मानिसले आफूलाई धर्मी सम्झन्छ, र आफ्नो जिब्रोमा लगाम लाउँदैन, तर आफ्नो हृदयलाई धोखा दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ हुन्छ। परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाहा गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु* (याकूब १:२२-२५)।

यहाँ याकूबले ऐनाको उदाहरण दिएका छन्। यस खण्डलाई बुझ्नको निम्ति २,००० वर्ष पहिलेको ऐनाको बनावट कस्तो हुन्थ्यो भन्ने कुरा हामीले बुझ्नु आवश्यक छ। त्यतिबेलाको ऐना धमिलो हुन्थ्यो, जसले अहिलेको ऐनाजस्तो प्रकाशलाई स्पष्ट परावर्तन गर्दैनथ्यो। त्यस्तो ऐनामा अनुहार हेर्दा राम्रोसँग

देखिँदैनथ्यो र हेर्ने व्यक्तिले केही समयपछि बिर्सी हाल्थ्यो। यस कुरालाई पावलले पनि चर्चा गरेका छन्।

*अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौँ, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौँ। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु* (१ कोरिन्थी १३ः१२)।

त्यसकारण हामीले वचन सुन्ने र बिर्सी हाल्ने होइन तर त्यसलाई पढ्ने, लेख्ने, अध्ययन गर्ने, कण्ठ गर्ने, मनन गर्ने, व्यवहारमा उतार्ने र मौका मिलेको समयमा अरूलाई सिकाउने गर्नुपर्दछ, जसले गर्दा परमेश्वरको वचन हाम्रो हृदयको गहिराइमा पुग्दछ। परमेश्वरको वचन र उहाँको स्वर्गीय व्यवस्थामा अडिग रहने व्यक्तिले ठूलो आशिष् पाउनेछ। फेइराजो इसाईहरूको हृदय फोहोर हुने भएको हुनाले यसो गर्न सक्दैनन्। तिनीहरूको अर्को समस्या के हो भने आफ्नो जिब्रोलाई तिनीहरूले नियन्त्रण गर्न सक्दैनन्।

*यदि कोही मानिसले आफूलाई धर्मी सम्झन्छ, र आफ्नो जिब्रोमा लगाम लाउँदैन, तर आफ्नो हृदयलाई धोखा दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ हुन्छ* (याकूब १ः२६)।

तिनीहरूले मनमा जे आयो त्यही कुरा बोल्ने गर्दछन्, जसले विभिन्न प्रकारका समस्याहरू उब्जाउँछ। जिब्रोलाई वशमा राख्न नसक्ने व्यक्तिहरूले गरेका धर्म व्यर्थ हुन्छ भनी याकूबले कडा रूपमा भनेका छन्। त्यस्ता मानिसहरूले 'म धर्मी हुँ' भनी घोषणा त गर्छन् तर केलाएर हेर्ने हो भने तिनीहरू खराब चरित्र भएका कपटी हुन्छन्।

एक अध्यायको अन्तिम पदमा याकूबले महत्वपूर्ण कुरा लेखेका छन्। त्यहाँ तिनले गरिब, अनाथ र विधवाहरूलाई हेरचाहा गर्नको लागि इसाईहरूलाई अनुरोध गरेका छन्। साँच्चै भन्ने हो भने प्रत्येक मण्डलीले यस कुरामा ध्यान दिनु आवश्यक छ। ख्रीष्टमा हामी सबै एउटै परिवार भएको कारणले गर्दा अप्ठ्यारो र खाँचोमा परेका असहाय व्यक्तिहरूलाई सहायता गरेर तिनीहरूप्रति परमेश्वरको प्रेम प्रकट गर्नुपर्दछ। यस प्रकारको भलाइको कामद्वारा सुसमाचार प्रचारको काममा पनि ठूलो टेवा पुग्दछ।

याकूबको समयको धनी फेइराजो इसाईहरूले आफू र आफ्नो परिवारलाई मात्र प्रेम र वास्ता गर्ने अनि विभिन्न प्रकारका भौतिक कुराहरूमा अल्झने गर्दथे, जुन कुरा अहिलेको इसाई समुदायमा पनि स्पष्ट गरी देख्न सकिन्छ। यस्ता व्यक्तिहरूले गरिब, अनाथ र विधवाहरूलाई दया देखाउन सक्दैनन् किनभने तिनीहरूको हृदय डाहा, घृणा, लोभ, स्वार्थ र प्रतिस्पर्द्धाजस्ता कुराहरूले भरिएको हुन्छ। पत्रद्वारा याकूब त्यस्ता मानिसहरूलाई परिवर्तन गर्न चाहन्थे, जुन कुरा अहिले पनि उत्तिकै सान्दर्भिक ठहर्छ। महत्वपूर्ण कुरा के हो भने शारीरिक, मानसिक साथै आत्मिक आँखा खुलेको परिपक्व इसाईले मात्र मण्डलीमा भएका यस्ता समस्याहरू देख्नसक्छ र त्यसलाई सही प्रकारले समाधान गर्नसक्छ।

याकूबको समयको धनी फेइराजो इसाईहरूले आफूभन्दा निम्नस्तरका इसाईहरूलाई भेदभाव र पक्षपात गर्ने गर्दथे। त्यतिबेलाको मण्डलीहरूमा प्रायः इसाईहरू गरिब र कति जनाचाहिँ दासहरू हुने गर्दथे। त्यहाँ सांसारिक कुराहरूमा नै अल्झिरहने अविश्वासयोग्य नामधारी इसाईहरू प्रसस्त थिए। वास्तवमा भन्ने हो भने त्यस्ता इसाईहरूलाई आत्मिकी रूपमा 'बालक' भन्न सकिन्छ। तिनीहरूलाई याकूबले यसो भनेका छन्।

*मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरूको विश्वास भएको हुनाले तिमीहरू कुनै भेदभाव नदेखाओ। यदि कोही मानिस सुनका औँठीहरू र राम्रा-राम्रा लुगा लगाएर तिमीहरूको सभामा आयो, र कुनै एउटा गरिब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, तिमीहरूले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, "यहाँ राम्रो ठाउँमा बस्नुहोस्" भन्छौ, र त्यस गरिबलाई चाहिँ "तँ त्यहीँ उभि" अथवा "मेरा पाउनेर बस्" भन्छौ भने, के तिमीहरूले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्याकर्ता भएनौ र?* (याकूब २:१-४)।

यस खण्डमा इसाई दाजुभाइ तथा दिदीबहिनीहरूलाई सांसारिक ढङ्गले व्यवहार नगर भनी याकूब भन्दछन्। अफसोसको कुरा यही हो कि याकूबको समयको मण्डलीहरूमा भएका त्यस्ता कुराहरू अहिलेका मण्डलीहरूमा पनि विद्यमान रहेको देख्न सकिन्छ। किन फेइराजो धनी इसाईहरूले गरिब र निम्नस्तरका इसाईहरूलाई भेदभाव र पक्षपात गर्ने गर्दछन् त? किनभने तिनीहरूले शारीरिक र मानसिक आँखाले मात्र हेर्ने गर्दछन् तर तिनीहरूको आत्मिक आँखा भने बन्द भएको हुन्छ। यसकारण यदि कुनै इसाईले धनी, गरिब, ठूलो जात, सानो जात भनी छुट्ट्याउने गर्छ भने त्यस व्यक्तिको आत्मिक आँखा खुलेको छैन भनी हामीले बुझ्नुपर्दछ। धेरै पास्टर अगुवाहरूले राम्रो लुगा र गहना लगाउने अनि राम्रो गाडी चढेर मण्डली आउने व्यक्तिहरूलाई बढी वास्ता र सेवा गर्ने गरेको देखिन्छ। कतिपय मण्डलीमा चाहिँ मानिसको बाहिरी रूप र पहिरन हेरेर धनी र शिक्षित व्यक्तिलाई मण्डलीको ठूलो पदमा नियुक्त गर्ने गरिन्छ। यस्ता कुराहरूद्वारा अरू व्यक्तिहरूलाई पक्षपात भएको हुन्छ। यस विषयमा बाइबलमा यसरी लेखिएको छ।

*... परमप्रभुले मानिसले झैँ हेर्नुहुन्न। मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ* (१ शमूएल १६:७)।

परमेश्वरले पक्षपात गर्नुहुन्न; त्यसैले हामीले पनि त्यसो गर्नुहुन्न भन्ने विषयमा पावलले आफ्ना पत्रहरूद्वारा राम्रो शिक्षा दिएका छन्।

*किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न* (रोमी २:११)।

*मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन* (एफिसी ६:९)।

यस विषयमा याकूबले फेइराजो इसाईहरूलाई गम्भीर प्रश्न सोधेका छन्।

*मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरिबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र? यही राज्य उहाँलाइ प्रेम गर्नेहरूलाइ उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र?* (याकूब २:५)।

यस प्रश्न र त्यसको उत्तर हामीले राम्रोसँग बुझ्नुपर्दछ। यहाँ याकूबले भन्न खोजेका कुरा के हो भने मण्डलीमा भएका केही गरिब व्यक्तिहरूलाई परमेश्वरले विश्वासमा धनी तुल्याएर उहाँको राज्यको उत्तराधिकारी बनाउनुभएको छ। भविष्यमा ती व्यक्तिहरूले परमेश्वरको राज्यमा ठूलो तहमा बसेर अरू धेरैलाई अगुवाइ गर्ने मौका पाउनेछन्। त्यस्ता व्यक्तिहरूको जीवनमा आई परेका फेइरास्मोस दुःख-कष्टहरूद्वारा तिनीहरूको हृदय शुद्ध भएको हुन्छ। यद्धपि यस संसारमा तिनीहरूले विभिन्न प्रकारको आपत्-विपत् र भेदभाव सहनु परे तापनि स्वर्गमा उच्च तह पाउनेछन् र साथै तिनीहरूले प्रभु

येशूबाट मुकुट पनि पाउनेछन्। अफसोसको कुरा के हो भने धेरै धनी फेइराजो इसाईहरूको आत्मिक आँखा नखुलेको कारणले यो गहन आत्मिकी रहस्य बुझ्न सक्दैनन्।

*तर तिमीहरूले त गरिब मानिसको अपमान गरेका छौ। के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र? के तिनीहरूले तिमीहरूलाई अदालतमा लाँदैनन् र? के तिनीहरूले त्यही आदरणीय नाउँको अपवाद गर्दैनन् र, जुन नाउँद्वारा तिमीहरूलाई बोलावट भएको छ?* (याकूब २:६-७)।

यहाँ याकूब मण्डलीका फेइराजो इसाईहरूलाई यसो भन्दछन्: "सांसारिक धनी र शक्तिशाली व्यक्तिहरूले शासन गरेझैँ तिमीहरू मण्डलीका आत्मिकी दाजुभाइ तथा दिदीबहिनीहरूलाई व्यवहार नगर। परमेश्वरलाई नचिन्ने व्यक्तिहरूको व्यवहार तिमीहरूले अनुकरण नगर। यदि त्यसो गर्दछौ भने तिमीहरू परमेश्वरको राज्यमा तल्लो स्तरमा नै हुनेछौ।" धनीहरूलाई परमेश्वरको राज्यमा प्रवेश गर्नु कठिन छ भन्ने कुरालाई प्रभु येशूले घोषणा गर्नुभयो (मर्कूस १०:२३-२५)। याकूबले पुरानो करारमा उल्लेख भएको 'आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर' भन्ने परमेश्वरको आज्ञालाई उद्धृत गर्दै यसरी लेखेका छन्।

*यदि "आफ्ना छिमेकीलाई आफूलाई झैँ प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ* (याकूब २:८-१३)।

यहाँ विशेष गरी तेर्सो प्रकारको मानवीय प्रेमलाई 'राजकीय व्यवस्था' भन्दै याकूबले जोड दिएर लेखेका छन्। वास्तवमा उनले बुझाउन खोजेका कुरा के हो भने यहूदी धर्ममा भएका व्यवस्थाहरू पालन गरेर धर्मी ठहरिन असम्भव छ। रोमी ३:२ मा पावलले यस्तो कुरा लेखेका छन्: यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ । यसको अर्थ के हो भने पुरानो करारका व्यवस्थाहरू पालन गर्न गाह्रो छ भन्ने कुरा बुझेर हामीले नयाँ करारमा प्रभु येशूले गर्नुभएको अनुग्रहको निम्ति कृतज्ञ हुनुपर्दछ।

पुरानो करारमा सयौँ आज्ञाहरू उल्लेख गरिएका छन्, र तिनीहरूलाई १००% पालना गरेर धर्मी ठहरिन धेरै नै गाह्रो छ। त्यसकारण मुक्ति पाउनको लागि मानिसलाई परमेश्वरको अनुग्रह आवश्यक छ भन्ने कुरा याकूब स्पष्ट पार्न चाहन्छन् र उनी यस कुरालाई 'स्वतन्त्रताको व्यवस्था' भनी भन्दछन्। पुरानो करारको व्यवस्थाबारे गलातीको पुस्तकमा यसरी लेखिएको छ।

*व्यवस्थाका कामहरूमाथि भर पर्ने सबै श्रापित छन्, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, "व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रपित हुन्छ। परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी*

*ठहरिँदैन भन्ने कुरा प्रत्यक्ष छ। किनभने "धर्मीचाहिँ विश्‍वासद्वारा नै जिउनेछ"* (गलाती ३:१०-११)।

*विश्‍वासद्वारा हामी धर्मी ठहरिन सकौँ भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोर्‍याउने जिम्मा दिइयो। तर अब विश्‍वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधिनमा छैनौँ* (गलाती ३:२४-२५)।

पुरानो करारको व्यवस्था र आज्ञाहरू गाह्रो छन् भन्ने हामीलाई थाहा छ तर गहिरिएर मनन गर्ने हो भने त्योभन्दा येशूले दिनुभएको आज्ञाहरू झन् गाह्रो छ। उहाँले दिनुभएको केही आज्ञाहरू यस्ता छन्।

*तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, "तैंले हत्या नगर्नू, र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।" तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ। र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ* (मत्ती ५:२१-२२)।

*तिमीहरूले यसो भनेको सुनेका छौ, "तैंले व्यभिचार नगर्।" तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ* (मत्ती ५:२७-३०)।

यदि येशू प्रभुले भन्नुभएको यी व्यवस्थाअनुसार मानिसको न्याय हुने हो भने यस पृथ्वीको करिब सात अरब मानिसहरू अवश्य अपाङ्ग हुनेछन् किनभने यस व्यवस्थाअनुसार सबै जनाले आँखा र हात-खुट्टा गुमाउनु पर्नेछ! त्यसकारण हामीले के बुझ्नसक्छौँ भने व्यवस्था पालन गरेर हामी १% पनि धर्मी ठहरिन सक्दैनौँ, तर प्रेम र अनुग्रहद्वारा येशूले हामीलाई १००% धार्मिक बनाउनु भएर मुक्ति दिनुभएको छ। अहिले हामी विश्‍वासद्वारा नै धर्मी हुन पाएका छौँ। परमेश्‍वरले हामीलाई अपार कृपा देखाउनु भएको हुनाले हामीले पनि इसाई दाजुभाइ तथा दिदीबहिनीहरूलाई त्यसै गर्नुपर्दछ। यस कुरालाई जोड दिएर याकूबले यसरी चेताउनी दिएका छन्: *किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ* (याकूब २:१३)।

यो खण्डलाई बाइबल विद्वान्‌हरूले दुइ प्रकारले अर्थ लगाउँछन्। अरूलाई कृपा नदेखाउने व्यक्तिहरूले भविष्यमा इनाम र मुकुट पाउनेछैनन् भनी केही व्यक्तिहरूले भन्ने गर्दछन् भने कोही चाहिँ यसो भन्दछन्: "कृपा नदेखाउने इसाईहरूको कृपाविना नै न्याय हुनेछ। त्यसकारण व्यवस्थाअनुसार तिनीहरूलाई न्याय गर्दा दोषी ठहरिनेछन् र तिनीहरूले आफ्नो मुक्ति नै गुमाउनेछन्।"

यी दुइ विचारहरूमध्ये कुन सही र कुन गलत भनी हामी ठोकुवा गर्न सक्दैनौँ तर 'कृपा न्यायमाथि विजयी हुन्छ' भनेर धर्मशास्त्रमा लेखिएको हुनाले न्यायभन्दा कृपा, प्रेम र अनुग्रहजस्ता कुराहरू उत्तम हुन् भनी हामी

भन्नसक्छौँ। आजभन्दा २,००० वर्षअघिका मण्डलीहरूमा भएका धनी फेइराजो इसाईहरूको जीवनशैलीलाई परिवर्तन गर्ने उद्देश्यले लेखिएका यी कुराहरूद्वारा पक्षपात गर्ने, भेदभाव गर्ने, घृणा गर्ने, दोष लगाउने, इन्साफ गर्ने, हेला गर्ने, तिरस्कार गर्ने र गालीगर्ने जस्ता स्वभावहरूलाई त्यागेर बरु त्यसको सट्टामा प्रेम, दया, भलाइ र कृपा देखाउनुपर्दछ भन्ने कुराहरू हामीले राम्रोसँग बुझ्नु र त्यसलाई आफ्नो व्यवहारिक जीवनमा उतार्नुपर्दछ भन्ने नै यस पाठको निष्कर्ष हो।

# विश्वास र काम

## FAITH & ACTION

*मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ? यदि कोही भाइ वा बहिनी भुत्रे-भाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, र तिमीहरूमध्ये कसैले त्यसलाई "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो।*

*तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्* (याकूब २ः१४-१९)।

यहाँ याकूबले विश्वासलाई कामद्वारा प्रकट नगर्ने धनी फेइराजो इसाईहरूलाई कडा खालको शिक्षा दिएका छन्। त्यतिबेलाका मण्डलीहरूमा भएका केही धनीहरूले गरिब, अनाथ र विधवाहरूलाई सहायता गर्न हिच्किचाउँथे। तिनीहरू मुखले चाहिँ मीठो-मीठो कुराहरूद्वारा सान्त्वना र आश्वासन दिने गर्दथे तर कामद्वारा भने त्यसलाई प्रकट गर्दैनथे। तिनीहरूमा विद्यमान एउटा भ्रम के थियो भने परमेश्वरमा विश्वास गरेपछि उद्धार पाइहालिन्छ, त्यसकारण असल कामहरू गर्न आवश्यक छैन। त्यही गलत विचार हटाउनको लागि याकूबले यस खण्डमा 'इसाई विश्वास र काम' -बारे महत्वपूर्ण शिक्षा दिएका छन्। विशेष गरी विश्वास काममा प्रकट हुनुपर्छ भन्ने कुरामा उनी जोड दिँदछन्। यस विषयमा पावलले यसप्रकार लेखेका छन्।

*किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ- र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो- कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। **किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौँ।** हामी तीबमोजिम हिँडौँ भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो* (एफिसी २ः८-१०)।

याकूब २ः१४-२६ सम्मको खण्डलाई उदारवादी इसाईहरू (Liberal Christians) -ले निकै मन पराउँदछन्। 'विश्वास काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो' भन्ने याकूब २ः१७ मा लेखिएको कुरालाई उदारवादी ईश्वरशास्त्रीहरू (Liberal Theologians) -ले विशेष जोड दिएर प्रचार गर्ने गर्दछन्। यस खण्डको आधारमा तिनीहरूले सुसमाचारवादी (Evangelical) र कट्टरवादी (Fundamental) इसाई अगुवाहरूलाई यसो भनेर आलोचना गर्ने गर्दछन्ः "तपाईंहरू बाइबल पढ्नु हुन्छ, सिकाउनु हुन्छ, परमेश्वरको सेवा आराधना राम्रो र पवित्र प्रकारले गर्नुहुन्छ, सुसमाचार पनि प्रचार गर्नुहुन्छ। 'छिमेकीलाई आफैलाई झैँ प्रेम गर' भन्ने परमेश्वरको आज्ञा पनि तपाईंहरूलाई थाहा छ तर त्यसलाई सही ढङ्गले व्यवहारमा उतार्नुहुन्न। यदि तपाईंहरूले गरिब, अनाथ, विधवा र खाँचोमा परेका व्यक्तिहरूलाई सहायता गर्नुहुन्न भने तपाईंहरूको विश्वास मरेतुल्य छ। तपाईंहरू मण्डली भवनभित्र रमाउनुहुन्छ तर त्यहाँबाट निस्केर सामाजिक भलाइको कामहरू गर्नुहुन्न। मण्डली वृद्धि होस् भन्ने कुरामा तपाईंहरूको ठूलो चासो छ तर बाहिरको

मानिसहरूले भोगिरहेका समस्याहरूका बारेमा कुनै ध्यान दिनुहुन्न। आफ्नो विश्वास र परमेश्वरको आज्ञालाई व्यवहारमा उतार्नुहुन्न भने तपाईंहरूलाई साँचो इसाई भन्न सकिँदैन। साँचो इसाई हुनको लागि बाइबल अध्ययन र परमेश्वरको आराधना गरेर मात्र पुग्दैन, समस्यामा परेकाहरूलाई यथासक्दो सहायता पनि गर्नुपर्दछ। कामद्वारा यथासक्दो मानिसहरूप्रति प्रेम प्रकट गर्नुपर्दछ। परमेश्वरमाथिको विश्वास नै पर्याप्त छ भनी नठान्नुहोस् किनभने भूतहरूले पनि परमेश्वरको अस्तित्वमाथि विश्वास गर्दछन् तर तिनीहरूको कामचाहिँ खराब हुने गर्दछ।"

उदारवादी अगुवाहरूले यस्ता कुराद्वारा सुसमाचारवादीहरूलाई दोष लगाउँछन् र आफूचाहिँ असल र पक्का इसाई हौँ भनी दावी गर्दछन्। मत्ती २५ः३५-३६ मा प्रभु येशूले भन्नुभएको वचनहरूलाई उद्धृत गर्दै तिनीहरूले सामाजिक क्रियाकलापहरूलाई विशेष जोड दिने गर्दछन्। यस खण्डमा प्रभु येशूले इसाईहरूलाई भेडा र बाख्रा भनी दुइ समूहमा विभाजन गर्नुभयो र छ वटा महत्वपूर्ण कुराहरू व्यक्त गर्नुभयो।

१. म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ।
२. म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ।
३. म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ।
४. म नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ।
५. म बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ।
६. म झ्यालखानामा थिएँ, तिमीहरू मकहाँ (भेट्न) आयौ।

डा. थोमस ह्वाङ्गको भनाइअनुसार प्रभु येशूले भन्नुभएको यो भेडा र बाख्राको दृष्टान्त भविष्यमा उठाई लगिने इसाईहरूका योग्यताहरूबारेको शिक्षा हो। यहाँ उल्लेखित असल काम गर्ने भेडा समूहमा पर्ने इसाईहरू महा संकष्टकालअघि उठाई लगिनेछन् र तिनीहरू थुमाको विवाहभोजमा सहभागी हुनेछन्। तर बाख्रा समूहमा पर्ने अयोग्य इसाईहरू पृथ्वीमा नै छोडिनेछन्।

उदारवादी ईश्वरशास्त्रीहरूले भेडा र बाख्राको यो दृष्टान्तले न्याको दिनलाई बुझाउँछ भनी भन्दछन्। प्रायः तिनीहरू भोकालाई खुवाउने, प्यासालाई पिलाउने, परदेशीलाई स्वागत-सत्कार गरेर आश्रय दिने, नाङ्गालाई लुगा दिने, बिरामीलाई उपचार गर्ने र झ्यालखानामा भएकाहरूलाई भेटेर सेवा गर्नेजस्ता भलाइको काम गर्ने व्यक्तिहरू स्वर्गमा जानेछन् तर यस्ता काम नगर्नेहरूचाहिँ नरकमा जानेछन् भनी सिकाउने गर्दछन्। तिनीहरूले प्रभु येशूको यो दृष्टान्तलाई याकूब २ः१७ सँग जोडेर प्रचार गर्ने गर्दछन्।

उदारवादीहरूको अवधारणाअनुसार परमेश्वरको ईश्वरीय अभियान (Missio Dei) भनेको सामाजिक भलाइको कामद्वारा सुसमाचारलाई प्रकट गर्नु हो। गैर-सरकारी संस्थाहरू (Non-Governmental Organizations) -द्वारा गरिने सामाजिक कामहरू, जस्तैः अस्पताल खोल्नु, स्कुल खोल्नु, झ्यालखानाको कैदीहरूको सेवा गर्नु, गरिबहरूलाई लत्ता-कपडा बाँड्नु र पैसा बाँड्नुजस्ता कामहरूलाई तिनीहरूले महत्व दिने गर्दछन्। यस प्रकारका कामहरूद्वारा स्वर्ग जान पाइन्छ भन्ने कुरामा उदारवादी इसाईहरू विश्वास गर्दछन्। त्यति मात्र होइन तिनीहरूले बहुधर्मवाद (Religious Pluralism) -को सिद्धान्तमा विश्वास गर्ने भएकोले अन्तत्वगत्वा सबै धर्मका मानिसहरूले उद्धार पाउनेछन् भनी विचार गर्दछन्। परमेश्वर एउटै हुनुहुन्छ तर उहाँ कहाँ जाने बाटाहरू थुप्रै छन् र धर्म भनेको परमेश्वरकहाँ पुऱ्याउने मार्ग हो भनी तिनीहरू ठान्दछन्। त्यसैले सबै धर्मले मानिसलाई परमेश्वरकहाँ पुऱ्याउँछ भनी तिनीहरू विश्वास गर्दछन्।

[चित्र नं.- १८ : परमेश्वरकहाँ पुग्ने बाटोहरूको चित्र राख्ने]

परमेश्वर प्रेमिलो, दयालु र अनुग्रही हुनुहुन्छ; त्यसकारण उहाँको उत्तम सृष्टि, मानिसलाई उहाँले नष्ट हुन दिनुहुँदैन भनी तिनीहरू प्रचार गर्ने गर्दछन्। इसाईहरूले अरू धर्मका मानिसहरूलाई परिवर्तन गर्न आवश्यक छैन बरु सकेसम्म तिनीहरूलाई मानवीय दृष्टिकोणले सहायता गर्नुपर्दछ भनी उदारवादी इसाईहरू भन्ने गर्दछन्। अविकसित र अशिक्षित ठाउँहरूमा गएर सामाजिक भलाइको कामहरू गरेमा परमेश्वरले आशिष् दिनुहुन्छ भन्ने कुरामा तिनीहरू विश्वास गर्दछन् र त्यही विश्वासअनुसार सुसमाचार प्रचारको काममा भन्दा सामाजिक भलाइको कामलाई प्राथमिकता दिने गर्दछन्। प्रायः तिनीहरूले बाइबललाई शाब्दिक रूपमा अर्थ लगाउने गर्दछन् तर त्यसभित्र भएको आत्मिक अर्थलाई खोज्ने कोसिस भने गर्दैनन्। रोमन क्याथोलिक, एङ्लीकन, अर्थोडक्सलगायत केही मात्रामा प्रेसबेटरियन, मेथोडिस्ट र ब्याप्टिस्ट सम्प्रदायका इसाईहरूले यस्ता कुराहरूमा विश्वास गर्ने गर्दछन् र तिनीहरूले आत्मिक कुराभन्दा भौतिक कुराहरूमा जोड दिने गर्दछन्। समाजको हित र भलाइ हुने काम गर्ने भएको कारणले गर्दा मण्डलीबाहिरका मानिसहरूले तिनीहरूलाई राम्रै प्रकारले मूल्याङ्कन गर्ने गर्दछन्। मानिसले के विचार गर्छन् भन्ने कुराभन्दा पनि परमेश्वरले हाम्रो क्रियाकलापहरूप्रति के विचार गर्नुहुन्छ भन्ने कुरामा हामीले चासो दिनुपर्दछ।

बाइबलका खण्डहरूको अर्थ लगाउने कुरामा हामीहरू अति नै होसियार हुनुपर्दछ। कहिलेकाहीँ वचनको शाब्दिक अर्थले पनि आशिष् मिल्दछ तर वास्तवमा त्यसको आत्मिक अर्थ के हो भन्ने कुरामा हामीले आफ्नो ध्यान केन्द्रित गराउनुपर्दछ। वास्तवमा भन्ने हो भने पवित्र आत्माको सहायताविना त्यस्तो प्रकाश पाउन सकिँदैन। सुसमाचारवादी ईश्वरशास्त्रीहरूले मत्ती २५:३५-३६ मा प्रभु येशूले भन्नुभएको भेडा र बाख्राको दृष्टान्तलाई यसरी अर्थ लगाउने गर्दछन्। यस पृथ्वीमा आत्मिकी रूपमा भोकाहरूलाई परमेश्वरको वचन खुवाउनुपर्दछ, आत्मिकी रूपमा प्यासीहरूलाई पवित्र आत्मा अथवा जिउँदो पानीद्वारा तृप्त पार्नुपर्दछ। परमेश्वरलाई नचिनेका व्यक्तिहरूलाई सुमाचार सुनाएर स्वर्गको राज्यमा डोऱ्याउनुपर्दछ। आत्मिकी रूपमा नाङ्गाहरूलाई येशूको रगतले ढाकिदिएर सुरक्षा दिनुपर्दछ। आत्मिकी रोगीहरूलाई येशू ख्रीष्टमा पाप क्षमा छ भन्ने कुरा बुझाएर पश्चात्ताप गर्न लगाई उपचार गर्नुपर्दछ र शैतानको वन्धनमा (झ्यालखानामा) भएकाहरूलाई छुटकारा दिलाएर परमेश्वरको घरानामा लानुपर्दछ।

उक्त दृष्टान्तबारे हामीले बुझ्नुपर्ने कुरा के हो भने भेडा समूहमा पर्ने असल इसाईहरूले यस्ता कामहरू गर्ने भएकोले तिनीहरू भविष्यमा उठाई लगिनेछन् तर बाख्रा समूहमा पर्ने नामधारी इसाईहरूचाहिँ महा संकष्टकालमा पृथ्वीमा नै छोडिनेछन्।

सुसमाचार प्रचार गर्ने अभियानको ढोका खोल्नको लागि मानिसहरूलाई भौतिक रूपमा सहायता गर्नु राम्रो हो तर हामीले आत्मिकी कुरालाई प्राथमिकता दिनुपर्दछ। यदि हामीले गरिब, रोगी र समस्यामा परेको व्यक्तिलाई मद्दत गर्दछौँ भने उसँग सम्बन्ध स्थापित हुन्छ र सुसमाचार प्रचार गर्ने मौका मिल्दछ। हामीले गरेको सहायताद्वारा उक्त व्यक्तिले आफ्नो हृदयको ढोका खोल्दछ र अन्धकारमा हराइरहेको मानिसलाई परमेश्वरको ज्योतितिर डोऱ्याउनको निम्ति हामीलाई सजिलो हुन्छ। त्यस किसिमको व्यक्तिले नयाँ जीवन पाएर मण्डली आउन थालेपछि बाइबल अध्ययन, सङ्गति र परमेश्वरको सेवा-आराधनाजस्ता कुराहरूद्वारा आत्मिक रहस्यका कुराहरू बुझ्न थाल्नेछ। वास्तवमा भन्ने हो भने सुसमाचारवादीहरूको दृष्टिकोणमा परमेश्वरको

ईश्वरीय अभियान (Missio Dei) भनेको हराइरहेका मानिसहरूलाई परमेश्वरसँग मिलाप गराउनु नै हो। मानिसको भौतिक आवश्यक्ताहरूलाई पूरा गर्ने कामचाहिँ दोस्रो दर्जामा पर्दछ।

डा. थोमस ह्वाङ्गले सञ्चालन गर्नुभएको AMI College & Seminary ले भौतिकी र आत्मिकी दुवै पक्षलाई सन्तुलन गरी यी अन्तिम दिनहरूमा सुसमाचार प्रचार अभियानको दूरदर्शी सेवकाइ गरिरहेको छ। कोरियाको सियोलमा भएको उक्त सेमीनारीमा विभिन्न राष्ट्रहरूबाट आएका विद्यार्थीहरू बाइबलीय ईश्वरशास्त्र अध्ययन गरिरहेका छन्। ती विद्यार्थीहरूलाई बस्ने ठाउँ, खानेकुरा, आत्मिकी शिक्षा र अन्य आवश्यक सुविधाहरू विनामूल्य उपलब्ध छ। यस प्रकारको सहायताद्वारा भविष्यमा ती विद्यार्थीहरूले परमेश्वरको राज्य विस्तार गर्ने काममा सक्रिय भूमिका निभाउनेछन् भन्ने कुरामा डा. ह्वाङ्ग विश्वस्त हुनुहुन्छ। उहाँले आफ्नो विश्वासलाई कामद्वारा प्रकट गरी आत्मिकी फसल कटनीको लागि खेतालाहरू तयार पार्ने काममा दत्तचित्तसाथ लागिरहनुभएको छ। छोटकरीमा उहाँको सेवकाइको बारेमा भन्ने हो भने सुसमाचार प्रचार नै उहाँको मूल उद्देश्य हो, जुन काम गरेर स्वर्गीय मुकुट पाइनेछ भन्ने कुरामा उहाँ ढुक्क हुनुहुन्छ।

[चित्र नं.- १६ : इस्राएलको नक्सा राख्ने]

*मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरा इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? तिमी देक्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। पवित्र-धर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।*

*त्यसै गरी राहाब वेश्याले पनि, जब तिनले गुप्तचरहरूलाई सत्कार गरेर अर्कै बाटो पठाइदिइन, तब कामहरूबाट तिनी धर्मी ठहरिएकी होइनन् र? जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ* (याकूब २:२०-२६)।

यस खण्डमा याकूबले पुरानो करामा आफ्नो विश्वासलाई कामद्वारा प्रकट गर्ने दुइ व्यक्तिहरूको सुहाउँदो उदाहरण प्रस्तुत गरेका छन्। यी उदाहरणहरूद्वारा तत्कालीन मण्डलीका फेइराजो इसाईहरूलाई तिनी महत्वपूर्ण पाठ सिकाउन चाहन्थे। मण्डलीमा आएर गीत-भजन गाउने, परमेश्वरको  आराधना गर्ने अनि मीठोमीठो कुरा गर्ने तर ठीक तरिकाले दशांश नदिने, गरिब, अनाथ, विधवा र खाँचोमा परेकाहरूलाई सहायता नगर्ने इसाईहरूलाई अब्राहाम र राहाबको उदाहरणद्वारा ठूलो चुनौति दिएका छन्।

आजभन्दा करिब ४,००० वर्षअधि परमेश्वरले अब्राहामको विश्वासको ठूलो जाँच गर्नुभयो, जुन कुरा उत्पत्ति २२ अध्यायमा उल्लेख गरिएको छ। त्यतिबेला अब्राहाम बेर्शेवा भन्ने ठाउँमा बस्थे। उक्त घटनाको समयमा शायद इसहाकको उमेर करिब १५ वर्ष जत्ति थियो होला। यदि यसलाई हामी स्वीकार गर्छौं भने अब्राहाम त्यतिबेला ११५ वर्ष भएको हुनुपर्छ (उत्पत्ति २१:५)।

इसहाकलाई मोरियाहको पहाडमा लगेर होमबलि गर्नू भनी परमेश्वरले अब्राहामलाई आज्ञा दिनुभयो। त्यो ठाउँलाई अहिले यरूशलेम भनेर चिनिन्छ। बेर्शेवाबाट अब्राहाम, इसाहाक, र दुइजना कमाराहरू गधामा चढेर मोरिया

पहाडसम्म पुग्न तीन दिन लाग्यो। मोरिया पहाडको फेदीमा पगेपछि अब्राहामले कमारहरूलाई यसो भनेः "तिमीहरू यहीँ गधासँग बस। म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौँ" (उत्पत्ति २२ः५)। यहाँ अब्राहामले दुवै जना (बाबु र छोरा) होमबलि गरेर फर्केर आउनेछौँ भनेर भनेका छन् किनभने इसहाक मर्ने छैन र यदि मऱ्यो भने पनि परमेश्वरले जीवित पारिदिनुहुन्छ भन्ने कुरामा तिनलाई दृढ भरोसा थियो (हिब्रू ११ः१)। वास्तवमा भन्ने हो भने शारीरिक र मानिसक आँखाले देख्न नसक्ने त्यो कुरा उसले आत्मिक आँखाले देखेको थियो। अब्राहामको हृदय शुद्ध भएको कारणले गर्दा त्यस प्रकारको दृश्यको प्रकाश पाउन सकेको थियो। अब्राहामको विश्वासको फलस्वरूप अचम्म रीतिले परमेश्वरले इसाहाकलाई बचाउनुभयो। बलिदानको लागि परमेश्वरले थुमा जुटाउनभयो। त्यसकारण हामी परमेश्वरलाई यहोवा यिरे (Jehovah Jireh) भनेर पुकारा गर्दछौँ। यस घटनामा अब्राहामको विश्वास कामद्वारा प्रकट भएको देखिन्छ, जसबाट उनी धर्मी ठहरिए भनी बाइबलले बताउँदछ।

राहाबले पनि आफ्नो विश्वासलाई कामद्वारा प्रकट गरिन्। यो घटना यहोशू दुइ अध्यायमा उल्लेख गरिएको छ। त्यो घटना आजभन्दा करिब ३,४०० वर्ष पहिलेको हो भनी बाइबल विद्वान्हरू भन्दछन्। परमेश्वरले मोशाद्वारा इस्राएलीहरूलाई मिश्रदेशबाट छुटाएर ल्याउनुभयो तर तिनीहरूको गनगन र अनाज्ञाकारिताको कारण ४० वर्षसम्म मरुभूमिमा भौंतारिरहे। अन्तमा यहोशूले तिनीहरूलाई अगुवाइ गरेर कनान देशमा पुऱ्याए। इस्राएलीहरूले यर्दन नदी तरेर कनानमा प्रवेश गर्नुभन्दा पहिले यहोशूले दुइ जना जासूसहरूलाई शित्तीमबाट त्यस देशको भेद लिन पठाए। ती व्यक्तिहरूलाई त्यहाँ ठूलो जोखिम थियो किनभने यरीहोको राजाले त्यो कुरा थाहा पाइसकेको थियो। ती दुई जासूसहरू राहब भन्ने वेश्याको घरमा शरण लिन पुगे। यहाँ हामीले बुझ्नुपर्ने कुरा के छ भने वेश्याको पेशा अपनाउने भए तपानि राहाबले परमेश्वरमाथि विश्वास गर्थिन्, जुन कुरा तिनले भनेको कुराबाट थाहा पाउन सकिन्छ।

*"मलाई थाहा छ, यो देश परमप्रभुले तपाईंहरूलाई दिनुभएको छ, र हामीहरूका बीच तपाईंहरूको कारण आतङ्क फैलिएको छ, र यहाँका बासिन्दाहरू तपाईंहरूको भयले काम्न थालेका छन्। तपाईंहरू मिश्रदेशबाट निस्केर आउनुहुँदा तपाईंहरूका सामुन्ने परमेश्वरले लाल समुद्रको पानी सुकाइदिनुभएको र यर्दन पारिका एमोरीहरूका दुवै राजा, सीहोन र ओगलाई तपाईंहरूले नाश गर्नुभएको पनि हामीहरूले सुनेका छौँ। यो सुन्ने बित्तिकै हामी भयाकुल बन्यौँ र तपाईंहरूको कारण हामीहरू कसैमा साहस रहेन, किनकि परमप्रभु तपाईंहरूका परमेश्वर नै माथि स्वर्गमा र तल पृथ्वीमा परमेश्वर हुनुहुन्छ"* (यहोशू २ः९-११)।

राहाबले ती दुई जासूसहरूलाई सत्रुको हातबाट उम्कन मद्धत गरिन् र पछि इस्राएलीहरूले यरीहो हुँदै कनानमाथि विजय प्राप्त गरे। राहाब कनानी जातकी महिला थिइन् र तिनी नराम्रो पेशा गर्ने व्यक्ति भए तापनि परमेश्वरमाथि तिनको विश्वास र भरोसा थियो। परमेश्वरको जनलाई सहायता गरेकी हुनाले तिनले ठूलो आशिष् पाइन। तिनको वंशबाट राजा दाऊदको जन्म भयो र येशू प्रभुको वंशावलीमा राहाबको नाउँ जोडियो (मत्ती १ः५)। परमेश्वरको राज्यमा वेश्याहरू र कर उठाउनेहरू अघिल्लो स्थानमा हुनेछन् भन्ने कुरा स्वयम् प्रभु येशूले घोषणा गर्नुभयो। (मत्ती २१ः३१)।

यहाँ उल्लेख भएको यी दुइ घटनाहरूद्वारा विश्वास र कामको विषयमा महत्वपूर्ण पाठ सिक्नसक्छौँ। यदि हामीमा साँचो विश्वास छ भने कामले स्वस्फूर्त रूपमा त्यसलाई पछ्याउनेछ। वास्तवमा भन्ने हो भने काम र विश्वास

एक अर्काको परिपूरक हुन्। एउटाविना अर्को अपूर्ण हुन्छ। सारंशमा भन्ने हो भने यदि मानिसले आफ्नो हृदयमा गरेको विश्वास कामद्वारा प्रकट हुँदैन भने त्यो विश्वासको कुनै अर्थ हुँदैन। यही कुरा याकूबले तत्कालीन फइराजो इसाईहरूलाई बुझाउन खोजेका थिए। हृदय शुद्ध भएका इसाईहरूले चाहिँ आफ्नो विश्वासलाई काममा प्रकट गर्न सक्षम हुन्छन्। यस्ता असल अनि इमानदार इसाईहरूले परमेश्वरबाट विभिन्न प्रकारका स्वर्गीय दर्शनहरू प्राप्त गर्दछन् र जस्तोसुकै परिस्थिति आइपरे तापनि परमेश्वरको कामको निम्ति मूल्य चुकाउन तिनीहरू कदापि पछि पर्दैनन्। यस्ता व्यक्तिहरूले भविष्यमा येशूबाट ठूलो इनाम पाउनेछन्।

# जिब्रोको विशेषताहरू

## CHARACTERISTICS OF THE TONGUE

याकूबले तीन अध्यायमा फेइराजो इसाई अगुवा र शिक्षकहरूलाई जिब्रोको विषयमा महत्वपूर्ण शिक्षा दिएका छन्। याकूबको समयको मण्डलीहरूका केही अगुवाहरूले आफ्नो जिब्रोलाई परमेश्वरको महिमा हुने प्रकारले प्रयोग गर्न सकेका थिएनन्। त्यसको मुख्य कारणचाहिँ तिनीहरूका हृदयमा भएको तीतोपनका जराहरूले गर्दा हो। तिनीहरूको मुखबाट निस्कने शब्दहरूको कारणले गर्दा मण्डलीमा विभिन्न प्रकारका समस्याहरू सृजना हुन्थ्यो। वास्तवमा भन्ने हो भने तिनीहरूसँग 'सेवक हृदेय' थिएन तर मान-प्रतिष्ठा र ठूलो पदको लागि मण्डलीको अगुवा हुन चाहन्थे। वास्तवमा ती सबै कुराहरूको जडचाहिँ तिनीहरूको खराब हृदयको अवस्था थियो। आफ्नो बोलीवचनलाई नियन्त्रण गर्ने नसक्ने त्यस प्रकारका अगुवाहरूलाई याकूब यसो भन्दछन्।

*भाइ हो, तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ। किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको न्याय अझ कठोर रूपले हुनेछ। किनकि हामी सबै धेरै भूल गर्दछौँ। जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ* (याकूब ३:१-२)।

आफ्नो जिब्रोलाई वशमा राख्न नसक्ने खराब हृदय भएका अगुवाहरूको जीवनबाट कस्ता परिणामहरू निस्कन्छन् भनी याकूबले स्पष्ट गरी लेखेका छन्।

*तर यदि तिमीहरूका हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर, र सत्यतालाई झूटा नबनओ। यो बुद्धि स्वर्गबाट आउने बुद्धि होइन। तर यो त सांसारिक, अनात्मिक र शैतानिक हो। किनकि जहाँ डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँडभैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ* (याकूब ३:१४-१६)।

पत्रद्वारा याकूब मण्डलीका अगुवा र शिक्षकहरूलाई सचेत भई परमेश्वरको डर र भयमा रही असल प्रकारले सेवकाइ गर्नको लागि अनुरोध गर्दछन्। आफ्नो जिब्रोबाट निस्कने शब्दहरूले अरूलाई कस्तो असर पार्दछ भन्ने कुरामा अगुवाहरू होसियार हुनुपर्दछ भन्ने कुरामा याकूब विशेष जोड दिंदछन्। जिब्रोमा ठूलो शक्ति हुन्छ भन्ने कुरा उनले सुहाउँदा उदाहरणहरूद्वारा व्यक्त गरेका छन्।

*यदि घोडाहरूलाई वशमा राख्नलाई तिनीहरूका मुखमा लगाम लगायौँ भने तिनीहरूका सारा शरीरलाई जता मन पर्‍यो त्यतै लान सक्छौँ। हेर त, जहाजहरू जो तेज हावाले चल्दछन्। ती ठूला-ठूला भए तापनि एउटा सानो पतवारद्वारा कर्णधारले आफ्नो इच्छाअनुसार जता मन पर्‍यो त्यतै लान्छ। त्यस्तै जिब्रो पनि एउटा सानो अङ्ग भएर ठूला-ठूला कुराको अभिमान गर्दछ। हेर, एउटा सानो आगोको झिल्काले ठूलो वन पनि स्वहा पार्दछ। जिब्रो पनि एउटा आगो नै हो। यो शरीरका अङ्गहरूमध्ये अधर्मको एउटा दुनियाँ नै हो।*

*यसले सारा शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ र नरकको आगोमा त्यो जल्छ* (याकूब ३:३-६)।

यस खण्डमा याकूबले मानिसको जिब्रोसँग सुहाउँदो तीन वटा उदाहरणहरू दिएका छन्, जसले त्यसको काम र शक्तिलाई बुझाउँदछ।

(१) घोडाको मुखमा राखिने लगाम
(२) पानीजहाजमा हुने पतवार
(३) आगोको झिल्का

यी तीन कुराहरूले के काम गर्न सक्छ भन्ने बारेमा हामीलाई राम्रोसँग जानकारी भएकोले गर्दा त्यसको चर्चा गरिरहन आवश्यक छैन। हेर्दाखेरि यिनीहरू साना देखिए तापनि यिनीहरूसँग ठूलो काम गर्नसक्ने क्षमता हुन्छ। त्यस्तै प्रकारले जिब्रो मानिसको शरीरको सानो अङ्ग भए तापनि यसले ठूलो काम गर्न सक्तछ, र त्यस्ता कामहरू असल पनि हुनसक्छ अनि खराब पनि हुनसक्छ। यदि मण्डलीका अगुवाहरूले आफ्नो जिब्रोलाई वशमा राख्न सकेनन् भने त्यसबाट उहाँहरूको आत्मसम्मान, प्रतिष्ठा, सेवकाइ, परिवार र व्यक्तिगत जीवनमा ठूलो चोट पुग्नसक्छ। अनियन्त्रित जिब्रोद्वारा मानवीय सम्बन्धहरू कमजोर हुँदै जान्छ।

*हरेक किसिमका पशुपक्षी, घस्रने जन्तु र समुद्रका जीवजन्तुलाई तह लगाउन सकिन्छ, र मानिस जातिबाट नै तह लगाइएको छ तर जिब्रोलाई कुनै मानिसले तह लाउन सक्दैन। घातक विषले भरिएको यो चञ्चल दुष्ट हो* (याकूब ३:७-८)।

याकूबको समयमा विद्यमान मण्डलीहरूमा भएका फेइराजो इसाई अगुवाहरूले जिब्रोका कारण विभिन्न समस्याहरू भोग्नुपरेको थियो, जस्तैः मतभेद, वादविवाद, झैझगडा, फूट र विभाजन आदि। त्यसकारण जिब्रोलाई वशमा राख्ने काम गाह्रो भए तापनि अगुवाहरू यस कुराप्रति अति नै होसियार हुनुपर्दछ भन्ने कुरामा याकूबले जोड दिएका छन्। कतिपय नराम्रा नतिजाहरूको लागि मानिसले जिब्रोलाई मात्र दोष दिन्छ तर वास्तवमा भन्ने हो भने जिब्रो त एउटा माध्यम मात्र हो, जसले हृदयमा भएका कुराहरूलाई बाहिर निकालिदिन्छ तर मख्य कुराचाहिँ हृदय नै हो। यदि कुनै अगुवाको हृदयलाई शैतानले नियन्त्रण गरेको छ भने ऊ दुइजिब्रे हुन्छ। एउटा कुरा गर्ने तर कामचाहिँ अर्कै गर्ने त्यस्ता अगुवाहरूमाथि भरोसा गर्न सकिँदैन। तिनीहरूको मुखबाट निस्कने कुराहरू घरीघरी बदलिरहन्छन्। यस किसिमको चरित्र भएको इसाईको विषयमा याकूब आफ्नो पत्रमा यसरी लेख्दछन्।

*यसद्वारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौँ, र यसैद्वारा परमेश्वरको स्वरूपमा बनेका मानिसहरूलाई हामी सराप्तछौँ। एउटै मुखबाट आशीर्वाद र सराप निस्कन्छन्। मेरा भाइ हो, यसो नहुनुपर्ने हो। के पानीको मूलको एउटै धाराबाट मीठो र तीतो पानी निस्कन्छ र? मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतून अथवा दाखको बोटमा अञ्जीर फल्न सक्छ र? तीतो पानीको मूलबाट पनि मीठो पानी निस्कन सक्दैन* (याकूब ३:९-१२)।

याकूबको पुस्तकको तीन अध्यायलाई गहिरिएर मनन गर्ने हो भने जिब्रोको विशेषताहरूबारे निम्नलिखित कुराहरू थाहा पाउन सकिन्छ।

१. जिब्रोमा ठूलो शक्ति हुन्छ (याकूब ३:३-६)।
२. जिब्रोलाई वशमा राख्न धेरै कठिन छ (याकूब ३:७-८)।

३. जिब्रोले विषालु कुरा निकाल्न सक्छ (याकूब ३:८)।
४. जिब्रोको कारण मानिस कपटी हुन सक्छ (याकूब ३:६)।

जिब्रोमा भएका यी विशेषताहरू मानिसको हृदयसित सम्बन्धित भएको हुन्छ। रिमोट कन्ट्रोल (Remote Control) -ले टेलिभिजनलाई नियन्त्रण गरेझैँ, हृदयले जिब्रोलाई नियन्त्रण गरिराखेको हुन्छ र त्यसैअनुरूपका कुराहरू प्रकट गर्ने गर्दछ।

[चित्र नं.- २० : जिब्रो र हृदयको चित्र राख्ने]

हामीले बुझ्नुपर्ने मुख्य कुरा के हो भने नराम्रा परिणामहरूका लागि जति दोष जिब्रोलाई दिए तापनि त्यसको जडचाहिँ हृदय र त्यहाँ भएका तीतोपनको जराहरू नै हुन्। यदि हृदयलाई शुद्ध पारेर त्यहाँ स्वर्गीय कुराहरू भर्न सकियो भने प्रायः सबै समस्याहरू समाधान हुनेछन् तर यदि त्यसो गर्न सकिएन भने नराम्रा परिणामहरू भोग्नुपर्ने हुन्छ। यस विषयमा याकूबले यस्तो शिक्षा दिएका छन्।

*तिमीहरूमध्ये बुद्धिमान् र ज्ञानी को छ? आफ्नो असल जीवनद्वारा बुद्धिको नम्रतामा त्यसले आफ्ना कामहरू देखाओस्। तर यदि तिमीहरूका हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर, र सत्यतालाई झूटा नबनाओ। यो बुद्धि स्वर्गबाट आउने बुद्ध होइन। तर यो त सांसारिक, अनात्मिक र शैतानिक हो। किनकि जहाँ डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँडभैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ।*

*तर जुन बुद्धि स्वर्गबाट आउँछ, त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ। शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन्, र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्* (याकूब ३:१३-१८)।

शुद्ध हृदय भएकाहरूले अरूको जिब्रोबाट निस्केका विषालु शब्दहरूलाई पगाल्न सक्छ र त्यसलाई सकारात्मक रूपमा स्वीकार गर्न सक्छ। यस्तो शक्ति कसरी उत्पन्न हुन्छ त भन्नेबारे हामीले बुझ्नुपर्दछ। यसको लागि बुझ्नुपर्ने कुरा के हो भने हृदय शुद्ध भएका इसाईहरूले सत्रुलाई पनि क्षमा दिन सक्छ। क्षमा दिने र लिने प्रक्रियालई सांसारिक मानिसहरूले कमजोरीको रूपमा बुझेका हुन्छन् तर आत्मिक इसाईहरूको शक्ति त्यही कामद्वारा प्रकट हुन्छ। प्रभु येशूलाई रोमी सिपाहीहरूले कोर्रा लगाएर, हात-खुट्टामा किला ठोकेर क्रूसमा झण्ड्याइदिए। तिनीहरूले उहाँको कोखामा भालाले घोचे। विभिन्न कटु शब्दहरूले उहाँको अपमान गरी गाली र निन्दा पनि गरे तर ती मानिसहरूको लागि उहाँले यसो भन्नुभयोः "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्" (लूका २३:३४)।

प्रभुले भन्नुभएका यी शब्दहरूद्वारा मानिसजातिप्रति उहाँको प्रेम कति ठूलो छ भन्ने कुरा स्पष्ट गरी बुझ्न सकिन्छ। क्षमादान द्वारा नै हामीले पनि मानिसहरूप्रति ईश्वरीय प्रेम (Agape Love) प्रकट गर्नसक्छौँ। प्रेमविना कदापि क्षमा निस्कन सक्दैन।

जब हामीले मण्डलीमा अगुवापनको भूमिका निभाउन सुरु गर्दछौँ, तब चारैतिरबाट आउने बाणझैँ तीखा अनि विषालु शब्दहरू हामीले सुन्न थाल्दछौँ। यस्ता विषालु शब्दहरूका कारण हामी धेरै रात राम्रोसँग निदाउन सक्दैनौँ। यस्ताखाले शैतानिक कुराहरूबाट आफूलाई सुरक्षित राख्नको लागि हामीहरू

परमेश्वरको वचनमा सुसज्जित भई उहाँले दिनुहुने आत्मिकी हात-हतियारहरू धारण गर्नुपर्दछ। यस विषयमा सन्त पावलले यसरी भन्नुभएको छ।

*दियाबलसका युक्तिहरूका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको समना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ।*

*यसकरण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ, र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो* (एफिसी ६:११-१७)।

[चित्र नं.- २१ : रोमी सैनिकको चित्र राख्ने]

पावलले यहाँ रोमी सिपाहीको पहिरन र उसले धारण गर्ने हतियारद्वारा इसाईहरूलाई आत्मिकी पाठ सिकाएका छन्। यी कुराहरूलाई हामीले सल्लाह-सुझावको रूपमा मात्र लिने होइन तर आज्ञाको रूपमा स्वीकार गरी त्यसैअनुरूप जीवनशैली विकास गर्नुपर्दछ। हामीहरू आत्मिक युद्ध लड्ने ख्रीष्टका सिपाहीहरू हौँ, त्यसैले आत्मिकी हतियारहरू धारण गर्नु हाम्रो लागि अति नै आवश्यक छ। आत्मिक हतियारहरूको बारेमा पावलले बाताएका केही महत्वपर्ण कुराहरूलाई हामी बुँदागत रूपमा चर्चा गर्नेछौँ।

१. **कम्मरमा सत्यको पेटी बाँध्नु**:- रोमी सैनिकहरूले शरीरको तल्लो भाग छोप्नको लागि जामा (Skirt) लगाउँथे र त्यसलाई तल खस्नबाट जोगाउनको लागि तिनीहरू पेटी बाँध्ने गर्दथे। इसाईहरूले चाहिँ सत्यको पेटी बाँध्नुपर्दछ भनी पावल आज्ञा दिँदछन्, जुन सत्यचाहिँ स्वयम् येशू ख्रीष्ट हुनुहुन्छ (यूहन्ना १४:६)। यसको अर्थ के हो भने इसाईहरूले येशू ख्रीष्टलाई राम्रोसँग चिन्नुपर्दछ र ख्रीष्टको सिद्धान्तबारे राम्रोसँग बुझ्नुपर्दछ। यसै प्रसङ्गमा हामीले थाहा पाउनुपर्ने कुरा के हो भने शैतान र त्यसको कामहरूचाहिँ झूटा हुन्छन् (यूहन्ना ८:४४)। जब हामी सत्यको पेटी बाँध्छौँ, तब त्यो झूटमाथि विजयी हुनसक्छौँ।

२. **धार्मिकताको छाती-पाता लगाउनु**:- छाती-पाताले सिपाहीको हृदयलाई सत्रुको आक्रमणबाट बचाउँदछ। यस कुराले इसाईहरूले आफ्नो हृदयलाई खराब कुराहरूबाट जोगाउनुपर्ने कुरालाई सङ्केत गर्दछ। हृदय सुरक्षित भएको व्यक्तिमा येशू ख्रीष्टका चरित्रहरू निर्माण हँदै जानेछन् र त्यस्तो व्यक्तिको हृदयमा शैतानले डर, सङ्का, निराशजस्ता कुराहरू उब्जाउन सक्दैन।

३. **खुट्टामा मिलापको सुसमाचारका जुत्ता लगाउनु**:- इसाईहरूले सुसमाचार सुनाउनुपर्दछ भनी प्रभु येशूले महान् आज्ञा दिनुभयो। त्यसकारण हामीहरू जहाँ गए तापनि मौका मिलेको समयमा पवित्र आत्माको शक्तिमा सुसमाचार प्रचार गर्नुपर्दछ। यस्तो मनोवृत्ति भएका र मानिसहरूलाई परमेश्वरसँग मिलाप गराउने उद्देश्य लिएका सुसमाचारको जुत्ता लगाउने इसाईहरूलाई परमेश्वरले उहाँको राज्य विस्तार गर्ने कामको निम्ति टाढा-टाढासम्म पुऱ्याउनुहुन्छ। त्यस्ता व्यक्तिहरूका जीवनबाट उहाँले महिमा लिनुहुन्छ र भविष्यमा तिनीहरूले मुकुट पनि पाउनेछन्।

४. **विश्वासको ढाल उठाउनुः**- पावलको समयका सिपाहीँहरूले ढालविना युद्ध गर्ने कुरा कल्पना पनि गर्न सक्दैनथे। सत्रुले प्रहार गरेको बाण र अन्य हतियारहरूलाई छेक्नको लागि ढाल आवश्यक पर्दथ्यो। ढालले सिपाहीलाई सुरक्षित राख्दथ्यो। त्यतिबेलाको ढाल शरीरलाई ढाक्नसक्ने खालको ठूलो आकारको हुन्थ्यो। इसाईहरूले विश्वासको ढाल उठाउनुपर्दछ भनी त्यो कुरालाई पावलले आत्मिक अर्थ लगाएका छन्। यस विषयमा हामीले थाहा पाउनुपर्ने कुरा के हो भने विश्वासमा कमजोर इसाईहरूले आत्मिकी लडाइँमा विजय प्राप्त गर्न सक्दैनन्।

५. **मुक्तिको टोप लगाउनुः**- सिपाहीहरूले लगाउने बलियो टोपले टाउकोलाई विशेष सुरक्षा दिन्छ। त्यसले सत्रुको प्रहारबाट टाउकोलाई बचाउने काम गर्दछ। हामीले पाइसकेको मुक्ति-उद्धारचाहि हाम्रो लागि आत्मिकी टोप हो, जसले हामीलाई शैतानको बन्धन र आत्मिकी मृत्युबाट बचाउँदछ।

६. **परमेश्वरको वचन अथवा पवित्र आत्माको तरवार  धारण गर्नुः**- परमेश्वरको वचन दुइधारे तरवार हो भनी हिब्रू ४ः१२ मा लेखिएको छ। इसाईहरूका लागि यो विशेष प्रकारको आत्मिकी हतियार हो। माथि उल्लेख गरिएका पाँच वटा हतियारहरूले सुरक्षा दिने काम गर्दछन् भने परमेश्वरको वचनले चाहिँ आत्मिकी पौष्टिक तत्व दिएर इसाईहरूलाई बलियो पार्ने काम गर्दछ साथै यस प्रकारको आत्मिकी हतियारद्वारा हामी शैतानको शक्तिलाई पराजय गर्नसक्छौँ। जब हामी यस प्रकारको तरवारलाई चारैतिर घुमाउँछौँ, तब आत्मिक सत्रुहरू हाम्रो नजिक आउन सक्तैनन् (उत्पत्ति ३ः२४)।

आत्मिक आँखा खुलेका इसाईहरूले आफ्नो वरिपरि भएका दुष्टका शक्ति, किल्ला र त्यसको कामहरू देख्नसक्छन्। आत्मिकी रूपमा बलियो र चनाखा त्यस्ता व्यक्तिहरूले मात्र परमेश्वरको वचन र पवित्र आत्माको शक्तिमा शैतानिक शक्तिहरूमाथि विजय हासिल गर्नसक्छ। यस्तो व्यक्ति हुनको लागि बाइबलमा उल्लेख गरिएका सबै प्रकारका आत्मिक हतियारहरू धारण गर्नुपर्दछ। यस प्रकारका आशिषित इसाईहरूले सांसारिक परीक्षा र दुःख-कष्टहरूमाथि कुल्चेर अघि बढ्न सक्छन्।

सारांशमा भन्ने हो भने आत्मिक हतियारहरूद्वारा सुसज्जित इसाईहरूका हृदय शुद्ध र शक्तिशाली हुन्छ। त्यसप्रकारको व्यक्तिहरूको जीवनबाट तीतोपन (शैतानको चरित्रहरू) हटेर जान्छ। त्यसको परिणामस्वरूप उसको जिब्रोबाट आशिषित अनि अधिकारपूर्ण शब्दहरू निस्कन थाल्नेछन्, जसले धेरैलाई सुधार गर्न, र उत्साहित गर्न सक्दछ। तर हृदय शुद्ध नहुनेहरूबाट यस्तो कुरा अपेक्षा गर्न सकिँदैन। याकूबले आफ्नो पत्रमार्फत दिएका जिब्रो र हृदयसम्बन्धी महत्वपूर्ण शिक्षाको उद्देश्य सांसारिक प्रकारका फेइराजो इसाई अगुवाहरूको बोलिवचन र चरित्रलाई परिवर्तन गरी असल र आत्मिकी रूपमा शक्तिशाली अगुवाहरू बनाउनु हो। मानिसको जिब्रो र त्यसले ल्याउनसक्ने परिणामहरूबारे याकूबले आजभन्दा २,००० वर्षअघि लेखेका कुराहरू यी कुराहरू आजको मण्डलीका अगुवा र साधारण इसाईहरूका लागि धेरै नै उपयोगी छ। याकूबको शिक्षाअनुसार बोलिवचन र चरित्रमा सुधार ल्याउन सक्यौँ भने परमेश्वरले हामीलाई उहाँको कामको निम्ति अचम्म प्रकारले चलाउनुहुन्छ।

# प्रार्थनाको निम्ति मार्गनिर्देशन

## GUIDANCE FOR THE PRAYER

*तिमीहरूका बीचमा लडाइँ र झगडाहरू कुन कुराले ल्याउँछ? के यी सब तिम्रो शरीरका अङ्गहरूमा सङ्घर्ष गर्ने अभिलाषाहरूबाट आएका होइनन् र? तिमीहरू इच्छा त गर्दछौ, तर तिमीहरू पाउँदैनौ। तिमीहरू हत्या गर्दछौ र लोभ गर्दछौ, तर पाउन सक्दैनौ। तिमीहरू झगडा गर्दछौ र लडाइँ गर्छौ। तिमीहरूसित हुँदैन, किनभने तिमीहरू परमेश्वरसँग माग्दैनौ। तिमीहरू माग्छौ तर पाउँदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौ* (याकूब ४:१-३)।

यहाँ याकूबले फेइराजो इसाईहरूलाई प्रार्थनासम्बन्धी महत्वपूर्ण मार्गनिर्देशन दिएका छन्। तिनको समयका फेइराजो इसाईहरूले आफ्नो सांसारिक अभिलाषाहरू पूरा गर्नको निम्ति स्वार्थपूर्ण मनोवृत्ति लिएर प्रार्थना गर्ने गर्दथे, त्यसैले गर्दा तिनीहरूले प्रार्थनाको उत्तर पाउँदैनथे। अशुद्ध हृदय र खराब चरित्रहरूको कारणले गर्दा त्यस्ता व्यक्तिहरूको बीचमा प्रायः झैझगडा र विभाजन हुनेजस्ता दूर्घटनाहरू भइरहन्थे। तिनीहरूका सुधारको निम्ति याकूबले पत्र मार्फत निर्देशन दिएका छन्। त्यतिबेलाका फेइराजो इसाईहरू आफ्नो मात्र वास्ता-फिक्री गर्ने तर अरूलाई सहायता नगर्ने स्वभावका थिए भन्ने कुरा हामीले पहिले नै थाहा पाइसक्यौँ। तिनीहरूका बीचमा लडाइँ र झगडाहरू हुने भएकोले गर्दा तिनीहरू पक्क रिसालु, अधिरजी र असलहनशील व्यक्तिहरू थिए भन्ने कुरा स्पस्ट बुझ्न सकिन्छ। आफ्नै मात्र भलाई  खोज्ने भएकोले गर्दा मण्डलीमा अप्रिय घटनाहरू घट्दथे। तिनीहरूसँग एकले अर्कोलाई क्षमा दिने र स्वीकार गर्ने हृदय थिएन। त्यसकारण प्रायः तिनीहरूको बीचमा द्वन्द्व र झगडाहरू भइरहन्थ्यो।

दुइवटा हातलाई जोडले ठोक्कायौँ भने तालीको आवाज निस्कन्छ। यदि एउटा हात रिसाएर अर्कोसँग ठोक्किन आउँदा त्यसलाई छलेमा अथवा आफ्नो ठाउबाट हटिदिएमा ताली बज्न पाउँदैन। मानवीय झगडा र द्वन्द्व पनि त्यस्तै कुरा हो। झगडा हुन लागेको दुइ व्यक्तिहरूमध्ये एउटाले सहनशील भई आफूलाई नम्र तुल्याएर त्यस व्यक्ति ठाउँबाट हटिदियो भने त्यहाँ वाद-विवाद र लडाइँ-झगडा हुन पाउँदैन किनभने त्यसको निम्ति निश्चय त्यहाँ दुइ वा सोभन्दा बढी समूहहरू सहभागी भएको हुनुपर्दछ। यदि त्यहाँ एउटा पक्ष मात्र छ भने त्यसले कोसँग लडाइँ र झगडा गर्ने?

लडाइँ झगडालाई हटाउने हो भने आफ्नो प्रतिद्वन्द्वीसँग हामीले यस प्रकारले व्यवहार गर्नुपर्दछ। यदि कुनै व्यक्तिले रिसाएर हाम्रो विरुद्धमा कुनै कुरा भन्यो भने हामीले यसप्रकारले जवाफ दिनुपर्दछः "तपाईंले भन्नु भएको कुरा आफ्नो ठाउँमा ठिकै छ र शायद तपाईंको दृष्टिकोणमा त्यो सही नै होला तर मेरो विचारचाहिँ तपाईंको भन्दा अलि फरक किसिमको छ।" आफूसँग झगडा गर्ने उद्देश्यले आवेगमा आएर कडा र तीतो कुरा गर्ने व्यक्तिसँग यदि हामीले नम्रतापूर्वक प्रस्तुत हुनसक्यौँ भने सम्भावित झैँझगडा र द्वन्द्वलाई न्यून गर्न सकिन्छ। सहनु भनेको झैँझगडालाई हटाउने राम्रो तरिका हो। तर प्रायः व्यक्तिहरू यस प्रकारको क्रियाकलापद्वारा आफूलाई अरूभन्दा कमजोर देखाउन चाहँदैनन्। केवल परमेश्वरको वचनलाई हृदयमा राख्ने नम्र इसाईहरूले यस प्रकारको कुरालाई अभ्यास गर्न सक्छ।

प्रायः फेइराजो इसाईहरू घमण्डी, स्वार्थी र रिसालु स्वभावका हुने भएको कारणले गर्दा त्यस्ता व्यक्तिहरू भएको मण्डलीमा झैँझगडा, विवाद, तनाव र विभाजनजस्ता कुराहरू भइरहन्छ। त्यस्ताखाले व्यक्तिहरूले गरेको प्रार्थनाको उत्तर नआउने भएकोले तिनीहरू यसो भन्ने गर्दछन्ः "रोगबाट चङ्गाइ पाउनको लागि मैले धेरै प्रार्थना गरिसकेँ तर अझै निको हुन सकेको छैन, मेरो काम सफल होस् र समस्या समाधान होस् भनेर उपवाससहित प्रार्थना गरेँ तर परमेश्वरले मेरो प्रार्थना सुन्नुभएन। अरूले गरेको प्रार्थनाको उत्तर आउँछ तर किन मेरो प्रार्थनाको उत्तर आउँदैन?" यस्ता प्रश्न गर्नेहरूलाई याकूब यसरी जवाफ दिन्छन्ः "तिमीहरू माग्छौ तर पाउँदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसँग माग्छौ" (याकूब ४ः३)।

यस खण्डबाट हामीले सिक्नुपर्ने महत्वपूर्ण पाठ के हो भने जबसम्म हाम्रो हृदय शुद्ध हुँदैन, तबसम्म प्रार्थनाको उत्तर पाउन गाह्रो हुन्छ। मनमा लोभ, डाहा, स्वार्थ, रिस, झगडा, फूट र बदलाजस्ता कुराहरू बोक्ने तर प्रार्थनाचाहिँ लामो-लामो गरेर आफूलाई धार्मिक देखाउन खोज्ने फेइराजो इसाईहरूले प्रार्थनाको उत्तर पाउन कठिन छ। त्यस्ता व्यक्तिहरूले प्रार्थना गर्ने र बाइबल पढ्ने कुरामा बढी नै समय बिताउने भए तापनि हृदय शुद्ध पार्ने कुरामा चाहिँ त्यति ध्यान दिँदैनन्। कहिलेकाहीँ तिनीहरूले यसो भन्ने गर्दछन्ः "परमेश्वरलाई धन्यवाद होस्। मैले मेरो प्रार्थनाको उत्तर पाएँ। हल्लेलूयाह!" तर यस विषयमा हामीले बुझ्नुपर्ने कुरा के हो भने हृदयमा शैतानको चरित्रहरूलाई आफ्नो जीवनमा स्थान दिने व्यक्तिले प्रार्थनाको उत्तर परमेश्वरबाट होइन शैतानबाट पाउँदछ। शैतान, दुष्ट र भूतहरूसँग पनि शक्ति हुने भएकोले गर्दा तिनीहरूको सहायताद्वारा मानिसले आश्चर्यकर्महरू गर्नसक्छ। आजभोलि धेरैजना व्यक्तिहरूले आफ्नो प्रार्थनाको उत्तर परमेश्वरबाट हो अथवा शैतानबाट हो भनेर छुट्ट्याउन सक्दैनन् किनभने तिनीहरूको आत्मिक आँखा खुलेको हुँदैन। त्यस्ता व्यक्तिहरूलाई शैतानले सजिलै झुक्याएर भ्रममा पार्न सक्छ। आत्मिक आँखा खुलेका अनि आत्मा छुट्ट्याउने वरदान भएका इसाईहरूले त्यस प्रकारको फेइराजो इसाईहरूलाई सजिलै चिन्न सक्छन्।

धेरै इसाईहरूको मनमा यस्तो प्रश्न हुन्छः "प्रार्थनाको उत्तर पाउनको लागि कस्तो जीवनशैली र मनोवृत्ति हुनुपर्दछ त?" साँच्चै भन्ने हो भने प्रत्येक इसाईले यो प्रश्नलाई गम्भीरताका साथ मनन गर्नुपर्दछ। छोटकरीमा यस प्रश्नको उत्तर यस्तो छः "हृदय शुद्ध भएका अनि परमेश्वरको इच्छा योजनाहरूलाई पूरा गर्ने इसाईहरूले गरेको प्रार्थनाको उत्तर परमेश्वरले दिनुहुन्छ।" त्यसकारण प्रार्थनाद्वारा केही कुरा माग्नुभन्दा पहिले आफूले आफैलाई जाँच्नुपर्दछ। 'मैले परमेश्वरसँग मागेको कुराबाट उहाँको महिमा हुन्छ कि हुँदैन' भन्ने कुरामा हामीले गहिरिएर विचार गर्नुपर्दछ। क्रूसमा चढ्नुभन्दा अघिल्लो रात प्रभु येशूले यसरी प्रार्थना गर्नुभयोः "अब्बा, पिता, तपाईंको निम्ति सबै कुरा सम्भव छ। यो कचौरा मबाट हटाइदिनुहोस्। तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाईंले इच्छा गर्नुभएजस्तो होस्" (मर्कूस १४ः३६)। यस खण्डबाट हामीले प्रार्थनासम्बन्धी महत्वपूर्ण निर्देशन पाउँदछौँ। यस्तै मनोवृत्ति लिएर प्रार्थना गर्‍यौँ भने अवश्य परमेश्वरले हामीलाई उत्तर दिनुहुन्छ।

धेरै व्यक्तिहरूले रोग-बिरामी चङ्गाइ होस् भनी परमेश्वरसँग प्रार्थना गर्ने गर्दछन् र केहीले चाहिँ धन-सम्पत्ति प्राप्त गर्नको निम्ति, काम सफल पार्नको निम्ति, पढाइमा सफलता पाउनको निम्ति र सुहाउँदो जोडी पाउनको निम्ति प्रार्थना गर्ने गर्दछन्। यस्ता प्रार्थनाहरूमध्ये कुनैको उत्तर तुरुन्त आउँदछ तर कुनैको उत्तर अलि ढिला आउँदछ र कुनै-कुनैको चाहिँ उत्तर नै आउँदैन। परमेश्वर सर्वज्ञानी हुनुभएको कारणले गर्दा हामीले कुन उद्देश्यले प्रार्थना गरेका हौँ भन्ने कुरा

जान्नुहुन्छ र त्यसको उत्तर दिन उचित छ कि छैन भन्ने कुरा पनि पहिले नै उहाँलाई थाहा हुन्छ। उहाँले हाम्रो मनमा भएका गुप्त कुरा पनि थाहा पाउनुहुन्छ। यस विषयमा धर्मशास्त्रले यसरी बताउँदछ।

*... परमप्रभुले हरेक हृदय जाँच्नुहुन्छ र मानिसको हरेक विचारलाई थाहा पाउनुहुन्छ* (१ इतिहास २८ः९)।

परमेश्वरसँग धन-सम्पत्तिको लागि प्रार्थना गर्ने केही व्यक्तिहरूले उत्तर पाउँदैनन् किनभने त्यसको कारणले गर्दा उक्त व्यक्तिको मन परिवर्तन हुनेछ र उहाँबाट टाढा जानेछ भन्ने कुरा उहाँ जान्नु हुन्छ। मानिस स्वार्थी भएकोले गर्दा प्रायः समस्या र घटी-कमीमा हुँदा परमेश्वरको नजिकमा रहन्छ तर भौतिक रूपमा प्रसस्तताको जीवन जिउन थालेपछि चाहिँ परमेश्वरलाई बिर्सन्छ। यस्ता घटनाहरू संसारभरिको इसाई समुदायमा प्रत्यक्ष देख्न सकिन्छ। हाम्रै वरिपरि हेर्ने हो भने पनि धन-सम्पत्तिको कारण पतन भएका इसाईहरू प्रसस्त पाउन सकिन्छ। यस्तै कुराले गर्दा कयौं अगुवाहरूको सेवकाइ तहसनहस भइसकेको छ। यो रहस्यलाई राम्रोसँग बुझेका हुनाले सन्त पावले यसरी शिक्षा दिएका छन्।

*किनभने रुपियाँ-पैसाको मोह नै सबै किसिमका खराबीको जड हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्* (१ तिमोथी ६ः१०)।

परमेश्वरको महिमा र उहाँको राज्य विस्तार हुने काम गर्ने इसाईहरू आफ्नो प्रार्थनाको उत्तर एकदिन पक्कै आउनेछ भन्ने कुरामा ढुक्क हुन्छन्। हामीले यस्ता अगुवाहरूलाई पनि देख्दछौं, जसको सेवकाइ अत्यन्त फलवन्त छ र उहाँहरूको आवश्यक्ताहरू परमेश्वरले अचम्म रीतिले जुटाइरहनुभएको छ।

यस विषयमा मुख्य कुरा यही हो कि कस्तो उद्देश्य र अभिप्रायसहित हामी प्रार्थना गर्दछौं र हाम्रो हृदयको अवस्थाचाहिँ कस्तो छ? प्रार्थनाको उत्तर आउने अथवा नआउने भन्ने कुरा यसैद्वारा थाहा पाउन सकिन्छ। अर्को महत्वपूर्ण पक्ष के हो भने परमेश्वरसँग मागको धन-सम्पत्तिलगायत अन्य भौतिक कुराहरू पाएपछि त्यसलाई सम्हालेर सही प्रकारले परमेश्वरको महिमा हुने प्रकारले प्रयोग गर्न सक्छ कि सक्दैन भन्ने कुरामा उहाँले विशेष चासो राख्नुहुन्छ।

परमेश्वरसँग कुनै कुरा माग्नुभन्दा पहिले हामीले यसरी प्रार्थना गर्नुपर्दछः "प्रभु, तपाईंलाई मेरो अवस्था र आवश्यक्ताहरू थाहा छ। यदि मैले मागेको कुराले मलाई भ्रष्ट तुल्याएर तपाईंबाट टाढा लैजान्छ भने, त्यस्ता कुराहरू मलाई चाहिंदैन तर यदि ती कुराहरूबाट तपाईंको महिमा र तपाईंको इच्छाहरू पूरा हुन्छ भने कृपा गरेर मलाई दिनुहोस्। तपाईं यहोवा यिरे (Jevoha Jire) अथवा जुटाउनु हुने परमेश्वर हुनुहुन्छ। मेरो आवश्यक्ताहरू पूरा गरिदिनुहोस्।"

अहिले संसारमा हामी कमजोर प्राणी हौं, त्यसकारण कहिलेकाहीं सानो-सानो कुराले पनि हामीलाई वाधा दिन्छ भन्ने कुरा भुल्नुहुँदैन। । यदि हामी परमेश्वरको महिमा हुने काम गर्न थाल्दछौं भने शैतानालाई त्यो मन पर्दैन र त्यसले वाधा दिनको निम्ति विभिन्न प्रकारका समस्याहरू खडा गरिदिन्छ। वास्तवमा भन्ने हो भने आफ्नै मानवीय बल-बुद्धिमा हामी केही पनि गर्न सक्दैनौं, त्यसको निम्ति सधैँ हामीलाई पवित्र आत्माको शक्ति र मार्गनिर्देशन आवश्यक पर्दछ। यो कुरा बुझ्न नसक्ने व्यक्तिले परमेश्वरको सेवकाइ प्रभावकारी ढङ्गले गर्न सक्दैन। धेरै इसाईहरू धन-सम्पत्ति, मान-इज्जत र ठूलो पद पाउनको लागि सेवकाइमा उत्रने गर्दछन्। यस्ता व्यक्तिहरू आफूलाई नम्र र सहनशील तुल्याएर पवित्र आत्माको अगुवाइमा अघि बढ्न नसक्ने हुनाले सानो परीक्षा आउँदा पनि त्यसको सामना गर्न सक्दैनन् र पछि हट्ने गर्दछन्।

यस्ताखाले फेइराजो इसाईहरूले आफ्नो लक्ष्य र गन्तव्यलाई घरिघरि बदल्ने गर्दछन्। धर्मशास्त्रमा लेखिएको यस खण्डले हामीलाई त्यसबारे शिक्षा र सान्त्वना मिल्दछ।

*तिमीहरूका जीवन रुपियाँ-पैसाको मोहबाट अलग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ"* (हिब्रू १३:५)।

याकूब ४:४ मा यस्तो लेखिएको छः व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ, त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ। यस पदको अर्थ थाहा पाउनको लागि व्यभिचार दुइ प्रकारको हुन्छ भन्ने कुरा हामीले बुझ्नुपर्दछ।

१. शारीरिक व्यभिचार (Physical Adulery)
२. आत्मिक व्यभिचार (Spiritual Adultery)

शारीरिक व्यभिचार र त्यसको परिणामहरूको बारेमा प्रायः सबैलाई थाहा हुने भएकोले यहाँ चर्चा गरिरहन आवश्यक छैन तर आत्मिक व्यभिचारको विषयमा हामी अति नै होसियार हुनुपर्दछ। मूर्तिपूजालाई इसाई भाषामा आत्मिक व्यभिचार भनिन्छ। शायद इसाईहरूले विभिन्न देव-देवीहरूको मूर्ति बनाएर पूजा त नगर्लान् तर धन-सम्पत्ति, पद-प्रतिष्ठा, मानवीय बल-बुद्धि र शैक्षिक योग्यताको प्रमाण-पत्रहरूलाई धेरैले आफ्नो जीवनको मूर्ति बनाएका छन्। यस्ता कुराहरू त्यति ठूलो नलागे तापनि हामी यसप्रति गम्भीर हुनुपर्दछ।

याकूबको समयमा भएका मण्डलीहरूमा यस्ता समस्याहरू थिए।

१. लडाइँ (Fighting)
२. झगडा (Quarrelling)
३. गलत मनोवृत्ति (Wrong Motive)
४. शारीरिक र आत्मिक व्यभिचार (Physical & Spiritual Adultery)

तत्कालीन फेइराजो इसाईहरूको जीवनमा भएका यस्ता नराम्रा कुराहरूलाई हटाएर मण्डलीलाई स्वस्थ राख्नको लागि याकूबले महत्वपूर्ण शिक्षा दिएका छन्, जुन अहिलेको समयमा पनि उत्तिकै उपयोगी र लाभदायी ठहर्छ। उनी यसो भन्दछनः *के तिमीहरू यो सम्झन्छौ, कि पवित्र-धर्मशास्त्रले व्यर्थमा यसो भन्दछ, हामीमा परमेश्वरले राख्नुभएका आत्माको निम्ति उहाँ तीव्र डाह राख्नुहुन्छ, तर उहाँले अझ बढी अनुग्रह दिनुहुन्छ? यसैकारण पवित्र-धर्मशास्त्र यसो भन्दछ, "परमेश्वरले अभिमानीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ"* (याकूब ४:५-६)

यहाँ याकूबले हितोपदेश ३:३४ को खण्डलाई उद्धृत गरेका छन्। यस खण्डमा परमेश्वरबाट अनुग्रह र आशिष् पाउनको लागि नम्र बन्नुपर्दछ भन्ने कुरा लेखिएको छ। नम्र बन्नको लागि मत्ती ५ अध्ययामा प्रभु येशूले डाँडाबाट दिनुएको आशिषित संदेशहरू पालना गर्नुपर्दछ। आत्मामा दीन हुने अनि आफ्नो हृदयमा भएका नराम्रा कुराहरूप्रति शोक गर्ने व्यक्ति नम्र हुनसक्छ भन्ने कुरा त्यहाँ लेखिएको छ (मत्ती ५:३-५)।

आफूलाई नम्र पार्न इच्छुक व्यक्तिले यसरी प्रार्थना गर्नुपर्दछः "प्रभु, मेरो हृदय लडाइँ, झगडा, गलत सोच-विचार र व्यभिचारजस्ता खराब कुराहरूले भरिएको छ, जसको कारणले गर्दा म अरूलाई दया, माया, र क्षमा गर्न सक्तिनँ। कृपया, मलाई तपाईंले सहायता गर्नुहोस्।" जब हामी यस प्रकारले

शोक गर्दै प्रार्थना गर्दछौँ, तब हाम्रो मनोवृत्तिप्रति परमेश्वर प्रसन्न हुनुहुनेछ। हामी कमजोर भएको कारणले गर्दा जानी-नजानीकन जीवनभरि नै पाप गरिरहन्छौँ। त्यसकारण मानिस आफ्नो प्रयासद्वारा कहिल्यै पनि परमेश्वरको सामु धर्मी ठहरिन सक्दैन भन्ने कुरा हामीले बिर्सनु हुँदैन।

*यसकारण आफैलाई परमेश्वरको अधिनमा राख। दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ। परमेश्वरको नजिक आओ, र उहाँ तिमीहरूका नजिक आउनुहुनेछ। पापी हो! तिमीहरूका हात चोखा पार। दोमनका मानिस हो! तिमीहरूका हृदय शुद्ध पार। दुःखी होओ, शोक गर, र रोओ। तिमीहरूको हाँसो शोकमा र तिमीहरूको आनन्द खिन्नतामा परिणत होस्। प्रभुको सामने आफूलाई विनम्र तुल्याओ, र उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ* (याकूब ४:७-१०)।

आफ्नो हृदय शुद्ध पार्ने क्रममा यदि हामी आत्मामा दीन-दुःखी बन्छौँ, शोक गर्छौं, र रुन्छौँ भने हामीभित्र भएका तीतोपनको जराहरू हल्लिएर बिस्तारै निस्केर जान थाल्नेछन् र त्यसको फलस्वरूप हाम्रो हृदय शुद्ध हुँदै जानेछ। यस्तो काम एक-दुइपटक मात्र गरेर पुग्दैन तर आफूलाई नम्रतामा ल्याउनको लागि जीवनभरि नै अभ्यास गरिरहनुपर्दछ। यस प्रकारको प्रक्रियाद्वारा हामीले आफ्नो हृदय शुद्ध भएको, मनोवृत्ति परिवर्तन भएको अनि आत्मिक आँखा खुलेको अनुभव गर्नसक्छौँ साथै परमेश्वरको अनुग्रह हामीप्रति प्रकट भएको कुरा पनि थाहा गर्नसक्छौँ।

*भाइ हो, एउटाले अर्काको विरुद्धमा खराब कुरा नगर। जसले आफ्नो भाइको विरुद्धमा खराब बोल्छ, अथवा आफ्नो भाइलाई दोष लाउँछ, त्यो व्यवस्थाको विरुद्धमा बोल्छ, र त्यसले व्यवस्थाको दोष देखाउँछ। तर यदि तिमीले व्यवस्थाको दोष देखाउँछौ भने त तिमी व्यवस्थाबोमजिम चल्ने भएनौ, तर व्यवस्थाको न्यायकर्ता पो भयौ। व्यवस्था दिने र न्यायकर्ता त एउटै हुनुहुन्छ, जसले बचाउन र नाश गर्न पनि सक्नुहुन्छ। तर आफ्नो छिमेकीलाई दोष लाउने तिमीहरू को हौ* (याकूब ४:११-१२)।

हामीले अरूलाई दोष लगाउने र न्याय गर्ने काम गर्नुहुँदैन भविष्यमा एकदिन स्वयम् प्रभु येशूले प्रत्येक व्यक्तिको उचित प्रकारले न्याय गर्नुहुनेछ भन्ने कुरामा हामीले धिरज राख्नुपर्दछ। परमेश्वरले अहिले हामीबाट अपेक्षा गर्नुहुने कुरा चाहिँ 'क्षमादान' हो। परमेश्वरले हामीमा भएको सिन्दुरे रङ्गका सबै पापहरूलाई उहाँको रगतले धोएर हिउँजस्तै सेता पारिदिनुहुन्छ (यशैया १:१८)। त्यसकारण हामीले पनि आफ्नो विरुद्धमा भएका व्यक्तिहरूलाई क्षमा र स्वीकार गर्नुपर्दछ। यस विषयमा प्रभु येशूले यस्तो आज्ञा दिनुभएको छ।

*तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर* (मत्ती ५:४४)।

*हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ* (मत्ती ६:१२)

*किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन* (मत्ती ६:१४-१५)।

प्रभुले दिनुभएका यी आज्ञाहरू पालन गर्ने व्यक्तिले अरूको आलोचना गर्ने, कुरा काट्ने, न्याय गर्ने र अरूलाई दोष लगाएर बदनाम गर्नेजस्ता काम-कुरा

त्यागेर आफ्नो हृदयलाई फराकिलो तुल्याएर आफ्नो विरुद्धमा लाग्नेहरूलाई पनि अङ्गालोमा बाँधेर तिनीहरूको भलाइको लागि प्रार्थना गर्नसक्छ। तर नम्रताविना यस्तो प्रकारको कुराको अपेक्षा गर्न असम्भव नै हुन्छ। वास्तवमा भन्ने हो भने आफूलाई खेदो गर्ने व्यक्तिहरूलाई क्षमा गरेर प्रेम र स्वीकार गर्नको लागि ठूलो आत्मिक शक्ति चाहिन्छ।

आफ्नो कमजोरीहरूलाई मूल्याङ्कन गरेर नम्र हुँदै जाने फेइरास्मोस इसाईहरूलाई याकूबले चरणवद्ध रूपमा दिएका शिक्षाहरूलाई यहाँ दिइएको छ।

१. आफूलाई परमेश्वरको अधिनमा राख्नु (याकूब ४:७)
२. शैतानको (दियाबलसको) विरोध गर्नु (याकूब ४:७)
३. परमेश्वरको नजिक जानु (याकूब ४:८)
४. आफ्नो हात चोखो पार्नु (पश्चात्ताप गर्नु) (याकूब ४:८)
५. हृदय शुद्ध बनाउँदै जानु (याकूब ४:८)
६. दुःखी हुनु, शोक गर्नु र रुनु (याकूब ४:९)
७. प्रभुको सामु विनम्र हुनु (याकूब ४:११)
८. अरूको विरुद्धमा खराब कुरा नगर्नु (याकूब ४:१०)
९. अरूको न्याय नगर्नु (याकूब ४:११-१२)

मण्डलीलाई स्वस्थ र तन्दुरुस्त राखेर परमेश्वरको राज्य विस्तारको कामद्वारा उहाँको महिमा गर्नको निम्ति याकूबले झैँ पावलले पनि महत्वपूर्ण शिक्षाहरू दिएका छन्। तीमध्ये केही उपयोगी बाइबल खण्डहरू यहाँ दिइएको छ।

*यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर। सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर* (एफिसी ४:१-३)।

*यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने, तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूको हितलाई पनि हेर* (फिलिप्पी २:१-५)।

आफ्नो हृदय शुद्ध नपार्ने फेइराजो इसाईहरूसँग शैतान र त्यसको सेनाहरू डराउँदैनन्। त्यस्ता व्यक्तिहरूले येशूको नाउँमा दुष्टलाई हकार्दा त्यो हाँस्छ। आत्मिक शक्ति र अधिकार प्रयोग गर्ने कुरा बाहिरी रूप-रङ्ग, शारीरिकि बल र मुखले बोल्ने शब्दहरूमा होइन तर मानिसको भित्री मनुष्यत्व अथवा अन्तस्करणमा आधारित हुन्छ भन्ने कुरा फेइराजो इसाईहरूले बुझ्न सक्दैनन्। कुनै विषयको लागि प्रार्थना गर्नुभन्दा पहिले हामीले यस्ता आत्मिकी कुराहरू बुझ्नुपर्दछ भन्ने कुरामा याकूबले जोड दिएका छन्। यस खण्डको महत्वपूर्ण पाठ के हो भने आफूलाई नम्र तुल्याएर परेमश्वरको नजिक जाने व्यक्तिलाई परमेश्वरले उच्च पार्नुहुनेछ (याकूब ४:१०)। यो कुरा पृथ्वीमा मात्र लागू हुने होइन, स्वर्गको राज्यमा पनि त्यस्ता आशिषित इसाईहरूलाई परमेश्वरले उच्च स्थानमा नियुक्त गर्नुहुनेछ। यस कुरालाई मध्यनजर गर्दै नम्रतासाथ प्रार्थना गर्नुपर्ने कुरामा हामीले सधैँ ध्यान पुऱ्याउनुपर्दछ।

# धन-सम्पत्तिबारे फेइराजो इसाईहरूको सांसारिक दृष्टिकोण

## UNGODLY WORLDVIEW OF MONEY AMONG THE PHEIRAZO CHRISTIANS

*"आज वा भोलि हामी फलानो शहरमा जाऔँला, त्यहाँ एक वर्ष बिताऔँला र व्यापार गरेर नाफा गरौँला" भन्नेहरू अब सुन, भोलि के हुने हो तिमीहरू जान्दैनौ। तिम्रो जिन्दगी के छ? तिमीहरू त तुवाँलो हौ, जो केही बेरको निम्ति देखा पर्छ, अनि हराइहाल्छ। यसको सट्टामा त तिमीहरूले यसो भन्नुपर्ने, "यदि परमेश्वरको इच्छा भयो भने हामी बाँचौँला र यस्तो-उस्तो गरौँला।" तर अहिले तिमीहरू आ-आफ्ना शेखीमा धाक लाउँछौ। यस्तो सबै शेखी खराब हो। यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन, त्यसले पाप गर्छ* (याकूब ४:१३-१७)।

यस खण्डमा याकूबले धनी फेइराजो इसाईहरूको सांसारिक दृष्टिकोण र त्यससम्बन्धी उचित शिक्षा दिएका छन्। फेइराजो इसाईहरू धन-सम्पत्तिलगायत अन्य सांसारिक थोकहरूप्रति विशेष चासो राख्दछन् भन्ने कुरा हामीले थाहा पाइसकेका छौँ। आजभन्दा २,००० वर्षअघिको फेइराजो इसाई समुदायलाई हेर्ने हो भने, यद्यपि तिनीहरूसँग प्रसस्त सम्पत्ति थियो तैपनि अझ धेरै कसरी जम्मा गर्न सकिन्छ भनेर तिनीहरू रातदिन विचार गरिरहन्थे। अफसोसको कुरा के हो भने ती व्यक्तिहरूले आफूसँग भएको धन-सम्पत्ति आफ्नै अभिलाषाहरू पूरा गर्नको लागि मात्र खर्च गर्ने गर्दथे तर परमेश्वरको सेवकाइ र खाँचोमा परेकाहरूका निम्ति त्यो प्रयोग गर्ने गर्दैनथे। तत्कालीन स्थानीय मण्डलीहरूमा धेरै अनाथ, विधवा र गरिब व्यक्तिहरू हुने गर्थे तर ती धनी व्यक्तिहरूले तिनीहरूलाई सहायता गर्दैनथे। मण्डली भवन निर्माण गर्ने र त्यहाँको निम्ति आवश्यक परेका कुराहरू जुटाउने कुरामा पनि तिनीहरूले चासो देखाउँदैनथे। त्योभन्दा पनि अझ दुःख लाग्दो कुरा के थियो भने तिनीहरूले मण्डलीमा सही ढङ्गले दशांश दिँदैनथे। दशांशसम्बन्धी बाइबलमा परमेश्वरको आज्ञा यस्तो छ।

*के कुनै मानिसले परमेश्वरलाई लुट्छ र? तापनि तिमीहरू मलाई लुट्दछौ। तर तिमीहरू सोध्छौ, "कसरी हामीले तपाईंलाई लुटयौँ र?"*

*"दशमांशको भेटीमा। सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ- तिमीहरू सम्पूर्ण जातिले। सम्पूर्ण दशमांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्..."* (मलाकी ३:८-१०)।

ती धनी फेइराजो इसाईहरू परमेश्वरको वचनप्रति आज्ञाकारी नहुने भए तापनि मण्डलीमा चाहिँ एल्डर, डिकनजस्ता माथिल्लो पदमा रहेर अरूहरूलाई अगुवाइ र शासन गर्ने गर्दथे। तिनीहरूसँग भएको धन-सम्पत्तिको कारण समाजमा तिनीहरू उच्च वर्ग र प्रतिष्ठित व्यक्तिको रूपमा चिनिन्थे। आफूलाई अरूले मान-सम्मान र आदर गरेको तिनीहरू रुचाउँथे। तिनीहरूको दृष्टिकोणलाई विचार गर्दा धन-सम्पत्ति नै नितीहरूको मुख्य प्राथमिकता थियो। तिनीहरू येशूलाई भन्दा पनि बढी रुपैयाँ-पैसालाई माया गर्ने गर्दथे। वास्तवमा भन्ने हो भने धन-सम्पत्ति नै तिनीहरूको प्रभु र मालिक थियो। त्यस प्रकारको कुराहरूले तिनीहरूको जीवनमा मूर्तिपूजाको रूप लिएको थियो। एकदिन आफूसँग भएको ती सबै कुराहरू छोडेर जानुपर्छ भन्ने कुरामा तिनीहरूले ध्यान

दिँदैनथे। मानिसको जीवन तुवाँलो जस्तो हो, जुन केही समयपछि हराएर जान्छ भन्ने दृष्टान्तद्वारा याकूबले त्यस्ता नामधारी इसाईहरूलाई महत्वपूर्ण पाठ सिकाएका छन्। यस्ता व्यक्तिहरू आजभोलिको प्रायः सबै सम्प्रदायभित्र भएको इसाई समुदायहरूभित्र पाउन सकिन्छ। हामीले बुझ्नुपर्ने कुराचाहिँ के हो भने त्यस्ता व्यक्तिहरूका विश्वास मरेको हुन्छ (याकूब २ः१७)।

*धनी मानिस हो! सुन, तिमीहरूमाथि आइपर्ने कष्टहरूका निम्ति रोओ र विलाप गर। तिमीहरूको धन सडेको छ, र तिमीहरूका पोशाकहरू कीराले खाएका छन्। तिमीहरूका सुनचाँदीमा कस लागेको छ, र त्यही कस तिमीहरूका विरुद्धमा साक्षी हुनेछ, र आगोले जस्तै तिमीहरूको शरीर खानेछ। तिमीहरूले आखिरी दिनहरूका निम्ति धन साँचेका छौ। जुन खेतालाहरूले तिमीहरूका खेतका बाली काटेका छन्, तिमीहरूले धोखाबाजी गरेर नदिएको तिनीहरूको ज्याला नै कराउँछ, र ती बाली काट्नेहरूको पुकारा सेनाहरूका परमप्रभुका कानसम्मै पुगेको छ। तिमीहरू यस पृथ्वीका सुख-विलास र मोजमज्जामा मस्त भएर बसेका छौ। बलिका दिनको निम्ति तिमीहरूले आफैलाई पुष्टाई राखेका छौ। तिमीहरूको विरोध नगर्ने धर्मात्मालाई दोषी ठहराएर तिमीहरूले मारेका छौ* (याकूब ५ः१-६)।

यस खण्डमा याकूबले फेइराजो इसाईहरूलाई सांसारिक धन-सम्पत्तिबारे निरन्तर रूपमा कडा शिक्षा दिएका छन्। तिनीहरूको धन-सम्पत्तिद्वारा परमेश्वरको महिमा नहुने भएकोले गर्दा त्यो सडेको छ, तिनीहरूका बहुमूल्य पोशाकहरूमा कीरा लागेको छ अनि तिनीहरूका सुनचाँदीका गहनाहरूमा कस लागेको छ भनी याकूबले हप्काएका छन्। स्वार्थ र लोभले भरिएका त्यस्ता व्यक्तिहरू काट्नको लागि पालिराखेको मोटा-मोटा पशुहरूजस्तै हुन् भनी तिनले व्यङ्गात्मक रूपमा आफ्नो भनाइ व्यक्त गरेका छन्। तिनीहरूलाई चेताउनी दिँदै याकूब यसो भन्दछन्ः "भविष्यमा तिमीहरूमाथि आइपर्ने कष्टहरूका लागि रोएर विलाप गर।" याकूबको समयका धनी फेइराजो इसाईहरूले गर्ने अर्को नराम्रो कामचाहिँ के हो भने तिनीहरूले अरूलाई धोखापूर्ण तरिकाले शोषण गरेर धन-सम्पत्ति कमाउँथे। त्यसको साथै निर्दोष व्यक्तिहरूलाई हत्या गर्ने काममा पनि तिनीहरू सहभागी हुन्थे।

तिनीहरू नष्ट भएर नजाऊन् भन्ने कुरा याकूब चाहन्थे। त्यसैकारण उनी पत्रमार्फत तिनीहरूलाई चेताउनीपूर्ण शिक्षा दिएर सुधार गर्न चाहन्थे। याकूबको पत्रमा भएका यस्ता शिक्षाहरूले वर्तमान समयका फेइराजो इसाईहरूलाई ठूलो चुनौति, चेताउनी र शिक्षा मिल्दछ। यदि यी शिक्षाहरूबाट त्यस्ता व्यक्तिहरूले आफ्नो दृष्टिकोण र जीवनशैली परिवर्तन गरे भने भविष्यमा हुने भयङ्कर न्यायबाट जोगिनेछन्।

# फेइरास्मोस इसाईहरूका निम्ति सर-सल्लाह र उत्साह

## ADVICE & ENCOURAGEMENT TO THE PHEIRASMOS CHRITIANS

याकूबको पत्रको अन्तिम खण्ड (याकूब ५:७-२०) फेइरास्मोस इसाईहरूका लागि लेखिएको हो भन्ने कुरा हामीले यसको संरचना अध्ययन गर्ने क्रममा नै थाहा पाइसक्यौँ। त्यसलाई केलाएर हेर्ने हो भने सुरु र अन्त्य गरी याकूबले दुइ ठाउँमा फेइरास्मोस इसाईहरूलाई सम्बोधन गरेर महत्वपूर्ण शिक्षा दिएका छन्। याकूब १:२-१२ सम्मको खण्डमा तिनले असल इसाईहरूका जीवनमा आइपर्ने फेइरास्मोस दुःख-कष्टहरूका रहस्यको बारेमा बताएका छन् भने याकूब ५:७-२० को अन्तिम खण्डमा चाहिँ केही व्यवहारिक विषयहरूमा सल्लाह-सुझाव र उत्साह दिएका  छन्, जसलाई हामी क्रमैसँग चर्चा गर्नेछौँ।

### (१) धैर्य धारण गरेर हृदयलाई स्थिर गराउनु

*यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर। हेर, भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण गरेर पखिरहन्छ। तिमीहरूले पनि धैर्य धारण गर। आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन नजिकै छ। भाइ हो, एउटाले अर्काको विरुद्धमा गनगन नगर, नत्रता तिमीहरू दोषी ठहरिनेछौ। हेर, न्यायकर्ता ढोकैमा हुनुहुन्छ। भाइ हो, कष्ट-भोग र धैर्यको उदाहरण कस्तो हुनुपर्ने हो, सो प्रभुको नाउँमा बोल्ने अगमवक्ताहरूलाई हेर। हेर, धैर्य धारण गर्नेहरूलाई हामी धन्यका भन्छौँ। तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनका छौ, र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय र कृपालु हुनुहुन्छ* (याकूब ५:७-८)

इसाईहरू आफ्नो विश्वासमा स्थिर भई परमेश्वरको प्रतिज्ञा र भविष्यको जीवित आशालाई सम्झेर जस्तोसुकै अवस्थामा पनि धिरजी हुनुपर्दछ। किसानले खेती लगाएपछि फसल नपाएसम्म घाम-पानी सहेर काम गरिरहन्छ। उसले खन-जोत गर्ने, मल-जल गर्ने र गोड-मेल गर्नेजस्ता काममा निरन्तर परिश्रम गरिरहन्छ। अनि त्यो सबै कामको फल कटनीको दिनमा पाउँदछ। जसरी किसान अन्न बालीको निम्ति स्थिर र धिरजी हुन्छ, त्यसै गरी हामीहरू परमेश्वरको राज्य र त्यहाँ पाइने इनाम र उच्च स्तरप्रति जीवनभरि विना गनगन धिरजी भई प्रतिक्षा गरिरहनुपर्दछ। यसो गर्ने क्रममा हामीले प्रभुको निम्ति जीवन दिने समर्पित अगमवक्ताहरूको स्थिरता, त्याग र धैर्यतालाई स्मरण गर्नुपर्दछ।

अय्यूबले धर्मी जीवन जिउँदा-जिउँदै पनि भयङ्कर सङ्कष्ट भोग्नुपर्‍यो भन्ने कुरा सबैलाई थाहा छ। तिनले आफ्नो जग्गा-जमिन, खेती-पाती र पशुहरू मात्र होइन छोराछोरीहरू पनि गुमाउनुपर्‍यो। त्यति मात्र होइन तिनको शरीरमा ठूलो समस्या आईपर्‍यो तैपनि तिनी धिरजी भएर परमेश्वरप्रतिको विश्वास र भक्तिमा स्थिर रहिरहे। त्यसको फलस्वरूप पछि तिनले परमेश्वरबाट ठूलो आशिष् पाएर सुदिन देख्न पाए। फेइरास्मोस इसाईहरूका जीवनमा आइपर्ने दुःख-कष्टहरूको रहस्य यो उदाहरणबाट हामी स्पष्टसँग बुझ्नसक्छौँ। मुख्य कुराचाहिँ यही हो कि धैर्यता र स्थिरताको कारणले गर्दा नै अय्यूबले पहिलेको

भन्दा दोब्बर आशिष् पाउन सकेका थिए। फेइरास्मोस इसाईहरूमा पनि त्यस्तै मनोवृत्ति हुनुपर्दछ।

### (२) शफथ नखानु

*मेरा भाइ हो, सबै कुराभन्दा पहिले स्वर्गको वा पृथ्वीको अथवा अरू कुनै कुराको शपथ नखाओ, तर दोषी नठहरिनलाई तिमीहरूको "हो" –चाहिँ "हो" र "होइन"-चाहिँ "होइन" होस्* (याकूब ५:१२)।

यदि हामी आफ्नो बोलिवचनप्रति होसियार छौँ र जिब्रोलाई सही प्रकारले प्रयोग गर्दछौँ भने शफथ खानु आवश्यक छैन। प्रतिज्ञा गर्ने तर त्यसलाई बिर्सने अथवा पूरा नगर्ने धेरैको बानी हुन्छ। यस विषयमा हामीले बुझ्नुपर्ने कुरा के हो भने प्रतिज्ञा गरेको कुरा गर्न नसक्नुभन्दा त प्रतिज्ञा नै नगर्नु असल हो किनभने यसो गर्नाले हामी दोषी ठहरिएर पापमा पर्नबाट जोगिन्छौँ। विनासित्तै शफथ नखानको लागि यहाँ याकूबले फेइरास्मोस इसाईहरूलाई सल्लाह दिएका छन्।

### (३) दुःख-कष्टमा प्रार्थना गर्नु अनि आनन्दित अवस्थामा प्रशंसाको भजन गाउनु

*के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्* (याकूब ५:१३)।

प्रार्थना इसाई जीवनको नभई नहुने अति महत्वपूर्ण भाग हो। यसले हामीलाई आत्मिक शक्ति दिन्छ। प्रार्थना गर्दा मुखबाट मीठो-मीठो शब्दहरू मात्र निकाल्ने होइन तर त्यसबेला आफ्नो हृदयलाई येशूको हृदयसँग मिलाएर उहाँसँग दोहोरो सञ्चार गर्ने कोसिस गर्नुपर्दछ। हृदय शुद्ध भएका व्यक्तिले त्यसरी प्रार्थना गरेमा परमेश्वरले उसको प्रार्थनाको उत्तर दिनुहुन्छ। जब प्रार्थनाको उत्तर पाउँदछौँ, तब हामी खुसीसाथ परमेश्वरलाई धन्यवाद दिएर प्रशंसाको भजनहरू गाउने गर्दछौँ। यसै गर्नको लागि यहाँ याकूबले पनि उत्साह दिएका छन्।

### (४) बिरामीको निम्ति प्रार्थना गर्नु

*के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून् र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। यसकारण तिमीहरू  एउटाले अर्कासँग आ-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ। एलिया पनि त हामीहरूको जस्तै स्वभाव भएका मानिस थिए। तिनले पानी नपरोस् भनेर भक्तिसाथ प्रार्थना गरेका थिए, र तीन वर्ष छ महीनासम्म पृथ्वीमा पानी परेन। तिनले फेरि प्राथना गरे, र आकाशबाट वर्षा भयो, र भूमिले उब्जनी दियो* (याकूब ५:१४-१८)।

रोगी बिरामीहरूलाई प्रार्थनाद्वारा चङ्गाइ गर्नको लागि प्रभु येशूले इसाईहरूलाई अधिकार दिनुभएको छ (मर्कूस १६:१८)। मण्डलीका अगुवाहरूले तेलको अभिषेकद्वारा बिरामीहरूका लागि प्रार्थना गरून् भनी याकूब सल्लाह दिन्छन्। यस प्रकारको कामको लागि फेइरास्मोस पास्टर, एल्डर, डिकनजस्ता अगुवाहरूलाई निमन्त्रणा दिनुपर्दछ किनभने उहाँहरूको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ तर फेइराजो इसाईहरूको प्रार्थना भने त्यस्तो हुँदैन। यस विषयमा हामीले बुझ्नुपर्ने मुख्य कुरा प्रार्थना गर्ने व्यक्तिको हृदय शुद्ध छ कि छैन भन्ने नै हो। पुरानो करारको समयको अगमवक्ताहरू र एलियाले गरेको

प्रार्थनाको उदाहरण दिएर याकूबले यस विषयलाई बुझाउन कोसिस गरेका छन्।

तेलले अभिषेक गर्ने भन्ने कुरालाई कसैले शाब्दिक अर्थ लगाउँछन् भने कसैले आत्मिक अर्थ लगाउने गर्दछन्। तेलले अहिलेको समयमा औषधिलाई बुझाउँछ भनेर भन्ने इसाईहरू पनि प्रसस्त छन्। तेलले अभिषेक गर्नुलाई आत्मिकी अर्थ लगाउँदा पन्यूमा र पारा-क्लेटोस पवित्र आत्मासँगको सङ्गति र परमेश्वरको वचन मनन गर्ने कुरालाई बुझाउँदछ। यो भनेको पवित्र आत्माद्वारा अभिषेक हुनु हो भनेर बाइबल विद्वान्हरू भन्दछन्। यसै सन्दर्भमा केही बाइबल खण्डहरू यहाँ दिइएका छन्।

*उठ्, प्रकशमान् हो, किनकि तेरो प्रकाश आएको छ, र परमप्रभुको महिमा तँमाथि उदाएको छ। हेर्, अँध्यारोले पृथ्वीलाई, र घोर अँध्यारोले मानिसहरूलाई ढाकेको छ, तर परमप्रभु तँमाथि चम्कनुहुन्छ, र उहाँको महिमा तँमाथि प्रकट हुन्छ* (यशैया ६०:१-२)।

*तर हामीलाई तिमीहरूसँग ख्रीष्टमा दह्रिला पार्नुहुने र हामीलाई अभिषेक गर्नुहुने परमेश्वर नै हुनुहुन्छ* (२ कोरिन्थी १:२१)।

तर तिमीहरूको अभिषेक महापवित्रबाट भएको छ, र तिमीहरू सबैले सत्य जान्दछौ (१ यूहन्ना २:२०)।

*तिमीहरूले उहाँबाट पाएको अभिषेक तिमीहरूमा रहिरहन्छ, र कसैले तिमीहरूलाई सिकाउने आवश्यक्ता पर्दैन। तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन। यस अभिषेकले तिमीहरूलाई सिकाएबमोजिम ख्रीष्टमा रहिरहो* (१ यूहन्ना २:२७)।

### (५) विश्वासबाट पछि हटेका इसाईहरूलाई पुनर्स्थापना गर्नु

*मेरा भाइ हो, यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्यायो भने, त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फिराएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ* (याकूब ५:१९-२०)।

केही इसाईहरूले प्रभु येशूलाई आफ्नो जीवनको प्रभु अनि मुक्तिदाता भनी विश्वास गरे तापनि विभिन्न कारण र परिस्थितिहरूले गर्दा परमेश्वरसँगको सङ्गतिबाट टाढा (Back-slide) हुन्छन्। त्यस्ता व्यक्तिहरू मण्डली र घरेलु सङ्गति आउन इच्छा गर्दैनन् र तिनीहरू येशूलाई तिरस्कार गर्ने अवस्थाको नजिक पुगिसकेका हुन्छन्। प्रभुबाट टाढा भएका त्यस्ता व्यक्तिहरूलाई प्रार्थना र परामर्शद्वारा परमेश्वरको राज्यमा पुनर्स्थापना गर्ने काम महत्वपूर्ण भएका हुनाले त्यसो गर्नको लागि याकूब फेइरास्मोस इसाईहरूलाई अनुरोध गर्दछन्। यदि हामीले त्यसो गर्न सक्यौँ भने पतन हुन लागेको इसाईहरूलाई नरकको अग्निकुण्डमा पर्नबाट जोगाउन सक्छौँ। यदि तिनीहरूले पश्चात्ताप गरे भने प्रभुले तिनीहरूका पापहरूलाई क्षमा गरिदिनुहुनेछ।

याकूबले फेइरास्मोस इसाईहरूका निम्ति दिएका यी महत्वपूर्ण सर-सल्लाह, उत्साह र मार्गनिर्देशन अति नै उपयोगी छन्। यसलाई हामीले अभ्यास गर्न सक्यौं भने परमेश्वरले आशिष् दिनुहुनेछ र भविष्यमा प्रभुबाट इनाम पाउन सक्नेछौँ। यहाँ उल्लेख गरिएका यी पाँच वटा चरणहरूलाई आफ्नो जीवनशैली बनाउने इसाईहरू साँच्चै नै धन्यका हुन्।

# याकूबको पत्रको सारांश

## SUMMARY OF THE EPISTLE OF JAMES

*"भाइ हो, तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ। किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको न्याय अझ कठोर रूपले हुनेछ।"*
(याकूब ३:१)

नयाँ करारमा पाँच जना याकूबहरूका बारेमा चर्चा गरिएको छ, जसमध्ये येशू प्रभुका भाइ याकूबले इ. सं. ४८ मा पाँच अध्यायहरू भएको यो पत्र लेखेका हुन्। याकूब येशूका सुरुका १२ चेलाहरूमा पर्दैनन् र पृथ्वीमा साढे तीन वर्षसम्म सेवकाइ गर्दा याकूबले उहाँमाथि विश्वास गरेनन् तर उहाँको पुनरुत्थानपछि तिनी विश्वासमा आएर प्रेरितहरूलाई पछ्याउन थाले। उनी यरूशलेम मण्डलीको संस्थापकहरूमध्ये पर्दछन् र त्यहाँ उनले मुख्य अगुवाको (बिशपको) भूमिका निभाए। त्यो मण्डली छोटो समयमा निकै वृद्धि भयो तर प्रभु येशूले दिनुभएको महान् आज्ञा (Great Commission) -लाई पालन नगरेको कारणले गर्दा उहाँ त्यसप्रति खुसी हुनुहुन्थेन।

सुसमाचारको खातिर इ. सं. ३३ मा यरूशलेम मण्डलीका डिकन, स्तिफनस सहिद भएपछि त्यहाँ यहूदी अगुवाहरूबाट ठूलो सतावट आयो र त्यहाँका इसाईहरू त्यो मण्डलीबाट छरपस्ट भए। त्यो सबै कुरा परमेश्वरको योजनाअनुरूप नै भएको थियो भनी धेरै बाइबल विद्वान्हरू आफ्ना अवधारणा व्यक्त गर्ने गर्दछन्। सतावटको कारण त्यस मण्डलीका सदस्यहरू संसारको विभिन्न भागहरू, जस्तैः सामरिया, गालील, दमस्कस, एन्टियोक, गलातिया, पोन्टस, कपाडियालगायत अन्य ठाउँहरूमा गएर बसोवास गर्न थाले। आफू पुगेको ठाउँहरूमा तिनीहरूले घरेलु सङ्गतिको रूपमा सानो-सानो मण्डली स्थापना गरी परमेश्वरको सेवा आराधना गर्न थाले। तत्कालीन समयमा संसारको विभिन्न भागहरूमा बस्ने ती यहूदी इसाईहरूले धार्मिक सङ्कष्ट, राजनैतिक सङ्कष्ट, सामाजिक सङ्कष्ट, आर्थिक सङ्कष्ट र पारिवारिक सङ्कष्टहरू भोग्नुपऱ्यो।

इ.सं. ३३ मा सतावटको कारणले गर्दा यरूशलेम मण्डलीका हजारौँ इसाईहरू प्रवासतिर लागेपछि याकूब र पत्रुसले लगभग १५ वर्षसम्म आफ्ना मानिसहरू भएको ठाउँहरूमा गएर तिनीहरूको माझमा सेवकाइ गरे। विभिन्न किसिमका प्रतिकुल परिस्थिति भएर गुज्रिरहेका यहूदी इसाईहरूलाई शिक्षा, उत्साह र चेताउनी दिनको लागि इ. सं. ४८ मा याकूबले यो पत्र लेखेका थिए। धिरजी अनि स्थिर रहने विश्वासयोग्य इसाईहरूलाई यस पत्रमा हौसला दिइएको छ भने परमेश्वको वचनप्रति अनाज्ञाकारी हुने अविश्वासयोग्य इसाईहरूलाई कडा चेताउनी दिइएको छ।

याकूबको पुस्तकमा त्रिएकको सिद्धान्त, उद्धारको सिद्धान्त, मिसनको सिद्धान्त र अन्तिम दिनको सिद्धान्तजस्ता विषयहरूबारे शिक्षाहरू उल्लेख नभएको कारणले गर्दा १६ औँ शताब्दीभन्दा अघिका ईश्वरशास्त्रीहरूले यसलाई त्यति महत्व दिएनन् बरु उनीहरूले यसलाई विभिन्न प्रकारले खण्डन र आलोचना गर्ने गर्दथे। सोह्रौँ शताब्दीका महान् ईश्वरशास्त्रीहरूः मार्टिन लुथर र जोन क्याल्भिनले पनि याकूबको पुस्तकलाई त्यति वास्ता गरेनन्। जब बीसौँ शताब्दीको प्रारम्भ भयो, तब बाइबल विद्वान्हरूले यसभित्र भएको व्यवहारिक शिक्षाको महत्व बुझ्न थाले र यस पुस्तकलाई आदरको दृष्टिकोणले हेर्न थाले। याकूबले यहाँ विशेष गरी इसाई विश्वासलाई मर्न दिनुहुँदैन तर कामद्वारा

त्यसलाई प्रमाणित गरेर देखाउनुपर्दछ भन्ने कुराबारे अति नै उपयोगी शिक्षा दिएका छन्, जुन कुरा अहिलेको परिप्रेक्षमा पनि उत्तिकै सान्दर्भिक छ।

यस पत्रमा याकूबले दुइ प्रकारको दुःख-कष्टहरू (जाँच र परीक्षा) र तिनीहरूको भिन्नताबारे असल प्रकारले चर्चा गरेका छन्। परमेश्वरले चुन्नुभएको विशेष व्यक्तिहरूका जीवनमा उहाँले फेइरास्मोस दुःख-कष्ट (Pheirasmos Trials) आउन दिनुहुन्छ, जसको अभिप्राय मानिसलाई पतन गराउनु होइन तर उसलाई आत्मिकी शुद्धता र परिपक्वतातिर डोऱ्याएर ईश्वरीय आशिष्, इनाम र मुकुटको भागिदार बनाउनु हो। त्यस प्रकारको सङ्कष्ट आईपर्दा आनन्दित हुनुपर्दछ भनी याकूब बताउँदछन्। तर परमेश्वरको वचनप्रति आज्ञाकारी नहुने नामधारी इसाईहरूको जीवनमा चाहिँ शैतानतर्फको फेइराजो दुःख कष्ट (Pheirazo Temtation) आउँदछ। त्यसबाट उम्केर परमेश्वरको राज्यमा पुनः स्थापित हुन चाहनेहरूले उहाँको नजिक गएर पश्चात्ताप गर्नुपर्दछ र उहाँलाई मनपर्दो जीवन जिउनुपर्दछ।

फेइरास्मोस र फेइराजोः यी दुवै प्रकारका इसाईहरूलाई याकूबले आफ्नो पत्रमा सम्बोधन गरेका छन्। याकूब १ः२-१२ र ५ः७-२० सम्मका दुइ छोटा खण्डहरूमा फेइरास्मोस इसाईहरूका बारेमा चर्चा गरिएको छ भने याकूब १ः१३-५ः६ सम्मको लामो खण्डमा चाहिँ फेइराजो इसाईहरूको बारेमा चर्चा गरिएको छ। याकूबको पुस्तकअनुसार इसाईहरूलाई चार समूहमा वर्गिकरण गर्न सकिन्छ।

१. धनी फेइरास्मोस इसाई (Poor Pheirasmos Christian)
२. गरिब फेइरास्मोस इसाई (Rich Pheirasmos Christian)
३. धनी फेइराजो इसाई (Poor Pheirazo Christian)
४. गरिब फेइराजो इसाई (Rich Pheirazo Christian)

याकूबको पत्रको व्याख्या गरिएको यो पुस्तक अध्ययन गरेपछि हृदयको अवस्थाअनुसार यी चार प्रकारका इसाईहरूलाई चिन्न अनि मूल्याङ्कन गर्न सकिन्छ। हृदय फोहोर भएको इसाईहरूको कारण मण्डली र समाजमा विभिन्न किसिमका समस्याहरू निस्कन्छन् र तिनीहरूका माझमा प्रायः द्वन्द्व र तनाव भइरहन्छ।

एक अध्यायमा फेइरास्मोस इसाईहरू सङ्कष्टको बेलामा आनन्दित हुनुपर्दछ भन्ने कुरा याकूबले बताएका छन्। फेइराजो सङ्कष्ट (परीक्षा) परमेश्वरबाट आउँदैन भन्ने कुरा उनले यहा स्पष्ट पारेका छन्। इसाईहरूले बोल्ने कुरामा भन्दा सुन्ने कुरामा बढी प्राथमिकता दिनुपर्दछ। त्यसको साथै मण्डलीमा भएका विधवा, अनाथ र गरिबहरूलाई यथासक्दो सहायता गर्नुपर्दछ भन्ने खालको व्यवहारिक शिक्षा यहाँ उल्लेख गरिएको छ।

दुइ अध्यायमा मानिसको बाहिरी रूप-रङ्ग हरेर व्यवहार गर्नुहुँदैन भन्ने कुरामा याकूबले जोड दिएका छन्। त्यहाँ भएको अर्को महत्वपूर्ण शिक्षाचाहिँ इसाईहरूले आफ्नो विश्वासलाई कामद्वारा प्रकट गर्नुपर्दछ भन्ने हो। यदि विश्वासलाई कामद्वारा प्रकट गर्दिँदैन भने त्यो विश्वास मृत हो भनी याकूबले फेइराजो इसाईहरूलाई व्यङ्ग्यात्मक रूपमा कडा शिक्षा दिएका छन्।

तीन अध्यायमा मण्डलीका अगुवाहरू हरेक कुरामा होसियार र सचेत हुनुपर्दछ भन्ने बारेको शिक्षा दिइएको छ। अगुवाहरू आफ्नो जिब्रो अर्थात् बोलिवचनप्रति अति नै सावधान हुनुपर्दछ भन्ने कुरा यहाँ याकूबले उदाहरणहरूद्वारा बुझाउन कोसिस गरेका छन्। जिब्रो शक्तिशाली भए तापनि यो हृदयद्वारा नियन्त्रित र सञ्चालित हुन्छ। हृदय शुद्ध भएको व्यक्तिको मुखबाट

निस्कने शब्दहरूले अरूलाई शान्ति, सान्त्वना र आशिष् मिल्छ भन्ने कुरामा याकूबले सङ्केत गरेका छन्।

चार अध्यायमा फेइराजो इसाईहरूले गरेको प्रार्थनाको उत्तर नआउनाको कारणहरूबारे याकूबले स्पष्ट पारेका छन्। प्रार्थनाको उत्तर पाउनको लागि मनोवृत्ति सही हुनुपर्दछ, जसको लागि हृदय शुद्ध पारेर परमेश्वरसँग नम्रतापूर्वक सञ्चार गर्न आवश्यक छ। त्यसको साथै इसाईहरूले धन-सम्पत्तिबारे आफूमा भएको सांसारिक दृष्टिकोणलाई परिवर्तन गर्नुपर्दछ भन्ने कुरा पनि तिनले यहाँ बताएका छन्। मानिसको जीवन तुवाँलो जस्तो हो, जुन केही समयपछि हराएर जान्छ भन्ने वास्तविकतालाई तिनले राम्रो प्रकारले व्यक्त गरेका छन्।

पाँच अध्यायको सुरुमा याकूबले धनी फेइराजो इसाईहरूलाई चेताउनी दिएपछि बाँकी भागमा फेइरास्मोस इसाईहरूलाई सर-सल्लाह र उत्साह दिएका छन्। जीवनमा दुःख-कष्ट र समस्याहरू आउँदा त्यसको उद्देश्य के हो भनी बुझ्नुपर्दछ र त्यसबेला धिरजी र स्थिर हुन सक्नुपर्दछ भन्ने शिक्षालाई किसानको उदाहरणद्वारा तिनले प्रस्तुत गरेका छन्। रोगी-बिरामीहरूलाई प्रार्थनाद्वारा चङ्गाइ गर्नको लागि विश्वासयोग्य फेइरास्मोस अगुवाहरूको आवश्यक्ता पर्दछ भन्ने सुझाव पनि तिनले दिएका छन्। पवित्र आत्माबाट अभिषेक पाएका व्यक्तिहरूको प्रार्थना शक्तिशाली र प्रभावकारी हुन्छ भन्ने सत्यतालाई तिनले खुल्ला रूपमा घोषणा गरेका छन्। अन्तमा याकूबले विश्वासबाट पछि हटेका इसाईहरूलाई प्रार्थनासहित परामर्श दिएर परमेश्वरको राज्यमा पुनर्स्थापना गर्ने काम महत्वपूर्ण छ भन्ने बारेको शिक्षा दिएका छन्। त्यस्तो काम गर्ने व्यक्तिको भूत, भविष्य र वर्तमानका असङ्ख्य पापहरू परमेश्वरले क्षमा गरिदिनुहुन्छ भनी तिनी भन्दछन्।

निष्कर्षमा हामी के कुरा भन्न सक्छौं भने यद्यपि याकूबको पुस्तक छोटो छ तर यो अति नै व्यवहारिक र अहिलेको समयमा पनि सान्दर्भिक छ। मानिसको जीवनशैली परिवर्तन गर्नको लागि यो पुस्तक सुहाउँदो र शक्तिशाली छ। यस पुस्तकमा लुकिएका आत्मिक रहस्यहरूलाई पत्ता लगाएर जीवनमा लागू गर्न सकियो भने सबै खालका इसाईहरूले परमेश्वरको आशिष् र अनुग्रह पाउन सक्नेछन्। याकूबको छोटो पत्रलाई विभिन्न दृष्टिकोणहरूद्वारा व्याख्या गरिएको यो पुस्तक अध्ययन गरेपछि धेरै जनाको बोलिवचन, सोचविचार र जीवनशैली परिवर्तन हुनेछ भन्ने हाम्रो शुभेच्छा र प्रार्थना छ। अन्तमा भन्नुपर्दा आफ्नो हृदय शुद्ध पारेर परमेश्वरको दृष्टिमा सुहाउँदो जीवन जिउने व्यक्तिहरूलाई उहाँले आफ्नो राज्यमा उच्च स्थानमा स्थापित गर्नुहुनेछ साथै उनीहरूले गरेका कामअनुसार प्रतिफल र मुकुट पनि पाउनेछन्। आमिन्।

2010-07-08 Thursday